येशूका अनुशासित भक्तजनहरू
(Discipleship)

**लेखक:**
**बर्ट्रीम मेलबोर्न**

**अनुवादक: भजुराम श्रेष्ठ**

**<u>यस बाइबल अध्ययनका मुख्य सम्पादकीय कार्यालय:</u>**
१२५०१ ओल्ड कोलम्विया पाईक, स्प्रिङ्गफिल्ड,
मेरिलाण्ड, २०९०४, संयुक्त राज्य अमेरिका
सम्पादक: क्लिफोर्ड गोल्डस्टाईन
goldsteinc@gc.adventist.org
उप सम्पादक:
सह सम्पादकहरू: ट्रेसा बियर्ड ट्रेसा बियर्ड लारी एस. ग्रे, जिन ए. केलर
चित्र लेखन र योजनाकार: लार्स जस्टिनिन्
पासिफिक प्रेस संयोजक: पावल हे
नेपाली भाषामा ईन्टरनेटमा प्रस्तुत गर्ने: जितेन्द्र श्रेष्ठ
ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
पाण्डुलिपि ईन्टरनेटबाट प्राप्त गर्न र अनुबादको लागि आधिकारिक अनुमती प्रदान
रन वाट्स, अध्यक्ष, दक्षिण एशिया डीभिजन

<u>स्थानीय प्रकाशक</u>
नेपाल फिल्ड अभ सेभेन्थ-डे एडभेन्टिस्ट
पो.बक्स ४३७३, काठमाण्डौ
सम्पर्क: पा. डेभिड कुमार तामसाङ्ग **sdevis@wlink.com.np**
पा. उमेश कुमार पोखरेल, फोन ६६३१२७१ **umsan@wlink.com.np**
पा. नसीव बस्नेत ६६३१२८४ **aacosan@mail.com.np**
भजुराम श्रेष्ठ, फोन ५५२७८३० **bhajupurna@wlink.com.np**
प्रतिलिपि अधिकार (**Copyright**) जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च,
सावथ स्कुल विभाग
प्रथम संस्करण:: २०६३ (ई.सं. २००७)
संपादनकर्ता: श्री हरी रेग्मी, नेपाली भाषाविद्, लिट्टिल एन्जल शिक्षा व्यवस्था
कम्प्युटर ले आउट:-: श्री सन्दिप शाह
(बाइबल साथमा लिएर यस पुस्तकलाई अध्ययन गर्नु होला)
अनुवादकको अनुरोध: पाठकवृन्धहरूले यस अध्ययनमा भएका त्रुतीहरू औंल्याएर सुधार गर्न सुझाव दिनुभएमा अनुवादक आभारित हुनेछन् )

बिषय शूची

१. समष्टिरूपमा येशू भक्तजन वा अनुयायीको सर्वेक्षण
२ प्रारम्भिककाल र बर्तमान अनुशासित येशूका भक्तहरू
३ अनुशासित भक्तजन हुन येशूबाट आह्वान
४. येशूका चेला बन्न इच्छुकहरूबाट पाठ
५. नर र नारी, अनि अनुशासित येशूभक्तजन
६. जातियता र येशूका भक्तजन
७. अनुशासित येशू भक्तजन हुन तयारी
८. अनुशासित येशू भक्तजन भएको अनुभूति
९. प्रभु येशूलाई पछ्याउँदै प्रगतिशिल अनुयायीहरूका कार्यकिलाप
१०. अनेक दवावमा पनि निष्ठावान भएर बस्नु
११. अनुशासित येशूभक्तको सतमा रहन थप उदाहरणहरूबाट शिक्षा
१२. सुमाचार प्रचार गर्ने लक्ष र महान् आदेशको जिम्मेवार वहन
(Mission and Commission)
१३.अनुशासित येशू भक्तका आदर्श नमूनाहरू

..........................................................................................

अस्थाई पाना :

सुझाव: त्रैमासिक अध्ययन डिसेम्वर २९-मार्च २१ ई.सं अर्थात् पुस १४-चैत १५, २०६४ पछि यो पाना च्याती दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखी शुक्रबार बेलुकासम्मको अध्ययन तिथी तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात शाबथमा सिकाउनु होला।)

विषय शूची र मिती


१समष्टिरूपमा येशू भक्तजन वा अनुयायीको सर्वेक्षण

२ प्रारम्भिककाल र बर्तमान अनुशासित येशूका भक्तहरू
जनवरी ५-११ (पुस २१-२७)

३ अनुशासित भक्तजन हुन येशूबाट आह्वान
जनवरी १२-१८ (पुस २८-माघ ४)

४ येशूका चेला बन्न इच्छुकहरूबाट पाठ
जनवरी १९-२५ (माघ ५-११)

५ नर र नारी, अनि अनुशासित येशूभक्तजन
जनवरी २६-फेब्रुअरी १ (माघ १२-१८)

६. जातियता र येशूका भक्तजन
फेब्रुअरी २-८ (माघ १९-२५)

७. अनुशासित येशू भक्तजन हुन तयारी
फेब्रुअरी ९-१५ (माघ २६-फागुन ३)

८. अनुशासित येशू भक्तजन भएको अनुभूति
फेब्रुअरी १६-२२ (फागुन ४-१०)

९. प्रभु येशूलाई पछ्याउँदै: प्रगतिशिल अनुयायीहरूका कार्यकिलाप
फेब्रुअरी २३-२९ (फागुन ११-१७)

१०. अनेक दवावमा पनि निष्ठावान भएर बस्नु
मार्च १-७ (फागुन १८-२४)

११. अनुशासित येशूभक्तको सतमा रहन थप उदाहरणहरूबाट शिक्षा
मार्च ८-१४ (फागुन २५-चैत १)

१२. सुमाचार प्रचार गर्ने लक्ष र महान् आदेशको जिम्मेवार वहन
(Mission and Commission)
मार्च १५-२१ (चैत २-८)

१३.अनुशासित येशू भक्तका आदर्श नमूनाहरू
मार्च २२-२८ (चैत ९-१५)


भूमिका

येशूका अनुकर्ता भक्तजनहरू सताब्दियौं देखि येशूका चेला हुनु भनेको के हो भनेर तर्कका विषय भइरहेतापनि, येशूका प्रथम चेलाहरू प्रचलित गुरू-चेला धारणामा मात्र सिमित थिएनन् । उहाँहरू बिचको सम्बन्ध गुरू-शिष्यभन्दा गाढा थियो । अनुशासित येशूभक्त हुनु भनेको ती चेलाहरूको लागि येशूको पछि लागेर वास्तविक अनुभवको प्रत्याभूति प्राप्त गर्नु थियो । येशूभक्त, अनुयायी, शिष्य वा चेला जुन परिभाषा गरेतापनि येशूसँग अगाढ सम्वन्ध राखेर हिँड्नुको मूल अर्थ आफुलाई रूपान्तरिय जीवनमा ढाल्नु, स्वर्गिय स्वतन्त्रताको अनुभूति हुनु र स्वच्छ जीवन यापन गर्न प्रभू येशूबाट शक्तिको प्रवाहको महशुस गर्नु हो । जसरि यी तत्वहरू ती येशूका प्रथम् चेलाहरूमा गाभिएको थियो, त्यहि तत्वहरू हाम्रो जीवनमा पनि गाभिनु अत्यावश्यक छन् ।

जो कोहि इसाई हुँ भनी दावि गर्दछन् उसले येशूलाई मात्र उद्धारकर्ता भनेर स्विकार गर्नु पर्दछ र परमेश्वरसँगको सम्वन्धमा सुचारूरूपमा अघि बढाउनु आफुलाई निरन्तररूपमा समर्पण गर्नु पर्दछ । स्पष्टमा भन्ने हो भने त्यस व्यक्तिले दैनिक जीवनको हरेक क्षेत्रमा पवित्र आत्मालाई समावेश गरी येशूको प्रभुत्वलाई स्विकार गर्नुको विकल्प अरू कुनैलाई मान्नु हुन्न । येशूभक्त भन्नुको अर्थ आफुलाई चर्चको जिम्मेवार व्यक्तिकोरूपमा सुम्पिनु हो, निरन्तर रूपमा चर्चको लक्षलाई कार्यन्वन गर्न कुशल सहभागिको भुमिका निर्वाह गर्नु हो । याद गर्नुहोस्, उपरोक्त मनस्थितिमा आफुलाई परिचालन गर्न कसैको कर, दवाव, प्रलोभनमा नभएर आन्तरिकरूपमा परमेश्वरको आत्माले नै घचघचाएको हुनुपर्दछ । (नत्र भने त्यो देखावतीमा मात्र इसाई हुन्छ वा प्लास्टिकको फुल जस्तो मात्र हुन्छ) ।

चेलापन अर्थात् येशूभक्तलाई विभिन्न दृष्टिकोणले हेर्न सकिन्छ । प्रथमत: प्रभु येशू र उहाँको चेलाहरूको विचमा अन्तक्रिया भएको ऐतिहासिक परिप्रेक्ष्यमा हेर्न सकिन्छ । दोश्रो, येशूलाई पछ्याउँदा ती चेलाहरूको इसाई चरित्र वा स्वभावलाई कस्तो प्रस्तुत गरेको थियो भनेर हेर्न सकिन्छ । हामीले येशूभक्तको जीवन र अर्थको अनुभूति प्राप्त गर्न ति दुवै परिवेशलाई आत्मसात् गर्नु अनिवार्य छ ।

यस अध्ययनको शिर्षक "अनुशासित येशूभक्तमा हुनुपर्नु गुणहरू” हो र यसले येशू र उहाँका भक्तहरूको बिचको सम्वन्ध पौराणिक वा प्रचलित गुरू-शिष्य वा चेलाको सम्वन्धभन्दा फरक हुनुपर्दछ भनेर प्रस्तुत गर्न खोजेको छ । हुनत: प्रथम सताव्दी वा अघि वा पछि, पुज्य गुरूहरूले चेलाहरूलाई बतुलेर शिक्षा-दिक्षा दिएको धार्मिक वा सामाजिक इतिहासका पानाहरूमा पाउँदछौं । चेलाहरूले ती गुरूहरूले बिभिन्न तरिकाले सिकाएका शिक्षा-दिक्षामा आकर्षित भएको पाउँछौ । तर इसाई चेलापन भनेको विशिष्ट किसिमको अनुयायीपन अँगाल्नु हो । किनभने कसैले “म इसाई हुँ” भनेर दावि गर्दछन् भने उ येशूको अनुशरण गर्नु पर्दछ । चेला अर्थात् कसैको भक्त हुनु भनेको पछि लाग्नु हो, त्यसैकारण येशूको अनुयायी वा भक्तजन हुनु भनेको येशूको देखासिकी गरेर हिँड्नु हो । (येशूको अनुकरणीय उदाहरणलाई आफ्नो जीवनशैलीमा ढाल्नु नै सत् येशूभक्तको पहिचान हो ) ।

अनुशासित येशूभक्तलाई दुई फरक तहहरूमा हेर्न सकिन्छ: क. येशूका प्रथम चेलाहरू, र ख. त्यस पछिका चेलाहरू जसले प्रथम चेलाहरूले जस्तै येशूसँग प्रतक्ष्य सम्पर्क नभएका ।

जब हामीले अनुशासित येशूभक्त वा येशूका चेलाहरू भन्दा उनीहरूको जीवन शैली येशूसँग सम्वन्धित भएको अनुमानित गर्दछौं । यसले केहि जिज्ञासाहरू उब्जाउन सक्दछन् । जब तपाईंलाई येशूका भक्त वा अनुयायी हुन येशू आफैले बोलाउनु हुन्छ भने तपाईँलाई कस्तो लाग्छ? यदि तपाईँलाई उहाँले नै सिकाउन चाहनु हुन्छ र उहाँको भक्त हुन तालिम दिन चाहनु हुन्छ, यस अवसरलाई तपाईंले के

भन्नुहुन्छ? फेरि येशूको कार्यकिलापमा नजर राख्दा र उहाँको उदाहरणबाट शिक्षा दिक्षा लिन्दा कस्तो अनुभव हुन्छ होला?

फेरि अर्को तहमा हेर्ने हो भने हामी येशूका रहन सहन र प्रतक्ष्य शिक्षाबाट धेरै सताब्दिहरू पछि छौं, यस्तो परिप्रेक्ष्यमा येशूका भक्त हुनु भनेको के होला? एक्काइसौं सताब्दिमा येशूका भक्त हुनु भनेको कस्तो बाध्यतामा बाँधिनु हो? येशू र उहाँका चेलाहरूको रहन सहन र सामाजिक बातावरण भन्दा धेरै भिन्न भएको आजको संसारमा उहाँको पछि लाग्नु भनेको के होला?

अनुशासित येशू भक्त हुनु भनेको येशूसँग ब्यक्तिगत अनुभव गरि पछ्याउनु हो र उहाँको सहकार्यमा सहभागी हुनु हो भनि यस अध्ययनमा अवलोकन गर्नेछौं । येशू भक्त हुनु भनेको के हो भनि विश्लेशणात्मक रूपमा अध्ययन गर्नेछौं र येशूको सत्य भक्त हुनु भनेको के हो सो केलाएर हेर्ने छौं । कुन प्रक्रिया अपनाएर येशूका भक्त हुन सक्दछौं र येशूलाई प्रभु हुँ भन्ने भक्तहरूका गुणहरू, चालचलन र चरित्रलाई कसरि प्रदर्शन गर्छन् सो केहि हदसम्म गहिरियर अध्ययन गर्नेछौं । येशूका चेलाहरू र अरू गुरूका चेलाहरूको बिचमा के अन्तर हुन्छ त्यसलाई पनि तुलनात्मक रूपमा हेर्ने छौं । यसको साथै चेलापन वा येशूका भक्तमा उब्जने केहि प्रश्नहरूलाई पनि ध्यान दिने छौं- जस्तै येशू भक्त र लिङ्ग, जातियता र येशू भक्त, येशू भक्तले पाउनु पर्ने विद्या र प्रतिकूल वा चापमा पनि येशूको बफादारी भएर बस्नु । संक्षेप्तमा भन्ने हो भने आधुनिक जवानामा येशूको दोश्रो आगमन पूर्व सन्ध्याका येशूका भक्त हुनु भनेको के हो र उसको जीवनमा येशूका शिक्षा र उदाहरणहरू कसरि समावेशिकरण गरेर चल्नु हो सो कुरामा ध्यान दिने छौं ।

यस अध्ययनका मूल लेखक बेट्राम मेलबर्न जमैकाको बासिन्दा हुन् । यस अध्ययन लेखेको समयमा उहाँ वाशिङ्गटन् डि.सिको हावार्ड विश्वाबिद्यालयका अन्तरिम अध्यक्ष वा डिन हुनुहुन्थ्यो । उहाँ विवाहित हुनुहुन्छ र उहाँका तिन हुर्केका सन्तानहरू छन् ।

अध्याय १

## समष्टिरूपमा अनुशासित येशू भक्तजन वा अनुयायीको समिक्षा

यस अध्यायमा पढ्नु पर्ने प्रमुख पदहरू: मत्ती ४:१८-२२, १०:२४, २५, मर्कुस ३:१३,१४, ८:३४,३५, लुका १४:२५,२६ ।

याद गर्नु पर्ने पद: "गालिल समुद्रको किनारामा हिँड्नु हुँदा, उहाँले पत्रुस भन्ने सिमोन र तिनका भाइ अन्द्रियास, दुवै भाइहरूले समुद्रमा जाल हालीरहेको देख्नु भयो । तिनीहरू माझी थिए । उहाँले तिनीहरूलाई भन्नुभयो, "मेरो पछि लाग र तिमीहरूलाई मानिसहरूका माझी बनाउने छु ।' मत्ती ४:१८,१९ ।

पन्ध्रौं सताव्दीका नयाँ देश र मूल्यवान खजानाहरूको खोजनिती गर्ने ऐतिहासिक लोहपुरूषहरूमा आधारित बृतान्तमा लेखक ड्वाइट इ. स्टेभन्सले शिष्य, चेला वा कसैको भक्त हुनु भनेको के हो भनेर यसरि चित्रण गरेको छ: "जब आफ्ना पाँचसय योद्धाहरूको साथ मेक्सिकोको पुर्विय ततमा ओर्ल्हे, आफ्ना योद्धाहरूले चढेका सबै जहाजहरूलाई नायक कर्टेले जलाइ दाइ दिए ।"-चार्लस् एल. वालिस, संम्पादक., स्पिकर्स इलस्ट्रेशनस् फर स्पेशियल डेज् (ग्राण्ड रापिडस्, मिशिगन, बेकर बुक हाउस, १९७५) पृ. २५ । जब आफु फर्किने जहाजहरू आगोको मुस्लोमा दढिरहेको देखे, ति योद्धाहरूलाई ज्ञान भयो, उनिहरूको जीवन स्पेन देशको लागि नयाँ देशहरू पत्ता लगाउन समर्पित भयो । तिनीहरू सम्पुर्णरूपमा त्यो लक्ष पुरा गर्न आफुहरूलाई अर्पण गर्नु परेको थियो ।

त्यहि रितले जो कोहि येशूलाई ग्रहण गर्दछ र उहाँमा आफ्नो जीवनलाई भक्तिपूर्वक अर्पण गरि उहाँको कार्यमा सहभागी हुन्छ तिनीहरूले पनि आफ्ना जहाजहरूलाई संसारको वन्दरगाहमा जलाइ दिनु पर्दछ । फर्कनको लागि कुनै स्थान राख्नु हुँदैन । उहाँलाई पछयाय पछि फर्कने कुरै गर्नु हुँदैन । जब मानिसले प्रभु येशूलाई सम्पूर्ण रूपमा आफुलाई समर्पण गर्दछ, उसको प्रण यहि हुनु पर्दछ, सदा अघि बढ्ने, पछाडि कहिल्यै नफर्किने ।

यस अध्यायको झलक: शिष्य वा चेला हुनु भनेको के हो? इसाई ऐतिहासिक परिप्रेक्ष्यमा अनुशासित येशू भक्त भनेको को हो? के कसैले आफु खुसी येशूका शिष्य हुन सक्दछ? येशू भक्त हुनको लागि के आवश्यकताहरू पुरा गर्नु पर्दछ? शिष्य वा कसैको उपासक वा भक्तमा हुनु पर्ने गुणहरू के हुन्?

१. अनुशासित येशूभक्त: ऐतिहासिक र व्यक्तिगत परिप्रेक्ष्यमा

धर्मशास्त्र बाइबलमा अनुशासित येशूभक्तको अवधारणा दुई प्रकारले प्रस्तुत गरेको पाउँछौं- ऐतिहासिक र व्यक्तिगत परिप्रेक्ष्य ।

ऐतिहासिक सन्दर्भमा इसाई हुनु भनेको सत गुरू येशू र उहाँका प्रथम चेलाहरूको विचमा भएको पारस्परिक अन्तरक्रियालाई जनाउँछ । यथार्थमा भन्ने हो भने ती व्यक्तिहरू जसले नाजरथका स्वामी (धर्म गुरू) येशू जो परमेश्वरका पुत्र हुनुहुन्छ, उहाँसँग अधिकतम् नजिक र विषेश रूपमा आवद्ध हुनेहरू हुन् ।

व्यक्तिगत तहमा भन्दा जब मानिस येशूसँग मिसिन्छ त्यसबेला उस्को जीवन उल्लेखनिय रूपमा रूपान्तर हुन्छ र उसको संसार परिवर्तन हुन्छ र त्यसलाई नयाँ दृष्टिकोणले हेर्न थाल्दछ । यस समर्पित येशूभक्त जीवनमा आइपर्ने चुनौतीहरू र उहाँको निष्ठामा लाग्दा सामना गर्नु पर्ने यथार्थताहरूलाई पनि औल्याउँछन् । जसको फलस्वरूप अनुशासित शच्चा येशूभक्त हुनु भनेको एक इसाईले येशूको लागि के गर्छ भन्ने मात्र नदेखाएर उसको जीवनमा संसारमा येशूको कसरि प्रतिनिधित्व गरेर देखाउन सक्नु पनि हो ।

येशूभक्तका यी दुई पक्षहरू- ऐतिहासिक र व्यक्तिगत- यहिँ गएर छुट्टिन्छन् । उक्त प्रारम्भिक चेलाहरू र सत गुरू येशूको बिचमा भएको पारस्परिक सम्वन्धलाई नियालेर हेर्दा येशूका आधुनिक विश्वासीहरूले दिव्यज्ञान हासिल गर्न सक्दछन् ।

मत्ती ४:१८-२२ मा उल्लेख गरिएका येशूभक्तको अवधारणाको रूपरेखा तयार गर्नुहोस् । येशूले पत्रुस र अन्द्रियासलाई के गर भन्नु भयो? पत्रुस र अन्दियासलाई गरेको त्यो आह्वान कसरि याकुव र युहन्नामा फैलियो सो तुलनात्मक रूपमा हेर्नुहोस् । जसरि यी प्रारम्भिक चेलाहरूले येशूको वोलाहतलाई स्विकार गरे, त्यसले हामीलाई येशूका निष्ठावान चेला हुनु भनेको के हो भनेर प्रतक्ष्य रूपमा हामीले बुझ्ने गरी वाख्या गर्दछ? युहन्ना १:४०-४२ पनि हेर्नुहोस् । यी पदहरूले हामीलाई पनि के सिकाउन खोजेको छ?

प्रेरित ११:२६ पढ्नुहोस् । यो पदले हामीलाई सच्चा येशू भक्त हुनु भनेको के हो भनेर दिव्य ज्ञान दिन खोजेको छ?

अहिले सम्म हेर्नुभएको आधारमा येशूभक्त हुनु भनेको के हो भनेर तपाईँले बुझ्नुभएको छ? माथी उल्लेख गरेका केहि पदहरूद्वारा तपाईँको जीवनमा के व्यक्तिगत शिक्षा हासिल गर्न सक्नुहुन्छ?

२. चेला, शिष्य, विद्यार्थी, अनुयायी वा भक्त भनेको के हो र को हो?

शिष्य भन्ने शव्द युनानी भाषा माथेत् (mathetes) बाट आएको हो । यसको अर्थ हो “शिकारू” वा “शिक्षार्थी”, “नयाँ कामको लागि तालिम लिने व्यक्ति”, अथवा “आशक्त”, “अनुयायी,” “चेला” “समर्थक” वा “सँग सँगै टाँसियर हिड्ने” हुन् । यो एउटा यस्तो व्यक्तिको परिभाषा हो जो आफ्नो मन मष्तिश्कलाई निर्देशित लक्षमा निर्धारित राख्दछ । नयाँ करारमा यस्को प्रयोग प्राय जसो येशूका चेलाहरूमा सिमित थिए। बिषेश गरेर यसलाई सुसमाचारको पुस्तकहरूमा अधिकतम् प्रयोग गरेको पाइन्छन् । एक विद्वानले यसरि लेखेका छन्, “तालिममा तल्लिन भएको व्यक्ति वा चेला जो गुरू वा कुनै शैद्धान्तिक चालसँग आवद्ध, गुरू अर्थात् शैद्धान्तिक चालको शिक्षामा निष्ठावान वा प्रतिवद्धता देखाइ त्यसमा आफुलाई अर्पण गर्नु ।”-पावल जे. एचमियर, सम्पादक., हार्पर्स बाइबल डिक्सनेरी (न्यु योर्क: हार्पर सान फ्रान्सिस्को, १९८५), पृ. २२२ । अनुशासित चेला भनेको त्यो शिष्य वा तालिममा लाग्ने व्यक्ति हो जो गुरू वा शिक्षकबाट शिक्षा वा उपदेश प्राप्त गर्दछ । गुरू बिना चेला हुन सक्दैन । नयाँ करारमा चेला भन्ने शव्द प्राथर्मिक तवरमा येशूका चेलाहरूलाई प्रयोग गरेको पाइन्छ ।

अनुशासित अनुयायी भन्दा निर्देशनलाई पालन गर्न राजी हुने व्यक्ति वा दायित्व वहन गर्न चाहनेलाई भन्दछ । जब येशूले भिँडलाई आह्वान गरेर यी वक्तव्य दिन्दा, उहाँले के भन्न खोज्नु भएको

थियो, "यदि कसैले मेरो पछि लागेर आफ्ना बुबा र आमा, पत्नी वा छोराछोरीहरू र दाजूभाई दिदि वहिनीहरू र स्वयँ आफुलाई त्याग्न सक्दैनन् त्यो मेरो चेला वा भक्त हुन सक्दैनन् (लुका १४:२५,२६) । हाम्रो दैनिक जीवन कार्यमा ती शव्दहरूलाई कसरि प्रयोग भएको पाएका छौं?

यदि इसाईहरू, चेला हुन भने आधुनिक इसाईहरू कसको तालिममा हिँड्नु पर्दछ? इसाई हुँ भनेर दावि गर्नेले कसको बफादारी वा निष्ठामा हिँड्नु पर्दछ? आफु कस्को भक्त हुँ भनेर अर्पित जीवनद्वारा विश्व सामु प्रदर्शित गर्नु पर्दछ? के चर्च को? के शिद्धान्त वा मतको? कुनै लोकप्रिय मनमोहक धर्म प्रचारक जो सिकाउन, प्रचार गर्न वा उपदेश दिन शिपालु छन्? अर्थात् येशू? यस जिज्ञासाको जवाफ १ कोरन्थीहरूलाई १:१०-१७ मा चम्किलो तरिकाले प्रस्तुत गरेको पाउँछौं । विषेश गरेर पद १२ हेर्नुहोस् ।

नयाँ करारमा चेला भनेको त्यो व्यक्ति हो जसलाई येशूले सिक्षा दिक्षा दिनु भयो र उहाँलाई पुर्ण प्रतिवद्धतासाथ पछ्याउन आफुलाई समर्पित गरे । के आज यसमा केहि भिन्नता छ? लुकाको सुसमाचारको पुस्तकबाट उद्दध गरेको येशूले भन्नु भएको वचनहरू फेरि पढ्नुहोस् । यस सान्दर्भिक चित्रमा आफुलाई कसरि समावेश गर्न सक्नु भएको छ? के तपाईँ साँच्चिकै येशूका चेला हुनुहुन्छ? यस प्रश्नको जवाफले तपाईँको बारेमा के उदाड्ग पार्न खोजेको छ? यसले प्रभु येशू प्रति बफादारी हुन र उहाँको भक्तिमा तल्लिन हुन के चुनौती तपाईँको सामु राखिएको छ?

३. कुनै व्यक्ति अनुशासित येशू भक्त कसरि हुन सक्दछ?

मर्कुस १:१९,२० पढ्नुहोस् (साथै मत्ती ४:१८,१९ पनि पढ्नुहोस्) । यी पदहरूले मानिसहरू कसरि येशूका अनुयायी भए भनेर देखाउँदछ?

नयाँ करारको सन्दर्भमा चेलाहरू चुनिएका थिए । तिनीहरूलाई येशूले उहाँको पछि लाग्न आह्वान गर्नु भयो र तिनीहरूले त्यस आह्वानलाई सहस्र स्विकार गरे । यस भनाईको तात्पर्य यो हो, आफुले आफुलाई चेला बनाइन्दैनन् । बरू कोहि चेला हुन्छ भने उसलाई गरेको आह्वानलाई जिम्मेवारीसाथ ग्रहण ग्रहण गर्दछ ।

यस विषयमा निम्नलिखित पदहरूले कसरि वाख्या गरेका छन्?
मर्कुस २:१३,१४, ३:१३,१४, लुका ५:८-११, युहन्ना १:४३, प्रेरित ९:४-६ ।

ऐतिहासिक परिप्रेक्ष्यमा, प्रारम्भका मानिसहरू येशूका अनुयायी वा भक्त हुने अभिभारा आफुलाई निहित भएको थिएन भनेर उपरोक्त पदहरूले देखाउँदछ । कसैलाई चेला बनाउनु छ भने त्यसलाई बनाउने अधिकार सत् गुरू येशू मै निहित भएको थियो । हरेक चेलाले सार्वजनिक रूपमा उहाँले गरेको आह्वानलाई स्विकार गरेका थिए ।

आह्वानलाई स्विकार गर्‍यो भन्दैमा उ चेला भएको प्रत्याभूति हुनेछ भन्न सक्दैन । यसमा परमेश्वरको अग्रसरताको अनुभूति हुनु पर्दछ । " यदि मलाई खताउनु भएको परमेश्वर पिताले उसलाई तान्नु भएन भने कोहि मानिस म कहाँ आउन सक्दैन ।" युहन्ना ६:४४ । वास्तवमा अनुशासित येशू भक्त हुनु भनेको परमेश्वरको अनुग्रहको काम हो । परमेश्वरले मुक्तिको योजना हाम्रो लागि तर्जुमा गर्नु भएको छ । यदि उहाँले त्यसलाई ग्रहण गर्न हामीलाई आह्वान गर्नुहुन्छ भने त्यसलाई हामीले स्विकार गरोस भनेर उहाँ अपेक्षा गर्नुहुन्छ । परमेश्वरले दिनु हुने मुक्ति अनुग्रहको कार्यशिलता हो भन्नुमा कसैको शंका छ की?

वास्तविक रूपमा भन्नु हो भने जब तपाईँ यी वचनहरू पढदै हुनुहुन्छ, यसले तपाईँको जीवनमा परमेश्वरले काम गरिरहुनु भएको भन्ने प्रमाणित गरेको देखाउँछ । प्रभु येशूको आह्वानलाई तपाईँले कसरि

लिइरहनु भएको छ? तपाईँको भक्तिभावले र उहाँको अनुकरणमा चल्न हृदयमा उकुसमुकुस कसरि भइरहेको छ, सो प्रश्नको जवाफले प्रदर्शित गर्दछ ।

४. अनुशासित येशू भक्त हुनको लागि आवश्यक गुणहरू

चेला अर्थात येशूको अनुयायी वा भक्त हुनको लागि केहि शर्तहरू प्रस्तुत गरेको अगाडि हामीले अध्ययनमा हेर्‍यौं ।

प्रथमत: नयाँ करारमा येशूका भक्त हुनलाई उहाँको आह्वानबाट सुरू भएको थियो । उहाँको त्यो आह्वानलाई कसरि स्विकार गरेको थियो, त्यो धैरै महत्वपूर्ण महत्वपूर्ण थियो । यसर्थ, येशूका पछि लाग्ने चाहना गर्नु नै येशू भक्त बन्ने अरू धैरै आवश्यकताहरू मध्ये एक अपरिहार्य आवश्यकता हुन आएको छ ।

दोश्रो, चाहना पनि कुनै ठोस कुरामा आधारित हुनु पर्दछ जसरि येशूका चेलाहरूले येशूमा कुनै मुल्यवान लक्षको अवस्थित भएको देखेका थिए । के ती जसलाई आह्वान गरिएका थिए, उनीहरूले येशूमा कुनै यस्ता कुराको भेद देखे जुन कहिल्यै पनि अरू कुनैसँग पहिला देखेका थिएनन्? यदि देखे भने उहाँलाई पछ्याउँदा उहाँमाथि विश्वस्त भएर नै चलेको हुनु पर्दछ ।

तेश्रो, चेलोपनको लागि आवश्यकता भनेको उपरोक्त दुई कुराहरूको स्वाभाविक रूपमा समायोजन गरि भक्तभावमा अभिबृद्धि गर्नु हो । येशूलाई पछ्याउन राजी भएर र उहाँमाथिको आस्थामा विश्वास गरेर नै चेला हुन उहाँको आह्वानलाई सहस्र स्विकार गरेको हुनु पर्दछ । उहाँको वोलाहतलाई सकारात्मक रूपमा लिन सकेन भने उहाँको सक्षम् भक्त हुन सक्दैनन् ।

सकारात्मक रूपमा उहाँको आह्वानलाई स्विकार गर्नु र उहाँलाई पछ्याउन खुशीराजी हुनु तर अनुशासित तवरले उहाँको आज्ञालाई क्रियाशिल रूपमा हाम्रो जीवनमा परिचालन गरी उहाँको वचनलाई यथार्थमा उतार्न सकेन भने हामी इसाई हुँ भन्ने दावि गर्ने अधिकार हामीमा हुँदैन । हरेक चेलालाई आफुलाई पछ्याउन येशूले आमन्त्रण गर्नु भयो र तिनीहरूले तुरन्तै त्यसलाई स्विकारे । यसको अर्थ, तिनीहरू उहाँको वोलाहतलाई स्वेच्छापूर्वक आज्ञाकारी भएर स्विकारे र चेलापन हुनु भनेको उहाँको आज्ञापालक हुनु नै चेलामा हुनु पर्ने प्रथम गुण हो भनेर जानेका थिए । जीवनको स्वामी येशूलाई मान्ने तर उहाँको आज्ञालाई नमान्ने कोहि पनि सक्षम् येशूभक्तमा गनिन सक्दैनन् । उहाँको वचनलाई आत्मसात् गरेर त्यसै अनुसार आफ्नो जीवनलाई ढाल्न दिनु नै सफल येशूभक्तको पहिचान हो ।

अर्को यो महत्वपूर्ण कुराको ख्याल गर्नु पर्दछ, जब चेलाहरूले येशूको आमन्त्रणलाई स्विकारे, तब तिनीहरूले विगत जीवनसंयन्त्रलाई पूर्णरूपमा त्याग्नु परेको थियो । येशूलाई पछ्याउन तिनीहरूले आफ्ना काम, परिवार र श्रीसम्पतीलाई परित्याग गरेका थिए । र उपरोक्त कुराहरूलाई जीवनका स्वामी येशूलाई भन्दा कम माया गर्न राजी भएर नै उहाँको आह्वानलाई स्विकार गरेका थिए । उनीहरूको जीवनको उतकृष्ट प्रेम येशूमा केन्द्रित भएको थियो । येशूको पछि लाग्नु भनेको यी सबैलाई त्यागेर साधुभेषमा हिँड्नु पर्छ नै भनेको त होइत, तर चाहेको खण्डमा, उहाँमाथिको प्रेम सर्वोपरी भएको कारणले ती कुराहरूलाई त्याग्न राजी हुनु पर्दछ ।

येशूभक्त हुन निम्नलिखित पदहरूले अरू के जरूरत गुणहरू हुनुपर्दछ भनेर देखाइएको छ? मत्ती १६:२४, २५, मर्कुस ८:३४,३५, लुका ९:२३ । यहाँ येशूले हामीलाई के आधारभूत संदेश प्रस्तुत गर्न खोज्नु भएको छ? तपाईंको जीवनमा ती दिक्षालाई कसरी प्रयोजनमा ल्याउन सक्नुहुन्छ?

५. येशूभक्त हुनुको सार

प्रभुको आमन्त्रणलाई स्विकार गरी उहाँलाई पछ्याउनु भनेको कुनै गुफा वा जंगलमा बसेर उहाँलाई ध्यान गरेर बस्नु भनेको होइन, बरू समाजमा र संगतीमा रहेर इसाई जीवनको प्रतक्ष्य रूपमा पहिचान दिलाउन सक्नु नै येशूभक्तको वास्तविक जीवन हो । येशू र उहाँका चेलाहरूको बिचमा अति घनिष्ट सम्वन्ध रहेको हुनु पर्दछ । यो गाढा सम्वन्ध नै येशूभक्तमा हुनु पर्ने भित्रीहृदयको गुण हो भनेर येशूले आफ्ना यी वचनहरूबाट युहन्ना १५:५मा व्यक्त गर्नु भएको थियो, "म बोट हुँ, तिमीहरू त्यसका हाँगाविँगाहरू हौ ।" येशू र चेलाको बिचमा पनि बोट र हाँगाको बिचमा जस्तो आसक्त हुनु पर्छ भनेर चित्रण गरिएको उदाहरण उल्लेखनिय नै मान्न पर्दछ ।

युहन्ना १५:९ मा येशूले आफ्ना चेलाहरूसंगको सम्वन्धलाई उहाँको पिता र उहाँसँगको सम्बन्धसँग तुलना गर्नुहुन्छ । उहाँले आफ्ना चेलाहरूलाई उहाँको प्रेममा आवद्ध भएर बस्नु भनेर आह्वान गर्नुभएको थियो । यसले हामीलाई पनि येशूसँग कसरि टाँसियर रहनु पर्दछ भनेर देखाएको पाउँछौं ।

यहाँ उल्लेख गरिएका पदहरूले चेलापनको बारेमा अर्को जानकारी दिन खोजेको पाउँछौं । हेर्नुहोस्: मत्ती १०:३२,३३, मत्ती २२:३७-४०, युहन्ना १४:१५,

तपाईँको समझमा मत्ती १०:२४,२५ र लुका ६:४० ले के भन्न खोजेको पाउनु भएको छ? अनुशासित येशूभक्त हुनु भनेको यी पदहरूले कसरी उजागर गर्न खोजेको छ?

यदि बिशुद्ध रूपमा विगतको जीवनलाई चट्टकै छोड्नु भनेको येशूभक्त हुनु भनेको हो भने, यसले भविष्यको दर्शनलाई पनि प्रेरित हुनु पर्दछ । चेलाहरूले येशूसँग रहन, उहाँसँग सिक्न र उहाँ जस्तै हुन आफुलाई सुम्पिएका थिए । मर्कुस ३:१४ मा भनिएको छ चेलाहरू उहाँसँग रहन बोलाइएका थिए । उहाँसँग रहेर उहाँबाट कुनै कुरा सिकिन्दैन र उहाँ जस्तै हुन प्रेरणा हुँदैन भन्ने धारणा कुनै पनि उहाँको अनुयायीको हुँदैन । अपितु, उनीहरूले उहाँको राज्यको दर्शनमा पनि सहभागी हुन्छन् र त्यहाँ पस्न हार्दिक इच्छा पनि प्रकट गर्दछन् ।

येशूसँग हिँड्दा के तपाईँ कहिलेकाहिँ हतोत्साह हुनु भएको छ? माथिका अध्ययनलाई फेरि अवलोकन गर्नुहोस् र त्यसमा भएका पदहरू नियालेर अध्ययन गर्नुहोस् । किनभने ती वृतान्त र पदहरूले तपाईलाई साहस र आशा प्रदान गर्न धैरै मद्दत मिल्न सक्दछ ।

उपसंहार:

अरू जानकारीको लागि पढ्नु होस्: *द एसडिए बाइबल कमेन्टरी*, ठेली ५, पृ. ३१९, ३२२, ३२३, ३७४, ४८४, ५८२, ५८४, ५८५, ५९२-५९४, ७३८, ७४९, ७५०, ९१०, १०३६, १०३७, १०८३, १०८४, एलेन जि ह्वाईटद्वारा लिखित, *द डिजाएर अभ एजेज्* , पृ. १३९-१४३, २४४-२५१,२९२ ।

"येशूका चेला वा अनुयायीत्वलाई दावि गऱ्यो भन्दैमा, बाइबलको सत्य ज्ञानलाई कण्ठ गर्दैमा कोहि मानिस मुक्तिको लागि योग्य हुन्छ भन्न सकिन्दैन । जब सम्म हामी सम्पुर्ण जीवन अर्पण गर्दैनौं, तव सम्म हामी उहाँको हुन्दैनौं । आदि दिल दिएर वा अनिश्चित जीवनमा चलेका इसाईहरू आफ्नो लक्ष हासिल गर्न कमजोर हुन्छन् र उनीहरूको विचार र आकांक्षाहरू आफ्नो अनुकुलतामा मुताविक परिवर्तन गरिरहेका हुन्छन् ।" एलेन जि ह्वाईट, *क्राइस्ट अवजेक्त लेसनस्*, पृ.५० ।

"जब येशूले कर लिइ रहेका मत्तीलाई आफ्नो पछि लाग्न आह्वान गर्नु भयो, उसले आफ्ना व्यवसाय त्यहिँ छोडेर उहाँको पछि लागे । उसले अलिकति पनि हिचकिचाएन, केहि प्रश्न पनि गरेनन्, उसको कष्टकर जीवन र गरिवबाट राहत पाएर आकर्षित लाभजनक ब्यवसाय पाउने छ भन्ने सोच पनि

गरेनन् ।......उसलाई मात्र होइन, अरू चेलाहरूलाई पनि सांसारिक लाभको कुनै प्रलोभनमा येशूले फसाएका थिएनन् । जब येशूले पत्रुस र उसका साथीहरूलाई आफ्नो पछि लाग्न आह्वान गरे, तुरन्तै तिनीहरूले जाल र डुँगाहरू छोडेर उहाँको पछि लागे । यी चेलाहरूका कति मित्रहरू थिए जसको रोजीरोटीको लागि उनीहरूमा भर परेका थिए । तर जब उनीहरूलाई मुक्तिदाताबाट आमन्त्रण गरियो तव तिनीहरूले नहिच्किचाइकन, किन होला भनेर प्रश्न नगरी, अव म के खाउँला र कसरि जिउँला भनेर चिन्ता नगरी र मेरो परिवारलाई कसरी पालुँला भनेर फिक्री नलिइकन उहाँको पछि लागे । उहाँको आह्वानलाई शिरोपर गरी उहाँको आज्ञालाई मान्न तम्सेर उहाँलाई पछ्याए ।"-एलेन जि ह्वाईट, *द डिजाएर अभ एजेज्*, पृ. २७३।

चिन्तनमनन:-

क अनुशासित येशूभक्त हुनु भनेको र चर्चको सदस्य हुनु मा के फरक छ? यी भिन्नतालाई जान्न किन अत्यावश्यक छ? कोहि मानिस चर्चका सक्रिय कार्यकर्ता भएर पनि सच्चमुचरूपमा येशूभक्त किन नहुन सक्दछ?

क. माथि उल्लेख गरिएका एलेन जि ह्वाईटका प्रसङ्ग फेरि पढ्नुहोस् । एक तर्फ उहाँले भन्न खोज्नु भएको अर्थ स्पष्ट पाउँछौं: सम्पुर्ण हृदयले येशूलाई हामीले अर्पण गर्नु पर्दछ । यसले व्यक्तिगत सुख र सुविधालाई दिनबाट पनि बंचित गराउन सक्दछ । फेरि त्यहि समयमा उक्त उच्च आदर्शलाई मानिसले दुरूपयोग गर्न पनि खुला हुन सक्दछ । मानिसहरूले धर्मको नाउँमा परमेश्वरले दिनुभएको दायित्वलाई कसरि विचलन र विखण्डनमा परिवर्तन गर्न सक्दछ? परमेश्वरमा सार भक्त भएर अर्पित जीवन बिताएर उहाँको निर्देशनमा हिँड्न राजी हुनु र उहाँ प्रतिको विश्वासको लुगा लगाएर आफ्नै कार्यसूचीमा आफुलाई परिचालन गर्नुमा के भिन्नता हुन सक्दछ?

ख. परमेश्वरलाई संपुर्णरूपमा आफुलाई अर्पण गर्नु भनेको यथार्थमा के हो? व्यवहारिक र सकारात्मकरूपमा आफुलाई परमेश्वरको इच्छामा समर्पित गरेको छु र वास्तिविक रूपमै अनुशासित येशूभक्त हुँ भनेर कसरि देखाउन सकिन्छ? यो प्रश्न आफैलाई सोध्नुहोस्: परमेश्वरप्रति मेरो समर्पणताले मेरा वरिपरिका मानिसहरूलाई कसरि प्रभावित गरेको छ र उनीहरूको जीवन कसरि उन्नतितिर अग्रसर हुन मद्दत मिलेको छ?

ग. आफुलाई त्यागेर आफ्नै क्रुस बोक्नु भनेको के हो? यो आज्ञा प्रायजसो व्यक्तिगतमै निहित भएको देखाएतापनि समुच्चरूपमा तपाईँको स्थानिय चर्चमा लागु गर्न सकिन्छ । तर कसरि?

अध्याय २

## प्रारम्भिककाल र बर्तमान अनुशासित येशूका भक्तहरू

यस अध्यायको लागि पढ्नुहोस्: मत्ती २४:१४, २८:१९,२०, मर्कुस १६:२०, युहन्ना ३:२१-३०, प्रेरित ५:३४-३९
स्मरण गर्नु पर्ने पद: "तव चेलाहरूले जतातत‍ै प्रचार गर्न गए । प्रभु उनीहरूसँग कार्यरत हुनुहुन्थ्यो र चिन्हहरूद्वारा वचनलाई सुदृध पार्नुभयो ।" मर्कुस १६:२० ।

गुरू र चेलाका अवधारणा संसारमा येशू प्रवेश गर्नु भएर आफ्ना सेवाकार्य सुरू गर्नु अगावै थियो । येशू मानव चोला लिएर आउनु भएको सताव्दियौं अघि धैरै आदरणीय गुरूहरूले चेलाहरू बतुलेर आफ्ना शिक्षादिक्षा दिएर तिनीहरूका जीवन प्रभावित पारेका थिए । यो चलन चिनियाँ सभ्यतामा, भारतमा, युनानमा (ग्रीक), इस्रायलका धर्मगुरूमा र अरू पौरिणिक सभ्यता वा समाजमा व्यापक थिए । धैरै जसो यी गुरूहरूले आफुलाई गुरू भन्न अस्विकार गरेका र चेलाहरू आफ्ना अनुयायी हुन भनेर मञ्जुर गरेका थिएनन् । किनभने तिनीहरूको बिचमा अगाढ सम्वन्ध थिए ।

यस अध्यायमा चेलाहुनु भनेको के हो भनेर येशू र उहाँका चेलाहरूको परिप्रेक्ष्यमा हेर्ने छौं । र बर्तमान एक्काइसौं सताब्दीमा येशूको चेला हुनु भनेको के हो र के उहाँको पछि लाग्नु समय सापेक्षिक छ त भन्ने जिज्ञासामा केन्द्रित गर्ने छौं ।

यस अध्यायको झलक: यहुदी र युनानी सभ्यतामा शिष्यता भनेको के हो ? बप्तिश्मा दिने युहन्ना र नासरतका येशूका चेलाहरूमा के भिन्नता थिए? येशूको कार्यकालमा खडा गर्नुभएको गुरूचेला सम्वन्ध अहिलेको सन्दर्भमा के व्यवहारिक वा प्रयोजनीय छन् ?

१. युनानीहरू (ग्रीक) को माझमा अनुशासनित चेला

“चाढमा आराधना गर्न जाजेहरूमध्ये कोही-कोही ग्रीकहरू पनि थिए । तिनीहरू गालिलको बेथसेवा निबासी फिलिपकहाँ आएर यसो भनेर बिन्ती गरे, ““हजुर, हामी येशूलाई भेट्न चाहन्छौं ।'“ युहन्ना १२:२०,२१ ।

यी युनानीहरूले चाढमा परमेश्वरको आराधना गर्न आए भन्ने तथ्यले उनीहरूको बारेमा केहि कुरा बताइ सकेका हुन्छन् । साथै यो पद अगावै जे भइरहेका देखाउँछन् त्यसले गर्दा ती पाश्चात्य ग्रीकका मानिसहरूको मगजमा येशूको बारेमा प्रभावित पारिरहेका थिए भन्नुमा अनुपयोक्त नहोला ।

निम्नलिखित पदहरू पढ्नुहोस् । कुन बातावरणले गर्दा ती ग्रीकहरूमा येशू प्रति सकारात्मक धारणा जागरण भएका थिए भनेर बताउँछन्? यर्मिया २९:१३, युहन्ना १:९, प्रेरित १०:३४, ३५ ।

येशूले सधैं आफ्ना चेलाहरूलाई रोज्नु भएको थियो भनेर गत अध्यायमा हेर्‍यौं । माथी दिएका पदहरूमा झट्ट हेर्दा येशूले अपनाउनु भएको प्रक्रिया र तिनीहरूमा केहि भिन्नता पाउँछौ । तर यो हेर्दा खेरि मात्रै हो । परमेश्वरको आत्माले नै ती युनानीहरूलाई येशूतिर खिँचीरहनु भएको थियो ।

युनानीहरूको संस्कारमा शिष्यपना विभिन्न ढाँचाका हुन्थे । हुन त कुनै युनानी गुरूहरूले आफ्ना शिष्यलाई रोज्दथे, तर चलन चल्ती अनुसार शिष्यहरूले नै गुरू रोज्दथे । गुरूसँगको सम्वन्ध बिद्यार्थीद्वारा नै सूत्रपात हुन्थे । फेरि गुरूहरूले आफ्ना बिद्यार्थीहरूसँग दस्तुर लिने चलन साधरणतया मान्य थिए ।

यहि सन्दर्भमा हेर्दा, पवित्र आत्माको अगुवाईमा ती युनानीहरू येशूबाट शिक्षादिक्षा लिन उहाँलाई खोज्नुभएको पाउँछौं । हामीलाई प्राप्त भएको ज्ञानबाट नै अरू आवश्यक ज्ञान जान्न परमेश्वरले सूत्रपात गर्नुहुन्छ । हामीले रोज्यौं भने हाम्रो जीवनमा चाहिने ज्ञानको तरङ्गको सृजना परमेश्वरले नै गर्नु हुन्छ । एलेन जि ह्वाईटले यस बिषयमा यसरी प्रकाश पार्नु हुन्छ “ती युनानीहरू येशूको लक्षको बारेमा सत्य कुरा जान्न अति उत्सुक थिए ।”-एलेन जि ह्वाईट, *द डिजाएर अभ एजेज्*, पृ. ६२२ । उहाँले यो पनि भन्छिन् येशूले उनीहरूको अनुरोधलाई स्विकार्नु भयो ।

यदि कोहि ती युनानीहरूले फिलिपकहाँ आएर येशूलाई भेट्न चाहन्छु भन्यो भने तपाईँको जवाफ के होला? तिनीहरूलाई तपाईँले येशूलाई कसरी चिन्हाउनु हुन्छ?

२. यहुदीहरूको बिचमा अनुशासित शिष्य

फिलो र जोसिफस जस्ता यहुदी विद्वानहरूले आफ्ना लेखहरूमा गुरू र शिष्यको सम्वन्ध उल्लेख गरिएको पाईन्छ । त्यस ताका हिलेल र शामेई नाउँ गरेका दुई प्रशिद्ध यहुदी धर्मगुरू थिए । ती दुईको येरुशलेममा प्रतिस्पर्धामक अध्ययन केन्द्रहरू थिए जहाँ उनीहरूका अनुयायीहरूलाई आकर्षित गरिन्थ्यो । टारसिसका सावल प्रशिद्ध गुरू गमेइलका शिष्य थिए भनेर प्रेरितको पुस्तकमा उल्लेख गरेको पाउँछौं । उनी प्रथम शताब्दीका अर्को प्रख्यात यहुदी धर्मगुरु थिए (प्रेरित ५:३४-३९, २२:३)।

प्रेरित ५:३४-३९, २२:३ पदहरू पढ्नुहोस् र ती पदहरूबाट गमेइलको बारेमा हामीलाई के जानकारी दिइएको छ?

प्रथम शताब्दिमा यहुदीहरूको माझमा यी धर्मगुरुहरू ख्यातिप्राप्त थिए । तिनीहरूले संसारका यहुदी बिद्यार्थीहरूलाई येरुशलेममा आकर्षित गर्दथे । यरुशलेम त्यस समयमा यहुदी धर्म र न्यायिक ज्ञानहरूको केन्द्रविन्दु थिए । र मानिसहरू ती धर्मगुरूको पाउहरूमा बसेर शिक्षादिक्षा लिन तँछाड मछाड

गर्दथे । धर्मगुरू वा रबी हुन चाहना गर्ने जवान यहुदीहरू कलिलै उमेर शायद चौध बर्षदेखी नै आफ्ना विद्यार्थी जीवन सुरु गर्दथे । तिनीहरू आफ्ना गुरूहरूसँग ब्यक्तिगत सम्वन्ध हुन्थ्यो । ती गुरुहरूले दिएका शिक्षादिक्षालाई ध्यानपुर्वक सुन्दथे, उनीहरूको हावभावलाई अनुशरण गर्दथे र कक्षामा र उनीहरूका दैनिक जीवनबाट चेलाहरूले ज्ञान हासील गर्दथे । कक्षामा आफ्ना गुरुहरूका पाउदानमा बसेर चेलाहरूले शिक्दथे । बव कोहि यहुदी बिद्यार्थीले परम्पराका ज्ञानमा पोख्त भए पछि उ अभिषेक नगरिएको विद्वानमा गनिन्थे । पछि निर्धारिक उमेरमा उसलाई अभिषेक गरिन्थ्यो । त्यससमय उसलाई रबी वा धर्मगुरूको उपाधि दिइन्थ्यो । उक्त दर्जाले गर्दा सारा विश्वका यहुदीहरूलाई कव्जामा राख्ने वा फुक्का गर्ने अधिकार उसमाथी हुन्थ्यो ।

यहुदी जगतमा गुरु र शिष्यको बिचमा हुने सम्वन्धको झलक नयाँ करारको पुस्तकबाट अवगत गराएको अगाडिको परिच्छेदहरूमा हेर्‍यौं । निम्नलिखित पदहरूलाई बुझ्नको लागि उपरोक्त परिच्छेदहरूले कसरि प्रकाश पार्दछ?

मत्ती १६:१९, १८:१८

तपाईंले यस्तो कुनै शिक्षक भेट्नु भएको छ जसले तपाईंको जीवनमा अत्यन्त प्रभाव पारेको छ र जसको फलस्वरूप तपाईंले उसलाई धैरै श्रद्धा राख्नु हुन्छ? ती शिक्षकका के गुणहरू थिए जसले तपाईं प्रभावित हुनुभएको थियो? तपाईंको आफ्नै जीवनमा ती गुणहरूलाई कसरि उतार्न सक्नु हुन्छ?

३. बप्तिस्मा दिने युहन्नाको अनुशासित शिष्य

युहन्ना ३:२१-३० पढ्नुहोस् । आफ्ना चेलाहरूसँग बप्तिस्मा दिने युहन्नाको सम्वन्ध कस्तो थियो भनेर उपरोक्त पदहरूले वाख्या गर्दछ । के उ पनि अनुयायीहरू जम्मा गर्ने गुरु थिए त? युहन्नाको औपचारिक रूपमा धार्मिक शिक्षा नभएतापनि उसका चेलाहरूले उसलाई गुरु वा रब्बी भनेर सम्वोधन गर्दा ति चेलाहरूको हृदयमा उसप्रति कस्तो खालको श्रद्धा थियो भनेर देखाउँछ?

कोहि यहुदीहरूले बप्तिस्मा दिने युहन्ना नै मसिह हुन भनेर अनुमान गरेको हामीलाई आभास हुन्छ । येरुशलेमबाट पुजाहारीहरू र लैब्यहरू जो मन्दिरका रखवालीहरू थिए, तिनीहरूले आफ्ना दुतहरू पठाएर युहन्नालाई प्रश्नहरू गरेकोबाट यो तथ्यको जानकारी हामीलाई हुन्दछ (युहन्ना १:१९-२८)। तिनीहरूको प्रश्नहरूमा शारगर्भितता थिए । किनकी त्यस ताका पुरानो करार र नयाँ करारको बिचमा यहुदीहरूले दुई खालका मसिहको अवधारणाको बृद्धि भएको थियो । लेबीहरूको बंशबाट धर्म गुरु वा पुजाहारी मसिहको प्रतिक्षा गरेको थियो भने यहुदाबँशबाट चक्रबर्ती उद्धारक राजा वा मसिहको अपेक्षा गरेका थिए । यरुशलेमबाट पुजाहारी र लेबीहरूको सहभागितामा दुतहरू युहन्नाकोमा पठाएकोलाई दृष्टिगत गर्दा उनीहरूको जिज्ञासा उल्लेखनिय थियो भनेर मान्नु पर्दछ किनकि तिनीहरू लेबी कुलका थिए ।

बप्तिस्मा दिने युहन्नाका चेलाहरूले उ लेबी कुलका भएको हुनाले उसलाई पुरोहित मसिह भनेर देखेको सम्भव हुन सक्छ । यहि धारणा यरुशलेमका पाहुनाहरुको मनमा हुन सक्छ । यो मनशाय उनीहरूले युहन्नाको लक्षको बारेमा खोजनिती गरेकोबाट थाहा हुन्छ । यहि कारणले कुनै बाइबल बिदहरूले सुसमाचारको चौथो पुस्तकले येशूको बारेमा युहन्नाको धारणा बढि उल्लेख गरिएको थियो भनेर विश्वास गरेको पाइन्छ । आफु मसिह होइन भनेर बप्तिस्मा दिने युहन्नाले पुर्ण रूपमा मानिसहरूलाई यो स्पष्ट गर्न चाहेको थियो । यहि पृष्ठभूमीमा युहन्ना ३:२५,२६ हामीले बुझ्न कोशिस गर्नुपर्दछ ।

युहन्नाका चेलाहरूको बिचमा कुन विषयलाई लिएर व्याकुलता अभिव्यक्त गरेको थिए? युहन्ना ३:२२-३० हेर्नुहोस । उनीहरूको मनोभावले उनीहरूको बारेमा के भन्न खोज्दछ? युहन्नाको जवाफले उसको चरित्रको बारेमा के उजागर गरिएको पाउँछौं? युहन्नाले अपनाएको निति (बिशेषत: "उहाँ बढ्नु, तर मचाहिँ घट्नु आवश्यक छ" ) हाम्रो जीवनमा कसरी प्रयोग गर्न सकिन्छ?

४. येशूको पाउमा उहाँको अनुशासित भक्त हुनु

येशूको सार्वजनिक कार्यकालको सुरूमै उहाँका चेलाहरू थिए । प्रथम शताब्दीका यहुदीहरूको बिचमा उहाँ यहुदी र युनानी (ग्रिक) परम्परा अनुसार अनुयायीहरू बटुल्ने गुरूको रूपमा चित्रण गरेको पाउँछौं । बप्तिस्मा दिने युहन्नाले येशूलाई बप्तिस्मा दिएको कारणबाट पनि उहाँ धर्मगुरूको कार्यभार सम्हाल्न वा उहाँको लक्षलाई हासिल गर्न तयार गरेको देखिन्छ ।

यहुदी र युनानी (ग्रीक) परम्परा अनुसार येशूका चेलाहरू वा उपासकहरू उहाँसँगसँगै पछि लाग्दथे, किनभने उहाँको मुखबाट निस्केका वचनहरू सुन्नबाट चुक्न चाहन्नथे र उहाँको अनुशरण गर्न चाहन्थे (मत्ती ५:१,२, युहन्ना १:३५-४०, २:१,२) ।

मत्ती ४:१८-२० ध्यापूर्वक पढ्नुहोस् । अनि प्रथम र दोश्रो बुँदाको अध्ययनलाई हेर्नुहोस् । त्यसपछि युनानी गुरुहरू र प्रतिष्ठापित यहुदी धर्मगुरुहरू अर्थात् रब्बीहरूको दाँजोमा येशूकहाँ मानिस कसरी चेला हुन पुगे । तिनीहरूको बिचमा के समानता थिए र के भिन्नता थिए?

"यतिञ्जेल येशूका चेलाहरू पूर्ण रूपमा उहाँसँग आवद्ध भएर उहाँको सहभागी भएर उहाँलाई सघाएको थिएन । तिनीहरूले येशूले गर्नु भएका धेरै आश्चर्यकामहरू देखेका थिए, र उहाँका शिक्षादिक्षालाई सुनेका थिए, तर तिनीहरूले आफ्ना पुर्व व्यवसायलाई त्यागेका थिएनन् । बप्तिस्मा दिने युहन्नालाई झ्यालखानामा थुन्दा उनीहरू अत्यन्त तितो निराशमा फसेका थिए । यदि निर्दिष्ट लक्षमा लागेको युहन्ना जस्तो मानिसले त्यस्तो दु:ख भोग्नु पऱ्या भने, उनीहरूका गुरु येशूबाट पाउने कुनै आशा न्युन थियो । विषेश गरेर जब सारा धार्मिक अगुवाहरू उहाँको विरोधमा एकत्रित भएको सन्दर्भमा येशूबाट के अपेक्षा गर्न सक्थ्यो भन्ने शङ्का र उपशङ्काको घेरामा तिनीहरू थिए । यहि परिवेशमा येशूबाट मिठो वचन सुनेर क्षणभर आनन्दको अनुभव गरे, अनि माछा मार्ने काममा फेरि फर्केका थिए । अव येशूले तिनीहरूलाई पुरानो जीवन त्याग र उनीहरूको चाहनालाई येशूको चाहनामा एकबद्ध देखाउनु भनेर आह्वान गर्नुभयो । पत्रुसले उहाँको आह्वानलाई स्विकारे । समुद्रको किनारमा पुगे पछि येशूले अरू तिन जना चेलाहरूलाई आमन्त्रण गर्नु भयो, "मेरो पछि लाग र म तिमीहरूलाई मानिसहरूको जालहारी बनाउँछु ।' तुरन्तै तिनीहरूले सबै थोक छोडेर उहाँको पछि लागे (मत्ती ४:१९,२०) ।"-एलेन जि ह्वाईट, द डिजाएर अभ एजेज्, पृ. २४६-२४९ ।

आफ्नो हृदय भित्र पसेर आफुले आफैलाई सोध्नु होस्, उहाँलाई पछ्याउन तपाईंलाई के त्याग्नु भन्नु भएको छ? त्यस्को प्रत्युत्तर तपाईंको के छ? के तपाईंले केहि यस्तो चिजलाई पोल्टामा राखीरहनु भएको छ जसले गर्दा तपाईंले प्रभु येशूमा पूर्ण समर्पित जीवन यापन गर्न अबरोध सृजना भइरहेको छ?

५. आधुनिक जगतमा येशूका उपासक अर्थात् अनुशासित येशुभक्त हुन चुनौती

"तव चेलाहरूले जताततै प्रचार गर्न गए । प्रभु उनीहरूसँग कार्यरत हुनुहुन्थ्यो र चिन्हहरूद्वारा वचनलाई सुदृध पार्नुभयो ।" मर्कुस १६:२० ।

उपरोक्त पदमा येशूका चेलाहरूमा कुन प्रमुख स्वभाव प्रकट गरेको पाउँछौ? यहाँ हामी सबैकोलागि पनि के सन्देश दिएको छ? हेर्नुहोस्, मत्ती २४:१४, २८:१९,२०, प्रकाश १४:६-१२

प्रभुका चेलाहरूले जतातते प्रचार गरे भनेर तथ्य ल्याएतापनि मर्कुसले भन्दछ, उनीहरूमात्र होइन, मृत्युबाट जीवित भएर स्वर्ग प्रस्थान भए पछि पनि प्रभु आफै प्रारम्भिक चेलाहरूसँगै कार्यरत हुनु भयो र अचम्भका कामहरूद्वारा उहाँका वचनलाई पुष्टि गर्नु भयो । के आजकालका येशूभक्तहरूले विविध चिन्ह र अदभूत कामद्वारा परमेश्वरको वचनलाई पुष्टि गरेको देखेको छ? हामीले कुन चिन्ह वा अदभूत कामहरू देखीरहेका छौं? चिन्ह र अदभूत कामहरूको परिभाषा के हो? के हरेक संस्कार, सस्कृती, समय र समाजमा एकै खालका चिन्ह र आश्चर्यकामको अपेक्षा गर्न सक्दछौं?

देखिने चिन्ह र अदभूत कामहरू बाहेक अरू के बाट परमेश्वरको वचनलाई पुष्टि गर्न सकिन्छ? यदि सकिन्छ भने कसरी?

यथार्थमा भन्ने हो भने पहिलेका चेलाहरूबाट जस्तै अहिलेका भक्तहरूबाट पनि येशूले कम अपेक्षा गर्नु भएको छैन । हामीलाई सुम्पिएको काम पुरा गर्न पहिलेका जस्तै अहिलेका येशूभक्तजनहरूको पनि समर्पित र अर्पित जीवन भएको येशू चाहनु हुन्छ । यद्यपि उहाँले भन्नु हुन्छ, "तिमीहरूको आस्था वा विश्वास अनुसार होस्" (मत्ती ९:२९) । यसको अतिरिक्त उहाँले भन्नु हुन्छ, "तिमीले मेरो नाउँमा जे मागे पनि सो म गर्ने छु, किनभने यसो गर्दा पुत्रले परम पिता परमेश्वरको महिमा हुन्छ । मेरो नाउँबाट मसँग जे पनि अनुरोध गर्न सक्छ, सो म पुरा गर्ने छु" (युहन्ना १४:१३,१४) ।

सुसमाचार फैलाउन तपाईं कतिको कार्यरत हुनुहुन्छ? तपाईंको आत्मिक बरदानहरू के हुन्? उक्त बरदानलाई परमेश्वरको कामको लागि कसरी उपयोग गर्न सक्नुहुन्छ? तपाईंको जिम्मामा छोडेको अदुभूत सत्यता अरूलाई बुझाउने क्रममा पछिल्लो पल्ट कहिले सम्पन्न गर्नु भयो? यस प्रश्नको जवाफले तपाईको बारेमा आफैले के सोच्नुहुन्छ?

उपसंहार:-

अरू जानकारीको लागि पढ्नुहोस्: *एसडिए बाइबल कमेन्टरी*, ठेली ५, पृ. ४३२,४३३, ५८२-५८५, ९३२, १०२२,१०२३, एलेन जि ह्वाईटद्वारा लिखित, *द दिजाएर अभ एजेज*, पृ. ४४२ ।

"केहि समयसम्म बप्तिस्मा दिने युहन्नाको प्रभाव इस्रायलमा कुनै राजाहरू, शासकहरू, पुजाहारीहरू र राजकुमारहरू भन्दा अति प्रभाबशाली थियो । यदि उसले आफुलाई मसिह भनेर आवाज उठाएको भए, पुजाहारीहरू र मानिसहरूका भिड उसँग लागेर रोमी साम्राज्यको खिलापमा बिद्रोह चर्काउन सक्दथ्यो । शैतानले हरतरहबाट युहन्नालाई विश्वको चक्रवर्ती राजा वा उद्धारकर्ता अर्थात् स्वतन्त्रताको प्रत्याभूति दिने आकांक्षालाई उब्जाउन उक्साएको थियो । तर शैतानको शक्ति प्रदर्शनको प्रमाणित भएको देख्दा देख्दै उसले शैतानको आकर्षित घुसको चक्रव्युहमा उ फसेन । मानिसहरूबाट पाएको लोकप्रियतालाई उसले अर्कैतिर केन्द्रित गराए । उसले पाएको मानिसको लोकप्रियता उसबाट मुक्तिदाता येशूतिर लक्षित भएको देखे । दिनदिनै उसका जमातहरू कम भएको उसले देखे । तर युहन्नाका चेलाहरूले येशूको लोकप्रियताप्रति डाह उत्पन्न भएको थियो ।"-एलेन जि ह्वाईट, *द डिजाएर अभ एजेज्* , पृ. १७८ ।

चिन्तनमनन:

क. सबैथोक छोडेर येशूलाई पछ्याउनु भनेको के हो? यसमा के समावेश हुनसक्छ? हाम्रो जीवनमा प्रभु प्रति समर्पित जीवनको प्रदर्शन गर्न कुन कुन तरिका अपनाउनु पर्दछ? यसबारे आफ्ना सहयोगी विश्वासीहरूको बिचमा छलफल गर्नुहोस् ।

ख. हाम्रा शैक्षिक संस्थाहरूले अनुशासित येशू भक्तहरूलाई उपार्जन गर्न के भूमिका निर्वाह गर्नु पर्दछ? यो महत्वपूर्ण चुनौतीको सामना गर्न हाम्रा स्कुलहरू, संस्थाहरू र चर्चहरूले के गर्न सक्नु पर्दछ?

ग.येशूकै समयमा उहाँका चेलाहरूको बिचमा प्रतिस्पर्धा र विरोधावासको प्रादुर्भाव भएको थियो । महान आदर्श र उच्चकोटीका लक्ष बोकेर अघि बढ्दा पनि हामीलाई नम्र राखेर अरूको सफलताको सऱ्हाना गर्नुहो सट्टा यस्ता अग्रगामी तत्वहरू किन सामान्य हुन सक्दछ? यस चक्रव्युहबाट उम्कन हामीले कुन व्यवहारिक कुराहरू अपनाउनु पर्दछ?

घ.चिन्हरूद्वार, आश्‍चर्य कामहरू, अद्भूत कामहरू गरी वा बाह्य रूपमा मानिसहरूको मनोरथ पुरा गरी उनीहरूलाई परमेश्वरतिर आकर्षित गराउने कुरा के हो त? के हामीले हाम्रो आस्था वा विश्वासलाई यिनीहरूमा भर पर्न सक्दछौं? यस्तो प्रदर्शित हुन आएमा कुन कुरालाई विश्वास गर्नु पर्दछ? चिन्ह र आश्‍चर्य वा अद्भूत कार्यहरूले के प्रमाणित गर्दछ वा गर्दैनन्? किन हामीले यस्ता चमत्कारपूर्ण कामहरूलाई सावधानी पुर्वक, नम्रता पुर्वक र परमेश्वरको वचनमा दृढ र भर परेर ख्याल गर्नु पर्दछ?

## अध्याय ३

### अनुशासित भक्तजन हुन येशूबाट आह्वान

यस अध्ययनको लागि पढ्नुहोस्: मत्ती ४:१८-२२, ५:४६, ९:१०,११, मर्कुस १:१६-२०, लुका ५:१-११, १८:१०,११, युहन्ना १:३५-५१ ।

कण्ठस्थ गर्नु पर्ने पद: “अब विश्वासचाहिँ आशा राखिएका कुराको निश्‍चय र नदेखिएका कुराको सबुत प्रमाण हो ।” हिब्रु ११:१

“जब सेनापती गारबल्डीले रोममा आक्रमण गरिसकेपछि आफ्ना सैन्यहरूलाई यो प्रख्यात घोषणापत्र जारी गरियो, ’सैनिक जवानहरू हो, मै तपाईंहरूलाई केहि आश्‍वासन दिन सक्दिन केवल भोक, तिर्खा, कष्टमय जीवन र मृत्यु । सबै जना जो आफ्ना देशलाई माया गर्दछन्, मेरो पछि लागोस !‘ उसलाई यो थाहा थियो, धैरै शूरवीर जवान शैनिकहरू भोक, तिर्खा र मृत्युलाई वास्ता नगरी उसको पछि लाग्नेछ ।” ए. गर्डन नासबी, संम्पादक, *ट्रेजरी अभ द क्रिस्चियन वरल्द,* (न्यु योर्क: हार्पर एण्ड ब्रदरस्, १९५३), पृ. ९२ । गारबल्डीले देशको लागि आफ्नो जीवन होम्नु भनेको जस्तो नभएर परमेश्वरप्रतिको प्रेमको लागि जीवन अर्पण गर्न येशूको आह्वान सदासर्वदा ताजै भएर रहेको हामी पाउँछौं । उहाँको आह्वानको पछि लाग्दा भोक, तिर्खा, अनेक यातना र कष्ट, एवं मृत्युको पनि सामना गर्नु पर्दछ, तर उहाँले अनन्त जीवनको प्रतिज्ञा पनि दिनुहुन्छ । यसै प्रकारले विगत र वर्तमानका अनगिन्ती मानिसहरू येशूको आह्वानलाई सहस्र स्विकार गरी आफुहरूलाई उहाँलाई अर्पण गरी उहाँको पछि लागेका थिए र लागिरहेका छन् । उहाँको यो आह्वानलाई स्विकार गर्दा उनीहरूले बर्तमान यस संसारलाई र स्वर्गको लागि उल्लेखनिय भिन्नै रूपमा प्रभाव पार्दछन् ।

प्रारम्भिकमा येशूले आफ्नो उपासक हुन वा चेला हुन आह्वान गर्नु भएको र त्यसबाट हामीले के पाठ सिक्न सक्दछौं भनेर यस अध्यायमा हेर्ने छौं ।

यस अध्यायको झलक: सुरूमा जब येशूले चेला हुन बोलाउनु भयो, त्यो कस्तो थियो? उहाँको आह्वानमा बाइबल धर्मशास्त्रको के भुमिका थियो? लेबी मत्तीलाई जसरी बोलावत भयो त्यसबाट हामीले के सिक्न सक्दछौं? धैरै असमानताको बाबजुद येशूले आह्वान गर्नु हुन्दा के समान तत्वहरू पाउँछौं? प्रारम्भिक चेलाहरूलाई भन्दा अहिलेकोलाई के सुविधाहरू छ?

१. चेला हुन प्रथम आह्वानहरू

युहन्ना १:३५-५१ पढ्नुहोस् र देहाएका प्रश्नहरूको जवाफ दिनु होस्:

क. बप्तिस्मा दिने युहन्नाले कुन भुमिकालाई तयार गरे जसले गर्दा येशूका आह्वानलाई यी प्रारम्भिक चेलाहरूले सहस्र स्विकार गरे? युहन्नाले जे गरे, त्यसबाट हामीले के शिक्षा लिन सक्दछौं र परमेश्वरको जन भएको हैसियतले कस्तो निर्दिष्ट लक्षलाई आत्मसात् गरेर अघि बढ्न मद्दत गर्दछ?

ख. मानिसहरूमा धर्म शास्त्रको ज्ञान कति थियो जसले गर्दा येशूलाई पछ्याउन राजी गराए? यसमा हामीलाई के सन्देश छ?

ग.येशूका चेलाहरूले अरू चेलाहरूलाई पछ्याउन कुन बातावरण तयार गरे? हामीले पनि जुन रूपमा येशूलाई स्विकार्‍यौं, त्यसको जिम्मेवारी वहन गर्न उक्त चेलाहरूको कार्यविधिले हामीलाई के भन्दछ?

घ.जुन पुर्वाग्रह नथनियलमा थियो, त्यो हटाउन येशूले कसरी मद्दत गर्नु भयो?

जब आन्द्रुले येशूसँग केहि समय बिताए, उसले येशू नै मसिह हुन् भनेर विश्वासमात्र गरेनन्, प्रभुले अपेक्षा गरेको अनुसार हरेक अनुयायीले जे गर्नु पर्दथ्यो तुरन्तै उसले गरे: हर्षित येशू भक्त हुन उसले अरूलाई सन्देश फैलाए । चेलामा हुनु पर्ने अति महत्वपूर्ण गुण के थियो भनेर आन्द्रुलाई स्पष्ट थियो भनेर हामी देख्दछौं । येशूको अनुयायी हुनु भनेको व्यक्तिगतरूपमा लुकाएर राख्ने होइन, न त कुनै निषेधित समाजको घेरामा आफुलाई पार्नु वा अतिरिक्त क्लब खडा गरेर त्यसमा आफुलाई पहिचान गराएर भाउ खोज्नु हो । फेरि यो आफुलाई अरू भन्दा धर्मात्मा हुँ भनेर त्यसको पगरी लगाइ, विषेश पहिरन लगाएर समाजबाट अलग भएर गुफामा वा एकलास कुटीमा बिलय हुनु हो । बरू येशूलाई ग्रहण गर्दा मानिसले यस्तो रहस्यमय अनुभव हुनु पर्दछ जुन आफुलाई गुम्साएर नराखी अरूलाई खुला रूपमा बाँड्न उत्सुक हुन्छ ।

आन्द्रुले जुन रूपमा येशूको चेला हुन स्विकार गरे, त्यसमा विषेश धाँचाको प्रादुर्भाव भएको पाउँछौं । आन्द्रुले वप्तिस्मा दिने युहन्नाले येशूको बारेमा बोलेको सुने र येशूलाई पछ्याए । त्यस पछि उसले आफ्नो भाई पत्रुसलाई आफ्नो अनुभव बताए र येशूकहाँ लिएर आए, र पत्रुस पनि येशूको पछि लागे ।

एवं रितिले हामीले पनि येशूको सत्यतालाई सुन्दछौं र उहाँलाई पछ्याउन आफुलाई समर्पण गर्दछौं र अरूलाई पनि येशूको बारेमा भन्दछौं । संसार भरि दैनिक रूपमा यो प्रक्रिया चलिरहन्छ ।

यदि तपाईले येशूको बारेमा कसैलाई केहि भन्नु छ भने के भन्नु हुन्छ? तपाईमा प्रभु येशूसँगको अनुवभ कतिको गहिरो छ? अरूले पनि चासो लिएर येशूलाई पछ्याउन राजी गराउन तपाईको कुन वचनले आकर्षित गर्न सक्नुहुन्छ?

२ मत्ती र मर्कुसको पुस्तकहरूमा प्रथम बोलाहतको वर्णन

मत्ती ४:१८-२२ र मर्कुसमा येशूको आह्वानलाई अर्कै परिप्रेक्ष्यमा देखाइएको पाउँछौ । दुबै उहाहरणहरूमा येशूले बोलाउने वित्तिक्कै आफ्ना माछा मार्ने जालहरू छोडेर येशूलाई पछ्याए । यस्को अर्थ के हो?

यो तत्व वा प्रभुलाई पछ्याउने बाटो अपनाएको यहिँ स्थान वा समयमा मात्र सिमित गरेको छैन ।

देहाएका पदहरू हेर्नुहोस् ।विविध परिस्थिति भएतापनि येशूले बोलाउँदा जसरी चेलाहरू तुरन्तै उहाँको पछि लागे, अरूले पनि त्यहि बाटो कसरी अपनाए?
उत्पती १२:१ (हिब्रु ११:८ पनि पढ्नुहोस), १ राजा १९:१९-२१, फिलिप्पीहरूलाई ३:८, हिब्रु ११:२४ ।

परमेश्वरलाई पछ्याउँदा के आफ्नो जीवनलाई कसरी समावेशिकरण गर्नु पर्दछ भन्ने बिषयवस्तुलाई जतिसुकै दोहऱ्याए तापनि पुग्दैन: जब येशूलाई आफ्नो जीवन अर्पण गर्न बोलाईन्छ त आफ्ना सारा हृदयले गरोस भन्ने उहाँको चाहना छ । हाम्रो जीवनको कुने यस्तो भाग छन् जुन उहाँलाई समर्पण गर्दैनौं वा त्यससँग टाँसि रहन्छौं अर्थात त्यसलाई त्याग्न अश्विकार गर्छौं भने त्यो हाम्रो मुर्ती हुन्छ । हाम्रो हृदयमा उसलाई परमेश्वरभन्दा पनि चरमोस्थानमा ओगटाउन दिन्छौं । अझ झन खराब कुरा त, ती चीजहरू जसलाई हामी समाती राख्छौं त्यसलाई सैतानले बल्छीको रूपमा उपयोग गरेर हामीलाई परमेश्वरबाट पुर्ण रूपमा टाडा राख्दछ । त्यसैकारण जब उहाँले हामीलाई बोलाउनु हुन्छ, हामीले प्रभुको लागि सबै थोक, जे पनि छोड्न तयार हुनु पर्दछ । येशूले भन्नु भएको अनुसार हामीले समानुपातिक रूपमा दुइ मालिकहरूको सेवा गर्न सक्दैनौं (मत्ती ६:२४)

३. लुकाको पुस्तकमा येशूको चेला हुन आह्वान

लुका ५:१-११ मा येशूले चेला बन्न कसरी आह्वान गर्नु भयो भन्ने आफ्नै विवरण प्रस्तुत गरेको पाउँछौं । अरू सुसमाचारको पुस्तकमा उल्लेख नगरेका तत्वहरू लुकाले प्रस्तुत गरेको पाउँछौं । लुकाको विवरण र अरूको विवरण अन्तर छ भनेर कसैले दावि गर्दछ । तर गौण पूर्वक हेऱ्यौं भने कुनै असमानता देखिन्दैनन् । अरू पुस्तकमा लिखित वर्णन र लुकाको पुस्तकमा विस्तृत रूपमा प्रस्तुत गरेका वा जोड दिएको तत्वहरूमा केहि भिन्नता देखाएतापनि महत्वपूर्ण बुँदाहरूमा एकरुपता पाएको देख्छौं ।

लुका ५:१-११ पढ्नुहोस् । यसमा पत्रुसले येशूमाथि केहि विश्वास थियो भन्ने तथ्य कसरी औंल्याएका छन्?

यो विचार गर्नुहोस् । तिनीहरूले रातभर माछा मार्न खोजेको थियो किनकि माछा मार्ने उत्तम समय यहि बेला थियो । तर तिनीहरूको अथक प्रयासमा पनि एउटा माछा पनि जालमा परेको थिएन । अनि येशू आउनुहुन्छ र उहाँले भन्नु हुन्छ जाल पानीमा खसाल । के येशूले खिस्सी उडाइ रहनुभएको छ? रात भरी माछा पक्रन सकेन भने दिनमा कसरी पक्रनै? यद्यपि कुनै कारणबस पत्रुसले येशूको कुरा सुन्छन् । येशूसँग विवाद नगरी उहाँको कुरा सुन्नुमा येशूमाथि उसको विश्वास थियो भनेर देखाउँदैनन् र? अर्थात येशूलाई विश्वास गर्ने आधार उससँग थिएन र ?

पत्रुसको जवाफ के थियो? उसको जवाफमा के यस्तो थियो जस्ले चेलामा हुनु पर्ने महत्वपूर्ण गुण झल्काउँछ र अनन्तको सुसमाचारको भागिदार हुन सुयोग्य बनाउँछ? हेर्नुहोस्: यशैया ५३:६, रोमी ५:१६-२१, १ युहन्ना १:७-९ ।

हाम्रो पतित स्वभावको बाबजूद, हामीमा कमजोरहरू र खोटहरू भएतापनि, पत्रुस जस्तो हामी पनि पापी भएतापनि परमेश्वरले हामीलाई परित्याग गर्नुहुन्न ।हाम्रो पापी मनले परमेश्वरको सम्मुख "मबाट जानुहोस" भनेर पुकार गर्नु अस्वाभाविक होइन । तर क्रुसको रगतमुनि हामी परमेश्वरको सम्मुखमा ढुक्कसँग रहन सक्दछौं । क्रुसको रगतको धारा मुनी हामी उहाँको अनुशासित परम भक्त हुन सक्दछौं ।

क्रुसमा येशूले के गर्नु भयो त्यसमा ध्यान गर्नुहोस् । क्रुसको कारण परमेश्वरसँग मिल्न सक्दछौं, क्षमा पाउन सक्दछौं र हामी ग्रहण योग्य हुन सक्दछौं भन्ने ज्ञानमा ध्यान दिनुहोस् । तपाईंलाई दिएको प्रतिज्ञाहरूको दावि गर्नुहोस, तपाईं ती पाउन योग्यको छु भनेर दाबा गरेर त होइन (के पत्रुसले दावि गर्न सकेको थियो त?) तर परमेश्वरले बाचा गर्नु भएकोले र उहाँको वचनलाई आत्मसात् गर्न चाहनु भएकोले, उहाँको बरदान पाउन सक्षम हुनुहुन्छ ।

४. लेबी मत्तीलाई आफ्नो पछि लाग्न येशूको आह्वान

मत्ती ९:९, मर्कुस २:१४, र लुका ५:२७,२८ पढ्नुहोस् । लेबी मत्तीसँग अरू प्रारम्भिक चेलाहरूलाई आफ्नो पछि लाग्न येशूको बोलाहतलाई दाँज्नुहोस् । तिनीहरूमा के भिन्नता र समानता पाउनुहुन्छ?

युहन्ना १:४४,४५ अनुसार अहिले सम्म येशूका चेलाहरू धर्मपरायण यहुदीहरू थिए । तर येशूले आफ्नो झुण्डमा समावेश गर्न बोलाइएको लेबी मत्ती समाजबाट तिरस्कृत व्यक्ति थिए । उ सरकारी कर्मचारी थिए । यहुदी भएर पनि बिदेशी सरकारको अधिनमा रहेर उसको नुन खानु भनेको यहुदी समाजमा घृणित र कलड्डकितमा गनिन्थ्यो ।

मत्ती ५:४६, ९:१०,११, मर्कुस २:१६ र लुका १८:१०,११ पढ्नुहोस् । त्यसताकाका यहुदी समाजले मत्ती जस्ता आफ्नो देशलाई शासन गर्ने बिदेशी रोमी सरकारको कर्मचारीहरूलाई कुन दृष्टिकोणले हेरिन्थ्यो?

अरू चेलाहरूको दाँजोमा मत्तीलाई बोलाउँदा एकदम अयोग्य मानिसलाई छान्नु थियो । प्रथमत: उ कर लिने टहरोबाट सिधै बोलाइएको थियो । रोमी लेखकहरूले यस्तो मानिसहरूलाई रण्डीकोठी संचालकको रूपमा गनिन्थ्यो, धार्मिक गुरूहरूले तिनीहरूलाई डाँका भनेर सम्वोधन गर्दथे । तिनीहरू धम्क्याएर जबरजस्ती कर असुल गरेर जनमानसमा आतड्क मचाउने भनेर हेरिन्थ्यो (लुका ३:१२,१३) । तिनीहरू कुख्यात बदमाश, भ्रष्टाचारी, बेइमानी भएको कारण विश्वसमुदायका घृणापात्र थिए किनभने तिनीहरू यहुदी भएरपनि आफ्ना देशका जनताहरूलाई ठगेर शत्रु देशलाई पोसाउँथ्यो । सरकार र सबैलाई ठगेर आफु धनाध्य हुन पछि पर्दैनथे ।

यस्तो खराब चरित्रले लादेको व्यक्तिलाई आफ्नो चेला हुन बोलाउनु येशूको कस्तो हिक्मत थियो होला? निसन्देह: यहि हुन आयो । यस कार्यबाट के देखिन्छ भने येशूको आह्वानमा मुक्ति सर्वब्यापी हो, परमेश्वरले आफ्नो राज्यबाट कसैलाई पनि जात, धर्म, आस्था, रंग, विवेक, जीवनस्तरको आधारमा बंचिन गराउन चाहनुहुन्न र परमेश्वरले सबैलाई समानुपातिकरूपमा मुक्तिको सुवअवसर दिन चाहनुहुन्छ ।

के तपाईंको समाजमा कोहि यस्ता तिरस्कृत, हेपिएका, जनजाती, पानी नचल्ने, कुजात अर्थात सामाजबाट बहिस्कृत र नैतिक पतन भएका मानिसहरू छन्? त्यस्तो खालका मानिसहरूलाई तपाईंले

कुन दृष्टिकोणले हेर्नुहुन्छ? जसरी येशूले तिरस्कृत मत्तीलाई पनि आफ्नो पछि लाग्न बोलाउनु भयो, यस बृतान्तबाट तपाईंले के सिक्नुहुन्छ र कसैलाई नराम्रो भनेर तुरन्तै बहिस्कार गर्नु येशूको दृष्टिमा कस्तो नाजायज थियो भनेर देखाउनु भएको पाउनु हुन्छ?

४. येशूभक्त हुन आह्वान

चेला हुन के दक्षता हुनुपर्दछ भनेर यस अध्यायमा हेरेका आधारमा हिब्रु ११:१ मा दिएको वचनले हामीलाई के विशेष सन्देश दिन्दछ?

आश्चर्यचकित कुरो त यो छ जब येशूका चेलाहरूले येशूको बोलाहतलाई स्विकार गरे, सबै थोक छोडेर उहाँको पछि लाग्दा कुन परिस्थितिको सामना गर्नु पर्ने भन्ने तथ्यको ज्ञान न्युन नै थियो ।

येशू मसिह नै हुनुहुन्छ भनेर बाइबलबाट केहि मात्रामा प्रमाणित भएको आधारमा उनीहरूले येशूलाई विश्वास गरेको थियो भनेर यस अध्यायमा हामीले
हेर्‍यौं (युहन्ना १:४५) । तर सुसमाचार पुस्तकको अध्ययनमा अनुसार येशूका कति कार्य र उहाँको प्रचारको बारेमा उनीहरूलाई कति अनभिज्ञ नै थियो भनेर देखाएको पाइन्छ । विशेष गरेर येशूको सबभन्दा मुख्य र महत्वपूर्ण कार्य, उहाँको क्रुसमा मृत्यको बारेमा, अनजान थियो । हामीलाई थाहा भएको अनुसार येशूको अन्तिम समय र उहाँको पुनरूत्थान भएपछि पनि येशूको बारेमा उनीहरू गम्भीर भ्रममा परेको थियो ।

मर्कुस १०:३५-४०, युहन्ना १८:१० र प्रेरित १:६ पढ्नुहोस् । यी पदहरूले ती येशूका चेलाहरूलाई येशूको जीवन, मृत्यु र पुनरुत्थानको बारेमा कस्तो कम मात्रामा मात्र बुझेको रहेछ भनेर प्रकट गर्दछ?

ती प्रारम्भिक चेलाहरूलाई भन्दा येशूका आधुनिक अनुयायीहरूले कति अग्रिम ज्ञानको सुविधाले सम्पन्न हुनसक्दछ । चेलाहरूलाई प्रथम पटक चुनिन्दा उनीहरूलाई के खतराको सामना गर्नु परेको थियो भन्ने ज्ञान उनीहरूमा थिएन । हो उनीहरूले प्रतक्ष्यरूपमा अद्भूत कामहरू हेर्न अवसर पाए । तर अहिले हामीले थाहापाएका येशूका सम्पुर्ण काम, लक्ष, र अन्तमा येशूले हासिल गर्नुभएको विजय तिनीहरूलाई थाहा थिएन । यद्यपि तिनीहरूले भविष्यलाई नदेखे तापनि हिब्रु ११:१ ले बताए अनुसार येशूमा आस्था र विश्वास राखी आफुहरूलाई अग्रसर गराए ।

के तपाईं विश्वासमा कमजोर हुनुहुन्छ? तपाईंले हेरिरहेको कुराले, मनमा खेलाईरहेको कुराले वा आफ्ना सम्पुर्ण समयलाई कसमा लगानी गर्नुभएको छ, त्यसले गर्दा के तपाईंको विश्वासलाई धलमल्याइ रहेको त छैन? अहिले देखी नै परमेश्वरमा विश्वास, निष्ठा, आस्था र भरोसामा लाग्न के उपयुक्त कदमहरू चाल्न उचित हुन्छ भनेर प्रण गर्न सक्नुहुन्छ?

चिन्तनमनन्:

अरू जानकारीको लागि पढ्नुहोस्: लुका ५:१-११, एलेन जि ह्वाईट, द डिजाएर अभ एजेज्, पृ. १३२-१४२, २४४-२५२ (मत्ती ९:९, लुका ५:२७,२८, युहन्ना २१:१-११ मा आधारित), द एसडिए बाइबल कमेन्टरी, ठेली ५, पृ. ३५२, ७३९, ९०९-९११ ।

“यी चार जना हिस्सेदारीहरूले सब भन्दा धैरै माछा पक्रेर समुद्रको किनारामा ल्याए । यस्तो सफलताको चरम सिमामा पुग्न लागेका मानिसहरू आफ्ना व्यवसायलाई त्यागे......अति महत्वपूर्ण आश्चर्यकामको अनुभव भएतापनि आफुले चुनेको माझी हुने व्यवसायलाई चट्टकै छोडेर अनिश्चित जीवन

बिताउन कम सफलता भएको फिरन्ते गुरुको पछि लाग्न कति विश्वासको आवश्यकता थियो होला? तर चेलाहरूले अलिकति पनि दुविधामा नपरी येशूको पछि लागे । माछा मारेर सफलता हासिल गरेर धन कमाउने भनेर साझादारी भएका मानिसहरूले त्यसलाई त्यागेर येशूसँग उच्च साझेदारी भएर मानिसहरूलाई येशूका अनुयायी बनाउने तत्काल निर्णय बुद्धिमान थियो । तिनीहरूलाई विचार गरेर बस्ने समयको आवश्यकता थिएन, आफ्ना परिवारको आवश्यकतालाई पुरा गर्ने समय पनि थिएन.... तिनीहरू साधारण माझी भएर गहिरो समुद्रमा माछा मार्न गएका थिए, तर जब तिनीहरू किनारमा आए येशूले बोलाउँदा उहाँसँग गहिरो विश्वासमा अग्रसर भएर मानिसहरूको जालहारी हुन आफुहरूलाई अर्पण गरे ।" द एसडिए बाइबल कमेन्टरी, ठेली ५, पृ.७३९ ।

छलफलको विषय:

क. तपाईँको जीवनको प्रार्थमिकतालाई कसरी मिलाउन हुन्छ जसले गर्दा तपाईँले परमेश्वरको महिमा गर्न सक्नुहुन्छ र आफु येशू भक्त हो भनेर चिनारी गराउन दृढता देखाउनु हुन्छ?

ख. पाँचौं बुँदामा भनेको अनुसार हामीलाई के थाहा र त्यसको फायद उठाउन सक्दछौं जुन चेलाहरूको थिएन ? उनीहरूलाई थाहा नभएको कुरा हामीलाई के थाहा छ? त्यसको सूची बनाउनुहोस् र छलफल गर्नुहोस् । हामीले थाहा पाएको ज्ञानको आधारमा हामी अनुग्रहमा बढ्न के गरिरहेका छौं? उनीहरूले थाहा नपाएका तर हामीलाई थाहा भएको कारणले अरूलाई येशूको अनुयायी बनाउन कसरी मद्दत पुऱ्याउँछ?

ग. लेबी मत्तीलाई येशूले चेला हुन बोलाउनु भएको कुरामा अझ बढि ध्यान दिनुहोस् । मानिसहरू पुर्वाग्रहले ग्रसित भएका हुन्छन् । तपाईँको समुदाय वा चर्चले यसबारे के भन्दछन्? तपाईँको समाजमा कस्तो समुदायहरू छन् जसलाई तिरस्कृत गरिएको छ? तिनीहरूलाई तपाईँले कस्तो सेवा पुऱ्याउन सक्नुहुन्छ? प्राय जसो चर्चले पनि आफ्ना वरिपरिका समाजलाई प्रतिविम्व गर्दछन् र त्यस समाजले अपनाएका पुर्वाग्रहलाई चर्चले पनि सकारेको हुन सक्दछ । मत्ती जस्तो मानिसहरूलाई तपाईले कसरी खुला दिलले स्विकार गर्नुहुन्छ? आफ्ना धारमा नहिंड्ने अरू मानिसहरूप्रति पुर्वाग्रह राख्ने पतित मानविय संस्कारलाई चर्चले कस्तो सकारात्मक भूमिका खेल्न सक्दछ?

## अध्याय ४

### येशूका चेला बन्न इच्छुकहरूबाट पाठ

यस अध्ययनको लागि पढ्नुहोस्: मत्ती ८:१९-२२, १९:१६-२६, मर्कुस १०:१७-२३, लुका ४:१६-३०, १८:१८-३०, युहन्ना ३:१-२१ ।

कण्ठ गर्नु पर्ने पद: " अर्कोले भने "प्रभु म तपाईँलाई पछ्याउँछु, तर पहिला मेरो घर परिवारबाट विदावारी लिउँ ।' येशूले उसलाई भन्नु भयो, "आफ्नो हात हलोमा लगाएर पछिल्तिर हेर्ने कोहि पनि परमेश्वरका राज्यको योग्य हुँदैन ।'" लुका ९:६१,६२ ।

जीवनको हरेक तहमा अनेक रहस्यमयढँगले भरेको हुन्छ । उपपरमाणीय कणका कार्यविधि देखि लिएर अन्तरिक्षका ज्ञानहरू र समयको बारेमा पनि यति धेरै ज्ञान बुझ्न बाँकी नै छ । हामीलाई जे थाहा छ, वा वैज्ञानिकले जे पत्ता लगाए तापनि त्यो केवल सुरु मात्रै हो ।

मानिसको हृदय कसरी संचालन् भइरहेको छ भन्ने ज्ञान अरु सबै भन्दा गहिरो, रहस्यमय र बुझ्न कठिन छ । उदाहरणमा मानिसले कारण विना थाहै नपाएर (आफुलाई पनि) जुन निर्णयहरू नाटकिय ढँगले गरिन्छ त्यसले असल वा खराब अर्थात अनन्त जीवनलाई पनि प्रभाव पार्दछ । त्यसैकारण पवित्र शास्त्र बाइबलमा हृदयको कुरा गर्दा अचम्भ मान्नु पर्दैन, "यसलाई कसले जान्दछ र?" (यर्मिया १७:९)

यस अध्यायमा हामीले यस्ता केहि इच्छुक चेलाहरूको बारेमा र तिनीहरूको मनले के निर्णायक भूमिका खेलेको थियो, सो हेर्नेछौं ।

यस अध्यायको झलक: चेला हुन इच्छुक तर नभएकाको बारेमा सुसमाचारका पुस्तकहरूले के भन्दछ? तिनीहरूको अनुभवले हाम्रो आफ्नै येशूभक्तपना, आस्था र विश्वासमा दृढपना र परमेश्वरमा समर्पित जीवन बिताउन कस्तो पाठ सिक्न सक्दछौं?

१. शास्त्रीहरू वा विद्वानहरू

मत्ती ८:१९,२० पढ्नुहोस् (लुका ९:५७,५८ लाई पनि ध्यानमा राख्नुहोस् । यस कथाले भन्न खोजेको तात्पर्य के हो? यसले हामीलाई के सन्देश दिन्दछ? यसमा उल्लेख गरेका कुन आधारभूत तत्वहरू हामीले स्विकार्न अनिवार्य छ?

यहाँ यस्तो मानिसको बारेमा वर्णन गरेको छ जो येशूले आफ्नो पछि लाग्न बोलाउनु भएको थिएन तर स्वइच्छाले उहाँको पछि लाग्न मनशाय व्यक्त गरेका थिए । फेरि येशूको पछि लाग्न उसको गहिरो इच्छा नभएको पनि होइन । येशू जहाँ गएपनि उ उहाँको पछि लाग्छु भनेर आफ्नो निर्णय प्रकट गरेका थिए । येशूका सत भक्तहरूले उहाँसँग भक्तिभावमा हिँड्छु भनेर अनेक प्रणहरू गर्न असहज त छैन (लुका २२:३३) । तर आफुले गरेको प्रणमा हिँड्न त्यति सजिलो ठान्नु हुँदैन (लुका २२:५५-६१) ।

पछिल्लो पटक तपाईँले कहिले परमेश्वरसँग विश्वाससाथ हिँड्छु भनेर सुर्नु भएको थियो तर पछि हट्न बाध्य हुनु भयो? उपरोक्त अनुभवले के पाठ सिक्नु भएको थियो?

येशूको पछि लाग्छु भनेर आउने व्यक्तिको अर्को रोचक पक्ष त यो थियो, उ पण्डित थियो । इस्रायलीहरू वा यहुदीहरूको माझमा उ विद्वान, शिक्षित व्यक्त थियो । यस्ता मानिसहरू "समाजलाई स्थायित्व दिने, संस्कृती परम्परालाई जगेर्ना गर्ने र शिक्षित व्यक्ति थिए ।"-*द एसडिए बाइबल कमेन्टरी*, ठेली ५, पृ. ३६५ । येशूको जीवनीमा थोरैले मात्र आफुहरूलाई उहाँसँग पहिचान गर्न चाहेका थिए, किनभने तिनीहरू अति स्वाभिमानी र आफु निष्कपटक छु भनेर दावि गर्द थिए । तिनीहरू येशूको पछि लागे त उहाँको ज्ञानमा तल्लिन हुन होइन बरू उहाँलाई धरापमा पार्न उत्सुक भएको कारणले थियो ।

यसै परिवेशमा यहाँ यस्तो पण्डितको बारेमा उल्लेख गरेको छ जो येशूको शिक्षामा प्रभावित भएर स्वइच्छाले उहाँको चेला हुन आफुलाई प्रस्तुत गरेको थियो ।

यद्यपि येशूलाई त्यस मानिसको हृदय छानिसक्नु भएको थियो । उहाँको जवाफमा उक्त विद्वानको मनशाय शुद्ध थिएन भनेर प्रदर्शित गर्दछ । संसारमा आफुलाई पहिचान गराउन र संसारिक फाइदामा आशा राखी येशूको विषेश झुण्डमा आफुलाई समावेश गर्न खोजेको हुनुपर्दछ । तर येशूको जवाफले त्यस्तो खालको कुनै पनि मनशायलाई झट्टै त्याग्न सक्नु पर्दथ्यो । आखिरमा यस पण्डित येशूको पछि लागे वा लागेन भनेर यी बाइबलका पदले भन्दैन । येशूले जे भन्नु भयो त्यसमा मनन गर्दा शायद यस पण्डित येशूको पछि लागेन भन्नुमा अनुपयुक्त नहोला ।

मर्कुस १०:३० मा उल्लेख गरेका येशूका वचनहरूमा त्यस पण्डितको मनमा के कुरा खेलिरहेको थियो होला? के हामी पनि सस्तो खालको उधारो आश्वासन पाएर उहाँको पछि लाग्छु भनेर तुरन्तै चर्चमा भर्ती हुने खालको थिएनौं होला? चर्चबाट फायद उठाउन के गलत छ वा छैन?

२. अनामिका चेला

मत्ती ८:२१,२२ पढ्नुहोस् । यहाँ के भइरहेको छ, के तपाईँलाई थाहा छ? पहिला आफ्नो मृत्य बाबुलाई गाड्छु अनि पछ्याउँछु भनेर अनुमति माग्दा येशूले यस्तो जवाफ किन दिनु भयो होला?

प्रथम बुँदामा हामीले हेर्‍यौं कसरि एक जना पण्डितले येशूको चेला हुन खोजेको थियो । तर यस बुँदामा हामीले अर्को स्वइच्छाले येशूको पछि लाग्छु भनेको व्यक्तिको बारेमा हेर्नेछौं । तर उसको न नाउँ उल्लेख गरिएको छ न त कुन बिशेष समुदायसँग परिचित भएको व्यक्ति भनेर जनाउ दिएको छ । झट्ट हेर्दा येशूको जवाफ रुखो जस्तो लाग्छ । छोराले आफ्नो बाबुलाई गाड्न चाहन्छ । यहुदी संस्कारमा आफ्ना मातापितालाई सम्मानजनक गाड्नु उसको सन्तानको धर्म थियो । तर येशूको जवाफले त्यस संस्कारलाई न्युनतम मान्यता दिएको जस्तो देखिन्छ ।

तर प्रचलित विश्वासको विपरित, त्यस अनामिका जवानको बुबा न मरेको थियो न त मृत्यु शैयामा थियो । उक्त समयमा "स्वस्थ जीवन बिताइरहेको हुन सक्दछ र उसको मृत्यु त भविष्यमै थियो ।"-द एसडिए बाइबल कमेन्टरी ठेली ५, पृ. ३६६ । यदि यो सत्य थियो भने त्यो मानिसले आफ्नो बाबुलाई गाड्न जान किन अनुमति मागे? येशूको दिव्य चक्षुले देखेको अनुसार के त्यो बहानामात्र थियो? मृत्यक मानिसहरू त्यहि दिन गाड्ने भएकोले त्यस हुन चाहने अनामिका चेलाको बाबु मरिसकेको भए केहि समस्या हुने थिएन, किनभने उसले आफ्नो बाबुको मृत संस्कार सकिएपछि फर्केर येशूको चेला बन्न आउँथ्यो ।

त्यस मानिसको अनुरोधले उसको चरित्र प्रकट गरेको थियो । पण्डित हतार गरेर आवेशमा आएर येशूको चेला बन्न चाहेको विपरित उ ढिलो, लोसे, निष्क्रिय, काममा जाँगर नदेखाउने, अनिर्णयको वन्दी र विलम्ब गर्ने बानी भएको मानिस थियो । यथार्थतामा भन्ने हो भने भविष्यमा मात्र येशूको चेला बन्न चाहेको थियो किनभने उसले तत्कालै आफुलाई समर्पण गर्न चाहेको थिएन । येशूले चेतना खोलेको समयमा उहाँको पछि लाग्न चाहेन भने, शायद उ कहिल्यै पनि उहाँलाई पछ्याउन चाहेको थिएन होला । अनुकुल मिलेको बखतमा मात्र येशूलाई पछ्याउँछु भन्ने उसको मनको भावना थियो । तर येशूले यो पनि देखाउन चाहनु भएको थियो, कोहि उहाँको पछि लागेर उहाँद्वारा शिक्षा हासिल गर्न चाहन्छ र तालिम लिन चाहन्छ भने उसले थाहा पाओस् त्यो प्रक्रियाको समय सिमित छ । र छोटो समय भएको

कारणले येशूको अनुशासित भक्त हुन आफ्नो ध्यान उहाँमा अविभाजित रूपमा केन्द्रित गर्नु पर्दथ्यो र आफुलाई पूरा अर्पण गर्नु पर्दथ्यो ।

के प्रभुले तपाईँलाई केहि गर्न बोलाइरहनु भएको छ? (कुनै सम्वन्ध टुटाउन वा खराब बानि छुटाउन? दशांस दिनमा इमान्दारीता देखाउन? वा कसैलाई प्रभुको बारेमा गवाही दिन?) शायद तपाईँले उहाँको निर्देशनमा हिंड्न मनशाय त छ तर अहिले चाहिँ होइन । ढिलासुस्ती गर्नुमा के खराबी छ? के उहाँको बोलाहतलाई स्विकार्न पन्छाइरहनु भएको छ?

३, धनाढ्य नवयुवक हाकिम

मर्कुस १०:१७-२३ पढ्नुहोस् (मत्ती १९:१६-२६, लुका १८:१८-३० पनि पढ्नुहोस् ) । चेला हुन चाहने युवकको कथाबाट हामीले के पाठ सिक्न सक्दछौं?

यस पाठमा एक जना बहुरङ्ग व्यक्तिको बारेमा हेर्न गइरहेका छौं । यो मानिस कुनै डरभर नगरी वा लुकेर, छिपेर, कसैले के भन्ला कि भनेर रतिभर पनि वास्ता नगरेर येशूकहाँ आएको थियो । जब उ आयो सबैको आँखा उ तिर लागेको थियो । मर्कुसले भन्दछ, जब उ येशूकहाँ आए, सबैको अगाडि देख्ने गरेर घुँडा टेके । मर्कुस र मत्तीले त्यसको नाउँ किटेको छैन, यद्यपि लुकाले भन्छ उ एउटा प्रतिष्ठित हाकिम थियो जसले गर्दा यहुदी सभाको एक गन्यमान्य सदस्य हुनसक्थ्यो । मत्तीले भन्छ उ युवक थियो । यसले गर्दा, धनाढ्य जवान हाकिम वा शासक, भन्ने नाउँले उसलाई बाइबलमा सम्वोधन गर्दछ ।

येशूको सम्मुख तुरन्तै आफ्नो मनशाय अभिव्यक्त गर्दछ, तर उसको अभिव्यकतमा येशूलाई चाप्लुसी गर्न खोजेको देखिन्छ । तर येशू कसैको फूलाइमा, चेपारोमा वा देखावती फुर्क्याउनुमा वा चिप्लो घसाइको जालोमा पर्ने व्यक्ति हुनुहुन्नथ्यो । उहाँको वा चर्चको अगाडि ठिक्क पार्ने मानिसलाई उहाँले मान्यता दिनुहुन्न । त्यसैकारण, "हे उत्तम स्वामी, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?" भन्ने उसको जिज्ञासालाई येशूले उसको हृदयको जरासम्म गएर उसलाई जवाफ दिनु भयो, "तिमी मलाई किन असल भन्छौ? एकमात्र परमेश्वरबाहेक अरू कोही असल छैन । तिमी आज्ञाहरू जान्दछौ, अर्थात हत्या नगर्नु, व्यभिचार नगर्नु, नचोर्नु, झुटा गवाही नदिनु, नठग्नु, आफ्ना बाबु र आमालाई आदर गर्नु ।" अर्थात ढुँगाको पातीमा कुँढिएका परमेश्वरको दश आज्ञा जुन मानव कल्याणको लागि दिइएको आचारसंहितालाई येशूले उद्धृत गर्नुभयो ।

आज्ञा पालन गरेर मुक्ति पाउने होइन वा मुक्ति कर्मको फल होइन भनेर बाइबलले प्रष्ट पारेतापनि (रोमी ३:२८, गलाती २:१६), येशूले किन त्यस नवयुवकलाई दश आज्ञामा उसको ध्यान खिँच्न लगाउनु भयो?

केहि हदमा उपरोक्त प्रश्नको जवाफ येशूले केन्द्रित गर्नु भएको दश आज्ञाको वचनलाई त्यस युवकले दिएको प्रत्युत्तरमा देखिन्छ, "गुरुज्यु, यी सबै त मैले बालककाल देखि नै पालन गरि आएको छु ।" त्यस व्यक्तिले आज्ञा त पालन गऱ्यो वा मानिसको अगाडि  धर्मपरायण देखाउन सफल भयो तै पनि उसले केहि न केहि गुमिरहेको जस्तो लागेको थियो । असल बनेर वा धर्मपरायणमात्र भएर नपुग्ने देखेकोले उसले येशूलाई सोध्दछ "अझ म मा  केको कमी छ अर्थात यो भन्दा बेसी मैले के गर्नु पर्दछ?" (मत्ती १९:२०) । अर्को शव्दमा भन्ने हो भने त्यस व्यक्तिले बाहिरिय रूपमा परमेश्वरको भक्त भनेर देखाएता पनि उसको चालमा यसले मात्र पुगेको थिएन भन्ने देखाउँछ । येशूको वचन र त्यस मानिसको प्रत्युत्तरले यो देखाउँछ, त्यस युवकको हृदय परिवर्तित भएको थिएन । "येशूले उसलाई हेर्नुभयो र माया गरेर भन्नु

भयो, “तिमिलाई अझ एउटा कुराको अभवा छ । जाऊ, र तिम्रा जे-जति छन्, बिक्री गर र गरीबहरूलाई देऊ, र तिमीलाई स्वर्गमा सम्पति मिल्नेछ । अनि आएर मेरो पछि लाग ।'“ तर त्यसकुराले त्यसको अनुहार उदासिलो भयो, र त्यो दु:खित भएर गइहाल्यो, किनभने त्यससित धेरै धन-सम्पति थियो ।”मर्कुस १०:२१,२२ । प्रभु येशूले परमेश्वरको आज्ञालाई औंल्याएर यो भन्न खोज्नु भयो, सचमुच मुक्ति पाएको मानिसले परमेश्वरको आज्ञालाई पालन गर्दछ र आफ्नो महत्वाकाँक्षा वा आफ्नो स्वार्थलाई त्याग गर्दछ । त्यस मानिसको धन-सम्पति उसको लागि देवता भएको थियो । येशूले यो उदाड्ग पार्नु भयो, उ बाहिरिय रूपमा धर्मपरायण देखाएता पनि उसको सम्पति संसारमा छन्, स्वर्गमा होइन, त्यसकारण उसको हृदयमा आमूल परिवर्तन हुनु अत्यावश्यक थियो ।

तपाईंहरूले परमेश्वरको दश आज्ञालाई सर्वोपरि गरेर मान्नु भएको होला, विशेष गरेर बाहिरिय वा देखावति रूपमा भएतापनि, तर तपाईंको तन, मन, धन कहाँ छन्? यस प्रश्नलाई उचित जवाफ तपाईंले कसरि दिन सक्नुहुन्छ?

४. निकोदिमस

नयाँ करारमा उल्लेखित प्रख्यात बृतान्तहरूमा निकोदिमसको बारेमा उल्लेखनिय मानिएको छ । एक रातमा उ येशूकहाँ आएर यस्ता प्रश्न गरेका थिए, “यो कसरी हुन सक्दछ ?” (युहन्ना ३:९) ।

यहुन्ना सुसमाचारको ३:१-२१ पढ्नुहोस् । उसले के को बारेमा जिज्ञासा राख्दैछ?

यो रोचकपूर्ण छ, किनभने येशूले निकोदिमससँग पवित्र आत्माले कसरी काम गर्दछ भनेर भनेर छलफल गर्नु भएको थियो जब निकोदिमसको बोली र कार्यकिलापले येशूलाई थाहा थियो उ पवित्र आत्माकै प्रभावमा थियो । अरूले येशूलाई धरापमा पार्न आए झै उ आएको थिएन बरू शुद्ध मनले येशूसँग ज्ञान हासिल गर्द आएका थिए ।

येशूले निकोदिमसलाई दिनुभएको भाषामा अनुशासित येशूभक्त हुन के समावेश हुनुपर्दछ भनेर देखाउनु भएको छ?

युहन्नाको सुसमाचारमा जुन रूपमा येशूले निकोदिमसलाई जवाफ दिनु भयो त्यसले उसको आवश्यकतालाई परिपुर्ति गर्ने गुणमात्र होइन असली चेलापनमा हुनुपर्ने अत्यावश्यक विशेषगुण र ती भएन भने येशूभक्त भनेर दावि गर्न अधिकार विहिन बनाउँछ भन्ने खुलासा गराएको पाउँछौं । यस विशेषगुण बिना शारीरिक जन्म वा यहुदी जातको बंशले अपर्याप्त आधिकारिक येशूभक्त बनाउँछ । अनुशासित येशूभक्त हुनु भनेको नव जीवनको प्रत्याभूति पाएर स्वर्गिय वैभवसँग एकजुत हुनु हो र निरन्तर रूपमा पवित्र आत्माले काम गर्न दिन आफ्नो हृदयलाई खुलाइ राख्नु हो । अहिले नै पुनर्जन्मको आवश्यकतालाई निकोदिमस भ्रममा परेको थियो किनभने उसले भन्ठानेको थियो मुक्ति पाउन यहुदी हुनु पर्दछ वा उचित परिवारमा जन्मनु पर्दछ । अर्थात् परमेश्वरको राज्यमा पस्नु यहुदी जातिको जन्मसिद्ध अधिकार हो भन्ने अभिमान उसको दिमागमा रहेको थियो । तर येशूको दिक्षाले चेलापनको चरित्रलाई अझ बढि जानकारी दिलाउन अवसर दिन्दछ । येशूसँगको यो अन्तरवार्ताले निकोदिमस तुरन्तै वा खुलारूपमा उहाँको भक्त भयो भनेर खुलासा नगरे तापनि विविध समयमा उनले येशूको गोप्य चेला भएको जानकारी बाइबलमा दिएको पाउँछौं । सुरुमा उ येशूभक्त हुनेवाला थियो, तर उसले पुर्णरूपमा आफुलाई येशूको चेला हुन समर्पण गरेको थिएन । तर पछि उ बदलेको आभास हामीलाई छ (युहन्ना १९:३९) ।

तपाईँको जन्म प्रतिस्थित, उपयुक्त वा सम्मानित कुलमा जन्मनु भएको हुन सक्छ, तपाईँ सत्य चर्चका सदस्य पनि हुन सक्छ वा चर्चको सत्य शिक्षा दिक्षाले विभुषित पनि हुन सक्नुहुन्छ । तर यसले मात्र परमेश्वरको राज्यको योग्य किन बनाउँदैनन्? मुक्तिको प्रत्याभूति पाउन ठिक चर्चको सदस्यता वा त्यस चर्चको सत दिक्षाको ज्ञान भए पुग्छ भन्ने खतरापूर्ण धारणालाई हामीले कसरी हटाउन सक्दछौं?

५. हूलको मानसिक धारणा

हामीलाई थाहा छ मुक्ति व्यक्तिगत मामिला हो । हामी हुलमा वा जमातमा वा बहुमतको आधारमा वा सहकारी हिसावले परमेश्वरको राज्यको भागिदारी हुन्दैनौं (हेर्नुहोस् इजकियल १४:२०) । मुक्ति पाउन परमेश्वरको कदर मतमा भर पर्दछ । अन्तमा हामी आफ्नै कामप्रति जवाफदेहि हुनुपर्दछ । अरूको धार्मिक कार्यकिलापले हामीलाई स्वर्गको भागिदारी बनाउँदैनन् अर्थात अरूको पुण्य कार्यले हामीलाई स्वर्गमा धकेलिन्दैनन् (रोमी १४:१२) ।

यद्यपि, हामी प्राय सबै एकलो जीवन धाएको हुँदैनन् । कुनै न कुनै रूपमा अरू मानिसको संपर्कमा रहिरहेको हुन्छौं र अरूलाई प्रभाव पारिरहेका हुन्छौं जसरी उनीहरूले हामीलाई प्रभाव पारिरहेको हुन्छन् । कोहि मानिस एक्लो बृहस्पती हुँदैनन् । असलको लागि होस वा खराबको लागि होस, कुनै न कुनै रूपमा हाम्रो जीवनले अरूलाई असर पार्नु पतित वा अपतित मानव स्वभाव हो । आजको संसारमा यो कस्तो दुर्भाग्य हो, यदि हामीले सावधानी अपनाएनौं भने हाम्रो प्रभाव नकरात्मक हुनसक्दछ ।

लुका ४:१६-३० पढ्नुहोस् । यहाँ के भयो? भिंडको हावामा लागेर आवेशमा ती मानिसहरूले के काम गर्न खोजे? येशूभक्त हुने अवसर गुमाएर ती मानिसहरूको कसरी पतित हुन पुगे?

सुरूमा येशूको वचन सुन्दा सबैले उदेक मानेका थिए, तर जब उहाँको बचनले तिनीहरूको हृदय भित्र पसेर उनीहरूको मनस्थितिको पर्दाफास भयो तब सारा जन समुह उहाँको बिरोधमा उत्रे । त्यहाँ भएका कोहि कोहिले आफ्नो रिसलाई बसमा राखेर उहाँको चेतावनीलाई नम्र पूर्वक स्विकार गरेको भए के हुन्थ्यो होला? तिनीहरूको प्रभाव ती जमातमा कस्तो सकारात्मक हुन्थे होला? तर त्यसो नभएर बाइबलमा भन्दछ सिनिगगका (यहुदी धार्मिक मन्दिर) सारा जन समुदाय येशूसँग क्रोधित भए र सावथ दिन भएतापनि तिनीहरू येशूलाई मार्न तम्से । निसन्देह: एक जनाको रिसले अर्कोलाई पनि तान्यो, त्यसपछि एक ले अर्को गरेर सारा जन समुदाय जो परमेश्वको उपासना गर्न आएका थिए, रिसको झोंकमा येशूको हत्या गर्न तम्से । व्यक्तिगत रूपमा येशूले सामना गर्नु भएको भए, शायद येशूको चेतावनीदेखि नाराज त हुन्थ्यो होला तर त्यस्तो हिंस्रक बन्ने थिएन होला बरू रिसमै उहाँलाई छोडेर जान्थ्यो होला । तर अनियन्त्रित भिंडको उत्तेजनामा फस्दा तिनीहरू वीभत्स भए ।

सामाजिक समुदाय र संस्कारको पुर्वाग्रह र त्यसको शिक्षाले प्रभावित भएर भिंडको लहै लहैमा तपाईँ कत्ति लाग्नु भएको छ? बहुमतको नाउँमा भिंडको मनोभावनाको खतरादेखि आफुलाई सुरक्षित राख्न तपाईँले के व्यवहारिक कदम चाल्न सक्नुहुन्छ?

उपसंहार:

अरू जानकारीको लागि पढ्नुहोस्: *द एसडिए बाइबल कमेन्टरी*, ठेली ५, पृ. ३६५,३६६,४५६-४६०,६०२-६०५,९२६-९३४, एलेन जि ह्वाईट, *द डिजाएर अभ एजेज्*, पृ. १६७-१७७,३३३-३४१,५१८-५२३ ।

“धर्मको नाउँमा पाखण्ड र मति भ्रष्टहरूले ढाकिएको समाज, र पतनोन्मुख अर्थात विकृति सिद्धान्त शिक्षाहरूले उच्च स्थान पाएको संसारमा प्रभु येशूमा परिवर्तित जीवन विताइरहेकाले यस्तो संस्कारलाई अगाडि ल्याउँछ जस्ले स्वस्थ र प्रभावशालि आत्मियतालाई उजागर गर्दछ । येशूका भक्त भनेर दावि गर्नेहरू जोसँग सत्यको ज्ञान छ, तिनीहरूले परमेश्वरको वचन जस्ताको तस्तो छ त्यहि रूपमा जन समक्षल्याउनु अनिवार्य भएको छ । मेरा दाजुभाई दिदी वहिनीहरू यो तत्व परमेश्वरले तपाईँबाट अपेक्षा गर्नुभएको छ । अब तपाईँको जीवन प्रवाहको हरेक प्रभाव ठिक पक्षमा परिचालन गर्नु पर्दछ । सत्यको प्रतिरक्षाको लागि सबै खडा हुन सिक्नु पर्दछ यहि नै ग्रहण योग्य छ ।”-एलेन जि ह्वाईट, *मेडिकल मिनिस्त्री*, पृ. २२

“तर जब निकोदिमसले सार्वजनिक रूपमा येशूको विश्वासी हुँ भनेर प्रकट नगरेतापनि उसले यहुदी सानहिद्रेन धार्मिक महासङ्गलाई यस्तो किसिमले आफ्नो प्रभाव देखाए जसले गर्दा येशूलाई नाश पार्न धार्मिक गुरूहरू वा पुरोहितहरूको हरेक योजनालाई विफल तुल्याए । जब येशूलाई क्रुसमा माथि उठाइयो, उसले जैतुन डाँडामा आफुले येशूसँग अन्तर्वार्ता लिएको सम्झे, “जसरी मोशाले मरुभुमीमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्रलाई उचालिनु आवश्यक छ‘ (युहन्ना ३:१४); र उसले प्रभु येशूमा विश्वको उद्धारक हुनुभएको देखे ।”-एलेन जि ह्वाईट, *द आक्ट अभ एपोस्टल्स्*, पृ. १०४ ।

चिन्तनमनन:

क. के तपाईँ हुलहरूको मनस्थितिमा कहिल्यै पर्नु भएको छ, जसले गर्दा आवेशमा आएर केहि कर्म गर्नु भयो जुन पछि तपाईँले पछुताउनु भयो? यदि हो भने तपाईँले त्यसबाट के पाठ सिक्नु भयो जुन त्यहि मनस्थितिमा समावेश हुनु पर्दा आफुलाई सुरक्षित राखेर त्यस भुललाई दोहर्‍याउनु नपरोस?

ख. साँचो चर्चको सदस्य भयो भन्दैमा तपाईँको आत्मिक जीवन सुरक्षित हुन्छ भन्ने ठेगान हुँदैन भन्ने तर्कलाई बिचार गर्नुहोस् । हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूको लागि यसले के सन्देश दिन्दछ? हामी पनि हामीसँग सत्य छ भनेर अहँको भुमरीमा परेर त्यहि भए पुग्छ भन्ने धरापमा परेर आफ्नो अनन्त जीवनलाई खतरामा पार्न सक्दछौं । यस्तो मिथ्या-विश्वासबाट हामीलाई कसरी सुरक्षित राख्न सक्दछौं, विश्वासी जनहरूसँग छलफल गर्नुहोस् ।

ग.यस अध्यायमा उल्लेखित प्रभुको भक्त हुन अवसर गुमाएकाहरूले आफुलाई समर्पित किन गरेन भन्ने तथ्यलाई पुनार्वलोकन गर्नुहोस् (तर हामीलाई थाहा छ निकोदिमस यस परिधि भित्र नपर्न सक्छ) । प्रभुप्रति भक्तिभाव नदेखाउन मानिसहरूले कस्ता कस्ता वाहना गर्दछन्? हामी चर्चको हैसियतले परमेश्वरलाई विश्वास गर्न चाहन्छ तर अनिर्णयको वन्दीहरूलाई कसरी सहायता गर्न सक्दछौं?

घ.विश्वासी हुनु वा आस्था राख्नु र अनुशासित येशूभक्त हुनुमा के भिन्नता छ?

अध्याय ५

## नर र नारी, अनि अनुशासित येशूभक्तजन

यस अध्ययनको लागि पढ्नुहोस्: मर्कुस ५:२५-३४, लुका १:२६-३८, ८:१-३, १०:३८-४२, युहन्ना ४:४-३०

कण्ठ गर्नुपर्ने पद: "अनि मेरीले भन्नु भयो, ' हेर्नुहोस्, म परम प्रभुको सेवक, मलाई तपाईँको वचनअनुसार होस् ।'" लुका १:३८ ।

येशूको कार्यकाल अवधिमा कुनै न कुनै रूपमा नारीहरूको गाढा भुमिका रहेको पाउँछौं । यस संसारमा येशूको अवतरण भएको दिन देखि नै परमेश्वरको मुक्तिको योजनामा स्त्रीहरू समावेश भएको थियो । यस संसारको भौतिक माता मेरी, अर्थात मरियमले येशूलाई जन्म दिएकी थिइ । हुन त यो काम नारीले मात्र सम्पन्न गर्न सक्दथ्यो तर त्यस बाहेक मेरीले देखाएको अनुकरणीय विश्वासको उदाहरण र समर्पित जीवन, येशूभक्त हुन खोज्ने सबैले यी प्रभावशाली गुणहरूलाई आत्मसात् गर्नु अत्याआवश्यक छ । अनि सुसमाचारको पुस्तकहरू भरि नारीहरूको निर्णायक भूमिकालाई उल्लेख गरेको पाइन्छन् । येशूकी माता मेरी, रगत वग्ने रोगले सिकिस्त आइमाइले येशूको पछ्यौरा छुन्दा निको भएकी देखि लिएर तिरस्कृत जाती स्त्रीसँग पँधेरोमा येशूले पानी खान मागेकोसम्म र अरू धेरै नारीहरू येशूको काममा समावेश भएकोले पुरुषलाई मात्र होइन, स्त्रीलाई  पनि परमेश्वरको अनुग्रहको ढोकालाई तत्परतासाथ खोला गरिएको र अनुशासित येशूभक्त हुनबाट कुनै हालतमा पनि वंचित नभएको पाइएको छ ।

अनुशासित येशूभक्तमा हुनु पर्ने गुणहरूको अध्ययन गर्ने शिलशिलामा केहि नारीहरूसँग येशूको अन्तरक्रिया कस्तो थियो सो हेर्नेछौं ।

यस अध्यायको झलक: येशूकी माता मेरीसँग कस्तो अविश्वसनिय परिस्थितिलाई विश्वासद्वारा ग्रहण गर्न अपेक्षा गरिएको थियो? येशूको सेवाकार्यमा नारीहरूको भूमिकालाई बाइबलले कसरी चित्रण गरिएको छ? नारीहरूले खेलेको भूमिकाले येशूभक्त हुन के शिक्षा हामीलाई मिल्न सक्दछ?

१. "मलाई जे हुनुपर्ने हो, त्यो होस्"

लुका १:२६-३८ पढ्नुहोस् । तपाईँ आफैलाई मेरीको स्थानमा राख्न खोज्नुहोस् । यी पदहरूमा मेरीको गुणहरूलाई कसरी चित्रण गरिएको छ र त्यसबाट हामीले के पाठ लिन सक्दछौं? कुन अति कठिन कार्यभारलाई विश्वास गर्न अह्राइएको थियो?

अहिलेका आधुनिक, वैज्ञानिक संस्कारमा भन्दा पुरातन समाजमा अलौकिक कार्यहरूलाई सजिलैसँग लिइन्थ्यो, यद्यपि मेरीलाई स्वर्गदूतका सन्देशलाई  आत्मसात् गर्न असिमित विश्वासको अपेक्षा गरिएको थियो ।

प्रथमत: कुमारी अवस्थामा नै उनी गर्भवती हुन छिन् अरे ! संसारको इतिहासमा यस्तो घट्ना कहिल्यै भएको थियो? यस्तो कठिनकुरामा विश्वास गर्न मात्र भनेको होइन, उनको हुने बालक त परमेश्वरको पुत्र रे ! उनको प्रश्न, "यो कसरी हुन सक्छ?" स्वभाविक र साधारण नै थियो । जब उनकी उमेर ढल्केकी भतिजी एलिजाबेथले पनि गर्भधारण गरी भन्ने स्वर्गदूतले भने (लुका १:५-२५) र विशेषत: उसको प्रभावशाली आश्वासन, "परमेश्वरको लागि कुनै कुरा पनि असम्भव छैन" (पद ३७) पाउँदा मेरीले स्वर्गदूतको वचनलाई विश्वाससाथ सकरात्मक रूपमा ग्रहण गरिन् ।

ध्यानपूर्वक र प्रार्थनापूर्वक मेरीले स्वर्गदुतलाई दिएको जवाफलाई पढ्नुहोस्: "मलाई तपाईंको वचन अनुसार होस्" (पद ३८) । उनले कस्तो खालको मनस्थितिलाई प्रकट गरिन्? कस्तो खालको अनुकरणीय आदर्श विश्वासलाई मेरीले हामीलाई उदाहरणको लागि प्रस्तुत गरेको पाउँछौं?

बाइबल धर्मशास्त्रका विद्हरूले सताव्दीयौं देखि येशूको मानव अवतारको बारेमा तर्क वितर्कहरू प्रस्तुत गरेको र गरिरहेको पाउँछौं । र त्यस विषय सदासर्वदा रहस्यमय नै भएर खडा भएको पाउँछौं । यस अवला नारीलाई यस विषयमा कति अनभिज्ञ थियो होला र उनमा के भइरहेको थियो सो बुझ्न कस्तो कठिन भयो होला? यद्यपि कति कुराहरूलाई थाहा नपाएतापनि मेरीले (मरियम) परमेश्वरलाई आफ्नो विश्वाससाथ समर्पण गरिन् र उहाँको इच्छा उनको जीवनमा परिचालन गरुन भनी आफुलाई अर्पण गरिन् ।

कतिपय कुराहरूमा मेरिलाई जस्तो हामीलाई, नबुझे पनि विश्वास गर्नु पर्दछ भनेर परमेश्वरले निर्देशन दिनुहुन्छ । तपाईंको आत्मिकता यहाँ देखाएका मेरीको आत्मिक विश्वाससँग दाँज्नुहोस् । नबुझेतापनि वा कति कुराहरूमा अनभिज्ञ भएतापनि तपाईं परमेश्वरमा आफ्नो जीवनको भरोसालाई सुम्पन्न कति तत्पर हुनुहुन्छ? हृदयलाई जाँचेर यस कुराको जवाफ दिनुहोस् ।

२. येशूका नारी अनुयायीहरू

लुका ८:१-३ मा येशूको दोश्रो गालिलको यात्राको बारेमा वर्णन गरिएको छ । येशूको त्यस यात्रामा उहाँको प्रारम्भिक १२ चेलाहरूबाहेक अरू को पनि साथमा थिए?

येशूको सुसामाचार यात्रामा स्त्रीहरू पनि थिए भनी लुकाले स्पष्ट रूपमा भन्छ । यसमा हामीले अचम्भ मान्नु पर्दैन किनभने लुकाको पुस्तकमा पिछडिएका, बहिस्कृत जातीहरू र नारीहरूको उद्धार गर्न र मुक्ति दिन येशू आउनु भएको थियो भनेर प्रमुखता दिएको पाउँछौं ।

"येशूका प्रारम्भिक जीवनको विस्तृत रूपमा विवरण लुकाले मात्र आफ्नो सुसमाचारको पुस्तकमा दिएको छ । प्रायजसो लुकाले उल्लेखनिय स्त्रीहरूको दृष्टिकोणलाई प्रस्तुत गरेको पाइन्छ । परमेश्वरको राज्यको सुसमाचार पुरूष जातीलाई मात्र होइन, आइमाईको लागि पनि उत्तीक्कै आवश्यक छ र सुसमाचार फैलाउने पुण्य कार्यमा नारीहरूको सहभातिता पनि पुरूष सरह हुन्छ भनेर लुकाले भन्न खोजेको देखाउँछ ।"-द एसडिए बाइबल कमेन्टरी, ठेली ५, पृ. ७६९, ७७० ।

> नारीहरूलाई आफ्नो चेला बनाउने येशूको अतुलनीय कार्य थियो । त्यस ताकाका धार्मिक अभियान वा समुहहरूले आइमाईलाई समावेश गरेको थिएन । कतिले त भने नारीहरूको दिमाग खाली हुन्छन्, उनीहरूलाई सिकाउनु हुन्न र उनीहरू सार्वजनिक रूपमा देखा पर्नुहुन्न भनेर वकालत गर्दथे । आइमाईहरू घरायसी काम र घरेलू कलामा मात्र सिमित हुनुपर्दछ भनेर जोड गर्दथे । यद्यपि सुसमाचारको सुरू देखि अन्तसम्म कुनै न कुनै प्रकारले येशूको जीवन र उहाँको लक्ष पुरा गर्न नारीहरूको भूमिकालाई उल्लेखनिय रूपमा समावेश गरिएको पाउँछौं । कुनै जात र लिङ्गलाई पक्षपात नगरी सबैलाई मुक्तिमा समावेश गर्नु नै येशूको लक्ष थियो ।
>
> मत्ती २७:५५,५६ र मर्कुस १५:४०, ४१ पढ्नुहोस् । येशूको सेवाकार्यमा नारीहरूको भूमिका अझ के बढी थियो भनेर थपेको छ?
>
> विभिन्न बिमारबाट निको भएर शारीरिक वा मानसिक कष्टबाट निकासा पाएको कारण कतिपय स्त्रीहरू येशूप्रति स्नेह र भक्त भएर उहाँको काममा सहयोग गर्नु भएको थियो र उहाँको आवश्यकतालाई परिपूर्ति गरेका थिए । कुनै स्त्रीहरू विधवी हुनसक्दछन किनभने उनीहरू येशूको

सुसमाचार प्रचारको कार्यमा लागेका थिए र येशू तथा उहाँका चेलाहरूको आवश्यकतालाई हेरविचार गरेका थिए । जे भएतापनि, प्रारम्भिक चर्चको स्थापनामा नारीहरूको भूमिका अति उल्लेखनिय थिए भनेर परमेश्वरको वचनले स्पष्टरूपमा खुलासा गरिएको छ ।

गलाती ३:२८ मा यसरी लेखिएको छ: अब नता यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, नता पुरुष न स्त्री छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एउटै हो। यसमा तत्काल देखाएका शब्दहरू भन्दा गहिरिएर जान्दा येशूको सिद्धान्तमा पूर्वाग्रह वा पक्षपातपूर्ण आचरणलाई कुन दृष्टिकोणमा प्रस्तुत गरेको छ? तपाईंको आफ्नै हृदय छामेर हेर्नुहोस् । परमेश्वरको वचन विपरित कुन पूर्वाग्रह र मनस्थिति तपाईंले बोकिरहनु भएको छ?

३. “यदि मैले उहाँको पछ्यौराको टुप्मामात्र छुन पाएतापनि.......”

रगत बहने स्त्री रोगले ग्रस्त एक महिलाको प्रख्यात वृतान्त मर्कुस ५:२५-३४ पढ्नुहोस् । उपरोक्त कहानीले त्यस महिला येशूको चेला थिइन् वा थिइन भनेर नबताए तापनि हरेक येशू भक्तको जीवनमा हुनु पर्ने अत्यावश्यक गुण उनले दर्शाएकी थिइन् ।

फेरि मर्कुस ५:२२,२२ मा पढ्नुहोस् जहाँ सिनिगग धर्मस्थलको शासक जारियस येशूकहाँ कसरी आए भनी रोचक तरिकाले उनको तुलनामा विपरित ढंगले प्रस्तुत गरेको छ ।

येशूकहाँ यी दुई व्यक्तिहरू कसरी भिन्नै तरिका अपनाएर आए? फेरि त्यसै बेला यी दुईहरूको बिचमा के एउटा गुण समान रूपमा विद्यमान थियो?

हामीलाई जानकारी भए अनुसार यस महिलाले येशूलाई कहिल्यै पनि देखेको थिएन । बाइबलको अनुसार, येशूको बारेमा सुनेको भरमा उनी आएकी थिइ । कसैले येशूको बारेमा गवाही दिए र उनी पनि विश्वासले परिचालित भइन् । आफुले नदेखे तापनि येशू प्रति आस्था जगाएकी थिइ । यो नै उनको जीवनमा विश्वासको प्रथम कदम थियो (युहन्ना २०:२९, हिब्रु ११:१) ।

निसन्देह: बाइबलका वृतान्त अनुसार उनको असाध्य रोगले गर्दा उनी नैराश भएकी थिइ । लैव्य व्यवस्था अनुसार उनको रगत वहने व्यथाले गर्दा उनी अशुद्ध मानिन्थ्यो । कोहि मानिस पनि शारीरिक रूपमा उनको सम्मुख पर्नु हुन्नथ्यो । यदि उनी विवाहित भएकी थिइ भने आफ्नो श्रीमानसँग संसर्गमा आउनु हुन्नथ्यो । साँच्चीकै भन्ने हो भने उनले आफ्नै छोराछोरीहरूलाई पनि छुन सक्दैनथ्यो । बाव्ह वर्षसम्म उनी यस पिडामा परेकी थिइ ।

उनले आफ्नो महान् विश्वासको हाथ कसरी बढाइन्?

उनी डराई डराई गोप्य रूपमा येशूको पछ्यौरा छुन्दा निको भएतापनि येशूले त्यसलाई सार्वजनिक गर्नु भयो । उनले उहाँलाई र सबैले सुन्ने गरी के भयो भनी बेली विस्तार गरिन् । आफ्नो गवाही दिएर उनले प्रथमत: आफु येशूको अनुयायी भनेर सार्वजनिक रूपमा खुलासा गरिन् । अब सबैलाई उनको सारा वृतान्त सार्वजनिक रूपमा खुलासा गरिएकोले अरूलाई उनको जीवनमा येशूले के काम गर्नु भयो सो भन्न सजिलो भएको थियो । कसैले भनेको भरमा उनी येशूकहाँ आएकी थिइ, अब उनी अरूलाई येशूसँग आफ्नो प्रत्यक्ष भेट भएर कसरी उनको जीवनमा नयाँ जीवन पल्हायो भनेर उहाँको किर्ती फैलाउन सक्षम् भएकी थिइ ।

उहाँमाथी आस्था राख्यो भन्दैमा हामी सधैं वा सबै रोगबाट निकासा पाउँछौं भन्ने जरुरी छैन, यद्यपि उहाँमाथी भरोसा र आस्था कसरी जगाइ राख्न सक्दछौं? यदि उहाँलाई विश्वास र उहाँमाथी भरोसा राख्न छोड्यौं भने जीवनमा अरू के बाँकी रहन्छ त?

४. धेरै कुराहरूले गर्दा हैरानी खप्नु

येशू भक्त हुनको लागि येशूको व्यक्तित्वको जानकारी हुनु अत्यावश्यक छ । उहाँसँग नजिकै र गाढा सम्वन्ध हुनुपर्दछ । जब सम्म उहाँसँग व्यक्तिगत नित्य रूपमा समय बिताउँदैनौं तब सम्म यो अनुभव हुँदैनन् । हाम्रो व्यस्त जीवनमा धेरै काम धन्धाले समय ओगेटेको हुन्छ । हाम्रो समय असल र महत्वपूर्ण कार्यमा व्यस्त भएतापनि परमेश्वरसँगको सम्बन्धलाई चिसै पारीराख्नु धेरै सहज हुन्छ ।

लुका १०:३८-४२ पढ्नुहोस् । असल कुराले पनि अति महत्वपूर्ण कार्यबाट वंचित राख्न सक्दछ भनेर यस वृतान्तले बताउँछ । यहाँ दुई महिला अनुयायीहरूको विषयमा वर्णन गरिएको छ, तर यसमा के सन्देश भेट्टाउनु भएको छ?

मेरीले येशूकै मुखाबाट वचनहरू सुनेका थिए ।उहाँको वचन नसुनीकन कोहि पनि उहाँको अनुयायी हुन सक्दैनन् । यस विवरणले भन्दछ उनी येशूको पाउमा बसेकी थिइन् । प्रथम सताब्दीका गुरुहरू ठुलो मेचमा बस्दथे र उनीहरूका चेला चाहिँ उनीहरूको पाउ निर सानो मेचहरूमा वा भँइमा बस्दथे । गुरुको पाउमुनी बस्नु भनेको चेला वा शिष्यको मुद्रा ग्रहण गर्नु हो । उनी येशूको पाउमा बसी भनेको अर्थ उनी येशूको विद्यार्थी वा चेला थिए भनेर जनाउँछ (प्रेरित २२:३ सँग तुलना गर्नुहोस) ।

उनको दिदी मार्था उनको विपरित चरित्रकी थिइ भनेर देखाउँछन् । ग्रीक वा युनानी अनुबादमा उनी काम धन्धामा व्यस्त भएर अलग भएकी थिइ भनेर उल्लेख गरेको छ । गुरु घरमा आए पछि उहाँको अतिथी सत्कार गर्नु र उहाँको आवश्यकतालाई हेर्नु सबैको कर्तव्य हो । फेरि आफ्ना वहिनीलाई सघाउन पठाइ दिनुहोस् भनेर येशूलाई गरेको अनुरोध चलन चल्तीको मुल्य मान्यता र अपेक्षित मुताविक नै थियो । महिलाहरूलाई जिम्मा लगाएको भान्सा कोठामा व्यस्त हुनु मेरीको कर्तव्य थियो, तर पुरुषहरू विच भोजन कक्षमा बस्नु होइन ।

मार्थाको कुरा सुनेर मेरीसँग नाराज हुनु भएन बरु मार्थालाई नै  मेरी किन उहाँको पाउमा थिइ र मार्था किन खानेकुरामा तल्लिन थिइ भनेर सम्झाउनु भयो ।उहाँले भन्नु भयो, "मार्था, मार्था, तिमी धेरै कुराका विषयमा चिन्ता गर्छ्यौ, र व्याकुल हुन्छयौ । तर आवश्यकता एउटै कुराको छ, त्यही असल कुरा मरियमले छानेकी छे, जो उसबाट खोसिनेछैन ।" लुका १०: ४१,४२ ।

मार्थाको गुनासो न्यायोचित थियो, तर येशूले उनलाई हकारेकोबाट हामीलाई यो कुराको ज्ञान हुनु पर्दछ, जीवनमा आवश्यकताको परिपूर्ती भन्दा अरू पनि महत्व कुरा छन् जसलाई ध्यान दिनु जरूरी छन् । हामी सबैले होसियार हुनु पर्दछ किनभने जीवनमा कहिलेकाहिँ चाहेको कुराले व असल कुराले गर्दा प्राणधार र अत्यावश्यक तत्वहरूलाई पन्छाएका हुन्छौं ।

तपाईँको जीवनमा आवश्यकताहरूको पछि लाग्न र येशूको पाउमा बस्न--यी दुईलाई कसरी ठिक सन्तुलनमा राख्नु हुन्छ? यस प्रक्रियाको लागि के समायोजन गर्नु पर्दछ? फेरि त्यहि समयमा, के धेरै मेरी त हुने तर मार्था नहुन पनि सक्दछ? यदि सक्दछ भने, कसरी?

५. इनारमा पानी लिन आएकी महिला

युहन्ना ४:४-३० मा येशू र अछुत सामरितन जातका महिलाको विचमा प्रख्यात बार्तालाभ प्रस्तुत गरेको छ, पढ्नुहोस् । कसरी येशूले त्यस महिलाको विश्वास जित्नु भयो र उनी येशूकी अनुयायीमा परिणत भइन् ?

जुन प्रक्रिया अपनाएर येशूले सामरियाका स्त्रीको हृदय जित्नु भएको थियो, त्यो प्रक्रियालाई होसियार पुर्वक अध्ययन गरेर येशूको लागि मानिसको हृदय फर्काउन त्यहि प्रक्रिया हामी सबैले अपनाउनु पर्दछ भनेर देखाएकोले यो वृतान्तमा हाम्रो विषेश ध्यान जानु जरुरी छ ।

यस प्रक्रियाका चार चरणहरू छन्: क. आफुमा भएको भन्दा उत्तम चिजको आवश्यकतालाई जागरण गराउनु (पद ७-१५) ख. व्यक्तिगत आवश्यकताको चाहनामा दृढ विश्वास जगाउनु (पद १६-२०) ग. येशू नै मसिह हुन स्विकार गर्न निर्णायक कदम चाल्नु (पद २१-२६) घ. जब येशूलाई उद्धारकर्ता हुन् भनेर स्विकार गरे पछि, त्यस निर्णयलाई आफ्नो साथमा नलुकाइ अरूलाई भन्न स्फूर्त गराइ आफुलाई परिचालन गर्नु (पद २६-३०,३९-४२) ।

जब येशूले त्यस अछुत् स्त्रीसँग पानी माग्नु भयो, उनको मनमस्तिश्कमा के भाँडभैलो खेल्यो होला सो सोचनिय नै छ । प्रथमत: अपरिचित व्यक्ति, त्यो पनि यहुदी जसले उनी प्रति अपेक्षितरूपमा दया देखाउँछन् । अर्को यस व्यक्तिले त्यस स्त्रीको गहिराइमा गएर उनको अन्धकारमा लुकिरहेका गोपनियताहरूको पर्दाफास गर्दछन्, जुन कुरा उनीलाई बाहेक अरू कसैलाई थाहा थिएन । उनको प्रतिक्रियाले, “हजुर, तपाईँ परमेश्वरको अगमवक्ता भनेर थाहा पाउँछु ।” (पद १९), यो देखाउँछ उनले आफ्नो पापहरूको मात्र स्विकार गरेको होइन, येशू कुनै विशिष्ट व्यक्ति हुनुहुन्छ भनेर देखाउँछ । यो पनि याद गर्नुहोस्, जब त्यस महिलाले आफ्ना विषय बस्तुलाई बदल्न खोजिन्, येशूले उनको पापको बारेमा छलफल गर्न कर गर्नु भएन । बरू, उहाँले जहाँबाट उनले कुराकानी सुर गरिन्, त्यसलाई अरू सत्य कुराहरू तर्फ मन ढल्काउनु भयो र अन्तमा आफै तिर खिँच्नु भयो, तब त्यसपछि  उहाँ अव अगमवक्ता होइन तर मसिह अर्थात् उद्धारकर्ताको रूपमा प्रस्तुत गर्नु भयो । येशूका दिव्य विचार, निसन्देह: उहाँले उनको गोप्यकुराको ज्ञान भएको देखाएकोले, त्यस स्त्री उहाँसँग प्रभावित भइन र उहाँलाई विश्वास गरिन् ।

यसको फलस्वरूप उनी जुरुक्क उठेर आफ्ना मानिसहरूलाई येशूको बारेमा गवाही दिन गइन् । उनले यो कसरी गरिन्, हेर्नु होस् पद २९,३९ । उनी येशूसँग किन प्रभावित भइन्? के जब जनसमुदायमा येशूको बारेमा भन्दा त्यसमा आफ्नै नराम्रो कुरा स्विकार गरेको देखिन्दैनन्? एउटा चरित्रहिन भनेर नाउँ चलेका महिला, जब येशूले उनलाई रूपान्तर गर्नु भयो, उनको गवाही कत्तिको प्रभवाशाली थियो?

प्रभुले यस स्त्रीलाई बदल्नु भयो । उक्त स्त्री शुद्ध, धर्मात्मा र असल चरित्रको अग्रपन्थीमा नभएतापनि येशूले आफ्नो लागि एक शक्तिशाली साक्ष्यदाता (गवाही दिने) मा परिणत गर्नुभयो । यस वृतान्तले के शिक्षा तपाईँले लिन सक्नुहुन्छ क. अरूको हृदयलाई छामेर न्याय नगर्नु ख. जतीसुकै जघन्य पापी भएतापनि परमेश्वरको अनुग्रहलाई काम गर्न दिएर उसलाई क्षमादान गर्नु?

उपसंहार:

अरू जानकारीको लागि पढ्नुहोस्: *द एसडिए बाइबल कमेन्टरी* , ठेली ५, पृ.६०७, ६०८, ६५६, ६५७, ६६९, ६७०, ७८५,७८६, ९४०-९४२, एलेन जि ह्वाईट, *द डिजाएर अभ एजेज्,* पृ. ५२४-५३६ ।

"एउटा कुरा मार्थालाई के चाहिएको थियो भन्दा उनलाई शान्त शिल स्वभाव, उपासना गर्ने आत्मा, अनन्त जीवन वा भविष्यको बारेमा गहिरो ज्ञान र आत्मिक रूपमा अग्रसर हुन परमेश्वरको अनुग्रह । बितेर जाने चिजमा सुर्ता गर्नु भन्दा अजम्मरी कुरामा बढी ध्यान दिनु उनको जरुरी थियो । आफ्ना छोराछोरीहरूलाई मुक्तीको ज्ञानमा परिपक्व बनाउने हरेक अवसरलाई नगुमाओस् भनेर येशूले सिकाउन चाहनु हुन्छ ।" एलेन जि ह्वाईट, *द डिजाएर अभ एजेज्,* पृ. ५२५ ।

लुकाको सुसमाचारमा चित्रण गरेका विशेष बृतान्तहरूमा येशूले पालेस्टाइनका महिलावर्गहरूलाई सरोकार र श्रद्धा देखाउनु भएको र कुनै कुनैले उहाँलाई शुश्रुषा गरेको पाइन्छ । यो नौलो थियो, किनभने सामाजिक जीवनमा यहुदी नारीहरूको भूमिका न्युन थियो । कहिलेकाहिँ अगमवक्ता एलिशा जस्ता व्यक्तिहरूले महिलाप्रति सरोकार देखाएको र तिनीहरूबाट सुश्रुषा पाएको पनि पाउँछौं ।" *द एसडिए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ७६९ ।

चिन्तनमनन:

क. मरियम येशूकी आमा कसरी भयो भन्ने बारेमा फेरि पढ्नुहोस् । फेरि उनलाई के अचम्भको कुरालाई पत्यार गर्नु भनेर भनेको थियो, जुन कुरो उनले बुझ्न सकेको थिएन । यहि कुरालाई लिएर यो विचार गर्नुहोस्, आज पनि येशूक अनुशासित भक्तहरूलाई कति नबुझेको कुरामा विश्वास गरेर अघि बढ्नु भनेर निर्देशन दिएको पाउँछौं । हो, हामीले नबुझेतापनि हामीमा प्रशस्त विश्वास र आस्था भएको कारणले ती नबुझेका कुरालाई पनि आत्मसात गर्दछौं । विश्वासीहरू विच यस विषयमा छलफल गर्नुहोस्, हामीले नबुझेतापनि कति कुराहरूलाई किन विश्वास गर्नु पर्छ वा गर्न सक्दछौं । यस विषयमा संघर्ष गरिरहेकोलाई हामीले कसरी सहायता गर्न सक्दछौं? विश्वासी जीवन विताउन परमेश्वरमा आस्था र भरोसाको विकल्प छैन भनेर कसरी सम्झाउने?

ख. कति देशहरूमा महिला विश्वासीहरूको बाहुल्यता चर्चमा भएको पाउँछौं । यस्तो परिवेशमा चर्चले महिलालाई पनि उत्तिक्कै अनुशासित येशू भक्तको संज्ञा दिएर परमेश्वरको काममा किन अघि नबढाउने?

घ. यथार्थतामा हेर्न् हो भने येशू क्रान्तिकारी, समाजमा आमूल परिवर्तन गर्ने चाहने व्यक्ती, मानिसले सृष्टि गरेका यथास्थितिबादलाई बदल्न चाहने, मानिसको जीवनलाई रूपान्तर गर्ने, स्वतन्त्रबादी, नयाँ पद्धतिको स्थापना गर्ने व्यक्ति वा त्यसलाई उत्साह गर्ने व्यक्ति, बिग्रेको जीवनलाई स्फुर्ति दिने, जातिय असमानताको विरोधी, नरनारिलाई भेद नराख्ने, संवेदनशिल र आधार दिने व्यक्ति हुनुहुन्थ्यो । उहाँको अगाडि कोहि पनि उपक्षित थिएन, कसैलाई पनि हेप्नु भएन, कसैलाई पाखा गर्नु भएन न त कसैलाई बहिष्कार गर्नु

भयो । हरेक युगमा भएका समकालिन येशूभक्तहरूले उहाँको अनुकरणीय उदाहरणलाई नमूनाको रूपमा लिएर आत्मसात् गर्नु पर्दछ ।  कुनै जात, संस्कृती, लिङ्ग, देशीविदेशी, धनीगरिब, रंगभेद, विभिन्न वर्ग र वर्षलाई उहाँले छुट्याउनु भएन । येशूको अगाडि सबै समान थिए । "परमेश्वरले संसारलाई प्रेम गर्नु भयो" भन्दा संसारको कुनैलाई पनि पक्षपात गरि आफ्नो प्रेमबाट बंचित गर्नु भएन । तर त्यस प्रेमलाई कसरी ग्रहण गरी त्यसको उपादयतालाई परिचालन गर्ने, त्यो अधिकार हरेक व्यक्तिमा निहित गर्नु भयो । यस सन्दर्भमा तपाईँले आफ्नो चर्चमा विना भेदभाव सबैलाई कसरी स्वागत सत्कार गरी उनीहरूको सेवामा आफुलाई अर्पण गर्नुहुन्छ?

अध्या ६

## जातियता र येशूका अनुशासित भक्तजन

यस अध्यायको लागि पढ्नुहोस्: मत्ती १५:२१-२८, लुका ७:१-११, युहन्ना १:३, प्रेरित १०:२८, ३४, ३५, ११:२५-३०

स्मरण गर्नु पर्ने पद: "..सब प्रकारका उपायले कसै न कसैलाई मुक्ति दिलाउन सकूँ भनेर सबैका निम्ति म सब थोक बने ।" १ कोरन्थी ९:२२ ।

बिदेशमा गएर सुसमाचारको काम गर्न आह्वान गरिएको आभास जीमलाई भएको थियो । जसको फलस्वरुप उ एक बिदेशको अनकन्टार ठाँउमा जंगली मानिसहरूको बिच उ पुगे । त्यस ठाँउमा पुग्ने बित्तिक्कै त्यस ठाँउमा रहन त्याहाँका आदिवासीहरूले कुनै बिदेशी उनीहरूकहाँ बस्ने भए एउटा परिक्षामा सामेल हुन पर्दथ्यो भनेर जीमलाई थाहा भयो । यदि ती परिक्षामा सफल भए मात्र कुनै बिदेशीहरू तिनीहरूको बिचमा बस्न अधिकार पाउँथ्यो । नौलो मानिसले तिनीहरूले बनाएको विशेष रस पिउनु पर्दथ्यो--केवल चाखेरमात्र पुग्दैनथ्यो । यदि यस जाँचमा असफल भयो भने त्यस पाहुनाले तुरन्तै त्यस स्थान छौड्नु पर्दथ्यो, नत्र भने त्यस आदिबासीले उसलाई खान सक्दथ्यो । जीम धर्म संकष्टमा परेको थियो । उसको छटपट हृदयले ती मानिसहरूले रस बनाएको वाक्क लाग्ने गरेर हेरे । त्यस रसमा दुध, मानिसको न्याल, रगत, मुखले चपाएको जडिबुटी र अरू जडिबुटीहरू राखेको थियो । जब त्यो तयार भयो, हेर्दै वाक्कलाग्दो र गन्ध नै बान्ता होला जस्तो थियो । जब उसलाई त्यो खान उक्सायो, उसको विकल्प प्रार्थना गर्नु र पिउनु बाहेक अरू थिएन । उसले त्यो रस भएको कचौरा लियो, सबैले आश्चर्यचकित भएर हेरे र आफुले नै ताजुब मानेर त्यो पिए । त्यो पिएर उसले पचायो,  जसको फलस्वरुप उ ती मानिसको मासु खाने जंगली आदिवासीहरूको बिचमा रहने अधिकार प्राप्त गऱ्यो ।

येशूको भक्तालु हुन कहिले काहिँ अनौठो काम पनि गर्नु पर्ने हुन्छ: जस्तै खाने र अनौठो रस पिउनु पर्ने र अरू सबै थोक जसले गर्दा हामीहरूले मानिसहरूको मन परमेश्वरतिर फर्काउन सकौं र तिनीहरूले उद्धार पाउन् । येशू भक्तले खप्नु पर्ने आह्वान र चुनौती यस्तै हुन्छ । प्रभुले भन्नु भयो, "सारा संसारमा यो सुसमाचार सुनाउनु ।" यो प्रक्रिया पुरा गर्न संसारको हरेक संस्कारमा भिज्नु जान्नु पर्दछ र हाम्रो भन्दा उग्र चालचलनको विचमा फस्नु पर्ने हुन्छ ।

यो अध्यायको झलक: यहुदीहरूलाई मात्र होइन अरू कुन जातकहाँ गएर

येशूले सेवा गर्नु भयो भनेर उदाहरणहरू सुसमाचारको पुस्तकहरूमा प्रस्तुत गरेको छ? यहुदी बाहेक परमेश्वरमा श्रद्धा राख्नेहरू को हुन् र तिनीहरूबाट हामीले येशू भक्त हुन के शिक्षा पाउन सक्दछौं? फेरि येशूका चेलाहरूले जुन रूपमा येशूप्रति आफ्नो समर्पणता अन्टिओकमा देखाए, त्यसबाट हामी के सिक्न सक्दछौं?

१. यहुदी जातीहरूबाट तिरस्कृत सामरितनहरूलाई येशूको भक्त हुन आह्वान

देहाएका पदहरू पढ्नुहोस् । संसारका सारा वर्ग, वर्ण र जातका मानिसहरूलाई परमेश्वरले कसरी हेर्नुहुन्छ अर्थात् सरोकार राख्नु हुन्छ भनेर ती पदहरूबाट देखाउँछ? युहन्ना १:३, ३:१६, प्रेरित १०:२८, ३४, ३५, १७:२६-२८, हिब्रू २:९ ।

पवित्र शास्त्र बाइबलले स्पष्ट पार्दछः प्रभु येशूले केवल मानव समाजलाई मात्र सृष्टि गर्नु भएन, त्यस मानव जातको लागि उहाँ मर्नु पनि भयो । उहाँले कुनै जात, वर्ण र राष्ट्र भनेर उपेक्षा गर्नु भएन । उहाँले कसैलाई भौगोलिक सिमानामा राख्नु भएन । उहाँको मृत्यु सारा विश्वको लागि थियो । उहाँको मृत्यु सबै मानव जातको लागि भएको कारणले परमेश्वरको अगाडि कसैले जातभात, वर्ण र लिङ्गको नाउँमा भेदभाव गरी पुर्वाग्रह राख्द छ भने त्यो उहाँलाई असह्य हुन्छ ।

त्यसकारण त्यस ताकाका समाजको लागि (जुन अहिले पनि मानिस मानिसको बिचमा पुर्वाग्रहले ग्रसित छन्) येशू आउनु भयो भनेर अचम्भ मान्नु पर्दैन । येशूले आफुलाई उच्चा जात ठानेका यहुदीहरूको मात्र होइन गैर यहुदीहरूको पनि सेवा गर्नु भयो । (जब उहाँले सारा संसारमा गएर उहाँको चेला बनाउ भनेर आफ्ना चेलाहरूलाई निर्देशन दिनु भयो, यसले उहाँको चेला यहुदीहरूमा मात्र सिमित राख्न चाहेको थिएन भनेर प्रष्ट पार्दछ) । पावल गैर यहुदीहरूको लागि सुसमाचार वाहक भनेर बुझिएतापनि येशूले आफ्नो भौतिक जीवनमै यहुदीबाट तिरस्कृत जातहरूलाई परमेश्वरको ढोका खोलीदिनु भएको थियो ।

लुका १७:११-१६ र युहन्ना ४:३९-४२ पढ्नुहोस् । यस विवरणमा के भइरहेको छ? यी पदहरूबाट हामीले के शिक्षा लिनु पर्दछ? र यसमा देखाएका के अवगुणलाई हाम्रो मनबाट पनि चट्टै निकालेर फँक्नु पर्दछ?

अघिल्लो अध्यायमा हामीले यो हेर्‍यौं, कसरी एक महिलालाई उनको सबै गोप्य कुराहरू येशूले पर्दाफास गरेको कारण उहाँप्रति चकित भएर आफ्ना गाग्री इनारमै छोडेर गाउँलेहरूलाई येशूलाई भेट्न उनले आह्वान गरिन् । उनको बोलीमा येशू नै मसिह हुन् भन्ने आभास दिएको थियो । उक्त महिलाको गवाहीले गर्दा त्यस सामरी गाउँका धैरै मानिसहरूले येशूलाई विश्वास गरे भनेर बाइबलले बताउँदछ । जब गाउँलेहरूले येशूलाई भेटे, तिनीहरूले उहाँलाई गाउँमा बस्न अनुरोध गरे किनभने उहाँबाट दिक्षा लिन चाहन्थे ।

दस जना कोढीहरूलाई येशूले एक दिन निको पार्नु भएको थियो । यसले पनि येशूको काम सामरितनहरूको बिचमा भएको थियो भनेर देखाउँछन् (लुका १७:११-१६) । ती दस जनामा केवल एक जनाले मात्र येशूलाई धन्यबाद दिन आए र येशूप्रति कृतज्ञता व्यक्त गरे-- ती थिए सामरितन । उच्च स्वरमा परमेश्वरको प्रशंसा गरेर येशूले उसको जीवनमा गरेको कामलाई आफ्नो कृतज्ञता जनाए । येशूले उसलाई सराहना गर्दै भन्नुभयो, “तिम्रो विश्वासले तिमीलाई निको पारियो ।” यसरी त्यस तिरस्कृत व्यक्तिको मनोबललाई विश्वासको उँचाइमा लानु भयो । युनानी भाषामा

उ निको भयो भनेको शाव्दिक अर्थलाई मुक्ती पायो भनेर खुलाएको छन् । यसको अर्थ त्यस सामरितन शारीरिक रूपमा मात्र होइन, आत्मिक रूपमा पनि उसले उद्धार पाएको थियो । येशूले त्यस सामरितनलाई विदेशी वा अन्य जाती भनेर सम्वोधन गर्नुभएको थियो । सामरितन र विदेशी भनेर थाहा हुन्दा हुन्दै पनि येशूले उसलाई पक्षपात गर्नु भएन र उसको विश्वास र आस्थालाई उहाँले कदर गर्नु भयो जसको फलस्वरूप उ घृणित रोगबाट मुक्त भए । येशूले तत्कालिन मानिसहरूको वा यहुदीहरूको पुर्वाग्रहलाई मान्यता दिनु भएन भनेर यो विवरणले हामीलाई यो स्पष्ट पार्दछ ।

हो, हामी कसैप्रति पुर्वाग्रह राख्नु हुन्न, पक्षपात गर्नु हुन्न वा दुराग्रह राख्नु हुन्न भनेर भाषण छाँत्न त सजिलो छ, तर त्यस विषम् भावनाबाट स्वतन्त्र भएर त्यसलाई व्यवहारमा उतार्न त्यत्ति सजिलो छैन । के तपाईँको मनमा यस्ता मानिविय रोगले ग्रसित हुनु भएको छ जसले गर्दा अरू प्रति द्वेषभावले हेर्न अग्रसर गराउँछ अर्थात् अरू भन्दा म सफा, उच्च जातको छु वा पवित्र छु भनेर आफु भन्दा कमजोर वा पिछडिएकोलाई पाइतालामुनि राख्न अभिप्रेरित गर्दछ?

२. परमेश्वर प्रति भय वा श्रद्धा राख्नेहरू

प्रथम् शताव्दीका केहि अन्य जाती वा (मनुस्मृती अनुसार म्लेच्छ जात) वा गैर यहुदीहरू परमेश्वरप्रति श्रद्धा वा भय राख्नेहरू भनेर सम्वोधन गर्दथे । तिनीहरूले नाममात्रको लागि यहुदी धर्म अपनाएका थिए । सिनीगगहरूमा चन्दा पनि दिन्थे र सब्बथको दिनमा सेवाकार्यमा सहभागी हुन्थे ।  तर तिनीहरूले बप्तिस्माद्वारा आफुहरूलाई धर्मको सतमा बस्न चाहन्दैनथे र यहुदी धर्मका नियमहरूलाई पालन गर्दैनथे । यिनीहरूमा एक जना रोमी सिपाहीँका हाकिम वा सेन्टुरियन थिए जो परमेश्वरमा श्रद्धा राख्ने भनेर नाम कमाएका थिए । यस्को बारेमा लुका ७:१-११ मा वर्णन गरिएको छ ।

लुका ७:१-११ पढ्नुहोस् । येशूका यो गैर यहुदी अनुयायीको आस्था र चरित्रको बारेमा ती पदहरूबाट के सिक्न सक्दछौं?

यस सैनिक अफिसरको विश्वास येशूको लागि “गैर यहुदी वा अन्य जातीहरूको विचमा पनि सुसमाचारको काम कसरी हुन्दो रहेछ भनेर देखाउँछ । सारा संसारबाट उहाँको राज्यमा मानिसहरू जम्मा गराउन हर्षित हृदयसाथ् प्रभु येशूले अपेक्षा गरिरहनु भएको छ ।”-एलेन जि ह्वाईट, द डिजाएर अभ एजेज्, पृ. ३१७ ।

प्रेरित १० मा अर्को रोमी अफिसरको बारेमा वाख्या गरेको छ । कर्नेलियस परमेश्वरप्रती अगाढ श्रद्धा राख्ने सिपाहीँहरूका हाकिम वा सेन्टुरियन थिए । परमेश्वरले स्वर्गदुत पठाउनु भएर उसका उपहारहरू र प्रार्थनाहरू उहाँले ग्रहण गर्नु भयो भनेर सन्देश दिनु भएको थियो र साथै पत्रुसलाई खोजेर उसकहाँ लिएर आउनु भनेर अऱ्हाउनु भएको थियो । यहुदी संस्कारको विपरित पत्रुस उसको घरमा गए । यसले गर्दा उसले गाली पनि खेप्नु पऱ्यो । अरूले जे भनेतापनि परमेश्वरले सफा गर्नु भएको मानिसहरूलाई अछुत वा अशुद्ध भनेर तिरस्कार नगर्नु भनेर पत्रुसले परमेश्वरबाट निर्देशन पाएको थियो । जब पत्रुसले कर्नेनियस र उसका परिवारलाई प्रवचन दिइरहेका थिए,  गैर यहुदी पेन्टिकोष्टको आभास दिन  पवित्र आत्मा तिनीहरूमाथी आए । यो देखेर येशूलाई विश्वास गर्ने पत्रुसका यहुदी    सहयोगीहरू छक्क परेका थिए ।

प्रेरित ११:१-३ पढ्नुहोस् । तर यहुदियामा भएका येशूका यहुदी अनुयायीहरूको प्रतिक्रिया कस्तो थियो? तिनीहरूको त्यो प्रतिक्रियाले आज हामीलाई किन छक्क पार्दछ? तिनीहरूको यस कार्यकिलापले हामीलाई के सन्देश दिन्दछ?

यो कस्तो अचम्भ ! येशूलाई पछयाउनेहरू रे, तर सुसमाचारको पुर्ण ज्ञानचाहिँ नभएको ! सांस्कृतिक, शैक्षिक, वर्ण वा सामाजिक यथास्थितिले हामीले दावी गरेका येशूका शिद्धान्तहरूलाई ओझेलमा पार्नु हुन्न भनेर हामी सतर्क हुनु पर्दछ । (यदि हामी येशुका भक्त हौं भनेर दावि गर्दछौं भने पुर्ण रूपमा त्यस अनुसार हिँड्नु पर्दछ । नाममात्रको वा देखावती इसाई भएको परमेश्वर रूचाउनु हुन्न । याद गर्नुहोस्: येशूले कसैलाई उहाँको अनुयायी हुन कर गर्नु हुन्न । युहन्ना ६ अध्यायमा येशूका ७० चेलाहरूमा ४८ जनाले आफु खुसी उहाँलाई छोड्नु भयो र बाँकी १२ लाई पनि उहाँलाई छोड्ने इच्छा शक्ति उनीहरूलाई नै निहित गराउन भयो । प्रभु येशू कसैलाई आस्थाको वन्दी बनाउन चाहनु हुन्न । उहाँ असली रूपमा विवेकको स्वतन्त्रताको प्रतिक हुनुहुन्छ । उहाँका जीवनीले यो अभिव्यक्तलाई प्रतिध्वनी गर्दछ ।)

३. यहुदी राष्ट्रका सीमा भन्दा बाहिरका देश कनान

येशूको सेवाकालमा एक दिन उहाँ आफ्नो देशबाट टायर र सीडोनको क्षेत्रमा जानु भयो । उहाँ आफ्नो गाउँ शहरबाट मानौ छुट्टीको निम्ति विदेशमा जानु आवश्यक भएको महशुस गर्नु भएको थियो किनकि उहाँ र यहुदी अगुवाहरूको बिचमा तनावको सृजना भएको थियो । यस अन्य जात वा गैर यहुदी क्षेत्रका एक घरमा अपरिचितको रूपमा पाहुना हुन जानु भएको थियो । उहाँको बारेमा कसैलाई थाहा नहोस भनेर उहाँ चाहनु हुन्थ्यो (मर्कुस ७:२४) । यद्यपि एक कनानी स्त्रीले उहाँलाई चिन्नु भयो र उहाँसँग एक बिशेष अनुनय विन्ती गर्दै उहाँको पछि पछि लागिन् ।

यो विवरण मत्ती १५:२१-२८ मा छ, सो पढ्नुहोस् र देहाएका प्रश्नहरूको जवाफ दिनु होस्:-

१. त्यस बिदेशी महिलाले येशूलाई उहाँको मसिही नाउँ, “दाउदको पुत्र” भनेर किन सम्वोधन गरिन्? यसले उक्त महिलालाई येशूको बारेमा कस्तो अचुक ज्ञान थियो भनेर बताउँछ?

२. उनी प्रति येशूका चेलाहरूको प्रतिक्रिया कस्तो थियो र यसले तिनीहरूको प्रचलित स्वभावलाई कसरी प्रदर्शन गर्दछ?

३. उक्त महिलाले येशूसँग कस्तो सहायताको लागि अनुरोध गरिन् । उनी कस्ती निरिह भएकी थिइन्?

४. यस विवरणमा उनले येशूको प्रतिक्रिया सुनेर कस्तो निराश हुन सक्दथिन् तर किन भइनन्?

५. (त्यस तिरस्कृत महिला--धार्मिक शहिष्णुबात पिछडिएका, सामाजिक न्यायबाट हेपिएका जात-- जब उनको तिक्ष्न विश्वासलाई येशूले चिन्नु भयो तब उहाँले उनलाई कदर गरेर, “हे नारी..” भनेर उनको नारीत्वलाई उच्चतममा राख्नु भयो । येशूले त्यहि सम्मानजनक सम्वोधन आफ्नो आमालाई पनि गर्नु भएको थियो (युहन्ना २:४,१९:२६) उत्पती १:२७ अनुसार उपरोक्त अनामिका र विदेशी अर्थात अन्य जातीका महिलालाई पनि परमेश्वरकै प्रतिरुप भएको कारण उनलाई पुरुष सरह येशूले सम्मान

गर्नुभयो। के हामीले महिलालाई दोश्रो दर्जामा राख्दा येशूको वचनलाई कदर गरेको भनेर पुष्टि गर्दछ? )

इस्रायल र उनको देशको बिचमा सत्रुताको लामो इतिहास उनले बोकेतापनि, सुरूमा येशूले वास्ता नगरेतापनि, चेलाहरूको पुर्वाग्रहि मनोस्थिति अनुसार तिरस्कृत बोली सुन्नु परेतापनि र येशूको प्रथम जवाफले उनी हच्किन प्रशस्त ठाँए भएतापनि उनलाई यो थाहा थियो, उनको आशा भनेको येशू मात्र हुनुहुन्थ्यो । उनी निराशाको पराकाष्टमा पुगेको कारणले येशूसँग कचकच गरेको हुनसक्दछ । उनी किन यस्तो अवस्थामा पुगी भनेर कस्लाई थाहा थियो त? अन्तमा हामी सबैलाई ज्ञात भएको कुरा हो चाहेर वा नचाहेर हामी सबै उहाँमै भर पर्नु पर्दछ ।

यस वृतान्तले येशूले आफ्ना चेलाहरूलाई एक अत्यन्त प्रभाशाली पाठ दिन चाहनुहुन्थ्यो । येशूले यो चाहनु हुन्थ्यो सुसमाचारको प्रसार गैर-यहुदीको बिचमा पनि जान जरूरी छ । यो अनुभवले उहाँको र प्रचलित मनोस्थितिको बिचमा कस्तो अन्तर रहेछ भनेर उजागर गर्नु भएको थियो । यी येशूका बान्ह चेलाहरूले धेरै कुराहरू सिक्न बाँकी नै थियो ।

यस महिलाको बारेमा बिचार गर्नुहोस् । उनको मनस्थिति, मनशाय, कार्यकिलाप, वचनहरू, निष्ठा, आस्था र विश्वासको बारेमा जानेर हामी कसरी अझ बढी येशूका असल भक्त हुन सक्दछौं?

४. येशूका चेला फिलिप र इथियोपियाका उच्च पदाधिकारी

येशूभक्त हुन्दा के जिम्मेवार वहन गर्नु पर्ने रहेछ भनेर देखाउने धेरै आकर्षित वा रोचक विवरणहरू मध्ये प्रेरित ८:२६-४० मा लिखित फिलिम र नपुंसकको बारेमा उल्लेखनिय मानिन्छन् ।

यस बारे प्रेरित ८:२६-४० मा लिखित सम्पुर्ण कथा पढ्नुहोस् र निम्नलिखित प्रश्नहरूको जवाफ दिनुहोस्:-

१. इथियोपियाका गैरइस्रायली भएतापनि त्यस मानिसलाई परमेश्वरको वचनको बारेमा केहि ज्ञान थियो र उनी सत्यलाई खोजी गर्ने भनेर उपरोक्त वृतान्तले कसरी औंल्याउँछन्?

२. उनी येशूभक्त हुन परमेश्वरका वचन वा बाइबलले (तत्कालिन उपलव्ध भएको पुरानो करार) कस्तो भूमिका खेले भनेर प्रष्ट पार्दछ?

३. बप्तिस्मा लिन तयार हुनको लागि के आवश्यक थियो भनेर फिलिपले औंल्याउँछन्?

४. यस वृतान्तमा फिलिपले जुन भूमिका निर्वाह गऱ्यो त्यसले येशूका चेला हुन के गुणको आवश्यकता छ भनेर देखाउँछन्? फिलिपमा के यस्ता गुणहरूले सम्पन्न भएको थियो जसले गर्दा उ येशूको सफल र प्रभावकारी गवाही भए? यसबाट हामीले के शिक्षा लिन सक्दछौं?

यस कथामा परमेश्वरले प्रभावशाली भूमिका निर्वाह गरेको पाउँछौं, होइन त ? स्वर्गदुतको निर्देशन अनुसार फिलिपले नपुंसकलाई बाटोमा भेटे । यो रोचक छ, फिलिप येरुशलेमबाट गाजामा जान्दै थियो (यसमा के प्रतिक देख्नुहुन्छ?) । वग्गीमा चढेको इथियोपियाको पाहुना परमेश्वरमा श्रद्धा राख्ने व्यक्ति थिए । बाटोमा जाँदा जाँदै उसले बाइबल पढिरहेको थियो । धर्मशास्त्रलाई यताउती नपल्टाउँदै यशैया पढिरहेको थियो, फेरि कौतुहलको विषय त, उसले बाइबलमा उल्लेखित मसिहको सबभन्दा महान

अध्याय यशैया ५३ पढ्दै थियो । यस अध्यायमा हाम्रो सट्टा येशू मर्नु भएको चित्रको वर्णन गरिएको छ । त्यस विशिष्ट पाहुनाको अनुरोधमा फिलिप उसँगै बसेर त्यस अध्यायको भेद खुलाई दिए । फिलिपको बाइबल अध्ययनदेखि अति प्रभावित भए र येशूलाई आफ्नो मुक्तिदाता स्विकार गरे । जब तिनीहरू खोला नजिक आइपुगे, त्यस नपुंसकले बप्तिस्माको लागि अनुरोध गरे । जे हुनु थियो ठिक ठिक तरिकाले भयो ।

प्रेरित ८:३९ पढ्नुहोस् । उसको पापको लागि येशू मर्नु भयो भनेर नयाँ सुसमाचार भेट्टाएको थियो जसले गर्दा त्यस नपुंसक हर्षले विभोर भएर आफ्नो देशमा फर्क्यो भनेर उपरोक्त पदले भन्दछ । आस्था वा विश्वास भनेको आवेश वा भावत्नामक होइन भनेर हामी दावि गर्दछौ किनकि हामी प्रतिकूल अवस्थामा गुज्रिनु परेतापनि हाम्रो विश्वासलाई दिगो बनाइ राख्नु पर्दछ । फेरि त्यसै बखत हामी येशू भक्त भएको हुनाले र येशूको मृत्युले हाम्रो पाप क्षमा भयो भएको प्रत्याभूति प्राप्त गरेपछि जुनसुकै तत्कालिन परिस्थितिहरूमा परेपनि हाम्रो हृदय हर्षले किन गद्गद् नहुने?

५. अन्टिओकका चर्च

येशू भक्त स्टिफनलाई ढुँगाले हानेर मारे पछि येशूका अनुयायीहरूले ठुलो सतावत खेप्नु परेको थियो । यसमा पनि टारससका सावल अति निष्ठुर भएर परमेश्वरका जनहरूमा आतङ्क मचाइ रहेको थियो । यसको फलस्वरूप धेरै येशू भक्तहरू भुमिगत भए, कति त विदेशमा पलायन भएका थिए । तर येशूका अनुयायीहरूले आफ्नो देश छोड्ने क्रममा उनीहरूले सुसमाचार पनि विभिन्न देशमा फैलाएको थियो ।  यी विविध स्थानहरूमा, सिरियाको अन्टओक भन्ने ठाँउ उल्लेखनिय छ किनभने यहाँ प्रथम पटक सुसंगठित रूपमा अन्य जातीहरूलाई सुसमाचार दिएको थियो । लुकाले यो भन्दछ, यस पुनित कार्यको शुभारम्भमा परमेश्वर उनीहरूसँग हुनुहुन्थ्यो  र धेरै जमातहरूले येशूमा विश्वास गरे र उनीहरूको हृदय परमेश्वरतिर फर्काए (प्रेरित ११:२१) । विदेशी भूमीमा येशूको सुमाचारले गर्दा विश्वासीहरू यसरी अदभूत तरिकाले वढ्यो, येरुशलमका अगुवाहरूले बर्णावासलाई मद्दतको लागि पठाउनु परेको थियो ।

येशूका अनुयायीहरूलाई आतङ्कित गर्ने क्रममा टारससको सावल पनि येशूको प्रखर अनुयायीको रूपमा रूपान्तर भइसकेको थियो । जब बर्णावास अन्टिओकमा गए सावल पनि येशूको बारेमा प्रचार गर्न साथ दिएका थिए । यसले गर्दा चर्चमा धेरै सकारात्मक असर परेको थियो । यी दुईको एकताले गर्दा चर्चमा विश्वासीहरू मात्र बढेन, त्यहाँ मानिसहरूले सामाजिक सरोकार राख्न, आर्थिक कारोबारलाई उचित तरिकामा उपयोग गर्न र एक चित्त भएर परमेश्वरको काममा अग्रसर हुन प्रत्याभूति प्राप्त गरे ।

प्रेरित ११:२५-३० पढ्नुहोस् । त्यहाँ विशेष परिस्थितिहरूको सृजना भएको थियो, ती के हुन्? चर्चले त्यस परिस्थितिहरूप्रति कसरी प्रतिक्रिया व्यक्त गरे, अनि चर्चको आवश्यकतालाई सरोकार देखाए? यस वृतान्तले, आज हाम्रो लक्ष हासिल गराउन के पाठ सिकाउँछ?

यो पनि याद गर्नुहोस्, जब पावल र बर्णावास अन्टिओकमा गए, तिनीहरूले एक वर्षसम्म धेरैलाई सिकाए । यस अनुभवले हामीलाई अनुशासित येशू भक्त हुन बाइबलको शिक्षादिक्षाको महत्वलाई कसरी प्रकाश पारेको छ?

प्रेरित १३:१-३ ले प्रारम्भिक चर्च कसरी सुसंगठित भएको थियो भनेर बर्णन गर्दछ । हामीलाई यो थाहा छ वर्णावास साइप्रसका यहुदी थिए । टारससका सावल पनि इस्रायलको नभएर अर्कै देशका विश्वासी थिए । फेरि मनेन् भन्ने व्यक्ति हेरोड अन्तिपासका न  मन पर्ने व्यक्ति थिए न त पालेको भाई नै थिए । साइमन भन्ने अर्को व्यक्ति निगर वा हव्सी थियो । ल्याटिन भाषामा यसलाई कालो वर्ण भनेर अर्थ

लगाउँछ । लुशियस उत्तर अफ्रिकाको साइरिन भन्ने देशबाट आएका थिए । यसले यो बताउँछ, प्रारम्भिक चर्चका अगुवाहरूमा विभिन्न जाती, समुदाय र वर्णहरूको समावेश भएका थिए । कति त यहुदी नै थिएनन् । त्यस समय येशूका भक्तहरूले अनेकरूपतामा एकरूपता देखाएका थिए ।

ती अगुवाहरूले येशू भक्त हुनुलाई गम्भिर रूपमा लिएका थिए । तिनीहरूले उपवास बसेर र प्रार्थना गरेर परमेश्वरको आराधना गरेका थिए । येशू भक्त हुन गम्भिर भएको कारण यस चर्चलाई पवित्र आत्माले सुसमाचार प्रचार प्रसार गर्ने जिम्मा दिएर परमेश्वरको चाहनालाई प्रकट गर्नु भयो । सावल र वर्णावासलाई संसारको अन्तसम्म सुसमाचार फैलाउन अभिषेक गरियो र त्यस पुनित कार्यको लागि जिम्मा लगाइयो । यसले प्रेरित १:८ लाई पुर्णता दिन्दछ ।

उपरोक्त वर्णनले असली येशूभक्तको आधार शिलाहरू भनेको समान लक्षमा एक जुट हुनु, बाइबलका शिक्षादिक्षामा पौरख हासिल गर्नु, परमेश्वरको काममा अर्पण गर्नु र समर्पित हुनु भनेर देखाउँछ । यस पुनित कार्यमा यहुदी, गैरयहुदी, जातजाती, स्वदेशी विदेशी  आदी भनेर छुट्टिएको हुँदैनन् ।

चर्चमा विभिन्न मानिसहरूको उपस्थितिले परमेश्वरको नाउँमा सेवा गर्न र गवाहि दिने अवसर प्रदान गर्दछ । विभिन्न थरीका मानिसहरूलाई समावेश गर्नु चर्चको आवश्यकता हो । यसले विविध मानव आवश्यकताहरूको परिपूर्ति गर्दछ । तपाईँको वरिपरि धेरै आवश्यकताहरूको महशुस गर्नु भएको होला । यो आवश्यकताहरूलाई ध्यानमा राखेर तपाईँले अरूको कसरी सेवा गर्नु भयो र त्यसले गर्दा येशूको लागि कसरी गवाही बन्न पुग्नु भयो?

उपसंहार:

अरू जानकारीको लागि पढ्नुहोस्: *द एसडिए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ६२६,६२७, १०२१-४०२५, एलेन जि ह्वाईट, *द डिजाएर अभ एजेज्,* पृ. ३१५-३१८, ३९९-४०३, ६२१-६२३, युहन्ना १२:२०-३३, प्रेरित ९:१-३१, २२:१-२१, २६:२-१८ ।

“त्यस रोमी अफिसरले येशूलाई देखेका थिएनन् तर उहाँको किर्ति सुनेर उसको हृदयमा आस्था जागेको थियो । यहुदीहरूको औपचारिक धार्मिक नियमहरूलाई नबुझेको कारण यस रोमी अफिसरले आफ्नो भन्दा उनिहरूको धर्म उच्च थिए भनेर विश्वास गरेका थिए । यहुदीहरूको धर्ममा आस्था राखेको कारण उसले विजयी मुलक रोमको विरुद्धमा यहुदीहरूले खडा गरेका पुर्वाग्रह र घृणाको पर्खाललाई उसले फुटालेको थियो । उसले परमेश्वरमा भक्ति र श्रद्धा देखाएका थिए । साथै उहाँका उपासकहरूलाई दया देखाएका थिए । येशूले दिनुभएको शिक्षादिक्षामा उसको आत्माले खोजेको कुरा पाएका थिए । उसमा भएको आत्मियताले गर्दा येशूको वचनप्रति जवाफदेहि बनेको थियो ।”-एलेन जि ह्वाईट, द *डिजाएर अभ एजेज्,* पृ. ३१५ ।

चिन्तनमनन:

क. अन्टिओकमा स्थापना भएको चर्चको नमूनामा ध्यान दिनुहोस् । त्यस अनुसार तपाईँको चर्चलाई कसरी कार्यशिल बनाउन सक्नुहुन्छ जसले गर्दा येशूको लागि प्रभावकारी गवाहि बन्न सकिन्छ?

ख. चर्चको हैसियतले एडभेन्टिस्ट मतका मानिसहरूले आफ्नो जमात बढाउन सिपालु देखिन्छन् । बप्तिस्माको शूचीहरूले यो कुरा पुष्टि गर्दछ । तर हामीहरू अनुशासित येशू भक्तहरू भनेको के हो भन्ने बुझ्न संघर्ष गरिरहेका छौं । अब हामीलाई यो प्रश्न छ, बप्तिस्मा पाइ सकेपछि यी मानिसहरूलाई हामीले के गर्ने? हामीलाई यो थाहा भएकै कुरा हो चर्चमा प्रवेश गरेको लगत्तै पछि कतिपय मानिसहरूले चर्चलाई

छोड्दछन् । यस समस्यामा तपाईँ कति संवेदनशिल हुनुहुन्छ? तपाईँको आफ्नै अनुभवमा बप्तिस्मा लिएर चर्चमा प्रवेश भइसकेपछि तपाईँलाई चर्चको अनुशासनमा ल्याउन कस्तो प्रयास गरिएको छ? चर्चले तपाईँलाई कुन भिन्नै तरिकाले व्यवहार गरोस भन्ने तपाईँ चाहनु हुन्छ? नव आगन्तुक विश्वासीहरूलाई येशूको अनुशासित भक्त बनाउन स्थानिय चर्चले के भुमिका खेल्नु पर्दछ? यी कुराको छलफल गर्न तयार हुनुहोस् ।

ग. इथियोपियाका नपुंसकले यशैया ५३ पढ्दै थियो । उपरोक्त अध्याय पढ्नुहोस् र हाम्रो लागि येशूले कसरी कष्ट भोग्नु भयो र मर्न भयो सो पढ्नुहोस् । येशूले हाम्रो लागि के मात्र गर्नु भएन भनेर यस अध्यायले बताउँछन्? यसले हामीलाई के आश्वासन प्राप्त हुन्छ? हरदम हामीले येशूको बारेमा भन्दा उहाँको मृत्युलाई किन अग्रस्थान दिनु पर्दछ? अनुशासित येशू भक्त हुन क्रुसनै हाम्रो अघिल्लो स्थान र केन्द्रविन्दु किन हुनु पर्दछ?

## अध्याय ७

## अनुशासित येशू भक्तजन हुन तयारी

यस अध्यायको लागि पढ्नुहोस्: मत्ती ५-७, १०:१, १०:५-११:१, मर्कुस ३:१-१९, लुका ६:१२-१६ ।

स्मरण गर्नुपर्ने पद: "तिमीहरू संसारका ज्योति हौ । पहाडमा निर्माण गरिएको शहर लुकाउन सकिन्दैनन् । कसैले पनि बत्ती बालेर पाथीले छोप्दैनन्, बरू पानसमा राख्दछन् र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ । यसरी नै तिमीहरूको ज्योति अरूको अगाडि चम्काउ, जसले गर्दा तिमीहरूको असल काम उनीहरूले देखुन् र स्वर्गमा विराजमान हुनुहुने तिम्रो परमेश्वर पिताको महिमा गरून् ।" मत्ती ५:१४-१६ ।

येशूका भक्त वा अनुयायी हुनु भनेको येशूलाई पछ्याउनु, उहाँको शिक्षादिक्षालाई हरदम आत्मसात् गरिरहनु र उहाँ जस्तै हुन अथक तपस्यामा लागि रहनु हो । (कुनै पनि चेला एक दिनमा आफ्नो गुरूको हाराहारीमा पुग्न सक्दैनन्, तर उक्त चेला वा शिष्यले गुरूबाट सिकिरह्यो भने एक दिन उ पनि गुरूको स्थानमा ओगट्छ । तर याद गर्नुहोस् चेलाले गुरूको पद सम्हालेतापनि चेलाको गुरू, गुरू कै स्थानमा हुन्छ । चेला चेला नै हुन्छ । हामी पनि येशू जस्तै हुनु भनेको येशू नै हुनु भनेको होइन । येशू सृष्टिकर्ता हुनुहुन्छ र हामी कहिल्यै पनि उहाँको महिमा हामीले लिन सक्दैनौ र लिन खोज्न पनि हुँदैन । लुशिफर, शैतान भयो किनभने उसले येशूको स्थान ओगट्न चाहेको थियो ) येशूले आफ्ना चेलाहरूलाई शिक्षा दिक्षा दिनु भयो, तालिम दिनु भयो । त्यसै गरि हरेक स्थानिय चर्चले यस्तो प्रभावशाली योजनाको तर्जुमा गर्नु पर्दछ जसले येशू भक्त बन्न उत्साह प्रदान गर्दछ र येशूका अनुशासित भक्त बढाउन सहजकर्ताको भूमिका निर्वाह गर्दछन् । नत्र भने बप्तिस्मा लिने वित्तिकै चर्च छोड्छ भने येशू भक्त बनाउने हाम्रो लक्षको अर्थ अनर्थ हुनेछ । येशूको महिमा गर्ने  प्रयासको अर्थ नै हुँदैनन् । यदि हामीले येशूका अनुशासित भक्तहरूको प्रवर्द्धन र सम्वर्द्धन गर्न असफल भयौं भने येशूले दिनु भएको दिव्य निर्देशनमा बफादारिता नदेखाएको प्रमाण हुन्छ किनभने उहाँले भन्नु भएको छ, "जाओ, र सबै देशका

जातीहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ र मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ । हेर म युगको अन्त्यसम्म सधैं तिमीहरूको साथमा छु ।" मत्ती २८:१९ । "सिकाओ" भन्ने शव्द युनानी (ग्रिक) भाषामा "चेला, अनुयायी वा भक्त बनाउनु" भनेर अर्थ लगाएको छ । (धेरै अनुवादमा यहि शव्द प्रयोग गरेको पाइन्छ)

यस अध्ययनमा अनुशासित भक्त हुन कसरी तयार हुनु पर्दछ भन्ने विषयमा ध्यान दिनेछौं ।

यस अध्यायको झलक: येशूले आफ्ना चेलाहरूलाई कसरी तयार गर्नु भयो? येशूले आफ्ना चेलाहरूलाई उहाँको बारेमा प्रचारप्रसार गर्न पठाउनु भन्दा अगाडि जुन निर्देशन दिनु भयो त्यसबाट हामीले कुन आधारभूत शिद्धान्तलाई अपनाउन सक्दछौं? येशूका अनुशासित भक्त हुन दिनु भएको डाँडामा दिनुभएको उपदेश अर्थात् आचारसंहिताले हाम्रो जीवनमा कस्तो निर्णायक भूमिका खेल्न सक्दछ? फेरि येशूका अनुयायीहरूले कस्ता खालका विरोधहरूको सामना गर्न अपेक्षा गर्नु पर्दछ?

१. येशूले बाऱ्ह चेलाहरूलाई सुसमाचार प्रचारप्रसार गर्न नियुक्ती गर्नुहुन्छ

सावथको दिनमा येशू यहुदी धार्मिक सभागृह (सिनिगग) मा गएर हातमा पक्षाघात भएको विरामीलाई निको पार्न भएको भनेर मर्कुस ३ अध्यायमा वर्णन गर्दछ । येशूले सावथ दिनमा धेरैलाई निको पार्नु भएको थियो । उहाँको यो कामलाई बाइबलमा उल्लेखनिय रूपमा प्रस्तु गरेको छ । ती मध्ये मर्कुस ३ पनि एक हुन् । यस कथामा विडम्वना त के छ भने सावथको दिनमा यहुदी अगुवाहरूले येशूलाई कसरी हत्या गर्ने भनेर चाहना गरिरहेका थिए भने अत्याधिक भिंड चाहिँ उहाँको पछि लागि रहेका थिए । एक झुण्ड उहाँको शक्ति देखि आतङ्कित बने, तर अर्को चाहिँ उहाँबाट आशिष पाउन र उहाँबाट उपकार पाउन तँछाडमँछाड गरिरहेका थिए ।

मर्कुस ३:१३-१८ पढ्नुस । यहाँ के भइरहेको छ? लुका ६:१२-१६ पनि पढ्नुहोस् ।

दुवै वृतान्तहरूमा येशू अत्याधिक भिंडबाट टाडा हुन आफुले छानेका चेलाहरू लिएर कतै जान्दै हुनुहुन्थ्यो भनेर बताएका छन् ।ती चेलाहरूको समुहबाट विशेष गरेर १२ जनालाई प्रेरित कार्य वा उहाँको दिव्य सन्देशवाहकको कामको लागि चुन्नु भएको थियो ।

यस पुनित कामको लागि आफुले चाहेकोहरूलाई येशूले चयन गर्नु भएको थियो । यसको अर्थ हामीले यो मान्नु पर्छ मानिसहरूलाई उहाँको कामको लागि चयन गर्ने अधिकार उहाँ मै निहित भएको हुन्छ । उहाँले हामीलाई उहाँको पछि आह्वान गर्नुहुन्छ र त्यसलाई हामीलाई स्विकार्छौं । यसको मतलव हामी सेवा कार्यको लागि हामी तयार भएर बस्नु पर्दछ भनेर यसले देखाउँछ । उहाँको आह्वानमा जुनसुकै कार्यभार सम्हाल्नलाई हामी सक्षम् हुनुपर्दछ ।

चेलाहरू र प्रेरित अर्थात येशूका दिव्य सन्देशवाहकहरूमा के भिन्नता छ? चेलाहरू सिकारू हुन् । तिनीहरू गुरूसँग सिक्न गुरूको पछि पछि लाग्दछन् । तर प्रेरित वा दिव्य सन्देशबाहकमा (आपोस्टल Apostle)केहि भिन्नता त छ । आपोस्टल (Apostle) भन्ने शव्द युनानी (ग्रीक) शव्दहरू apo (आपो) र stello (स्टेलो)बाट आएका हुन् , जसक अर्थ हो "पठाइएको" हो ।आपोस्टल भनेको विशेष दुत वा राजदुत हुन् जसले राष्ट्र वा आफ्नो हर्ताकर्ताको प्रतिनिधित्व गर्दछ । चेला र सन्देशवाहक (आपोस्टल) दुवै शिष्य हुन् तर सन्देशवाहक वा आपोस्टलले चाहिँ अतिरिक्त तालिम प्राप्त गरेको हुन्छ जसले गर्दा उ कुनै संस्था वा आफ्नो मालिकको प्रतिनिधित्व गर्न सक्षम् बन्दछन् ।

येशूले विशेष गरेर बाऱ्ह जनालाई नियुक्त गर्नु भयो ताकि तिनीहरू येशूसँग होस् र उनीहरूले तालिम पाएपछि सुसमाचार सुनाउन जाउन् । मत्तीले भन्दछ, उहाँले " अशुद्ध आत्माहरूलाई धपाउन, हरेक किसिमका रोग र विमार निको पार्न तिनीहरूलाई शक्ति सम्पन्न बनाउनु भयो" मत्ती १०:१ । येशू जहाँ गएपनि ठुलो भिंडलाई सम्हाल्न र सहयोग गर्ने येशूले तिनीहरूलाई तालिम दिनु भएको भनेर उपरोक्त वाक्यले जनाउँछ (द एसडिए बाइबल कमेन्टरी, ठेली ५, पृ.३२२ मा आधारित) ।

परमेश्वरको लागि जुन काम तपाईँले गरिरहनु भएको छ, के त्यस देखि तपाईँ सन्तुष्ट हुनुहुन्छ? के अझ बेसी गर्न सक्नुहुन्थ्यो होला? के ले गरेर तपाईँ पिछडिनु भएको छ? के प्राय जसो तपाईँको आफ्नै अहंकारिता र स्वार्थिपनाले परमेश्वरको सुसमाचारवाहक हुनमा सिथिलता आएको हो कि?

२. येशूले डाँडामा दिनुभएको दिव्य उपदेश, भाग १

येशूको कार्य डाँडामा उपदेश दिएर शुभआरम्भ गर्नु भयो भनेर धेरैले अनुमान गरेको पाउँछौं । यस उपदेशमा उहाँको राज्यको आचारसंहिताको रूपरेखा प्रस्तुत गरेको पाउँछौं । प्रष्टरूपमा भन्ने हो भने यो असल चेलापनको घोषणापत्र पनि हो किनकि यसमा कर्मठ र निष्ठावान अनुशासित येशूभक्तको लागि चाहिँने साँचो झुण्डिएको छ ।

मत्ती ५:१ पढ्नुहोस् । यस उपदेशको पृष्टभूमी के थियो? तत्कालिन यो उपदेश कसलाई लक्षित गरिएको थियो? हेर्नुहोस् लुका ६:२० ।

यस उपदेश वा प्रवचनलाई वाख्या गर्न संसारमा कति धेरै पुस्तकहरू लेखे भन्ने कुरामा लेखा जोखा छैन । तर हाम्रो अध्ययनको शिलशिलामा यस प्रवचनमा येशूका अनुशासित भक्तमा हुनु पर्ने आवश्यक तत्वरू के के छन् भनेर हेर्नेछौं । येशूलाई विश्वास गर्नु र उहाँलाई पछ्याउनुमा के भिन्नता रहेछ भनेर येशूको मानियको यस प्रथम् प्रवचनमा ध्यान पूर्वक हेर्नुहोस् भनि पाठकलाई अनुरोध गरिन्छ ।

मत्ती ५:१३-१६ पढ्नुहोस् । यदि हामी येशूलाई पछ्याउँछौं भनि दावी गर्दछौं भने येशूको यस दिव्य उपदेशमा हामीलाई के निर्देशन दिएको पाउँछौं? येशूको आगमनमा प्रतिक्षा गर्ने हामी एडभेन्टिस्टहरू जसलाई प्रकाश १४:६-१२मा उल्लेखित तिन स्वर्गदुतहरूको सन्देशलाई आत्मसात् गराइएको छ, हाम्रो लागि येशूका उपरोक्त वचनहरू किन अत्याधिक रूपमा महत्व छन्?

मत्ती ६:५-१३ पढ्नुहोस् । यदि येशूको अनुशासित भक्त नै हुन हामीले रोजेका छौं भने, यसमा हामीलाई के दिक्षा दिइएको छ?

मत्ती ६:१९-२१ पढ्नुहोस् । विभिन्न तरिकाले हेर्ने हो भने येशूका यी बाक्यहरूमा सत र असल चेला हुनुको वास्तविकता के हो भनेर देखाउँछ । आफैलाई सोध्नुहोस, "मेरो धन सम्पति (अर्थात् मेरो मन्) कहाँ छ, स्वर्गमा वा पृथ्वीमा?" यदि यस प्रश्नको जवाफ दिन तपाईँ आनकानी गर्नुहुन्छ भने त्यसलाई सकारात्मक दिशामा लान तपाईँमा के परिवर्तन हुनु पर्दछ?

३. डाँडा दिएको दिव्य उपदेश, भाग २

चर्चमा उत्पन्न भएको धेरै समस्याहरू मध्ये भर्खर वप्तिस्मा पाएका नयाँ सदस्यहरूलाई कसरी एक साथ राख्ने हुन् भनेर अगाडि हेऱ्यौं । यी सबै कुराहरू येशू भक्त हुने शृङ्खलामा पर्दछ: येशूको पछि

लाग्नु भनेको के हो भनेर मानिसहरूलाई शिक्षा दिनु र उनीहरूलाई परमेश्वरको नयाँ राज्यको लागि सुयोग्य नागरिक बनाउनु । डाँडामा दिएको दिव्य प्रवचनमा यस्ता धेरै दृष्तान्तहरू र शिक्षाहरूले भरेका छन् जुन् येशूलाई माया गर्छु र उहाँमाथि भक्ति, निष्ठा र आस्था राखेर हिँड्छु भन्छन्, सबैले यस अनुसार चल्न र सिक्न अपरिहार्य मानिएको छ । जब यस उपदेशको बारेमा जान्न निरन्तरता दिन्छौं, तपाईंले आफैलाई सोध्नुहोस्, "यी वचनहरू मेरो जीवनमा कसरी लागु गराउने? साथै हाम्रो चर्चले यी दिक्षालाई नयाँ सदस्यहरूलाई कसरी उच्चतर तरिकाले सिकाउने जसले गर्दा तिनीहरू सुसम्पनरूमा  येशूका असल र अनुशासित भक्त हुन सक्दछन्?"

मत्ती ७:१-५ पढ्नुहोस् । यसमा के महत्वपूर्ण चेतावनीसाथ उदाहरण प्रस्तुत गरिएको छ जसबाट येशूका भक्तहरूले निर्णायक पाठ सिक्न सक्दछन्? कसैको न्याय नगर्नु अर्थात् दोषी नठहऱ्याउनु भनेको के हो?

मत्ती ७:१५-२० पढ्नुहोस् । येशूले आफ्ना चेलाहरूलाई के सन्देश यहाँ दिएको छ? जब यहाँ उल्लेखित वाक्यहरू पढ्नुहुन्छ, आफैलाई सोध्नुहोस्, कुन किसिमको फल मैले फलाइ रहेको छु?

येशूको भक्त हुँ, उहाँको अनुयायी हुँ र उहाँको शिष्य हुँ भनेर दावि गर्न सजिलो हुन सक्दछ तर असलीरूपमा येशूलाई प्रतिविम्व गरेर जन सामु प्रस्तुत गर्नु अर्कै हो । जब हामी अरूलाई येशू भक्त बनाउन खोज्दछौं र आफै पनि असल भक्त हुन खोज्दछौं भने येशूका दिव्य उपदेशहरूको स्पष्ट रूपमा पालन गर्न चुक्नु हुँदैन ।

अन्तमा मत्ती ७:२४-२७ पढ्नुहोस् । येशूले यहाँ के भनिरहनु भएको छ सो बुझ्न किन धेरै आवश्यक छन्? के विषयहरू जीवन मरणको सवाल यहाँ प्रस्तुत गरिएका छन्? यी वचनहरूलाई बाइबलका अरू प्रतिज्ञाहरूसँग दाँज्दा जहाँ मुक्ति भनेको विश्वासबाट पाइन्छ कामबाट होइन भनेर खुलाएको छ, तपाईंले के बुझ्नु भएको छ?

४. सुसमाचार प्रचारप्रसार गर्न निर्देशिका

आफ्ना चेलाहरूलाई मानिसहरूको मछुवा बनाउँछु भनेर येशूले गर्नु भएको कबुल (मत्ती ४:१९) तत्कालै पुरा भएको थिएन । पहिला त उनीहरूले उहाँको कार्यकिलापको अवलोकन गरेका थिए । गालिलमा येशूको सेवा कार्यको क्रममा उहाँले, "राज्यको सुसमाचार प्रचार गर्दै हरेक किसिमका रोगहरू र विमारहरू निको पार्दै जानु भएको थियो ।" जब उहाँले भिँडलाई देख्नुभयो, तिनीहरूमाथी करूणा र सहानुभूती प्रकट गर्नुभएको थियो किनभने "तिनीहरूलाई सताइएकोले निरिह देखिन्थ्यो । तिनीहरू गोठालो विनाको भेंडाहरू जस्तै थिए ।" (मत्ती ९:३५,३६) । उहाँले आफ्ना चेलाहरूलाई  यो अभिव्यक्त गर्नुभयो, "फसल त प्रशस्त छ तर खेतालाहरू ज्यादै कम छन् ।" (पद ३७) ।

येशूले बाह्र चेलाहरूलाई दिनु भएको निर्देशन पढ्नुहोस् (मत्ती १०:१-११:१) । अरूलाई येशू भक्त बनाउन येशूले दिनुभएको निर्देशनमा के यस्ता तत्वहरू छन् जसलाई हामीले वर्तमान सुसमाचार प्रचार गर्ने काममा लागु गर्न सक्दछौ?

येशूका वर्तमान चेलाहरूको लागि येशूले दिनुभएको निर्देशनमा धेरै यस्ता तत्वहरू छन् जुन हामीले सिक्न सक्दछौं र त्यसलाई कार्यन्वन् गर्न सक्दछौं। तर एउटा कुरा हामीलाई यो प्रष्ट हुनु पर्दछ, येशूको लागि गवाहि दिनु त्यति सहज नहुन सक्दछ । विरोध, अवरोध, अनेक किसिमका हल्लिखल्ली र कति समयमा त सतावतको पनि सामना हामीले गर्नु पर्दछ । त्यसकारण येशुको लागि काम गर्दा यस्ता

विघ्नवाधाहरू आइपुग्दा हामी आश्चर्य मान्नु हुँदैन । तर यी कुराहरूको सामना नगर्नु पर्दा किन यस्ता अवरोधहरू आएन भनेर चासो राख्नु पर्दछ ।

यस बुँदामा भएको पदहरू फेरि पढ्नुहोस् । प्रभुको सुसमाचार सुनाउने क्रममा कस्ता खालका विरोध, बखेडा, रडाको र कष्टहरूको अपेक्षा गर्नु पर्दछ? येशूले झण्डै दुई हजार वर्ष अघि भन्नु भएको कति कुरालाई तपाईँ कै जीवनमा कसरी अनुभव गर्नु भएको छ, अर्थात गरिरहनु भएको छ?

याद गर्नुहोस्, येशूले उहाँको चेलाहरूको जीवन सजीलो र रमाइलो हुन्छ भनेर कबुल गर्नु भएको छैन । इसाई इतिहासले उहाँको वचन कति सत्य रहेछ भनेर प्रमाण गरेको छ । फेरि यहि चेतावनी दिइरहेकै समयमा येशूले उदेकको उत्साह, साहस र आशा तिनीहरूलाई प्रदान गर्नु भएको थियो । यी वचनहरू पढ्नुहोस्, उहाँका यी प्रतिज्ञाहरू तपाईँले आफ्नै लागि दावि गर्नुहोस् । तत्कालै उहाँको वचनलाई तपाईँले लागु गर्न तपाईँले के गर्नु पर्दछ?

५. येशूले सत्तरी जनालाई सुसमाचारको लागि खताउनु हुन्छ

लुकाले मात्र सत्तरी चेलाहरूलाई सुसमाचारको प्रचारप्रसारको लागि  येशूले नियुक्त गर्नु भयो भनेर उल्लेख गर्दछ (लुका १०:१-२३) । यसै सन्दर्भमा प्रस्थान २४:१,९ पनि पढ्नुहोस् । येशूले तिनीहरूलाई दिनुभएको निर्देशन् वा आदेश बाव्ह चेलाहरूलाई दिएको भन्दा फरक थिएनन् । येशूले सिकाई सक्नु भए पछि दुई दुई जना गरेर उनीहरूलाई  गाँउ शहरहरूमा  पठाउनु भयो जहाँ उहाँ जाने तरखरमा हुनुहुन्थ्यो ।यसको मतलव यो हुन आउँछ, येशूले तिनीहरूलाई आफ्नो लागि बाटो तयार गर्न पठाउनु भएको थियो । अर्को परिप्रेक्ष्यमा भन्ने हो भने येशू आउनु भन्दा अगाडि मानिसहरूले उहाँलाई ग्रहण गर्न तयार गर्ने काम उनीहरूलाई सुम्पिएको थियो । आज भोली जुन कार्य हामी गर्दछौं, त्यसले पनि मानिसहरूको हृदयमा येशूको आगमनलाई तयार पार्ने काममा हामी कसरी लागिरहेको भनेर पुष्टि गर्दछ?

दुई दुई गरेर सुसमाचारको लागि पठाउँदा के फायदा हुन्छ? यस बाट हामीले के पाठ सिक्न सक्दछौं?

लुका १०:१७ मा भन्दछ ती सत्तरी जना हर्षोल्लाससाथ फर्केर आए किनभने “तपाईँको नाउँले गर्दा अशुद्ध आत्माहरू हाम्रो मातहतमा आए ।” निसन्देह: येशूबाट त्यस्तो शक्ति पाएकोमा तिनीहरू कस्तो आनन्दित भयो होला? तिनीहरूले आफुले पाएको बरदान येशूको शक्ति हो भनेर स्विकार गरेका थिए । तर येशूले उनीहरूको हर्षोल्लासलाई स्विकारेतापनि, तिनीहरूलाई यस्तो कुरामा खुशी हुनु जुन् अत्यावश्यक थिए भनेर भन्नु भएको थियो।

लुका १०:२० पढ्नुहोस् । येशूले “तिमीहरूको नाउँ स्वर्गमा लेखिएका छन् भनेर रमाओ ।” भनेर किन भन्नु भयो? यी शब्दहरूले हामीलाई पनि के सन्देश दिन्दछ?

येशूको नाउँमा महान कार्य गऱ्यो भन्दैमा हामीले मुक्ति पाउँछौं भनेर ग्यारेन्टी छैन (मत्ती ७:२२,२३) । यी कुरा एक दिन थाहा पाउने छन् । आत्मिक अगुवाको पद, चर्चमा अख्तियार चलाउनु र धैरै मानिसहरूलाई बप्तिस्मा दिएर प्रभुमा ल्याउनुमात्र सबै थोक होइन । हाम्रो साँच्चिक्कै आवश्यकता भनेको हाम्रो नाउँहरू स्वर्गमा लेखिएको होस् र तिनीहरू नमेतियोस् (प्रकाश ३:५), किनभने हाम्रो नाउँ स्वर्गमा लेखिनु भनेको येशूद्वारा अनन्त जीवन पाउनु हो ।

अरूको लागि यस्तो व्यस्त हुन सक्दछौं कि हाम्रो स्वास्थ्य र आत्मिक जीवनलाई वेवास्ता गर्न सक्दछौं । हामीलाई अति व्यस्त राखेर परमेश्वरबाट टाडा राख्ने यस्तो अदृष्य छलको धरापबाट हामी

कसरी जोगिन सक्दछौ? फेरि त्यसै वखत अरूको मुक्तिको लागि कार्यरत हुन्दा हामी येशूमा हिंड्न कसरी सामर्थ्यवान बन्न सक्दछौं?

उपसंहार:-

अरू जानकारीको लागि पढ्नुहोस्: *द एसडीए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ३२२-३२६, ७४६-७५०, एलेन जि ह्वाईटद्वारा लिखित *द डिजाएर अभ एजेज्,* पृ. ३१२-३१४, ३४९-३५८, *एडुकेशन,* पृ. ७९,८०, मर्कुस ६:६-१३ ।

"डाँडामा दिनुभएको उपदेशको सारतत्व मत्ती ५:१ मा संक्षिप्तरूपमा तिन वटा महत्वपूर्ण रहस्यहरू लुकाइएको छ । (क) जब बस्नु भयो, अनि येशूले सिकाउन सुरू गर्नु भयो । जब यहुदी धर्म गुरू रब्बीले सिकाउन सुरू गर्छ त उ औपचारिकरूपमा बसेरै सिकाउँछ.......यसरी येशूले उपरोक्त औपचारिकता अपनाएर आफ्ना चेलाहरूलाई सिकाउन थाल्नु भयो, यसले यो प्रवचन, शिक्षा वा उपदेश उहाँको औपचारिक र प्रमुख थियो भनेर जनाउँछन् । (ख) येशूले आफ्ना मुख खोल्नु भयो र सिकाउन सुरू गर्नु भयो भनेर मत्तीले उल्लेख गर्दछ......ग्रीक (युनानी) भाषामा यसको दुई वटा अर्थ लगाइन्छ । १. ग्रीकमा यो प्रक्रिया गम्भिर, विधिवत् शास्त्रोक्त र प्रतिस्ठित उच्चारण भनेर मानिन्छ.....२. जब मानिसको भित्री हृदय र खुला मनले आफ्ना धारणाहरू प्रस्तुत गर्न चाहन्छ तव त्यस प्रक्रिया अपनाएको मानिन्छ । कुनै अवरोध विना घनिष्टरूपमा सिकाउनु पर्दा मानिसहरूको अगाडि बसेरै गरिन्छन् । ३. फेरि विशेष गरे ग्रीक भाषामा (जुन प्रारम्भिक भाषामा हामीलाई बाइबल सिकाइन्छ) येशूले सिकाउनु भयो भन्ने शव्द सिकाइयो वा aorist (भूत काल) नभएर अपूर्ण काल थियो र यो बारम्वार दोहराएर सिकाउने प्रक्रिया भनेर वर्णन गरिन्छ । जसले गर्दा यसलाई यसरी अनुवाद गर्दा उचित हुन आउँछ: 'येशूले तिनीहरूलाई यसरी उहाँले सिकाउनु हुन्थ्यो । डाँडामा दिनुभएको यो उपदेश वा प्रवचन कुनै निश्चित समय र निश्चित अवसरमा दिनु भएको भन्ने नजनाएर, येशूले बारम्वार सिकाउने आदतको मूल स्वभाव थियो भनेर ग्रीकहरूले (युनानी) जस्तै मत्तीले प्रष्टरूपमा देखाएको पाउँछौं ।"-विलियम बार्कले, *द गस्पल अभ माथ्यु* (फिलडेलफिया: द वेस्टमिनिस्टर प्रेस, १९७५) ठेली १, पृ. ८६,८७ ।

चिन्तनमनन:

क. तपाईंको स्थानिय चर्चमा कस्तो खालको कार्यक्रम छ जसले येशूका अनुयायीहरूलाई सम्वर्धन र विश्वासमा मजबूत बनाउँछ? यस कार्यक्रममा प्रभावकारी बुँदाहरू के छन्? यसमा कमजोर बुँदाहरू के छन्? विश्वासीहरूलाई अझ अनुशासित येशू भक्त बनाउन तपाईंको चर्चले कुन व्यवहारिक कदमहरू चाल्न सक्नुहुन्छ?

ख. जब कुनै व्यक्ति तपाईंको चर्चको सदस्य हुनु भयो भने तपाईंले त्यसलाई येशूमा अगाढ प्रेम बढ्न दिन कसरी सहयोग गर्न सक्नु हुन्छ? सावथ स्कुल कक्षालाई कसरी प्रभावकारी बनाउन सक्नुहुन्छ जसले गर्दा विश्वासीहरू अनुशासनमा रहन टेवा दिन सक्दछ?

ग. कोहि मानिस अनुशासनमा बस्न चाहन्छ भने प्रथमत: त्यो मानिस शिष्य वा भक्त हुनु पर्दछ जसले येशूलाई पछ्याउनु भनेको के हो, येशूबाट सिक्नु भनेको के हो र येशूको अनुशरण गर्नु भनेको के हो भन्ने ज्ञान प्राप्त हुनुपर्दछ? यस अध्यायमा उल्लेख गरेका

बाइबलका पदहरूबाट तपाईँले के सिक्नु भएको छ जुन तपाईँको जीवनमा कार्यान्वन गर्दा नव विश्वासीहरूलाई येशूको असल अनुयायी बनाउन सक्नुहुन्छ?

अध्याय ८

## अनुशासित येशू भक्त भएको अनुभूति

यस अध्यायको लागि पढ्नुहोस्: मत्ती १७:१-१३, १८:१-४,२४, मर्कुस ८:२७-३०, युहन्ना ६:४३-५८ ।

स्मरण गर्नु पर्ने पद: "जब उहाँले आफ्ना चेलाहरूका साथमा भिंडलाई आफुकहाँ बोलाएर तिनीहरूलाई भन्नुभयो, "कोहि मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफुलाई त्यागोस् र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्'" मर्कुस ८:३४ ।

सुसमाचारको सबै पुस्तकहरूमा र तिनीहरूमा उल्लेख गरिएका येशूका वृतान्तहरूमा येशू भक्त हुनु भनेको के रहेछ भन्ने ज्ञान दिने प्रशष्ट सामग्रीहरू पाइन्छन् ।

अध्ययनको शिलशिलामा एउटा महत्वपूर्ण कुरामा स्पष्ट हुनु पर्दछ, त्यो के हो भने जो मानिस येशूका अनुयायी हुँ भनेर दावि गर्दछन् उसले येशू भक्त भएको अनुभूति हुनु पर्दछ । येशूको असल र सत अनुयायी हुन हामीमा येशूसँग रहेको प्रत्याभूति हुनुपर्दछ । येशूलाई चिन्नु पर्दछ । उहाँसंग परिचित हुनुपर्दछ । उहाँले हामीलाई रूपान्तर गर्न दिनु पर्दछ । येशूसँग हामी सहभागी हुनु पर्दछ वा उहाँसँग सहकार्य गर्नु पर्दछ । उहाँले हामीलाई जे प्रदान गर्नुहुन्छ सो ग्रहण गर्द राजी हुनुपर्दछ ।

बौद्धिक ज्ञानमात्र भएर पुग्दैन । बाइबललाई कण्ठमात्र गरेर पुग्दैन । चर्चले सिकाएका शिक्षादिक्षामा दक्षता प्राप्त गरेर मात्र पुग्दैन । येशूको सत् अनुयायी हुन तपाईं उहाँसँग व्यक्तिगत रूपमा अनुभव गरेकै हुनुपर्दछ । त्यस अनुभूतिले गर्दा तपाईँको जीवन परिवर्तन भएको हुनुपर्दछ र उहाँको निर्देशनमा परिवर्तित जीवन यापन गर्न दृढसङ्कल्प गर्नु पर्दछ ।

यस अध्ययनले हामीलाई उपरोक्त येशू भक्तको अनुभव प्राप्त कसरी गर्न सकिन्छ भन्ने विषयमा बिशेष ज्ञान हासिल गर्न खोज्नेछौ ।

यस अध्यायको झलक: येशूको देह खानु र रगत पिउनु भनेको के हो? येशूको रूप परिवर्तन भएको घट्नावाट हामीले के पाठ सिक्न सक्दछौं? यदि परमेश्वरको राज्यको प्रत्याभूति पाउनु छ भने हामी साना बालबालिकाहरू जस्तै हुनु पर्दछ भनेर येशूले किन भन्नु भयो? येशूको होइन, तर येशूको लागि हाम्रो आफ्नै क्रूस बोक्नु भनेको के हो?

१. जीवनको रोटी

युहन्ना ६:४३-५८ पढ्नुहोस् । यी पदहरूमा येशूले के महत्वपूर्ण दिक्षा दिइरहुनभएको छ? जो मानिस येशूका हुन चाहन्छ त्यसको लागि येशूले भन्नुभएको उपरोक्त वचनहरू किन अत्यावशयक छन्? अरूलाई येशूमा डोऱ्याउन जोशिलो र कर्मथ हुनेहरू आफैलाई ती सत्यका ज्ञानहरूमा निपुण हुन किन अपरिहार्य मानिएको छ?

येशूले पाँच हजारलाई ख्वाएर अद्भुत काम गर्नु भएको केहि समयमै यी दिक्षाहरू अभिव्यक्त गर्नु भएकोलाई संयोग मान्नु हुन्न (युहन्ना ६:१-१४)। जब येशूले मानिसहरूलाई ख्वाइ सकेपछि मानिसका हृदयहरू अझ पनि संसार तर्फ नै उन्मुख भएका येशूले आभास पाउनु भएको थियो । तिनीहरूले येशूलाई

संसारको चक्रवर्ती र दानी राजाको रूपमा हेर्न चाहेका थिए, जसले उनीहरूको भौतिक आवश्यकता पूरा गर्दछ र तिनीहरूलाई विदेशी शक्तिबाट छुट्कारा दिएर आफुहरू शक्तिसम्पन्न बन्न सकोस् । (तर येशू कुनै, राजनैतिक वा सामाजिक परिवर्तन गर्न कुनै क्रान्तिकारी योद्धा हुन र मानिसलाई झुठो सापती आश्वासन् दिन आउनु भएको थिएन ।) मानिसको बाहिरि रूप परिवर्तन गर्न, अस्थाई भौतिक सुविधा दिने उहाँको प्रार्थमिक लक्ष थिएन ।

माथी उल्लेख गरिएका पदहरूले येशू आउनुको मूल लक्ष के थियो भनेर बताउँछन्? युहन्ना ६:२६,२७ पनि पढ्नुहोस् ।

"येशूको देह र रगत खानु (अर्थात् उहाँको शरीरलाई हाम्रो शरीरमा समावेश गर्नु) भनेको उहाँलाई व्यक्तिगत रूपमा आफ्नो मुक्तिदाता वा उद्धारकर्ता भनेर ग्रहण गर्नु हो । उहाँले हाम्रो पाप अधर्महरू क्षमा गर्नु हुन्छ र उहाँमै हाम्रो सम्पूर्णता छ भनेर आस्था र निष्ठामा रहनु हो । उहाँको प्रेममा निर्दिष्ट रूपले आँखा लगाएर, त्यसमा ध्यानमग्न भएर, त्यसलाई पिएर हाम्रो शरीरको कणकणमा संचार गरेर हामी उहाँको दिव्य स्वभावमा सहभागी हुन्छौं । जसरी खाना विना शरीर बाँच्न सकिन्दैन, त्यसरी नै येशू विना हाम्रो अध्यात्मिक सफल रूपमा जीवन परिचालन हुन सक्दैनन् । खानालाई हेरर मात्र हाम्रो जीवनलाई फायदा गर्दैनन्, त्यसको फायदा लिन त्यसलाई हामीले खानै पर्दछ र त्यसलाई हाम्रो जीवनको भाग बनाउनु पर्दछ (याद गर्नु होस् अरूले खाएको भरमा हाम्रो पेट भर्देनन्) । यहि रितिले येशूको औचित्य हाम्रो जीवनमा हुँदैन, जव सम्म हामीले उहाँलाई व्यक्तिगत रूपमा स्विकार गरेर उहाँसँग परिचित हुन्दैनौं । सैद्धान्तिक रूपमा वा वाह्य रूपमा मात्र येशूको ज्ञान भएर पुग्दैन । उहाँमा खानु पर्दछ, हाम्रो हृदयमा उहाँलाई स्वागत गरेर त्यहाँ केन्द्र स्थान दिएर (प्रकाश ३:२०) उहाँको जीवन हाम्रो जीवन हुन्दछ । उहाँको स्नेह, प्रेम, ममता, करूणा र अनुग्रहलाई हाम्रो जीवनमा समिकरण गर्नै पर्दछ ।"-एलेन जि ह्वाईट, *द डीजाएर अभ एजेज्*, पृ. ३८९ ।

प्रभू येशूको रगत तपाईंको जीवनमा संचार गर्दा, उहाँको देहलाई खाएर तपाईंको जीवनको महत्वपूर्ण भाग बनाउँदा तपाईंको जीवनकव अनुभव के भएको छ? यो प्रक्रिया तपाईंले कसरी पूरा गर्नु हुन्छ र यस प्रक्रियामा लाग्दा तपाईंको जीवनमा के परिवर्तन आएको छ? तपाईंको विश्वासी मित्रहरूमा यस विषयमा छलफल गरेर आफुलाई सुदृध बनाउनु होस् ।

२. साना बालबालिकाहरू र येशूका अनुशासित अनुयायीहरू

परमेश्वरको राज्यमा सब भन्दा महान् को हुनेछ भनेर जिज्ञासा राख्दै एक दिन येशूका चेलाहरू उहाँकहाँ आए भनेर मत्ती १८:१ ले बताउँछन् । यो अनौठो प्रश्न उनीहरूले किन गर्नु परेको थियो? अरू समानान्तर वृतान्तहरूमा खास गरेर चेलाहरूले स्वर्गमा कसले उच्च ओहोदा ओगट्ने छ भनेर भनाभन भइरहेको बताउँछन् (मर्कुस ९:३३,३४, लुका ९:४६-४८) । यसले उनीहरूको अपरिपक्वता र असंवेदनशिलता मात्र होइन, येशूको राज्यमा सहभागी हुन उहाँले सिकाउनु भएको नम्रता र प्रेमको अपहार्यिताको उपहास गरेर आफुहरू उहाँको शिक्षालाई ग्रहण गर्न कस्तो सुस्त रहेछ भनेर उजागर गरेका थिए ।

उनीहरूको यस जिज्ञासालाई येशूले कसरी जवाफ दिनु भयो? मत्ती १८:१-४ पढ्नुहोस् । साना बालबालिकाहरूमा के यस्ता गुण छन् जसबाट येशूका परम भक्त हुन हामीलाई अनुकरणीय उदाहरण भएर देखाउँदछ?

येशूले के मूलभूत कुरा यहाँ भन्न खोजीरहनु भएको छ? जब सम्म हामी रूपान्तर हुन्दैनौ (अर्थात् हाम्रो जीवनलाई येशूले दिनुभएको ढाँचामा ढाल्दैनौं), साना बालबालिकाहरू जस्तै हुन्दैनौं तब

सम्म हामी स्वर्गको राज्यमा पस्न सक्दैनौं । अर्थात् यदि हामीले हाम्रो मनस्थितिमा बालकमा भएको विशेष गुणलाई समावेश गरेनौं भने हामी परमेश्वरको राज्यबाट हराउँछौं । (त्यो गुण बिना हामी असक्षंम् इसाई भने पनि हुन्छ ।)

येशूले प्रस्तुत गर्नुभएको तर्कलाई विभिन्न तरिकाले हेर्न सकिन्छ । उहाँले भन्न खोजीरहनुभएको मूल तत्व त हामीमा हुनु पर्ने बालकको गुण नम्रता वा विनयिता हो । येशूका अनुयायी भएको नाताले हामी बालकहरू जस्तै नम्र हुनै पर्छ । परमेश्वरले हाम्रो सबै आवश्यकताको परिपूर्ति गर्नुहुन्छ र उहाँमै हामी पूरा भरोसा राख्नु पर्छ भनेर हामीले महशुस गर्नै पर्दछ जसरी बालबालिकाहरूले आफ्ना बाबुआमामा भर पर्दछ । आमाबाबुहरूको सहायता विना बालकबालिकाहरू आफै बाँच्न सक्दैनन्, त्यसरी नै परमेश्वर विना हामी बाँच्न सक्दैनौं । हाम्रो आवश्यकताको पहिचानले जीवनमा अति निर्णायक भूमिका खेल्दछ । परमेश्वर विना जे पनि गर्द सकिन्छ भन्ने आदम र हवाको भावनाले गर्दा पापको बिउ यस संसारमा उव्जेको थियो ।

बालबालिकाहरू सोझो हुन्छन् र प्रायजसो नबुझीकनै हामीले जे भने पनि विश्वास गर्दछन् । यहि रितिले कति कुरा सम्पूर्ण रूपमा नबुझे तापनि परमेश्वरले बोल्नु भएको कुरालाई हामीले प्रायजसो विश्वास गर्नु पर्दछ र उहाँमा भरोसा राख्नु पर्दछ । विश्वास गर्नु भन्दा पहिले येशू र मुक्तिको बारेमा सम्पुर्ण कुराको ज्ञान हुनु पर्दछ भनेर ढिप्पी गर्दा हामीले कहिलै पनि मुक्ति पाउँदैनौं किनकि यस संसारमा परमेश्वरको बारेमा पूर्ण ज्ञान हासिल गर्न सम्भव छैन । यसले गर्दा हामी अविश्वासमै रहन्छौ । येशूले भन्नु भएको अनुसार हाम्रो जीवनमा रूपान्तर अर्थात् परिवर्तन हुनुपर्दछ । यो पद्धतिमा जीवन ढाल्नु भनेको बालकले जस्तै कति कुराहरू पूरा नबुझेतापनि विश्वासमा लागि रहनु हो । जसरी अयुबलाई पर्दा पछाडि के भइरहेको थियो सो थाहा थिएन, यद्यपि उसले परमेश्वरमाथिको आस्था र निष्ठा त्यागेन । फेरि सबै कुरा बुझे भने विश्वासको भूमिका के रह्यो र?

३. येशूको रूप परिवर्तन र चेलाहरूको असफलता

येशूको बारेमा सुसमाचारको पुस्तकहरूमा उल्लेख गरिएका अनेक उदेक र आश्‍चर्य घटनाहरूमा उहाँको रूप परिवर्तन भएको घट्नालाई अति उल्लेखनीय मानिन्छ । यहाँ असाधारण तरिकाले परमेश्वरको उपस्थितिको प्रत्याभूति येशूका केहि चेलाहरूको आफ्नै आँखाको अगाडि पाएका थिए ।

यस बारे विवरण मत्ती १७:१-१३ पढ्नुहोस् । यहाँ विशेष गरि के तिन कुराहरूको प्रदर्शन भए जसले गर्दा चेलाहरूको विश्वास मजबूत हुन पुगेको थियो ।

क.

ख.

ग.

याद गर्नुहोस्, प्रभु येशूले हावाको भरमा वा अन्धकारमा उहाँलाई त्यसै पछ्याउ भन्नु हुन्न । उहाँलाई हामीले विना कारण विश्वास गरेको चाहनु हुन्न । हो, जीवनको सबै प्रश्‍नको जवाफहरू तत्कालै नपाऔंला, तर उहाँलाई विश्वास गर्न र उहाँ माथि आस्था राख्न प्रशस्त कारणहरू जुतेका छन् । हामीले सबै कुरालाई पुरा नबुझेतापनि, हाम्रो हृदय उहाँमा तल्लिन गराउन पर्याप्त प्रमाणहरूको साक्षी हाम्रो सामु छन् । येशूका तिन जना चेलाहरूले उहाँको रूप परिवर्तन भएको दर्शन गर्न जुन सौभाग्य पाएका थिए, त्यो सौभाग्य हामीलाई नपाऔंला, यद्यपि हाम्रो जीवनमा नियालेर हेर्‍यौं भने परमेश्वरको भलाई र उहाँमाथि भरोसा राख्ने प्रशस्त अनुभूति पाएका छौं । हाम्रो जीवनको अनुभूतबाट प्राप्त गरेका बरदान

अर्थात् विश्वास एवं परमेश्वरमा निष्ठा वा आस्था (युहन्ना १:९, एफिसी २:८) लाई संवर्धन गर्नु, वृद्धि गराउनु वा निष्क्रिय बनाउनु वा विलाएर पठाउनु अधिकार हामीमै निहित गरेको छ ।

येशूका चेलाहरूले कति यस्ता कुराहरूलाई देख्न जुन सुभअवसर पाएका थिए हामीहरू कतिले ती कुराहरूलाई कहिलै देख्न नपाऔंला । यद्यपि, निम्नलिखित पदहरूले ती चेलाहरूको बारेमा हामीलाई के जानकारी दिएको छ? मत्ती २६:५६,६९-७५, मर्कुस ९:३०-३२, युहन्ना २०:१९ । उनीहरूको अनुभवहरूबाट हामीले के शिक्षाहरू लिन सक्दछौं?

कहिले काहिँ हामी यस्तो मनस्थितिको वा प्रवृत्तिको परिवन्धमा पर्न सक्दछौं, "ओहो, परमेश्वरले यो मात्र मलाई गर्नु भयो भने मेरो विश्वास मजबुत हुने थियो, अर्थात् परमेश्वरले मलाई ती काम गरिदिनु भयो भने....." आदि । येशू भक्त भनेर दावि गर्ने हामीले, परमेश्वरलाई हाम्रो स्वार्थहितमा अग्रसर गराउन खोज्दा के खतराहरू उत्पन्न हुन सक्दछन्? बरू, हामीले पाएका वा हामीलाई दिएका विश्वासका आधारहरूलाई नै सम्भार गर्न र उपभोग गर्न के सकारात्मक कुराहरूलाई उपयोग गर्न सक्दछौं?

४. जैतुन (ओलिभ) डाँडामा दिनु भएको प्रवचन

मत्ती २४, २५ अध्यायहरूमा दिएको येशूको प्रवचनलाई जैतुन डाँडामा अर्थात् ओलिभ डाँडामा (अँडिर) दिएको प्रवचन भनेर प्रख्यात छन् । उहाँले प्रवचन दिएको स्थानलाई जैतुनको पहाड वा ओलिभको पहाड भनेर चिनिन्छ । जब एक दिन येशूका चेलाहरूले हेरोड राजाले बनाएको विशाल मन्दिरलाई देखाएर त्यसको तारिफ गर्दै थिए, त्यस मन्दिरमा लक्षित गर्दै तिनीहरूलाई येशूले प्रख्यात र निर्णायक प्रवचन, जसमा भविष्यवाणीहरूले भरिएका थिए, दिनुभएको थियो ।

येशूको पुन:आगमन पूर्व केहि उल्लेखनिय घट्नाहरू हुने छन भनेर उक्त जैतुन डाँडामा उच्चारण गर्नु भएको थियो । ती  केहि महत्वपूर्ण घट्नाहरू के के हुन?

मत्ती २४:४,५

९,१०

११-१३

२३-२७

३६-४४

उहाँले दिनुभएको यस प्रवचनमा भविष्यवाणीहरू मात्र नभएर उहाँको अनुशासित परम् भक्त हुन के कुराको ज्ञान हुनु आवश्यक छ भनेर औंल्याउनु भएको पाउँछौं । शायद सबभन्दा उल्लेखनिय कुरा त, येशूका भक्तहरूले धैरै आत्मिक वा आध्यात्मिक खतराहरूको विद्यमान भएको यथार्थमा सजग हुनुपर्दछ । हामी महान् विवादको बिचमा छौं । ती हुन् असल र खराब अर्थात् धर्म र अधर्म जसमा धैरै मानिसहरू धोकावाजहरूको चर्तिकलाहरूमा फस्ने छन् । मानिसहरू यस्तो भ्रममा पर्ने छन् जस्मा परमेश्वरले अनन्त जीवनको लागि निर्धारण गरिसकेका विश्वासीहरू पनि त्यसको पासोमा पर्न सक्दछन् (मत्ती २४:२४) । येशूले दिनुभएका यी प्रमूख वचनहरूलाई ध्यानमा राखी हामी संसारको अन्तको संघारमा आइपुगिरहेका छौं भनेर आत्मसात् गर्दै, शैतानले आफ्नो मायामा फसाएर मानिसलाई कस्तो धोका दिन सफल हुन खोज्दछ भन्ने सत्यताप्रति अत्यन्त सतर्क हुनु पर्दछ । येशूले दिनुभएको यस सावधानीलाई हामीले कसरी लिने?

हामी येशूलाई विश्वास गर्छौं भनेर इसाई विल्ला मात्र लगाएर पुग्दैन तर हामीले के मा विश्वास र आस्था राख्छौं र किन राख्दछौं भन्ने ज्ञानमा सुनिश्चित हुनुपर्दछ । हाम्रो विश्वासको जगलाई येशूको

दिक्षाले दऱ्हो बनाउनु पर्दछ । जब प्रभुमा नयाँ विश्वासीहरूको आगमन हुन्छ, तिनीहरूलाई धर्मको नाउँमा शैतानले विभिन्न रितिले बुनेका जालहरूमा नफसुन् भनेर अत्यन्त सजग गराउनु पर्दछ ।

भ्रमको खेतमा नफस्न हामी सत्य के हो भन्ने कुरा जान्नको विकल्प छैन । ठिक र सत्य कुरामा अडिग रहन्दा मात्र असत्यको सामना गर्द सकिन्छ । यदि मानिसहरूको परमेश्वरप्रतिको विश्वास केवल सतहमा मात्र वा देखावती वाह्य रूपमा मात्र छ भने त्यो विश्वास, आस्थै भएपनि ढलमलिएर धराशयी हुन सक्दछन् । हामी येशूको दोश्रो आगमनको संघारमै छौं भन्ने ज्ञानमा सजग भएर चर्चका सम्पुर्ण सदस्यहरूलाई विशेष गरेर नव आगन्तुक सदस्यहरूलाई अन्तिम समयका संकेतहरूको बारेमा सतर्क गराउँदै ती खतराहरूलाई कसरी सामना गर्ने भन्ने कुरामा दक्ष बनाउनु पर्दछ ।

झुठा ख्रिष्ट वा मसिह वा मानिसलाई मुक्ति दिएर स्वतन्त्रको अनुभूति प्रदान गर्न भनेर आउनेहरूमा येशू नै हुँ भनेर दावि नगर्न सक्ला । तर अरू कुन यस्ता चर्तिकलाहरूको फन्दामा हामी फस्न सक्दछौ जसले हामीलाई सजिलैसँग येशूबाट टाडा राख्न सक्दछ र येशूले पाउनु पर्ने हृदयको गद्यीमा उहाँलाई लत्याएर अरूलाई बसाल्छौं?

५. क्रुसलाई बोकी रहनु

अरू जनमानसमा येशूप्रतिको धारणा कस्ता थिए भनेर आफ्ना चेलाहरूलाई येशुले सोध्नु भएको थियो (मर्कुस ८:२७-३०) । उनीहरूबाट उहाँको जिज्ञासाको जवाफ पाएपछि त्यो प्रश्न उनीहरूमै लक्षित गर्दै सोध्नु भएको थियो । चेलाहरूका प्रवक्ता पत्रुसले कुनै आनकानी नगर्दै येशू नै मसिह हुन भनेर जवाफ दिएको उल्लेख गरिएको छ । अनि येशूले उनीहरूलाई अरूको अगाडि यो भेद नखुलाउनु भनेर कडा निर्देशन दिनुहुन्छ । उहाँले यो निर्देशन किन दिनुभयो? सम्पूर्ण मानिसहरूलाई येशू नै मसिह वा उद्धारकर्ता हुन् भनेर जानकारी दिन उहाँ आउनुको मुख्य लक्ष होइन त?

विचार गर्नुहोस्, येशूले यो बोली किन उच्चारण गर्नुभयो? के यसमा हामीलाई, जो येशूका अनुयायी भनेर स्विकार्दछौं, पनि उहाँको बारेमा अरूलाई भन्न समय र परिस्थितिको अत्यन्त ख्याल राख्नु पर्दछ भनेर सजग गराएको त छैन? युहन्ना ४:२५-३० पनि पढ्नुहोस् ।

मर्कुसमा येशूले उपरोक्त निर्देशन पछि के भन्नु भएको सो ख्याल गर्नुहोस् । येशूले पत्रुसलाई दिनुभएको उहाँ मसिह वा उद्धारकर्ता हुनुहुन्छ भन्ने जवाफ नै काफी हुनु पर्दथ्यो र उहाँ माथी उनीहरूको विश्वासमा पक्का हुनुपर्दथ्यो । तर त्यस दावी पछि, येशूले भविष्यमा कस्तो आतङ्कपूर्ण हालत व्यहोर्नु पर्ने छ भन्ने सूचना पाए उनीहरूको मनमा कस्तो डाँवाडोल खेल्यो होला, सो सोच्न हामीलाई गाऱ्है पर्दछ (मर्कुस ८:३१) । फेरि त्यहि पत्रुस जसले येशू मसिह हुन् भनेर स्विकार गर्नेले येशूलाई हकारेको ख्याल गर्नुहोस् (पद ३२) ।

तर येशूले पत्रुसलाई कसरी हप्काउनु भयो, पढ्नुहोस् मर्कुस ८:३३-३८ मा । यहाँ येशूका अनुयायी हुँ वा भक्त हुँ भन्ने दावी गर्ने हरेकलाई के निर्णायक सन्देश येशूले दिनुभएको पाउँछौं?

३४ पदमा अत्यन्त महत्वपूर्ण तत्व उल्लेख गरेको पाउँछौं । जब येशूले मानिसहरूलाई आफ्नो चेला बन्न आह्वान गर्नु हुन्छ र उहाँलाई स्वेइच्छाले रोज्छन् भने तिनीहरूले के जिम्मेवार वहन गर्नुपर्दछ भनेर उहाँले अत्यन्त यी प्रभावशाली शव्दहरू उच्चारण गर्नु भएको थियो । येशूले समय समयमा धैरै कुराहरू चुनिएकाहरू केहिलाई निश्चित दिक्षाहरू दिनु भएको हामीलाई ज्ञातै छ, तर यहाँ उल्लेख गरेका निर्णायक र महत्वपूर्ण वचनहरू जस्तै आफुलाई इन्कार गर्नु पर्ने, त्याग्नु पर्ने र आफ्नो क्रुस बोक्नु पर्ने

र साथै सुसमाचारको खातिर सबै थोक गुमाउनु पर्ने सन्देश, येशूका अनुयायीहरूले पचाउनु नै पर्ने हुन्छ ।

यी प्रश्नहरू आफैलाई सोध्नुहोस्: येशूको लागि क्रुस बोक्नु भएको पछिल्लो समय कहिले थियो? यस जवाफले तपाईं कस्तो खालको सत् चेलाहुनुहुन्छ भनेर उजागर गर्दछ? येशूका भक्त भनेर दावी गर्नुहुन्छ तर जीवनमा आइपर्ने क्रुसहरू बोक्न इन्कार गर्नुहुन्छ भने तपाईं आफै सोध्नुहोस के म साँच्चिक्कै येशू भक्त हुँ र? यसको सकारात्मक जवाफ पाउन तपाईंले के गर्नु पर्दछ र के गर्न सक्नुहुन्छ?

उपसंहार:

अरू जानकारीको लागि पढ्नुहोस्: *द एसडिए बाइबल कमेन्टरी*,, ठेली ५, पृ. ७४६-७५०, ९७३,९७४, एलेन जि ह्वाईट, द डिजाएर अभ एजेज्, ३८३-३९४, ४१०-४४२, ५११-५१७ ।

“हाम्रो प्रभुले भन्नुभयो, “जब सम्म तिमीले मेरो देह खान्दैनौं र मेरो रक्त पिउँदैनौं, तव सम्म तिमीहरूले तिमीहरूमा जीवनको भएको अनुभूत हुँदैनन्...मेरो देह तिमीहरूको लागि खाना हो र मेरो रक्त तिमीहरूको लागि पेय हो ।‘ युहन्ना ६:५३-५५ । भौतिक स्वभावमा यो सत्य कुरा हो । उहाँको मृत्युले गर्दा संसारमा हामी जीउन पाइरहेकाछौं । जुन रोटी वा खाना हामी खान्छौं त्यो हाम्रो लागि किनेको उहाँको टुक्रियको शरीर हो । जुन पानी हामी पिउँछौं, त्यो उहाँको किनिएको पोखिएको रगत हो । कुनै व्यक्ति, सन्त वा पापीले आफ्नो दैनिक भोजन खान्दैन जुन उहाँको शरीरबाट पोषण प्राप्त हुन्छ र उहाँको रगतद्वारा तिर्खा मेट्दछ । हामीले खाने हरेक रोटीमा कलभरीको छाप लागेको हुन्छ । हरेक निर्मल झरनामा यो प्रतिविम्व गरेको हुन्छ । उहाँले यी जुन कुराहरू सिकाउनु भयो त्यसले उहाँको त्याग र वलिदानको चिन्हलाई दर्शाउँछन् । प्रभू भोज गरेको माथिल्लो कोठाबाट जुन प्रकाश चम्किरहेको हुन्छ त्यसले हाम्रो दैनिक जीवनमा चाहिने खाद्य सामग्रीलाई पवित्र बनाउँछ । परिवारले खाना खाने स्थान परमेश्वरको टेबुलमा परिवर्तन भएर हरेक खाना प्रसाद हुन जान्छ ।”-एलेन जि ह्वाईट, *द डीजाएर अभ् एजेज्*, पृ. ६६० ।

चिन्तनमनन:

क. विश्वासीहरूको बिचमा येशूले भन्नु भएको देह खानु र रक्त पिउनु भनेको तात्पर्य के हो भनेर छलफल गर्नुहोस् ।

ख. हामी बालबालिका जस्तै किन हुनुपर्दछ? यसको बारेमा विस्तृत रूपले दिमाग खेलाउनु होस् । अरू यस्ता कुन गुणहरू वा स्वभावहरू बालबालिकाहरूमा पाइन्छ जसले गर्दा उनीहरू हाम्रो लागि अनुकरणीय उदाहरण भएर प्रस्तुत गर्दछन् । तर फेरि त्यसै बेला बालबालिकको चित्रणलाई चाहिने भन्दा बढि कसरी प्रस्तुत हुन सक्दछ?

ग. यस अध्यायमा शैतानले ल्याउने विभिन्न भ्रम वा मायाजालको धरापहरूको बारेमा हेर्‍यौं जुन येशूका अनुयायीहरूले सामना गर्दछन् र गर्नेछन् । तपाईंको स्थानिय चर्चमा यस्ता के छलहरूको सामना गरिरहनु भएको छ? यस्ता चालहरू कस्तो कपटपूर्ण हुनसक्दछन्? हाम्रा विश्वासीहरू त्यसको वहकाउमा कसरी सजिलैसँग फस्न सक्दछन्। चर्चको हैसियतले आफ्ना चर्चका सदस्यहरूलाई छली आध्यात्मिक धरापबाट उम्कन र सुरक्षित राख्न तपाईंहरूले के गर्न सक्नुहुन्छ?

घ.येशूको अनुशासित परम् भक्तको अनुभव कस्तो हुनुपर्दछ भन्ने तर्कलाई सारांश बताउनुहोस् । तपाईँकै जीवनमा यसबारे कस्तो अनुभूत प्राप्त गर्नु भएको छ? यसको परिधि के हो? विश्वासीहरूको बिचमा यी जिज्ञासाहरू बाँड्नुहोस् ।

अध्याय ९

## प्रभु येशूलाई पछ्याउँदै: प्रगतिशिल अनुयायीहरूका कार्यकिलाप

यस अध्यायको लागि पढ्नुहोस्: मत्ती ८:१४,१५, १०:३४-३७, २८:१८-२०,
लुका ५:१७-२६ ।

स्मरण् गर्नुपर्ने पद: "कोहि मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस् (आफूलाई त्यागोस्) र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् । किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ, तर मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाइनेछ । किनभने मानिसले सारा जगत् हातमा पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ? मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?" मर्कुस ८:३५-३७ ।

यस अध्यायमा येशूका अनुयायी हुन के समावेश हुनुपर्दछ भन्ने विषयमा ध्यानार्कषण गरिनेछ । येशू भक्त मत्थर भएको होइन, तर क्रियाशिल भएको हेर्न चाहन्छौं । परमेश्वरले हामीलाई बोलाउनु भएको छ, तर हरेकले उहाँको आह्वानलाई पहिचान गर्नु पर्छ र त्यसको अगुवाइमा आफुलाई परिचालन गर्नुपर्दछ । थोमास क्यामरनले एक जना प्रख्यात प्रचारकले भनेको कुरा उल्लेख गर्दछ, "विश्व विख्यात संगितकार हान्डलको लागि पियानोको धौकनी (बिलो अर्थात् आवाज निकाल्ने पोको) फुक्न, सुविख्यात चित्रकार माइकलअन्जेलोको खसेको ब्रुश टिप्न, क्रिस्टोफर कोलोम्वसको जासुसी दुरविन समात्न अथवा विश्व प्रशिद्ध स्रष्टा शेक्सपियरको झोला बोक्न म कति खुशी हुन्थें। यदि मानिसले संसारको महान् विरहरूको सानोतिनो काम गर्न पाउँदा आफुलाई भाग्यशाली सम्झन्छन् भने, मानव जातीको उद्धारकर्ताको लागि सेवा गर्न पाउँदा कस्तो शौभाग्य ठान्नु पर्दैन, किनकि यस पुनित कार्यमा लाग्नेको लागि स्वर्गमा कस्तो स्थान रहेको होला? "-ए. गर्डन् नाशबी, संपादक, *ट्रेजरी अभ द क्रिस्चियन वर्ल्ड*, पृ. ३२७ ।

यस अध्यायको झलक: येशूका चेला भएर सेवाकार्यमा लाग्न कस्तो अभिप्रायले अभिप्रेरित हुनु पर्दछ? येशूका भक्तहरू भएको हुनाले हामीले कस्तो खालको विरोधको अपेक्षा गर्नु पर्दछ? जब हामी येशूका भक्त भएर आफुलाई क्रियाशिल बनाउँछौं, बाइबलमा हाम्रो लागि दिएको कस्तो आश्वासन र प्रतिज्ञाहरूले हाम्रो आत्मियतामा मजबूत बनाउनँछन्?

### १.अनुशासित येशूभक्त र सेवा कार्य

मत्ती ८:१४,१५, मर्कुस १:२९-३१ र लुका ४:३८,३९ पढ्नुहोस् । यस वृतान्तमा अनुशासित येशूभक्तको बारेमा के सिक्न सक्दछौं? अर्थात् अर्को बोलीमा भन्ने हो भने, कुनै खास परिस्थितिको ख्याल नराखी, यी पदहरूमा के यस्ता आधारभूत तत्वहरू छन् जुन हामी सबैको लागि उपयोगी हुन्छन्?

ती तिनै उद्दध गरिएका पुस्तकहरूमा पत्रुसको सासु जोरोले बिमार भएकि थिइन् भनेर उल्लेख गरेतापनि लुकाले मात्र उनी कडा जोरोले ग्रस्त भएकि थिइन् भनेर उल्लेख गरेको पाइन्छ । यो विस्तृत रूपमा वर्णन गरेर लुकाले आफू चिकित्सक थिए भनेको जनाउँछ । उसले युनानी वा ग्रीक भाषामा विशेष गरि यस रोगको बारेमा वर्णन गरेर आफू ग्रीकहरूको प्राविधिक श्रेणीका व्यक्ति थिए भनेर जनाउँछ ।

यो पनि ख्याल गर्नुहोस, अरू वृतान्तहरूमा चेलाहरूले येशूलाई उनी विमार भए भनेर मात्र उल्लेख गरेको पाउँछौं । अनि उनीहरूले येशूको सहायता मागेका थिए । येशूलाई उनको सबै समस्या थाहा थिए भनेर हामीले अनुमान गर्नु पर्दछ, यद्यपि उहाँले तिनीहरूलाई उनको समस्यालाई भन्न दिनु भयो र साथै उनबाट दिव्य हस्तक्षेपको अपेक्षा गर्न दिनु भयो । यसबाट हामीले येशूका भक्त हुन्दा हाम्रो के कर्तव्यलाई जिम्मेवार ठान्नु पर्दछ भनेर पाठ सिक्दछौ? जुन भूमिका ती चेलाहरूले निभाए, त्यो साँच्चिकै येशूका अनुयायी भनेर जनाउँछ वा खाली औपचारिक सत्कारमात्र गरेको जनाउँछ?

जब पत्रुसको सासु स्वस्थ भइन, उनले अतिथि सत्कार गर्न पछि परिनन् । जब उनी निको भइन्, उनले थकित र भोको पाहुनाहरूले आफ्ना घर भरिएको देखिन्, जो उनी प्रति सरोकार राखेका थिए । बिमारबाट उनी थकित र ग्लानि भएकी थिइ भनेर आफू अतिथि सत्कारको जिम्मेवारबाट पन्छिनन् । बरू उनी उत्तिखेरै आफ्ना पाहुनाहरूको सेवा गर्न थालिन भनेर वर्णन गर्दछ । ग्रीक भाषामा उनले गरेको सत्कारलाई “सेवक”, “शुश्रूषा” वा “डिकन” शव्दसंग मिल्दो जुल्दो छ । येशूबाट प्रेरणा पाएर, निको भइसके पछि तुरन्तै उहाँहरूको सेवा सत्कारमा लागिन् ।

प्रिय विश्वासी दाजुभाई दिदी वहिनीहरू, येशूले तपाईंलाई व्यक्तिगत रूपमा के गर्नु भयो? के बाट तपाईंलाई उद्धार गर्नु भयो? तपाईंको प्रतिउत्तर के हो? इसाई जीवनको सम्पूर्ण धर्म नै येशूले हामीलाई के गर्नु भयो, त्यस प्रति कृतज्ञ भएर अरूलाई देखाउन कुन कुन तरिकाहरू अपनाउनु पर्दछ?

२. येशू र पक्षाघात रोग लागेको व्यक्ति

लुका ५:१७-२६ मा एक जना अनामिका पक्षाघाट रोगीलाई येशूले निको पार्नु भएको प्रख्यात घटनालाई उल्लेख गरिएको छ । यसबाट येशूका भक्तहरूले अपनाउनु पर्ने केहि महत्वपूर्ण कर्तव्यहरूको बारेमा सिक्न सक्दछौं ।

१७ पद पढ्नुहोस् । यसमा के प्रभावशालि र महत्वपूर्ण बुँदालाई उल्लेख गरेको छ? यसले हामीलाई कस्तो सावधानी अपनाउनु पर्दछ भनेर देखाउँछ?

यहाँ येशूको प्रवचन सुन्न विभिन्न ठाँउहरूबाट अगुवाहरू, धर्म विज्ञहरू, धर्म गुरूहरू, फरिसीहरू, शास्त्रीहरू आएका थिए भन्ने हामीले आभास पाउँछौं । परमेश्वरको शक्ति चँगाई पार्न त्यहाँ उपस्थित भएको थियो भनेर उपरोक्त पदले भन्दछ । अर्थात् जब येशूको उपस्थिति भएको थियो, त्यहाँ परमेश्वरको शक्ति पनि थियो । जहाँ येशू थियो, त्यहाँ सरोकार, मानिसलाई स्वस्थ बनाउने चाहना र मुक्ति दिने प्रक्रियाको परिचालन भएको थियो । तर मानिसहरूको अहँ, घमण्ड, पाप, स्वार्थपना, महत्वाकाँक्षीपना, डाह र ईष आदिले गर्दा उनीहरूले येशूको उपस्थिति भएको मौकाको फायदा उठाउन सकेनन् । यस्तो प्रतिकूल मनस्थिति बोक्दा के कुरा गुमाँछौं भनेर देखाएको शक्तिशालि चेतावनी हामी सबैको लागि पनि हो ।

फेरि त्यसै बेला येशू भक्त क्रियाशिल भएको पनि पाउँदछौं । प्रथमत: ती मानिसहरू, जसले पक्षाघाट रोग भएको मानिसलाई येशूकहाँ ल्याएका थिए । तिनीहरूले उक्त रोगीलाई येशूकहाँ ल्याउन कडा परिश्रम गर्नु परेको थियो । हुलमा येशूकहाँ आउन नकसेको कारण, उनीहरूले बैकल्पिक बाटो अपनाए ।

आफ्ना साथीको लागि तिनीहरू कस्तो हताश भएका थिए । आ, धेरै हुल छ भनेर तिनीहरू निराश भएर फर्कन सक्दथ्यो । जब त्यस बिरामीलाई छानाबाट तल ओर्‍हालेर येशूको अगाडि राखे, तिनीहरूको विश्वासलाई येशूले कस्तो सऱ्हाना गर्नु भएको थियो । ती साथीहरू पनि येशूले नै निको पारेकाले उहाँमा आस्था राखेकोले हो बाइबलले भन्दैन । तर उनीहरूको कामले उनीहरू येशू प्रति कस्तो भक्तिभाव रहेछ भनेर उदाङ्ग पार्दछ । तिनीहरूले आवश्यक परेकालाई येशूकहाँ ल्याउँदा तिनीहरू उहाँ प्रति कस्तो भक्तिभाव थियो भनेर अनुकरणीय उदाहरण देखाएको यस घट्नाले बताउँछ ।

जब पक्षाघात भएको मानिस निको भयो, उसले परमेश्वरको महिमा र प्रशंसा गर्दै उक्त स्थानबाट निस्केर गयो । उनको जीवन र उनले उच्चारण गरेका शव्दहरूले आफू परमेश्वरको कस्तो भक्त वा अनुयायी रहेछ भनेर प्रभावशालि रूपमा अपनाएको साधनले कस्तो साक्षीको रूप लियो भनेर पद २६ ले बताउँछन् ।

यसै बीचमा, त्यहि घट्नालाई मर्कूस २:६,७ मा वर्णन गरेको अनुसार धार्मिक गुरू र पण्डितहरूले येशूले ईस्वरको निन्दा गरे भनेर रिसले अन्धो भएर उहाँको भत्सर्ना गरे । तिनीहरूले आफ्ना धर्म, आस्था र ज्ञानलाई येशूको सामु जीवित अनुभूत नहुनको लागि तगारो बनी खडा गराए । (उनीहरू धर्मान्धले मात्तिए जसले गर्दा मानिसको मोललाई अवमुल्यन गरे । परमेश्वरको प्रेमलाई धार्मिक पण्डितहरूको अतिवादीले छेकिदिए । उनीहरूले धर्मलाई रक्षा गर्ने निहुँमा आफुहरू मानवताको विरोधी भनेर भन्डाफोर भएको प्रमाण मानिसप्रतिको येशूको ममता, स्नेह र मुल्य मान्नेतालाई उचाल्दा उहाँलाई गरेको व्यवहारबाट देखाउँछ ) यो पाठ हामी सबैले सिक्नु पर्दछ ।

हामी इसाई हौं भनेर दावि गरेतापनि कस्ता तगारोहरू हाम्रो बाटोमा खडा गराउँछौं जसले गर्दा उहाँले हाम्रो जीवनमा उहाँको शक्तिलाई परिचालन गर्न दिन्दैनौं अर्थात् हामी नै अरूको अगाडि बाधक भएको पहिचान गराउँछौं? हाम्रो हृदयमा कस्ता विषम् कुराहरूलाई थुपार्न दिन्छौं जसले गर्दा परमेश्वरको प्रेमप्रति कालो चस्माले हेर्दछौं अर्थात् उहाँको शक्तिलाई हाम्रो अन्धकारले छेक्न दिन्छौं? अझ महत्वपूर्ण कुरा त, हाम्रा हृदयमा कुँढिएका  ती अदृष्य अमानविय र विषम् तत्वहरूलाई कसरी हटाउने?

३. "पृथ्वीमा आगो पठाउन आएको हुँ" मत्ती १०:३४-३७, लुका १२:४९-५३ ।

इसाई जगतलाई प्रायजसो शान्तिमय तरिकाले हेर्दछ । येशू र शान्ति पर्यायवाचीको रूपमा सम्वोधन गरिन्छ र गरिनु पनि पर्दछ । जब येशूको जन्म भयो, त्यसबेला स्वर्गदूतहरूले गाएका थिए, "अति उच्च स्थानमा विराजमान हुनुहुने परमेश्वरको महिमा होस्, संसारमा शान्ति होस् र सारा मानिसहरूको भलाई होस्" लुका २:१४ । यत्ति मात्र होइन, इसाईत्वले प्रेम, माया, स्नेह, ममताको वकालत हाम्रा बैरीहरू वा हामीलाई घृणा गर्नेहरूलाई पनि गर्नुपर्छ भन्नेले प्रमूखता पाएको हुनुपर्दछ । येशू आफैले यो मन्त्रोच्चारण गर्नु भयो, "शान्तिको प्रक्रियामा लाग्नेहरू वा मेलमिलाप गर्नेहरू धन्य हुन्, किनकि तिनीहरू परमेश्वरको सन्तान कहलाउनेलाउनेछन्।" मत्ती ५:९ । तर यस्तो परिप्रेक्ष्यमा येशूले उच्चारण गर्नुभएका यस बुँदाको सुरूमा उल्लेख गरिएका पदहरूलाई कसरी बुझ्न सक्दछौं?

"कति येशूका चेलाहरूमा यो भ्रम थियो, उनीहरूले बोकेका सन्देशले मानिसहरूको बिचमा तालमेल हुन्छ र मैत्रीपूर्ण सम्वन्ध स्थापना हुन्छ । यो भ्रमलाई येशूले निवारण गर्द चाहनु हुन्थ्यो । जब घर घरमा गएर तिनीहरू येशूको सुसमाचार सुनाउँछन्.....तिनीहरूले असहमति, मतभेद र विवाद खेप्नु पर्नेछ भन्ने यथार्थतालाई तिनीहरू आश्चर्य नमानी स्विकार गर्नु पर्दछ । जब मानिसले येशूलाई ग्रहण गर्दछ प्रायजसो आफ्नै घनिष्ट मित्रहरू नै उसको निष्ठुर र निर्दयी शत्रु बन्न सक्दछन् । यो यथार्तता गैर इसाई

संसारमा मात्र नभएर, इसाईहरूको बाहुल्यता भएको देशहरूमा र देखावती रूपमा इसाई धर्मलाई केवल चलन चल्ती वा रितिथितिको रूपमा मात्र लिने देशहरूमा पनि लागु भएको हामी पाउँछौं किनकि यी मानिसहरूले परमेश्वरको शक्तिले मानिसको जीवन रूपान्तर हुने अपेक्षालाई कमै मात्रामा बुझेको हुन्छन् ।"-द *एसडिए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ३७९,३८० ।

तपाँईकै आफ्ने जीवनमा येशूलाई ग्रहण गर्दा कस्तो अनुभव खेप्नु परेको थियो र येशूले भन्नु भएको कुरालाई कसरी यथार्थशिद्धी भएको पाउनु भएको छ? येशूले व्यक्त गर्नु भएको यी वचनहरूमा के सत्य कुरा बुझ्नुहुन्छ र येशूप्रति श्रद्धा राखेर उहाँलाईमात्र पछ्याउँदा कस्तो अवरोधको सामना गर्नु पर्दोरहेछ भन्ने यथार्थतालाई कसरी स्विकार्नुहुन्छ? मत्ती १०:२४,२५ पनि हेर्नुहोस् ।

येशूलाई पछ्याउँदा हामीले कुनै न कुनै किसिमले ठुलो मोल चुकाउनु पर्दछ भन्ने महत्वपूर्ण सत्यतालाई बिर्सनु हुन्न। यदि हामी येशूका श्रद्धालु भएको कारणले यस्ता कुनै अवरोधहरू खडा नभएर शान्ति र शुलभ जीवनमात्र यापन गर्दछौं भने हाम्रो इसाई जीवनमा केहि न केहि खतपत भएको हुनुपर्दछ । हुनसक्दछ, हामीले हामीलाई नै धोका दिइरहेकाछौं । जब हामी येशूको लागि गवाही दिन्छौं र इसाई जीवन यापन गर्दछौ वा येशूको प्रचारको लागि क्रियाशिल हुन्छौं, त्यसले हाम्रो नजिकको वा घनिष्ट व्यक्तिहरूसँघ पनि कलह र फाटो ल्याउन सक्दछ भन्ने यथार्थता अन्तमा हामीले महशुस गर्न आवश्यक नै हुन्छ । तर यो निरन्तर रूपमा हुनै पर्छ भन्ने पनि छैन, तर येशूले हामीलाई यस्ता कुराहरू आइपर्दा आश्चर्य मान्नु हुन्न भन्ने कुराको सतर्कता देखाउनु हुन्छ र येशूको पछि लाग्दा यस्ता प्रतिकूल वातावारणहरूको अपेक्षा गर्नु पर्ने महशुसतालाई उहाँले सजग गराउनुहुन्छ ।

येशूको पछि लाग्दा तपाँईले के मुल्य चुकाउनु पऱ्यो, विशेष गरेर अरूसँगको सम्वन्धमा कस्तो प्रतिकूलको सामना गर्नु पऱ्यो? तपाईंले नै भोग्नु भएका अनुभवबाट विश्वासमा संघर्ष गरिरहेका तपाईं जस्तै विश्वासीहरूलाई कसरी सघाउनु हुन्छ किनकि उनीहरू पनि जीवनमा फाटो भएको अनुभव गरिरहेका होलान् ?

४.हाम्रो जीवनको मोल

"कोहि मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस् (आफूलाई त्यागोस्) र आफ्नो क्रुस उठाएर मेरो पछि लागोस् । किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ, तर मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाइनेछ । किनभने मानिसले सारा जगत् हातमा पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ र? मानिसले आफ्नो प्राणको सट्टामा के दिन सक्छ?" मर्कुस ८:३५-३७ ।

एउटा पत्रिकामा एक विशेष हाईस्कुलको बारेमा लेख छापिएका थिए । त्यस स्कुलका विद्यार्थीहरू असाधारणा र प्रतिभाशाली थिए । तिनीहरूको बौद्धिक स्तर त्यस देशका उनीहरूकै वर्षका विद्यार्थीहरू भन्दा अति उच्च थिए । तिनीहरूको शैक्षिक उपलव्धिहरू अरू विद्यार्थीहरूको दाँजोमा उत्कृष्ट थिए । झट्ट हेर्दा यी विद्यार्थीहरू जो युवा, महत्वाकांक्षी, विलक्षण बौद्धिक स्तरका र तेजिला थिए । संसारको स्तर अनुसार ती भावी कर्णधारहरूका जीवन कथाहरू अवश्यमेव सफलताले लादिएको हुनुपर्छ भनेर सबैले अपेक्षा गरेका थिए । त्यस पत्रिकाले ती मध्ये एक जना विद्यार्थीलाई उद्दध गर्दै लेख्दछ, "हामी सबै यस विशेष कामहरूमा किन संलग्न भएका छौं भने हामीले मृत्युलाई जित्न चाहन्छौ ।"

मृत्युलाई जित्न? यदि उसले मृत्युलाई जित्न चाहन्छ भने उच्च मार्कहरू र आफुले गरेको भन्दा अझ बढि असल कामको आवश्यकताको महशूस गर्नु पर्दछ ।

यो यथार्थतालाई कसैले अस्विकार गरेन सक्दैनन्, हामी जो भएतापनि र यस जीवनमा जुनसुकै उच्च सफलता हासिल गरेतापनि ढिलो वा चाँडै, सबैले मृत्युको पासोमा पर्नु पर्दछ र हामीले गरेको सबै उपलव्धिहरू धरासयि हुन्दछन्।अनि हामी कति दिर्घायु भएर बाँच्छौं? प्राय जसो हामीहरू सय वर्ष पनि मुश्किलले बाँच्छौं र कतिले त त्यस वर्षको नजिक पनि पुग्न पाउँदैनन् । सबै गुमाएपछि हाम्रो लागि के रह्यो त? यसको अर्थ के हो? जीवनको उद्देश्य र लक्ष के हो, यदि सबै थोक मृत्युको मुखमा पर्दछ भने? आउने पिँढीलाई कस्तो खालको सम्झना र सम्पदा हामीले छोडेर जान्छौं? हजारौं वर्ष अघि पनि बुद्धिमानी राजा सोलोमनले यस कुराको बारेमा चिन्ता व्यक्त गर्दै भनेका थिए, जीवन आफै, यी सबै दु:ख र कष्टहरूको बावजूद बेकार वा मिथ्याभिमानको छ । उसले यो शव्द हिब्रु भाषाको “सास” वा “वाफ” लाई प्रयोग गरी आफ्नो जीवन कस्तो क्षणिक रहेछ भनेर अभिव्यक्त गर्दछ ।

उपरोक्त कुरालाई ध्यानमा राखेर यस बुँदाको पदलाई नियालेर हेर्नुहोस् विशेष गरेर प्रगतीशिल र क्रियाशिल येशूका भक्त हुनुको परिप्रेक्ष्यमा यसलाई पढ्नुहोस् । येशूले उपरोक्त पदलाई के भनीरहनु भएको छ त्यसमा प्रकाश पार्दै आफुलाई सोध्नुहोस् “मैले कस्तो खालको जीवन विताइरहेको छु? सुसमाचारको लागि जीवन त्याग गर्नुको अर्थ के हो? मेरो जीवनको मोल के हो? येशूले यो भन्नु भएको आधारमा मेरो जीवनलाई अनुशासनमा राखेर कसरी परिचालन गर्नु पर्दछ र अरूलाई परिचालन गर्न उत्साह दिनु पर्दछ? अर्थात् प्रगतिशिल र क्रियाशिल अनुशासित येशूका अनुयायी वा भक्त हुन मैले के मोल चुकाउन राजी हुनुपर्दछ? बाहिर रूपमा वा देखावती रूपमा इसाई हुँ भनेर दावी गरेर अरूलाई भ्रममा नपार्न हृदयदेखि नै येशूको वचनलाई आत्मसात् गर्दै उहाँलाई पछ्याउन तपाईंको जीवनमा के परिवर्तन ल्याउन आवश्यक छ?

५. “त्यसकारण सारा संसारमा जाऊ र मलाई आस्था राख्ने भक्तहरू बनाऊ”

मा अरूलाई अनुयायी बनाउन येशूका अरू निर्देशनहरूमा मत्ती २८:१८-२० उत्कृष्ट मानिएको छ । यसले येशूका विश्वासीहरू कस्तो क्रियाशिल हुनुपर्दछ भनेर स्पष्ट पारेको छ । यस पदलाई गम्भिर रूपले पढ्नुहोस् । यसमा उल्लखित क्रिया पदहरू हेर्नुहोस: जाऊ, बनाऊ, सिकाऊ, बप्तिस्मा देऊ । येशूका चेलाहरूले अरू चेलाहरू तयार गर्नु गर्नुपर्दछ । यस पदको अर्थ अत्यन्त सरल छ र यसमा केहि कुरा लुकिएको छैन ।

यस पदलाई होशियारसँग फेरि पढ्नुहोस् । येशूले सुरूमा भन्नु भएको वचनमा केन्द्रित गर्नुहोस् । उहाँले भन्नु भएको अनुसार पृथ्वी र स्वर्गमा सारा अधिकार (अर्थात् शक्ति) उहाँलाई सुम्पिएको छ (हेर्नुहोस् लुका १:३२, प्रेरित १०:३६, १:२०, हिब्रु १:१३) । अरूलाई येशूभक्त बनाउन क्रियाशिल हुनेहरूलाई, उहाँका उपरोक्त वचनहरू किन अति महत्वपूर्ण मानिन्छन्?

यस पुनित कार्यमा के समावेश भएको छ त्यो पनि ध्यान दिएर हेर्नुहोस् । तिनीहरूले सारा देशहरूमा गएर सिकाऊनु पर्दछ । यस निर्देशनको तात्पर्यमा कुनै पनि छुटेका छैनन् । येशूको यो निर्देशन समावेशी मुक्तितन्त्र हो । यसमा कसैलाई पनि उपेक्षा गरेको छैन । भाषा, जात, वर्ग, लिङ्ग, रंग र भौगोलिक सिमानाको आधारमा कसैलाई छुट्याउन पाउँदैनन् भनेर उहाँको निर्देशन छ । येशूको मृत्यु कुनै धर्म, जात वा भौगोलिक क्षेत्रका मानिसहरूको लागि मर्नु भएको होइन तर सम्पूर्ण मानवजातीको लागि हो । सारा संसारका मानिसहरूले उहाँको सुसमाचार सुन्ने नैसर्गिक अधिकार हो (रोमी ५:१७-१९, हिब्रु २:९)। यसले गर्दा सुसमाचार फैलाउने आदेश यस पृथ्वीका सारा मानव जगत्को उद्धारको लागि हो (प्रकाश १४:६,७) ।

यो स्पष्ट रूपमा जानकारी होस्, येशूले सारा राष्ट्रहरूमा गएर सिकाऊ भन्नु भएको छ । उहाँले के मा जोड दिनुभएको छ?

यसमा फेरि हामी हेर्दछौं कसैले येशूका भक्त हुँ भनेर दावी गर्दछ भने ऊ क्रियाशिल हुनुपर्दछ । येशूलाई मान्छु वा उहाँको उपाशक हुँ भन्ने उहाँको आज्ञा पालन गर्नु पर्दछ र उहाँको आदेश अनुसार आफ्नो जीवनलाई परिचालन गर्दछ । मुक्ति भनेको कुनै बौद्धिक समुदाय जसले कुनै निश्चित शिद्धान्तको ज्ञान भएकाहरू वा विशुद्ध सत्यहरूको ज्ञान छ भन्ने दावी गर्नेहरूको लागि मात्र हो भन्ने तर्कलाई येशूले पूर्ण रूपमा स्वाहा गर्नु भयो । हो, मुक्तिबारे शिक्षा दिक्षाको अनिवार्यतालाई नकार्न त सकिन्न तर ज्ञानले मात्र मुक्ति पाइन्दैनन । येशूका भक्तहरू तिनै मात्र हुन् जसले येशूलाई पछ्याउँछन् । उहाँको आज्ञालाई शिरोपर गरेर उहाँलाई हामी पछ्याउँछौं । उहाँको आदेशलाई मान्छौं, तर उद्धार पाउनको लागि होइन तर येशूमा उद्धार पाइसकेका हुनाले ।

संसारको अन्तसम्म येशू हाम्रो साथमा हुनुहुनेछ भनेर उहाँले प्रतिज्ञा गर्नु भएको छ । यस बाचाको यथार्थता के तपाईँको जीवनमा अनुभूत गर्नु भएको छ? तपाईँको जीवनमा येशूको उपस्थिति कसरी भएको छ त्यसमा ध्यान गर्नुहोस् । तपाईँको जीवनमा येशूले के गर्नुभयो र के गरिरहनुभएको छ सो कागतमा लेखेर परमेश्वरप्रति आफ्ना प्रशंसा र कृतज्ञता व्यक्त गर्नुहोस् ।

उपसंहार:

अरू जानकारीको लागि पढ्नुहोस्: द *एसडीए बाइबल कमेन्टरी*, ठेली ५, पृ. ३७९-३८१, ७४६-७५०, एलेन जि ह्वाईट, *द डीजाएर अभ एजेज्*, पृ. ३५०-३५८, ४३३-४३६, डिट्रिक बोनहोफर, *द कस्ट अभ डीसाइपल्सशिप,*, पृ. ९५-१०४, मर्कुस १६:१५-२०, युहन्ना १४-१७ ।

"उद्धारकर्ता येशूले आफ्ना चेलाहरूलाई सुसमाचार प्रचार गर्न क्रममा संसारले उनीहरूलाई बैरभाव राख्ने छैन भनेर आश्वासन दिनुभएको छैन न त केहि समय पछि सबैले सुसमाचारलाई ग्रहण गरेर विरोध रोक्ने छ भन्नु भएको छ । उहाँले भन्नु भयो, मैले शान्ति ल्याउन होइन तर तरवार ल्याउन आएको छु । याद गर्नुहोस्, मानिसमा हुने कलह सुसामाचारको असले होइन बरू त्यसप्रति विरोध गर्नाले हो । सबै सतावतहरूमा घरमा हुने फरक मतमा पर्दा आउने सतावत र आफ्ना संसारका अभिन्न मित्रहरूबाट टाडा हुनुपर्ने पिडा सहन अत्यन्त गाऱ्हो हुन्छ । तर येशूले यो घोषणा गर्नुहुन्छ, "जसले मलाई भन्दा आफ्ना बुबा र आमालाई प्रेम गर्दछ मेरो योग्यको हुँदैन; जसले आफ्ना छोरा वा छोरीलाई बेसी माया गर्छ ऊ मेरो योग्यको हुने छैन ।'"- एलेन जि ह्वाईट, *द डिजायर अभ एजेज्*, पृ. ३७५ ।

"येशूले पाँचौं आज्ञा (आफ्ना माता पिताको आदर गर्नु) बाँधिएको छ भनेर दावी गर्नु भयो र छोराछोरीहरूले आफ्नो आमाबाबुप्रति गर्नुपर्ने कर्तव्यदेखि विचलित हुनेलाई चेतावनी दिनु भएको थियो । यद्यपि वाझिएमा, आफ्ना आमाबाबुप्रतिको  माया परमेश्वरको आस्थाको अगाडि तगारो बन्न दिनु हुन्न । परमेश्वरप्रतिको प्रेम र उहाँलाई गर्नु पर्ने सेवा हाम्रो जीवनको उत्कृष्ट लक्ष हुनुपर्दछ । प्रथम् र महान् आज्ञा यिनै हुन् तर दश आज्ञाहरूको दोश्रो भाग जहाँ पाँचौं (आमाबाबुप्रतिको आदर) पनि आफ्नै स्वभाव र महत्वपूर्ण स्थानमा प्रथम् नै हुन आउँछ ।"- *द एसडीए बाइबल कमेन्टरी*, ठेली ५: पृ. ३८० ।

चिन्तनमनन:

क.येशूलाई आफ्नो जीवन दिएको कारण दु:ख पाएका कोहि चिन्हु भएको छ? यदि छ भने उसलाई कसरी सहयोग गर्न सक्नुहुन्छ? तपाईं व्यक्तिगतरूपमा अर्थात् सब्बत स्कुलका विद्यार्थी भएकाले वा चर्चद्वारा नै यस्तोलाई कसरी राहत दिन सक्नुहुन्छ?

ख. चौथो बुँदामा उल्लेखित पदहरूलाई विशेष ध्यान दिनुहोस् । यहाँ येशूले के महत्वपूर्ण सन्देश दिइरहनुभएको छ? विश्वासी दाजुभाई र दिदी वहिनीहरू बिच यो छलफल गर्नुहोस्, सुसमाचारको लागि आफुलाई त्याग गर्नु भनेको के हो । अरूहरूको अनुभवहरूबाट तपाईले के सिक्न सक्नुहुन्छ?

ग. येशू भक्तहरू कसरी क्रियाशिल हुनुपर्दछ भन्ने यस अध्यायको मूल पाठ हो । तपाईंको चर्चमा विश्वासीहरू बढाउन के कार्यक्रम भइरहेको छ? यस अध्ययनको पाठक भएको कारणले, तपाईंको चर्चलाई यस पुनित कामलाई अग्रसर दिशामा लान तपाईंले कुन कार्यकर्ताको भूमिका खेल्न सक्नुहुन्छ? उदाहरणस्वरूप नयाँ आउने विश्वासीलाई तपाईंले कसरी मद्दत गर्न सक्नुहुन्छ?

अध्याय १०

## अनेक दवावमा पनि निष्ठावान भएर बस्नु

यस अध्यायको लागि पढ्नुहोस्: १ राजा १८, मत्ती २६:५६, लुका ९:५१-५६, युहन्ना ६:१-१५, १२:१-६, १८:१-११, २१:१५-१९ ।

स्मरण गर्नु पर्ने पद: “यदि तिमी मानिसहरूसित दगुर्‍यो र तिनीहरूले तिमीलाई थकाए भने, घोडाहरूसित तिमी कसरी दगुर्न सक्दछौ र? यदि तिमीले भर परेका शान्ति सुरक्षित स्थानमा नै तिमी लोट्यौ तर तिनीहरूले तिमीलाई थकायौ भने; यर्दन नदिमा बाढी आउँदा तिमी के गर्छौ?” यर्मिया १२:५

मर्फीका निति भन्ने भनाइ कहिल्यै सुन्नु भएको छ? यसलाई प्रकृतीको आधारभूत निति वा विधि भनेर मानिन्छ । यो कुनै भौगोलिक स्थानमा सिमित नभएर गुरुत्वाकर्षण र बिद्युट्चुम्वकत्व जस्तै व्यापक छन् । संक्षेसमा यसरी पढिन्छ: *जे गल्ती हुनुथ्यो सो हुन्छ* ।

कुनै न कुनै रूपमा क्षणिक होस् वा लामो समयसम्म होस् हामी सबै यस विधिमाको परिधिमा परेर मर्फीको नितिलाई पछ्याउन बाध्य भएको देखिन्छन् । येशूका प्रखर अनुयायी भएतापनि यी विधिले हामीलाई नछोड्ने जस्तो देखिन्छ । निसन्देह: हामीमा परमेश्वरका प्रतिज्ञाहरूले छोपिएकाछौं जसले गर्दा हामीलाई हताश निराश नहुनु पर्ने हो, यद्यपि कति पटक ती प्रतिज्ञाहरूको बाबजुद पनि हामी अत्यन्त हतोत्साहि भएर आफुलाई पतनको संघारमा पुर्‍याउन अग्रसर हुन्छौं । तर याद गर्नुहोस्, जे भएतापनि हामी त्यस बाटो कहिल्यै पनि अपनाउनु हन्दैन ।

यो अध्यायमा यस्ता केही चेलाहरू वा परमेश्वरका भक्तहरूको जीवनको चर्चा गर्नेछौं र तिनीहरूको खराब दिनहरूले हामीलाई के पाठ सिकाइन्छ सो हेर्नेछौं ।

यो अध्यायको झलक: येशूका चेलाहरूले राजनैतिक शक्तिको प्रलोभनमा फस्न खोज्दा के भयो त्यसबाट हामीलाई के सजग गराउँछन्? येशूलाई धोका दिने जुदास् इस्करयोतटीबाट हामीले के पाठहरू सिक्न सक्दछौं? येशूलाई हेप्ने, इन्कार गर्ने र पन्छाउन खोज्नेहरूलाई ध्वस्त पार्ने याकुब र युहन्नाको क्रोधलाई कुन अभिप्रायले प्रेरणा पाएको थियो? पत्रुसले हताश र असावधानीमा बोलेर फेरि पश्चाताप गर्नु पऱ्यो, त्यस्तो स्वभावलाई हामीले कसरी मेट्न सकिन्छौं? येशूका सम्पूर्ण कार्यकिलाप देखेर, उहाँको सन्देशको अभिभारा बोके तापनि, उहाँप्रति प्रतिवद्धता व्यक्त गरेतापनि येशूलाई अत्यन्त आपद परेको बेलामा र उनीहरूको आवश्यकता भएको बेलामा, ती सबै चेलाहरूले किन उहाँलाई त्यागे?

२. शक्तिशाली अनुकरणीय व्यक्ति बन्नु

धार्मिक आस्था अत्यन्त शक्तिशाली साधन हुन सक्दछ । यस साधनलाई उपयोग वा दुरूपयोग गर्न सकिन्छ। प्रभुको लागि जीवन त्याग गर्ने (मत्ती १६:२५) अभिप्रायले प्रेरित हुनेले, अरू परिस्थितिमा अतिवादी भएर आफुलाई परमेश्वरको नाउँमा विस्फोटक बनाउन सकिन्छ । आखिरमा परमेश्वरले केहि काम गर्न तपाईँलाई खटाउनु भएको होइन र, त्यसलाई सांसारिक कुराले किन बाधा अर्चन ल्याउन दिने? यसैकारण कतिपय सरकारहरूले धर्मलाई दवाउन खोज्दछ किनभने तिनीहरूले आफु भन्दा उच्च अख्तियारप्रति बफादार भएको हेर्न चाहन्नन् र तपाईँ परमेश्वरभन्दा माथी चड्न सक्नुहुन्न ।फेरि यसै समयमा केहि सरकारहरूले धर्मको अकल्पनिय शक्तिको श्रोतबाट आफुलाई बंचित हुन चाहन्न किनकि तिनीहरूले धर्मलाई आफ्नो स्वार्थ सिद्धको लागि प्रयोग गर्न चाहन्छन् । येशूका अनुशासित भक्तहरूले धर्मको नाउँमा यसको शक्तिलाई दुरूपयोग गरेर अनेक खतराहरूलाई समावेश गर्न सकिन्छ भन्ने तथ्य देखी सजग हुनुपर्दछ ।

युहन्ना ६:१-१६ पढ्नुहोस् । येशूका भक्तहरूले राजनैतिक शक्तिलाई कुन किसिमले हेर्नु पर्दछ भनेर उपरोक्त पदहरूले बताउँछन्?

येशू यस संसारमा सांसारिक राज्य प्रमूख बन्न आउनु नभएकोको कारणले सांसारिक राजनैतिक शक्तिलाई परमेश्वरको सेवाकार्यसँग दाँज्नुहुँदैन भनेर स्पष्ट रूपमा बताउँछ । कुनै राजनैतिक बाद वा विचारधारा भन्दा, प्रभुप्रति निष्ठावान उच्च स्थानमा हुनुपर्दछ । हो, परमेश्वरले मानिसहरूलाई राज्य शक्तिमा राख्न सक्नुहुन्छ वा त्यहाँका मानिसहरूलाई उहाँको लक्ष हासिल गर्न परिचालन गर्न सक्दछ, यो एउटा पक्ष हो तर परमेश्वरको नाउँमा वा येशू भक्तको दोसल्ला ओडेर आफ्नो लागि राजनैतिक शक्ति संचय गर्नु अर्कै पक्ष हो । नयाँ करारको पुस्तकहरूमा राजनैतिक शक्तिमा लाग्दा सुसमाचार फैलाउने आदर्श नमूनाको रूपमा कदापि प्रस्तुत गरेको छैन । दुर्भाग्यवस येशूका घनिष्ट चेलाहरूले समेत यस महत्वपूर्ण तत्वलाई चुकेको देखिन्छ: "सारा भिँडहरूसँग मिलेर येशूका चेलाहरूले उहाँलाई दाउदको गद्दीको हकदार बनाउन तम्सिएका थिए । येशूका चेलाहरूले भन्दछन, उहाँको सदाचारिताले गर्दा यस सम्मानलाई बहिष्कार गर्नुभयो । यो उहाँको शालिनता हो । यदि उहाँले चाहेको खण्डमा उनीहरूले आफुहरूको इच्छा पूरा गर्न उन्मुख भएका थिए ।"-एलेन जि ह्वाईट, *द डीजायर अभ एजेज्,* पृ. ३७८ । मानिसहरूको चाहनालाई बुझेर र उनीहरूको जोशलाई ध्यानमा राखेर येशूका चेलाहरूले उहाँलाई इस्रायलको राजा बनाउन

भरमग्दुर कोशिष गरेका थिए (युहन्ना ६:१४,१५) । यो चेलाहरूको आफ्नै प्रवृति थियो । यस अभियानको प्रतिक्रिया स्वरूप, येशूले ती भिँडलाई बिदा गर्नुभयो र चेलाहरूलाई तालको पारीपट्टी जान निर्देशन दिनुभयो र आफु एकलै पहाडमा प्रार्थना गर्न जानुभयो ।

व्यक्तिगत तवरले होस् वा सामुहिक रूपमा होस्, हामीले आफ्नो स्वार्थ पूरा गर्न धार्मिक शक्तिलाई कसरी दुरुपयोग गर्न सक्दछौं? धर्मलाई रक्षा गर्ने निहुँमा धर्मका अख्तियारवालाहरू कसरी निरंकुस भएको इतिहासका पानाहरूले बताउँछन्?

२. इसाईको दोसल्ला ओडेर लोभलालचमा फसेका नमूना विश्वासी

कसैले एक पटक भनेका थिए, “यदि तिमी धनी हुन चाहन्छौं भने, धर्मबाट सुरु गर।” यो हास्यस्पद भनाईमा कति सत्यता लुकेका छन् भन्ने तथ्य दुर्भाग्यवस मान्नु नै पर्दछ । जब हामी धार्मिक आस्थालाई परिचालन गर्न चाहन्छौं, त्यसबेला मानिसको अस्तित्वका विविध महत्वपूर्ण पक्षहरूसँग कारोवार गरिरहेका हुन्छौं । हामी जीवनको रहस्य के हो त्यस विषयमा ध्यानार्कषण गर्दछौं, अजम्मरी जीवनमा आशा पल्हाउन दिन अग्रसर हुन्छौं र परमेश्वरले हाम्रो पाप अधर्म क्षमा दिनु भयो भन्ने विश्वासमा रहेर ढुक्क हुन्छौं । याद गर्नुहोस्, येशू, आफै त्यागी, विपन्न वर्गमा रहेर गरिवीको नमूना र अनुकरणीय जीवन बिताउनु भएतापनि, उहाँले मानिसहरूलाई यस संसारको यश र भौतिक सुविधादेखी सतर्क गराएतापनि, चर्चका इतिहासका पानाहरूले यस्ता अगुवाहरूले अग्रस्थान ओगेटेका पाउँछौं जसले धर्मको शक्ताधिकारलाई र धार्मिक विचारधाराहरूलाई प्रयोग गरेर आफुहरूलाई सम्पन्न वा विशिष्ट वर्गमा समावेश गराई धनदौलतहरू थुपारेका थिए र थुपारिरहेका पनि छन् । प्राय जसो गरिवको खर्चमा उनीहरू धनको खेती गर्दछन् ।

युहन्ना १२:१-६ पढ्नुहोस् र निम्नलिखित प्रश्नहरूको जवाफ दिनुहोस्:-

क. मेरीले जुन काम गरिन् त्यसमा केको प्रतिक झल्काउँदछ? अर्थात् उनको यस कार्यले येशूका सत चेलाहरू वा भक्तहरूको लागि अनुकरणीय उदाहरणहरूको प्रतिनिधित्व गर्द छ? के तपाईं येशूका साँच्चै भक्त हुनुहुन्छ, त्यस नारीले येशू प्रति देखाएको मनस्थितिलाई जाँचेर आफ्नो हृदय खोतल्नुहोस् भनी आह्वान गर्दछौं? मत्ती १३:४६, फिलिप्पी ३:८ पनि हेर्नुहोस् ।

ख. सारा जन मानसको अगाडि उनले निर्भय भएर येशूका खुट्टालाई मुल्यवान अत्तरले धोइन्, यसले येशूलाई पछयाउने हाम्रो अभिप्रायलाई कुन मूर्त रूपले परिचालन गर्नु पर्दछ भनेर स्पष्ट पार्दछ?

ग. यस घट्नामा लाजरस उनीहरूसाथ टेबुलमा थिए भनेर उल्लेख गरेको छ, त्यो उही लाजरस थियो जसलाई येशूले बौराउनु भएको थियो । यहुदा इस्कर्योतीको कार्यकिलापहरूप्रति वाक्क भएतापनि, उसको कटु वचनले आफुलाई आफ्नो पापले कसरी अन्धो बनाएको रहेछ भनेर किन वा कसरी यस घट्नाले देखाउँछ।

जब पावलले १ तिमोथी ६:१० मा आफ्नो प्रख्यात अभिव्यक्त प्रकट गरे, त्यसको उचित कारण थियो । यसमा भनिएको छ, “रुपैयाँपैसाको मोह नै सबै किसिमका खराबीको जड हो ।” अन्तमा यहुदाले पैसाको मोहमा फसेर आफ्नो अनन्त जीवन गुमाए । सुरू देखि नै उसको ध्यान आफुप्रति केन्द्रित थियो। उनै नम्वर एक थियो र येशूको पछि लागेको सम्पूर्ण समयमै

आफ्नै भलाई मात्र खोज्यो । उसको इच्छा थियो धर्मलाई काखी च्यापेर आफूलाई धन्याद्य वर्गमा समावेश गराएर आफ्नो प्रतिष्ठालाई स्थापना गर्नु। अरू चेलाहरू सम्पूर्ण रूपमा निश्वार्थी नभएता पनि यहुदा स्वार्थपनाको पराकाष्टामा पुगेको थियो ।

के तपाईंमा पनि येशू भक्त हुने दौरानमा लालचको विषले गर्दा तपाईंको अभिप्रायलाई दुषित त गरेको छैन? चर्चको काममा लाग्दा वा इसाई भनेर दावी गर्न गौरव गर्ने क्रममा अशुद्ध अभिप्रायहरूले उत्प्रेरणा भयो भने तपाईंले त्यसलाई कसरी हटाउन सक्नुहुन्छ?

३. अतिप्रचण्ड मिजासको चेलाहरू जसलाई नमूनाको रूपमा पनि लिइन्छन्

येशूका चेलाहरूमा दुई दाजुभाई जोडाहरू पनि थिए । जब येशूले तिनीहरूलाई चुन्नु भयो त्यसै बेला उनीहरूलाई अतिप्रचण्ड स्वभावको छोराहरू भनेर तोक्नुभएको थियो (मर्कुस ३:१७। तिनीहरूका नाउँ याकुव र युहन्ना बोअनर्जिज थिए। केहि टिप्पनीकारहरूले ती चेलाहरूले त्यस्तो नाउँ येशूले किन दिए भन्दा उनीहरूका उदण्ड स्वभाव, झट्टै रिसाउने, झोंकी र आगो मिजासका कारणले नै गर्जनका छोराहरू भनेर नामांकरण गर्नुभएको थियो । त्यसकारण ती चेलाहरूले अरूलाई येशू भक्त भनेर चिनाएर सुसमाचार सुनाउने प्रक्रियालाई गर्जने नमूना अर्थात् अतिवादी भक्तको उदाहरण भनेर देखाउन चाहन्छौं ।

लुका ९:५१-५६ पढ्नुहोस् । जब सामरीहरूले येशूलाई सत्कार गर्न र ग्रहण गर्न अस्विकार गरे चेलाहरूको प्रतिक्रिया कस्तो थियो पढ्नुहोस् । जब तपाईं यो पढ्नुहुन्छ तपाईं आफैलाई ती चेलाहरूको स्थानमा आफुलाई राख्नुहोस् । ती चेलाहरू रिसले चूर भएर ती गाउँलाई नष्ट गर्न येशूसंग अनुमति मागेको थियो । यस्तो किसिमले प्रतिक्रिया दिनुको कारण के थियो? येशूका कुन वचनहरूले वा पुरानो करारबाट कुन यस्ता घट्नाहरूको याद दिलायो जसले गर्दा ती चेलाहरूले यस्तो प्रचण्ड स्वभावलाई उचित ठानेको थियो? उदाहरण स्वरुप हेर्नुहोस्: उत्पती ६,७, मत्ती ८:१२, १३:४२, मर्कुस ६:११ ।

जुन प्रतिक्रियात्मक मनस्थितिले चेलाहरू उन्मुक्त भए त्यसमा धेरै समस्याहरूले ठाँउ पाउन सक्दछ । परमेश्वरको लागि जोश त चलायो, हुन त उहाँको लागि जोश वा उत्साहले अभिप्रेरित हुन असल कुरा हो, यो सबै येशूका भक्तहरूमा हुनु पर्ने गुण हो । यद्यपि गतिविहिन जोश चाहे, त्यो असलै कामको लागि किन नहोस, त्यसले भलाई भन्दा अत्यन्त खराब ल्याउन सक्दछ । याकुब, युहन्नाले एलियाको कथालाई समेत्न खोजेको थियो । तर तिनीहरूले दुरुपयोग गर्न चाहेको थियो । एलियाको कथालाई उनीहरूले बङ्ग्याएका थिए । एलियाले स्वर्गबाट आगो पठाएर परमेश्वरको बलीलाई स्वाहा पारेको थियो तर त्यस आगोलाई अवज्ञाकारी मानिसहरूको खिलाप उपयोग गर्न परमेश्वरसँग मागेको थिएन (हुन त त्यहाँ मानिसहरूलाई धोका दिएर अति अधर्मको बाटोमा हिँडाउने तत्काल त्यस बेदिका वरिपरि भएका धर्मगुरुहरूलाई अर्कै किसिमले सखाप पारेको थियो)

येशूका ती चेलाहरूको एकदम खराब बानी त ती मानिसहरू जसले येशूलाई ग्रहण गरेन वा अधर्मी पापीहरू प्रति देखाएको कठोर र इन्साफले देखाउँछन् । तर येशूका हरेक भक्त वा

उपासकहरूले अधर्मी वा पापीहरूलाई येशूको क्रुसको पाउदानमा ल्याउनु पर्दछ, उहाँको अद्वितिय करुणा र अनुग्रहलाई मानिसहरूको अगाडि प्रस्तुत गर्नुपर्दछ । मानिसहरूको पापको लागि येशू आफैले सजायँ भोग्नु भएको थियो ।(न्यायको नाँउमा अन्याय गरेर मानिसहरूलाई जङ्गी मिजास देखाएर आफ्नो धर्म रक्षा गर्ने येशूको चाहना थिएन) । यसरी मानिसहरू जतिसुकै अधर्मी, पापी, गिरेतापनि येशूबाट अभयदान पाउन सक्दछ । पूर्ण क्षमाको जीवन विताएर मानिसहरू येशूमा आमूल परिवर्तन गरी नयाँ जीवन यापन गर्न सक्दछ । हाम्रो काम भनेको येशूलाई रुपान्तर गरेर हाम्रो जीवनमा उहाँलाई जनसम्मुख ल्याउने हो । कसैलाई न्याय गर्नु वा जोख्नु काम हाम्रो होइन, त्यो काम उहाँलाई नै सुम्पिएको छ भनेर उहाँले प्रष्टरुपमा भन्नु भएको छ ।

तपाईँको बाटोमा नहिंड्ने, तपाईँको कुरा सुनेर तपाईँको दायरा नबस्ने, गल्ती बाटोमा हिंड्ने, भड्किएर जाने वा चर्चको दिक्षामा नहिंड्ने जस्ता मानिसहरू प्रति तपाईँले कस्तो इन्साफ व्यक्त गर्नु भएको छ? यस्ता मानिसहरूलाई परमेश्वरको अनुग्रह, दया र करुणा कसरी देखाउने, तर त्यसै बखत उनीहरूको कुबाटोलाई उचित छ भनेर आँखा चिम्लेर त ?

४. पश्चातापले चूर्ण हृदय भएका पत्रुसको अनुशरण

येशूका चेलाहरूमा पत्रुसलाई उहाँहरूको प्रवक्ताको रुप लिइन्छ र साथै उनी विचारै नगरी झट्टै बोलीहाल्ने चेला भनेर पनि चिनिन्छ । लुका २२:३३,३४ मा भनिन्छ, पत्रुस आफुमा कस्तो गर्व, स्वाभिमान र येशूका प्रखर चेला हुँ भनेर देखाउन येशू जेलमा वा मृत्युमा जानुभए पनि ऊ उहाँको साथमा हुनेछु भनेर कबुल गर्दछ । यो कबुल गरेको केहि समय लगतै उसले आफ्नो वाचालाई फिर्ता लिनु पर्को थियो (मत्ती २६:६९-७५) ।

युहन्ना १८:१-११ पढ्नुहोस् । यी पदहरूले पत्रुसको स्वभाव र व्यक्तित्वलाई कसरी चित्रण गरेको छ ? यसलाई मत्ती २६:६९-७५सँग दाँजेर हेर्नुहोस् ।

पत्रुसका असफलताको बारेमा  हामी सबैलाई थाहाभएकै कुरा हो । पत्रुसको कमजोरीलाई थाहा पाएर येशूका सबै भक्तहरूले उसबाट पाठ सिक्नु पर्दछ । पत्रुसबाट एक मुख्य पाठ हामीले के सिक्न सक्छौं भने हाम्रो आफ्नु बल वा सामर्थले परमेश्वरको काममा सरिक हुन सक्दैनौं । त्यसकारण हाम्रो दैनिक जीवनलाई येशूमा सुम्पनु इसाई जीवनको निर्णायक लक्ष हुनुपर्दछ । उहाँ बोट हुनुहुन्छ र हामी हाँगाहरू हौं । उहाँ विना हामी केहि पनि गर्न सक्दैनौं, विशेष गरेर हामी येशूका परम भक्तको जीवन विताउन सक्दैनौं । उहाँको काममा जोश र जाँगर हुनु प्रशंसनिय छ । तर यो कुनै निकायको मातहतमा नभएर प्रभु येशूकै स्वामित्वमा हुनुपर्दछ ।

युहन्ना २१:१५-१९ पढ्नुहोस् । आफ्ना भुलहरू स्विकार गर्ने, परमेश्वरमा उचित जीवन यापन गर्न अग्रसर हुन चाहने र जुनसुकै प्रतिकूलको सम्मुख परेतापनि प्रभु येशूप्रति प्रतिवद्ध भएर रहनेहरूको लागि येशूले के गर्न सक्नुहुन्छ भनेर उल्लेख गरेको छ र यसबाट हामीले के सिक्षा लिन सक्दछौं?

"यहाँ येशूको पछि लाग्नेहरूको लागि महत्वपूर्ण दिक्षा प्रस्तुत गरेको छ । सुसुमाचारले दुष्टसंग सहकार्य गर्न सम्झौता गर्न दिन्दैन । पाप गरेन बहाना दिइन्दैन । गोप्य पापहरू परमेश्वरसंगै

गोप्यरूपमा स्विकार गर्नुपर्दछ । तर सार्वजनिक पापलाई सार्वजनिक रूपमै स्विकार गर्नु पर्दछ । प्रभुका अनुयायीहरूले आफ्नो गल्ती स्विकार गर्दै, पश्‍चाताप भएको प्रमाण प्रस्तुत गरेर ती अपराधहरूको क्षमा गर्ने अधिकार येशूमै निहित राख्नु पर्दछ । पत्रुसले तिन पटक येशूलाई सार्वजनिक रूपमै इन्कार गरे । अनि तिनै पटक येशूले उसलाई आफुतिर खिँचेर उसको प्रेम र उसको बफादारिताको आश्वासन आफुले पाएको भनेर प्रस्तुत गर्नु भयो । उहाँले सदाशयता र स्नेह देखाउनु भएर, "मलाई प्रेम गर्छौ कि" भन्ने प्रश्नले उसको घायल हृदयलाई काँडाको बाणले जस्तै छेडेको थियो । सबै चेलाहरूको सामु येशूले पत्रुसको पश्चाताप कतिको गहिरो थियो भनेर देखाउनु भयो र धाक लगाएर हिँड्ने चेला अब कस्तो नरम भयो भनेर प्रमाणित गरिदिनुभयो।"-एलेन जि ह्वाईट, *द डीजायर अभ एजेज्*, पृ. ८११,८१२ ।

येशूले युहन्ना २१:१८,१९ मा पत्रुसलाई के भन्नु भएको थियो सो ख्याल गर्नुहोस् । मूलत: येशूले यो भन्न खोज्नुभयो असाध्यै प्रेम गरेको प्रभुको लागि उसले आफ्नो जीवनलाई आहुति दिनुपर्नेछ । येशूको लागि मर्न तयार छु भनेर पत्रुसले भनेका थिए । अन्तमा उसको वचन सत्य सावित भयो तर त्यो स्थिति पुग्न उसले चेलापनको बारेमा  धेरै पाठहरू पहिला सिक्नु परेको थियो ।

के तपाईंले कहिल्यै धाक देखाएर कबूल गर्नु भएको छ र समय समयमा त्यो पूरा नगरी असफल हुनुभएको छ? पत्रुसको कथाबाट तपाईंले के सिक्न सक्नुहुन्छ जसले गर्दा हामी कमजोरी भएतापनि येशूलाई माया गर्ने हाम्रो प्रतिवद्धतालाई त्याग्नुहुन्न ।

५. भागाभाग हुने चेलाहरूको उदाहरण

"अनि तिनीहरू सबैले उहाँलाई छोडे, र भागे" मत्ती २६:५६ ।

येशूका चेलाहरू उहाँसँग करिव तिन वर्ष छ महिना  सँगै बिताएका थिए । उनीहरूले पाएका सुवअवसर संसारका मानिसहरूले विरलैले पाएका थिए । उनीहरूले जुन कुराहरू देखे मानव जगतमा कमैले देखेका थिए । यथार्थतामा भन्ने हो भने संसारका खरबौं मानिसहरूमा कति जनाले येशूलाई देहरूपमा देखे त? फेरि कति जनाले दिन दिनै यस संसारमा हुन्दा उहाँसँग हिलमिल हुने मौका पाएको थियो? यी चेलाहरू संसारका मानिसहरूमा अत्यन्त सौभाग्यशालीहरू थिए ।

जे भएतापनि एउटा समस्या तिनीहरूमा थियो, त्यो के भने तिनीहरू मानिस जाति हुन्, त्यो पनि पापले गर्दा गिरेका, जसले गर्दा परमेश्वरले जे गर्नु भएतापनि उनीहरूले सहज तरिकाले पाठ सिकेको थिएन ।

सुसमाचारको कुनै एक पुस्तकलाई सरसरती हेर्नुहोस् । येशूले कस्ता उदेकका कामहरू गर्नुभयो र उहाँका वचनहरू ती चेलाहरूको सामु बोल्नु भएको थियो? येशूको शक्ति र उहाँ को हुनुहुन्छ भन्ने कस्ता असाधारण प्रमाणहरू उनीहरूको अघि प्रस्तुत गर्नुभयो? यी कुरालाई अवलोकन गरेपछि यस चौठो बुँदाका पदलाई नियालेर हेर्नुहोस् । यसमा यस्ता के डरलाग्दो सन्देश वा चेतावनी प्रस्तुत गरेको छ जसबाट हामीले महत्वपूर्ण पाठ हाम्रो लागि सिक्नु पर्दछ?

येशूलाई थाहा थियो उहाँ पृथ्वी छोड्दै हुनुहुन्छ र चेलाहरूलाई उहाँको लागि तयार गर्नु पर्दछ तर उनीहरूले उहाँको कुरालाई ध्यानै दिएनन् । येरुशलेममा उहाँलाई के हुन्छ भनेर थाहा

पाएर उहाँले उनीहरूलाई उहाँको वेदना खप्न तयार पार्न चाहेको थियो तर उनीहरूले उहाँको कुरा सुनेन् । जब उनीहरू येरुशलेममा आइपुगे, जे हुन गइरहेको थियो त्यसको सामना गर्न पूर्ण तयार थिएन ।

येशूको सेवाकार्य भरी चेलाहरूले उहाँको कुरामा ध्यान दिनु सट्टा उहाँको कामलाई वेशी हेरेका थिए । उहाँका कामहरूले तिनीहरूको मसिह प्रतिको विश्वासलाई पुष्टि गरेका थिए, यसले गर्दा उनीहरू अत्यन्त खुशी थिए । डाँडामा येशूको रुप परिवर्तन भएपछि आकाशवाणीमा उहाँको कुरालाई सुन्नु भनेर आह्वान गरेका थिए, यद्यपि येशूले पाउनु पर्ने कष्टको बारेमा दिएको प्रवचन सुनेर त्यसको फायदा उठाउन उनीहरू चाहेका थिएनन् ।

आखिरी भोजन पछि येशूले चेलाहरूलाई आइपर्ने विपदको बारेमा देखाउन चाहनु भएको थियो, तर तिनीहरूले उहाँलाई सुनेनन् । गेतसमनीको बँगैचामा उहाँसँग प्रार्थनामा साथ दिन अनुरोध गर्नु भयो तर तिनीहरू मस्त निन्द्रामा सुते ।

येशूले तपाईंको जीवनमा के काम सम्पन्न गर्नुभयो सो ध्यान गर्नुहोस् । उहाँले दिनुभएको कबुलहरू, आशा, वरदान, तपाईंको जीवनलाई कसरी परिवर्तन गर्नुभयो र येशूलाई विश्वास गरेको कारण आफ्ना आस्थाका निस्साहरूलाई मनन गर्नुहोस् । यस्ता कुराहरूलाई कसरी पकडी राख्ने जसले गर्दा येशूका ती चेलाहरूले गरेका भूलहरू हामीले नदोहऱ्याऔं?

उपसंहार:

अरू जानकारीको लागि पढ्नुहोस्: *द एसडीए बाइबल कमेन्टरी,* ठेली ५, पृ. २०८-२११, ४६५, २४-५२९, ५९५-५९७, ६३५,६३६,७७५,७७६, ९६२, ९६३, २०२०,२०२१, एलेन जि ह्वाइट, *द डीजायर अभ एजेज्,* पृ. ३६४-३८०,४३७,४३८, ५४७-५५१, ५५९-५६५, ८०९-८१७, *द आक्ट अभ आपोस्टलस्,* पृ. ५३९-५४५ ।

“आफ्ना सामर्थ्यहरूलाई धुर्त रूपमा परिचालन गर्दै, यहुदाले रुपैँयापैसाप्रति मोहलाई हृदयमा मुख्य स्थान ओगट्न दिइरहेको थियो । उसँग हिसावकिताब राख्ने प्रतिभा थियो । यदि त्यसलाई उसले पवित्र आत्माको अगुवाईमा आफुलाई परिचालन गर्न दियो भने र उहाँकै ज्ञानमा आफुलाई समावेश गराएर त्यस क्षमतामा प्रबुद्ध गराउन दियो भने, येशूका झुण्ड वा चर्चको लागि अति उपयोगी सिद्ध हुन्थ्यो । यदि आफ्नो आत्मालाई पवित्र पारेको भए उसले स्पष्ट दिव्य ज्ञान हासिल गर्दथ्यो र दैविक कुराहरूको ठिक रूपमा सऱ्हाहना गर्न उ निपुण हुन सक्दथ्यो । तर संसारको निती र योजनालाई आफ्नो हृदयमा अग्रस्थान दिन्दै गरेको थियो । बाहिरिय रूपमा उसले केहि पनि पाप र अधर्म गरेको नदेखेतापनि, उसको चतूर योजना, स्वार्थपना र कन्जुस्याइँले उसलाई बसमा राखीसकेको थियो । यसको फलस्वरूप थोरै पैसाको निम्ति आफ्ना प्रभुलाई विश्वासघाट गरि उहाँलाई बेचियो ।”- एलेन जि ह्वाइट, *द एसडीए बाइबल कमेन्टरी,*, ठेली ५, पृ. ११०१ ।

“येशूको सम्पूर्ण सार्वजनिक सेवाकार्यमा यहुदा उहाँसँगै थियो । येशूले दिन सक्ने सबै कुरा उसमा थियो ।....यदि उसले गुणदोषको आलोचना, येशूका कार्यमा प्रश्न गरिरहने बानी र स्वार्थपनालाई परिचालन नगरेको भए परमेश्वरको राज्यलाई अग्रस्थानमा लैजान परमेश्वरले उपयोग गर्न सक्नुहुन्थ्यो । तर यहुदा अडकलबाज थियो । उसले भनी ठान्यो चर्चको आर्थिक कारोबारको लागि निपुण छु र वन्दव्यापारमा धुर्त भएकोले चर्चलाई फायदा नै हुन्छ भनी ठानेको

थियो । उसको हृदय दुई टुक्रा भएको थियो । संसारको सम्मान र प्रशंसाप्रति उ मुग्ध हुन्थ्यो । येशूको लागि संसार त्याग्न उसले इन्कार गरे ।......यहुदा धार्मिक ठग थियो (अर्थात् धर्मको नाउँमा संसारको आँखामा छारो हालेर आफुलाई सम्पत्तिशाली बनाउन प्रवञ्चक रच्नेमा अग्रस्थान उसले हासिल गर्‍यो)।- एलेन जि ह्वाईट, *द एसडीए बाइबल कमेन्टरी*,, ठेली ५, पृ. ११०१,११०२ ।

चिन्तनमनन:

क.यदि चेलाहरू वा भक्तहरू येशूकव पिछा गर्ने भने पछि, के आफ्नै तर्क र योजनालाई परिचालन गर्न चाहनेलाई इसाई भन्न सुहाउँछ? यस प्रश्नको जवाफमा सोच्नुहोस् ।

ख. दवावमा पनि येशूमा निष्ठावान, आस्थावान भएर बस्न सक्ने कुन भक्तहरूको नमूनालाई तपाँई सम्झनु सक्नुहुन्छ र तिनिहरूबाट के शिक्षा हासिल गर्न सक्नुहुन्छ?

ग.हो, पत्रुसलाई विचारै नगरी झट्टै अगाडि बढ्ने र त्यसपछि ठेस खाएर लड्ने भनेर चिनिएतापनि सधै सतर्कतामात्र अपनाइरह्यो भने त्यसको वेफायदा के हुन्छ? कुन कुराहरूमा अतिबादी हुनसक्दछ? यस विषयमा विश्वासीहरूसँग छलफल गर्नुहोस । यस दौरानमा आफ्नो स्थानिय चर्चका कार्यकिलापमा पनि ध्यान दिनुहोस् । के तपाईँको चर्च परमेश्वरमा जोशिलो भएर अघि बढ्न तयार छ अर्थात येशूको अगुवाईमा हिंड्न अति डरपोक छ? तपाईँ विश्वासीको हैसियतले चर्चलाई सन्तुलनमा ल्याउन के भूमिका खेल्नसक्नुहुन्छ?

अध्याय ११

## अनुशासित येशूभक्तको सतमा रहन थप उदाहरणहरूबाट शिक्षा

यस अध्यायको लागि पढ्नुहोस्: मत्ती १४:२२-३३, मर्कुस ४:३६-४१, ६:५१,५२, लुका ८:२५, २४:३७, युहन्ना ६:१९ ।

कण्ठ गर्नुपर्ने पद: “तर येशूले झट्टै तिनीहरूलाई यसो भन्नुभयो, “ढाढस गर, म नै हुँ, नडराओ।‘ मत्ती १४:२७ ।

आफ्नो साथमा रहन र शिक्षा दिक्षा ग्रहण गराउन, येशूले चेलाहरूलाई छान्नु भएको थियो । स्पष्टत: ती चेलाहरू अपेक्षित रूपमा तिक्ष्ण बुद्धी भएका र चलाख थिएन भनेर हामी उनीहरूको कार्यकिलापले आभास पाउँछौं । के उनीहरूको दाँजोमा हामीमा के भिन्नता छ र? हामीमा कति जनाले येशूको पछि लागेको धेरै भइसक्दा पनि येशूका उपासक, भक्त हुनको लागि के मागहरूको परिपूर्ति गर्नुपर्छ भन्ने ज्ञानलाई पूर्णतया, अझ बुझ्न सकेको छैन । मानिसहरू हरेक उपकरणहरू जोडेर जसरी प्राकृतिक संसारलाई बुझ्न खोजीरहेका छन्, त्यसरी नै अध्यात्मिक जगतमा पनि

त्यसलाई बुझ्न प्रयास गरि नै रहनु पर्दछ । वर्द्धन, जीवनको लागि अपरिहार्य तत्व हो । उँचाइमा होस् वा गहिराइमा होस् वा फराकिलोमा होस्, हाम्रो दैनिक जीवनमा कुनै न कुनै रूपमा विकास भइ नै रहनु पर्दछ। जसरी विरुवाको लागि पौष्टिक माटोहरूको आवश्यक पर्दछ, तपाईँको जीवनमा येशू भक्तको विकास गर्न र प्रवर्द्धन कुन उपायहरू अपनाइ रहनु भएको छ?

यस अध्यायमा परमेश्वरको वचनबाट अझ वढि उदाहरणहरूलाई हेर्नेछौं जसको ज्ञानले गर्दा हामी सबैलाई येशूका अनुशासित भक्त वा उपासक हुन मद्दत मिल्ने छन् ।

यस अध्यायको झलक: येशूका चेलाहरू प्राय जसो किन भयभित भएको पाउँछौं? येशूले फरिसीहरूको खमिर (रोटीलाई फुलाउने पदार्थ) देखी सावधान रहनु भनेर किन चेतावनी दिनु भयो? जानाजानी हाम्रो गवाहीलाई नसुन्न हृदयका ढोकाहरूलाई बन्द गर्नेहरूलाई हाम्रो प्रतिक्रिया कस्तो हुनुपर्दछ?

१. समुद्रमा घटेको अनुभवबाट लिनु पर्ने पाठहरू - प्रथम् भाग

मर्कुस ४ मा घटेका घट्नाहरूसम्म पुग्ने बेलामा, चेलाहरू धेरै समयसम्म येशूसँग विताइसकेका थिए । स्वामी येशूको पाउदान मुनी उनीहरूले कति सिके होलान ।

मर्कुस ४:३६-४१ पढ्नुहोस् । येशूलाई लक्षित गरेर जुन वचनहरू चेलाले बोले, येशूप्रति तिनीहरूको ज्ञान कत्तिको रहेछ भनेर देखाउँछन्? कति पटक हामी पनि त्यहि भयाभव परिस्थितिमा पर्दा परमेश्वर प्रति झोंक प्रकट गर्दछौं?

जब हाम्रो जीवनमा दु:खद घट्ना, शोक, विपत्ति र समस्याहरू थुप्रिन्छ, त्यस बेला परमेश्वरले हाम्रो सरोकार राख्नु हुन्न भन्ने आभास् पाएका हुन्छौं । येशूका चेलाहरूलाई वतास र समुद्रि छालहरूको विपत्तिको सामना गरिरहनु पर्दा येशूले वास्ता गर्नु भएन भनेर गुनासो व्यक्त गरेका थिए । विडम्वना त के थियो भने, चेलाहरूले सङ्घर्ष गरिरहेको सम्पूर्ण समयमा येशू उनीहरूसँगै थियो । प्रथमत: उहाँले नै डुङ्गालाई पारीपट्टि लैजान निर्देशन दिनुभएको थियो । जब हुरी बतासहरू आए, त्यसले येशूलाई छक्क पारेको थिएन, न त हाम्रो जीवनमा येशूको निर्देशन अनुसार हिंड्दा विपत्तिहरू आउँदा हामी अनौठो मान्नु पर्दछ ।

समुद्री तुफानले होइन तर चेलाहरूले येशूलाई निन्द्राबाट व्युँझाए भन्ने अभिव्यक्तले के महत्वपूर्ण ज्ञान हामीलाई हासिल गराउँछ?

आँधीवेरी आउँदा त्रासले चेलाहरूलाई कसरी बसमा राखेको थियो भनेर घट्नाको पूर्ण विवरणले देखाउँछ । तिनीहरू पहिले समुद्री तुफानबाट भएभित भए, येशूको आह्वानमा जब त्यो तुफान शान्त भए, तिनीहरू येशूदेखि डराउन थाले । येशूले दिव्यशक्ति प्रयोग गरेर जसरी तुफानलाई शान्त गराए, त्यस्तो शक्ति देखेर जो कोहि पनि प्रभावित हुनु अनौठो त थिएन, तर येशूसँग कति समय वितिसक्दा पनि उहाँसँग डराउनु पर्ने कारण छैन भन्ने पाठ अझसम्म सिकेका थिएनन् । उहाँमा निहित भएको सम्पूर्ण शक्ति उनीहरूको लागि आशा, भरोसा र ढाढसको श्रोत हुनुपर्नेमा, उहाँलाई नबुझेर तिनीहरूको हृदयमा त्यसको विपरित उहाँप्रति भयभित भए । येशूका सत चेला हुन तिनीहरूले अझ कति सिक्नुपर्ने रहेछ भनेर यस वृतान्तले प्रष्ट पार्दछ ।

जुनसुकै प्रतिकुल परिस्थितिको तपाईँले सामना गर्नुभएतापनि पछिल्लो पटक कहिले तपाईँलाई परमेश्वरको स्नेहबाट टाडा भएको आभास् पाउनु भएको थियो? त्यस दु:ख र परिक्षणकालबाट तपाईँले के

पाठ सिक्नुभयो जसले गर्दा अर्को पटक त्यस्तै कष्ट र शोकको सामना गर्नु पर्दा परमेश्वरसाथमै हुनुहुन्छ भन्ने प्रत्याभूति पाउन सक्नुहुन्छ?

२. समुद्रमा घटेको अनुभवबाट लिनु पर्ने पाठहरू - दोश्रो भाग

यदि तपाईँले सोच्नुभयो भने, समुद्र यस्तो असल ठाँउ हो जहाँ येशूका चेला हुन पाठहरू सिकाउँछ । हामी मानव जात परमेश्वरमा पूर्णरुपमा भरपर्दछौं भन्ने कुरामा दुई मत छैन (हेर्नुहोस् अय्युब १२:१०, दानियल ५:२३, प्रेरित १७:२८), तर यो कुरालाई त्यसबेला आत्मसात् हुनआउँछ जब हामी यस्तो पानीमा तैरिन पुग्छौं जसको मुनि यस्ता तत्वहरूले तपाईंलाई निल्न तयार हुन्छन् जसले तपाईँलाई तैरिन दिन्दैनन् । शायद यसै कारणले होला, प्रभू येशूले आफ्ना चेलाहरूलाई असली, सक्षम् र सफल चेलापन भनेको के हो भन्ने केहि साक्षात दिक्षा दिन समुद्रलाई प्रयोग गर्नुभएको थियो । यस जीवनोपार्जन गर्न मूल साँचो नै परमेश्वरमा विश्वाससाथ पूर्ण रूपमा दृष्टिगत गर्नु हो भनेर आफ्ना चेलाहरूलाई सिकाउन चाहनुहुन्थ्यो ।

सुसमाचारको सफल यात्रापछि (मर्कुस ६:६-१३), पाँच हजारलाई अभूतपूर्वक रोटी र माछा ख्वाएपछि (मर्कुस ६:३०-४४)र समुद्रमा आँधी शान्त गर्नुभएपछि (मर्कुस ४:३५-४१) ती चेलाहरूले येशूप्रति कुनै पनि शंका नगरी हिंड्नु पर्ने थियो अर्थात् उहाँको प्रतक्ष्य कार्यकिलापहरूले उहाँ साक्षात्कार परमेश्वर मानिसको रूपमा आउनु भएको भन्ने कुरामा प्रतिवद्ध हुनुपर्ने थियो । जब पाँच हजारलाई ख्वाई सके त्यस पछि बेलुकी पख तिनीहरू डुँगा चढी समुद्रमा गएका थिए । यस समय येशू तिनीहरूको साथमा हुनुहुन्थ्यो ।

मत्ती १४:२२,३३ र मर्कुस ६:४५-५२ पढ्नुहोस् । यी दुई वृतान्तहरूमा चेलाहरूले धेरै भूलहरू गरेका थिए, ती के हुन्?

हुनत, एउटा वृतान्तमा पत्रुस पानीमा हिँडेको भनेर उल्लेख गरिएको छैन, यद्यपि येशूले गर्नुभएको जुन काम उनीहरूले देखे, ती प्रति अति प्रभावित भएका थिए भनेर दुवै वृतान्तमा सहमती देखाएको पाउँछौं । कसैले खुला रूपमा येशू परमेश्वरको पुत्र भनेर सम्वोधन गरेका थिए । मर्कुसको वृतान्तमा येशूले आँधीलाई शान्त गर्नु भएको आश्चर्य काम देखेर, तिनीहरू असमित रूपमा अचम्भमा परेका थिए । येशूको नियन्त्रणमा मौसम हुनु भनेको अचम्भ नै हो, तर येशू, त्यस्तो आँधीबेरीमा पनि पानीमा हिँड्ने क्षमता देखाउनु भनेको त झन कस्तो उदेकिलो होला? साँच्चीकै ती चेलाहरूले परमेश्वरको यस्ता शक्तीहरूलाई देख्ने जुन शुभ अवसर पाए, ती संसारका मानिसहरूले विरलै रूपमा पाएका थिए ।

मर्कुस ६:५१,५२ पढ्नुहोस् । विश्वास र पुर्ण आस्था वा निष्ठाको बारेमा मर्कुसले के बताउन खोजेको पाउँछौं? येशूमा श्रद्धा राख्नु र उहाँमा भरोसा राखी निष्ठावानमा हिंड्नु फरक कुरा हो । मर्कुसले हामीलाई के भन्न खोजेको छ जसले गर्दा हामीले पनि अमूल्य पाठहरू सिकौं?

३. धर्म गुरु फरिसी पण्डितहरूको खमिर (रोटीलाई भुक्क फुलाउने पदार्थ)

मत्ती १६:१-१२ पढ्नुहोस् र निम्नलिखित प्रश्नहरूको जवाफ दिनुहोस्:

क.धर्म गुरु अथवा अगुवाहरूले, जुन प्रश्न लिएर येशूकहाँ आए, ती मानिसहरू सच्चादिलले आएका होइनन् भनेर के प्रमाण छ? उनीहरूको भनाइमा, स्वर्गबाट चिन्ह माग्नु के गल्ती छ र? आश्चर्य र अलौकिक कामहरूले बाइबल भरिएको छैन र? यदि हामीहरू येशूका

अनुयायी हौं भनेर दावी गर्दछौं भने यस प्रासङ्गिक घटनाबाट के विषयबस्तु जान्नु पर्दछ? यसै प्रसङ्गमा मत्तीमा उल्लेखित अरू घटनाहरू र लुकाको १६:२९-३१ हेर्नुहोस् ।

ख. ती सादुसी र फरिसी पण्डितहरूलाई जुन जवाफ येशुले दिनुभयो, त्यसलाई सतर्कतासाथ पढ्नुहोस् । येशूले तिनीहरूलाई जुन निश्चित चेतावनी दिनु भयो त्यसको पछाडी के सारतत्व लुकिएको छ (मत्ती २३:२३)?

ग. मत्ती १६:८-११ मा उल्लेख गरिएका चेलाहरूलाई दिएका येशूका वचनहरू पढ्नुहोस् । तिनीहरूलाई येशूले के मूल कुरा सिकाउन खोजीरहनु भएको थियो? हाम्रै अगाडि परमेश्वरका ठुला ठुला कामहरू विर्सेर सानो तिनो कुरामा अल्झेर हामी पनि चेलाहरूको गल्तीलाई कसरी सहजसँग दोहऱ्याउँछौं?

प्रभु येशू जीवनको रोटी हुनुहुन्छ भने सादुसी र फरिसीहरूको अखमिरीको दाँजोमा उहाँ कति भिन्नता हामी पाउँछौं । (धर्म रक्षा गर्ने निहुँमा येशूलाई हत्या गर्न पछि नहट्ने र मानिसलाई उद्धार गर्न येशू जीवन दिन पछि नहट्ने- यी दुवैको भिन्नता कस्तो उल्लेखनिय छ, सो सोच्नुहोस्) तर हामीहरू येशू र धर्म गुरुहरूको मनशायहरूमा नबुझ्दा कति अलमल्ल पर्न सक्दछौं । विश्वास र आस्थामा सजग रहनु, सनातनका रितिरिवाजहरूलाई पछ्याउनु र धर्मलाई रक्षा गर्न उन्मत्त हुनु, र येशूका अनुशासित भक्त वा उपासक हुनु भनेको एउटै हुनुपर्छ भन्ने छैन भन्ने यथार्तता येशूका सारा भक्तहरूले यो बुझ्नुन् । जब हामी सुविधायुक्त जीवन यापन गरेर प्रतिस्थापित वातावरणमा रहन्छौ, हाम्रो विश्वास सुदृध भएकोमा गौरव गर्दछौं, हामीले अपनाएका उपासनाका विधीहरूप्रति सन्तुष्ट हुन्छौं र हामीले विश्वासअनुसार हिंडीरहेकाछौं भनेर दावी गर्दछौं तव तिनीहरूलाई हाम्रो भक्तिभावको अन्त भनी ठान्नु कति सहज हुन्छ । वास्तवमा ती त येशूमा भक्ती देखाउने साधनमात्र हुन्, आफैमा अन्त होइन । माथी उल्लेख गरिएका कुराहरूले हामी येशूप्रति प्रतिवद्धता, माया र उहाँको भक्त भनेर जनाउने प्रक्रिया हुन् जसले गर्दा हाम्रो जीवनले उहाँको इच्छालाई पालन गरेको र उहाँको प्रेमलाई प्रदर्शन गरेको र उहाँको चरित्रलाई संसारको अगाडि उजागर गरेको देखाउँछन् ।

४. भयभित बातवरणबाट शिक्षा लिनु

"प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डर हटाउँछ।" १ युहन्ना ४:१८ ।

शायद यस अध्ययनको शिलशिलामा तपाईंले केहि कुरामा याद गर्नुभयो होला, ती हुन येशूका चेलाहरू प्रायजसो भयभित भएका थिए । सुसमाचारको सम्पूर्ण वृतान्तहरूमा येशूका चेलाहरू विभिन्न अनुकुल र सहज परिस्थितिमा परेका थिए भनेर वर्णन गरिएका पाउँछौं र साथै बराबर बाइबलले येशूका चेलाहरू भएभित भए भनेर पनि उल्लेख गरेको पाउँछौ ।

यस्ता के विविध परिस्थितिह.मा उनीहरू परे जसले गर्दा उनीहरू डराएका थिए । मत्ती १४:२७, १७:६,७, मर्कुस १०:३२, लुका ८:२५, २४:३७, युहन्ना ६:१९ । उनीहरूका ती अनुभवहरूबाट हामीले के शिक्षा लिन सक्दछौं?

मर्कुस ९:३०-३२ पढ्नुहोस । किन उनीहरू भयभित भए? यस उदाहरणबाट के महत्वपूर्ण कुरा लिन सक्दछौं?

यसमा दु:ख लाग्दो कुरा त तिनीहरू त्यसप्रति भयभित भए जो तिनीहरूको महान आशाको केन्द्रविन्दु थिए । येशूले तिनीहरूको मुक्तीको लागि आफ्नो मृत्युको अपरिहार्यता बताउँदै हुनुहुन्थ्यो तर

त्यसलाई नबुझेर उहाँलाई त्यसबारे सोध्न पनि डराए । नबुझेको कुरा देखि उनीहरू डराए भने उनीहरूले सुन्न नचाहेको कुरादेखि पनि डराए । यदि तिनिहरूले येशूको क्रुसको बारेमा ज्ञान भएको भए तिनीहरू डराउने थिएनन् । यसले गर्दा उनीहरूको अज्ञानताले उनीहरूलाई डरपोक बनाए ।

संसारमा जे भइरहेको छ त्यस घटनाहरूदेखि येशूका भक्त भएको नाताले अरू भन्दा हामी हामीमा न्युनतम मात्रामा डर हुनुपर्दछ । त्यहि येशू जो आँधीवेरीमा पानीमा हिँड्नुभयो, जसले पक्षाघाट रोग भएकालाई निको पार्नुभयो, हजारौंलाई अलौकिक ढँगले केहि रोटीबाट ख्वाउनु भयो, उहाँ हाम्रो निम्ति हाम्रो साटो क्रुसमा मरेर परमेश्वरको प्रेमलाई प्रकट गर्नुभएको छ । निसन्देह: पाप काल्पिक नभएर यथार्थ हो । शैतानको अस्तित्व मनगढन्ते नभएर वास्तविक हो, नर्क साँच्चीक्कै हुनेछन् र हाम्रो आत्मामा खतरा ल्याउनेहरूदेखि सतर्क हुनुपर्दछ (मत्ती १०:२८), तर अन्तमा येशूका परम भक्त भएका हुनाले र जब सम्म येशूले प्रकट गर्नु भएको  परमेश्वरको प्रेमको यथार्थतालाई समाती राख्दछौं तब सम्म परमेश्वरको हामीप्रतिपको अदभुत प्रेम र अनुग्रहले ओतप्रोत भएर उहाँमा आशा र ढाडसको परिधि भित्र रहेर जीवन निर्वाह गर्न हामी सिक्नु पर्दछ ।

५. अनुशासित येशू भक्त हुनु  र उहाँको लागि गवाही बन्नु

"नास्तिकपना सत्य भएको र यसले मलाई असजिलो बनाएको छ किनभने मलाई थाहा पाए अनुसार संसारका प्रखर बुद्धिजीवी र धेरै कुरामा राम्रो संग जानकारी भएका मानिसहरूमा धर्ममा विश्वास राख्नेहरू हुन् । परमेश्वरमा मेरो आस्था छैन मात्र होइन, स्वाभाविकमा म आशा गर्नछु मेरो अविश्वास ठिक छ । म यो आशा गर्दछु, परमेश्वर हुनुहुन्न । परमेश्वर भएको म चाहन्न । परमेश्वर भएको जगत् म चाहन्न ।"-थोमास नागेल, *द लास्ट वर्ड*, (न्यु योर्क: अक्सफोर्ड युनिभरसितटी प्रेस, १९७७), पृ. १३० ।

माथी उद्दध गरेका अभिव्यक्तलाई हेर्नुहोस् । हामी येशूका अनुयायी भएका नाताले त्यस्तो मनस्थिति बोकेका मानिसहरू प्रति हाम्रो मनोभाव कस्तो हुनुपर्दछ? जब यस्ता मानिसहरूको बारेमा सोच्नुहुन्छ, कुन चाहिँ बाइबलका पदहरू याद आउँछ? ती पदहरू लेख्नुहोस् ।

ती पदहरू लेखी सक्नुभएपछि गम्भिर पूर्वक त्यसलाई हेर्नुहोस् । कुनै विशेष प्रसङ्गको याद दिलाउँछ? के तपाईंले लेख्नु भएका पदहरू सहानुभूतिपुर्ण, आलोचात्मक, अपशोचपूर्ण वा प्रतिशोधात्मक छ? वा अरू कुनै भावनाले प्रेरित भएको देखाउँछ? यसको जवाफले तपाईंको बारेमा के भन्न खोज्दछन्?

म येशूको भक्त हुँ भनेर आफुलाई कुनामा नठन्क्याई अरूको अगाडि साक्षी भएर जीउनु नै येशूका चेलाको अपृथक्करणीय गुण हो । सुसमाचारका सम्पूर्ण वृतान्तहरूमा येशूले आफ्ना चेलाहरूलाई अरूले मुक्तीको बारेमा ज्ञान पाओस भनेर सिकाउन तालिम दिइरहनुभएको पाउँछौं । कसैले तुरन्तै येशूलाई ग्रहण गर्छ त कसैले उहाँलाई इन्कार गर्न दृढ सङ्कल्प गरेका हुन्छन् ।

जब येशुको बारेमा प्रचार गर्दछौं हामीले विभिन्न थरीका मानिसहरूको सामना गर्दछौ । तिनीहरूमा माथी उद्दध गरेका इमान्दारी भावनाले अभिप्रेरित मानिस जस्तै  नहोला, यद्यपि त्यस्तै मनस्थिति बोकेकाहरूको सम्मुख पर्नु कुनै अस्वाभाविक ठान्नुहुन्न ।

परमेश्वरप्रति त्यस्तो कठोर भावना व्यक्त गर्नेहरूलाई हामीले कस्तो व्यवहार गर्नु पर्दछ? रीस? प्रेम? व्यक्तिगत् रूपमा असफल र असक्षम इसाई भएको ठान्नु हुन्छ? ती सबै वा कुनै पनि होइन?

हामी येशू भक्त भनेर दावी गर्नेले येशूका जीवन र शिक्षादिक्षाबाट के सिक्न सक्दछौं जसले गर्दा त्यस्ता कठोर हृदय र बन्ध मनिस्थिति बोकेका मानिसहरूलाई सदाशयता देखाउन सक्दछौं? कुन

विन्दुमा आएर त्यस्ता मानिसहरूलाई येशूको लागि चम्काएर देखाउनु हाम्रो धर्म हुन आउँछ? तिनीहरूप्रति हाम्रो अभिभारा के हो?

उपसंहार:

अरू जानकारीको निम्ति पढ्नुहोस्: *द एसडिए बाइबल कमेन्टरी,* ठेली ५, पृ. ४१५-४१७, ४२६-४४१,७४६-७५०, एलेन जि ह्वाईट, *द डिजायर अभ एजेज्,* पृ. ३३३-३४१, ३७७-३८२, ४१०-४२५, ७९५-८०१, ८८१-८८५, *क्राईस्टस् अवजेक्ट लेसनस्,*, पृ.४०, *द ग्रेट कन्त्रोभर्सी,* पृ. ३४९,३५० ।

"पत्रुस, प्रभूसँग धेरै समयसम्म रहेतापनि, मुक्तीको बारेमा उसले जानेका ज्ञान अत्यन्त त्रुटिपूर्ण थियो । येशूको काममा क्रुस आएको ऊ चाहन्नथे । तर त्यहि क्रुसबाट नै मृत्युतिर उन्मुख भएको मानिसको लागि जीवन र आशाको अपेक्षा गर्नुपर्दथ्यो ।"-एलेन जि ह्वाईट, *रिभ्यु एण्ड हेराल्ड,* अप्रिल ७, १८९१ ।

"परमेश्वरका छोराछोरीहरू भावुकता, संवेदना, आवेग र मनोवेगको मातहतमा रहनुहुन्न । जब तिनीहरू आशा र भयमा तलमाथि गर्दछ, उहाँको हृदय दुख्दछ किनभने उहाँले अतुलनिय र असन्दिग्ध प्रेमको प्रमाण दिनुभएको छ । उनीहरू अत्यन्त पवित्र विश्वासमा स्थायित्व पाएको र मजबूत भएको उहाँ चाहनु हुन्छ । उहाँले दिनुभएको काम उनीहरूले सम्पन्न गरुन भन्ने उहाँको इच्छा छ । यसले गर्दा उनीहरूको हृदय उहाँको हातमा विणा जस्तै हुनेछन् जसमा संसारको पाप उठाई लैजान परमेश्वरले पठाइनुभएको प्रभुको स्तुती र प्रशंसाको संगीत हरेक तालमा घन्किनेछन् ।"-एलेन जि ह्वाईट, *टेस्टिमोनीज टु मिनिस्टरस् एण्ड गोस्पल वर्कर्स,* पृ. ५१८,५१९ ।

चिन्तनमनन:

क.तपाईंको जीवनमा कुन कुराको डर लागि रहेछ? ती त्रास र भयदेखि तपाईंले कसरी राहत पाउनु हुन्छ? अर्को सन्दर्भमा भन्ने हो भने, हामी के तिनीहरूलाई मनमा साँची राख्नु जायज छन्? विश्वासीहरू विच यसबारे छलफल गर्न तयार हुनुहोस् ।

ख. आधुनिक जमानामा हामी पनि सादुसी र फरिसी अमात्यहरू (धर्मगुरुहरू) हुन सक्दछौं? हामीले सोचेको भन्दा त्यो हुन किन सहज हुन्छ? आज त्यस्ता मनोवृत्तिहरू चर्चमा कसरी भित्राएको पाउँछौं? साथै येशूका प्रखर भक्त हुनुबाट फरिसी तिर उन्मुख हुन मानिसहरू कस्तो कदम चाल्दछ? देखावती धर्मभिरु हुनुबाट येशूका अनुशासित भक्त हुन के सजिलो उपाय छ? विश्वासीहरू बिच यस तर्कलाई छलफल गर्नुहोस् ।

ग.आजको चर्चको सन्दर्भमा फरिसी र सादुसी पण्डितहरूका अखमिरी वा रोटि भक्क फुल्ने पदार्थ भन्ने कसलाई भन्नुहुन्छ?

घ.पाँचौं बुंदामा उल्लेख गरिएका नास्तिकको अभिव्यक्ती प्रति छलफल गर्नुहोस् । हामी इसाई भएर दावी गरेतापनि त्यस व्यक्तिको भावना र मनस्थितिलाई हामीले कसरी प्रतिविम्व गरिरहन सक्दछौं? के हाम्रा यस्ता विश्वास, दर्शन, शिक्षा दिक्षाहरू र सिद्धान्तहरू छन् जसलाई हामीले विश्वास गर्न नचाहेकोले ती प्रति हाम्रो दिमागमा ताल्चा लगाउँछौं? यदाकदा, के प्रभूले सिकाउन खोज्नुभएका पाठहरू सिक्न हामीलाई अत्यन्त गाह्रो भइरहेको छ किनभने साँच्चीक्कै भन्ने हो भने येशूका नितिलाई हामी आत्मसात् गर्न चाहन्नौं?

अध्याय १२

## सुसमाचार प्रचार गर्ने लक्ष र महान् आदेशको जिम्मेवार वहन
(Mission and Commission)

यस अध्ययनको लागि पढ्नुहोस्: मत्ती २५:३१-४६, मर्कूस १६:१४-२०, लुका २४:३६-५३, युहन्ना ३:१४-१९, रोमी ५:६-१०, १ कोरन्थी ५:७,१५:३,४, गलाती १:४, १ पत्रुस २:२२-२५ ।

कण्ठ गर्नुपर्ने पद: "उहाँले तिनीहरूलाई भन्नुभयो, "यसो लेखिएको छ कि ख्रिष्टले कष्ट भोग्नु, र तेश्रो दिनमा मृतकबाट जीवित हुनुपर्छ'" लुका २४:४६

एडभेन्टिस्टहरू भएको हुनाले हामीले येशूको महान् अन्तिम आदेशलाई (मत्ती २८:१८-२०) प्रकाश १४ को तिन स्वर्गदूतहरूको सन्देशसँगै समावेश गरी प्रचारप्रसार गर्नुपर्दछ भनी बुझ्दछौं । यी दुवैको केन्द्रविन्दु नै अनन्तको सुसमाचार हो । यो अविनाशी खवर संसारमा फैलाउने जिम्मावार हरेक येशूभक्तको काँधमा हुनुपर्दछ । विश्वासद्वारा धर्मी ठहराईन्छ भन्ने महान सत्यता बाहेक संसारलाई हामीले दिने केहि पनि छैन, किनभने यो सत्य अरू कुनै भन्दा पनि सर्वोपरी छ ।

" तेश्रो स्वर्गदूतको सन्देश विश्वासद्वारा धार्मिकता ठहराउने सन्देश हो कि होइन भनेर धैरैले सोधेर लेखेका छन्, र यसको जवाफ मैले यसरी दिएँ, "यो तेश्रो स्वर्गदूतको सन्देशलाई विभिन्नता दिएको हो।'"-एलेन जि ह्वाईट, *रिभ्यु एण्ड हेराल्द*,
अप्रिल १, १८९० । यसरी एलेन जि ह्वाईटले यो मूल सन्देशलाई प्रचार गर्न समर्थन गर्छिन, येशूको महान् आदेश पालना गराउन लक्ष बोकेका हामीहरूले हाम्रो आह्वानको केन्द्रविन्दु परमेश्वरमा विश्वास वा आस्थाबाटमात्रै धर्मी ठहरिन्छ, मुक्ती भनेको अयोग्य पापीहरूलाई परमेश्वरको अनुग्रह खन्याइएकोले मात्र पाउँछ र हाम्रो धर्मकर्मको कारणले होइन ।

यस अध्यायमा सुसमाचारलाई महान् आदेशको प्रसङ्गमा हेर्नेछौं ।
यस अध्यायको झलक: येशूका भक्तहरू भनेर दावी गर्नेहरूमा मानवप्रेम र परोपकारिताको कामको अभिभाराले कस्तो भूमिका खेल्दछ? आफ्ना जीवन र मृत्युको वाख्या गर्न पुरानो करारले कस्तो भूमिका खेलेको छ भनेर येशूले भन्नुभएको छ? येशूले उहाँको मण्डलीको लागि दिएको महान् सन्देश वहन गर्ने अभिभारामा सुसमाचारलाई कस्तो केन्द्रगत गरिएको छ?

### १. अन्तको दिनमा घट्ने लिला चक्र र अनुशासित येशूभक्तहरूको भूमिका

मत्ती २५:३१-४६ पढ्नुहोस् । यो येशूले अँडिरको डाँडामा (औलिभ) प्रख्यात प्रवचन दिनुभएको भागको पङ्क्ति हो । यहुदा क्षेत्रमा उहाँको यो अन्तिम साता थियो । येशूले आफ्नो कष्टको बारेमा अन्तिम छलफल गर्न लाग्नु भएको थियो । तर त्यो भन्दा पहिले उहाँले अँडिरको डाँडमा बोल्नु भएको प्रवचनमा माथीका पदहरू अन्तिम थिए ।

येशूको लागि गवाही दिन र उहाँको भक्त भएको देखाउन मत्ती २५:३१-४६ का वचनहरूले कसरी बुझाउन खोज्छन्?

यी उद्धरणमा येशूका चेलाहरूको लागि सुसमाचार प्रचारमा आवश्यक अपरिहार्य सत्यलाई व्यक्त गर्दछ । प्रभुको काममा कार्यरत हुने हरेक उहाँका भक्तहरूले आफ्ना काममा गरिवको सेवा, दु:ख, दर्द र कष्ट झेलिरहेकोलाई राहत दिने, वन्दी गृहमा जीवन विताइ रहेकालाई सरोकार देखाउने आदि मानव कल्याणलाई समावेश गर्नु पर्दछ भनेर येशूले स्पष्ट रूपमा भन्नुभयो। (इसाई जगतमा भाग्यको लिलालाई लत्याउँदछ र कोहि दु:ख र पिडितलाई उसकै कर्मबाट भयो भन्ने मनस्थितिलाई येशूले ल्याउने सरोकार मनोक्रान्तीद्वारा छटाछुल्ल पार्नु पर्दछ) हामी येशूका अनुयायी हौं भनेर कसरी देखाउने भन्दा हाम्रा वरिपरि भएका अभावग्रष्ट मानिसहरूलाई व्यवहार गर्ने चरित्रबाट प्रमाणित गर्दछ । (याकूबका पुस्तकमा समाज सेवालाई सुसमाचारको अपरिहार्य अँग भनेर टोकिएको पाउँछौं) ।

"यसरी येशूले आफ्ना चेलाहरूलाई ओलिभको पहाडमा महान् निर्णायक इन्साफको दिनको दृष्यलाई अवगत गरिदिनुभयो । येशूले एउटा निर्णायक बुंदालाई प्रष्ट पारेर देखाउनुभयो । जब संसारका सबै वासिन्दाहरू न्यायको दिनमा उहाँको अगाडि झुमिन्छन्, त्यसबेला उहाँले तिनीहरूलाई दुई समुहमा विभाजन गर्नुहुनेछन् । ती समुहमा यस्ता मानिसहरूलाई छुट्याउने छ जसको अनन्त जीवनको निर्धारण उनीहरूले उहाँ गरिव, दीन, दु:खी र कष्टमा परेको मानिसकोरूपमा आउँदा कस्तो व्यवहार गरियो त्यसमा भर पर्दछ । तिनीहरूले परोपकारिय काममा अग्रसर भए वा भएन, त्यो नै तिनीहरूको अनन्त जीवनको निर्णायक तत्व हुनेछन् । त्यस दिनमा येशूले ती मानीसहरूलाई आफुले आफ्नो जीवन दिएर उनीहरूको उद्धारको लागि महान् कार्य गर्नु भएकोलाई प्रस्तुत गर्नु हुन्न बरू तिनीहरू उहाँमा निष्ठावान भएर कसरी उहाँको सेवा गर्नु भयो, त्यो नै उहाँको भक्त भएको सबुद प्रमाण हुनेछ ।"-एलेन जि ह्वाईट, *द डीजायर अभ एजेज्,* पृ. ६३७ ।

हो, धेरै पटक बाइबलमा स्पष्ट रूपमा उल्लेख गरिएको छ, मुक्ति हाम्रो धर्मकर्मको फल होइन तर परमेश्वरको अनुग्रहले पाउने वरदान हो । अनि येशूले भन्नुभएको तात्पर्य के हो त? यी जिज्ञासालाई जवाफ दिने बेलामा येशूका असल भक्त कसलाई भन्दछ भनेर पनि सोच्नुहोस्: कोहि जसले येशूलाई पूर्ण रूपमा आफुहरूलाई अर्पण गर्दछ किनभने उहाँले उनीहरूको उद्धार गर्न आफ्नो जीवन दिनु भएको थियो । उहाँबाट मुक्ति पाएको अनुभूत हुनु पर्दछ र विश्वासद्वारा त्यसलाई दावी गर्नुपर्दछ । यी महत्वपूर्ण सत्यलाई ख्यालमा राख्दा येशूले भन्नुभएको कुरालाई कसरी सार्थकता दिन सकिन्छ? आखिरमा भन्ने नै हो भने, हामी मध्ये को होला जसले गरिवलाई प्रशस्त खान दिएर, प्रशस्त लुगा बाँढेर मुक्ति कमाउन सक्दछौं होला? के परमेश्वरको राज्यलाई रुपैंयापैसाले किन्न सकिन्छ? के परमेश्वरलाई हाम्रो पैसाको खाँचो छ?

२. मर्कुसको पुस्तकमा येशूले सुसामाचार प्रचार गर्न दिएको निर्देशन

मत्ती २८:१८-२० मा येशूले आफ्ना चेलाहरू वा सम्पूर्ण अनुयायीहरूलाई विशेष आदेश दिनुभएको, यो भन्दा अघिल्लोमा हामीले हेर्‍यौं । ती पदहरू फेरि पढ्नुहोस् । येशूका आदेशहरू र प्रतिज्ञाहरूलाई जोड दिएर पुनरावोलकन् गर्नुहोस् । अनि आत्मसात् गरेर आफुलाई सोध्नुहोस्: "यस आज्ञालाई पूरा गर्न मैले के भूमिका निभाइरहेको छु?"

मर्कुस १६:१४-२० पढ्नुहोस् र मत्ती २८:१८-२० सँग तुलना गर्नुहोस् । कुन विषयहरू एउटामा छन् तर अर्कोमा छैनन्?

जब तपाईंले दुइवटामा फरक कुराहरू भेट्टाउनु भए पछि दुवै विवरणहरू फेरि पढ्नुहोस् । दुवैमा अचूक किसिममा एकरूपता भएको पाउँछौ । सन्देशको मूल दुवैको एउटै हुन् ।

सोच्नुहोस्, हाम्रो लागि यी दुवै विवरणहरूमा येशूले  के भन्न खोजीरहनु भएको छ?

येशूका चेलाहरूको हृदयमा केहि कठोरता र शंका भएको दुवै विवरणले हामीलाई देखाएको छ (मत्ती २८:१७) । मर्कूसको विवरणमा येशूले उनीहरूको शंकाले गर्दा उनीहरूलाई हप्काउनु भएको थियो । ग्रीक वा युनानी क्रियापद भएकोले यसलाई अझ कडा सव्दमा अनुवाद गर्न सक्दछौ: जस्तै "धिक्कार्नुभयो","भर्त्सना गर्नुभयो" वा अझ "लाञ्छना लाउनुभयो।" येशूसँग कति समय तिनीहरूले विताए, उहाँका कति कामहरू देखे र कति प्रवचन र दिक्षा उनीहरूले पाए, तैपनि कोहि चेलाहरूले उहाँमा विश्वास गर्न संघर्ष गरिरहेका थिए । येशूले तिनीहरूबाट सङ्कल्पको अपेक्षा गराउन कडा वचन बोल्नुभएको थियो ।

याद गर्नुहोस्, जब येशूले तिनीहरूको कठोर हृदयलाई सम्झाए पछि मात्र उनीहरूलाई सुसमाचार प्रचार गर्ने आदेश दिनुभयो । त्यस पूनित कार्य सफलता पूर्वक कार्यान्वन गर्न उनीहरूमा प्रबल विश्वास, निष्ठा र उहाँ माथी भरोसाको आवश्यता पर्छन् भनेर येशूलाई थाहा थियो । उहाँ स्वर्गमा जान लाग्नु भएकोले उनीहरूको माझमा उहाँको भौतिक उपस्थिति नरहने भनेर सम्झाउनु भएको थियो (मर्कूस १६:१९) । अव उनीहरूले जे काम सम्पन्न गर्नु परेतापनि, विश्वासको आधारमा मात्र गर्नु परेको थियो ।

परमेश्वरमा राख्ने विश्वास, आस्था वा निष्ठा बरदान हो र यसलाई सम्वर्द्धन गर्नुपर्दछ । तपाईंले दैनिक जीवनमा तपाईंको विश्वासलाई मजबूत पार्न, संवर्धन वा सम्भार गर्न र सुरक्षा गर्न के उपायहरूलाई कार्यान्वन गर्न सक्नुहुन्छ?

३. येशूका आदेश पालन गर्ने भक्तहरू र सुसमाचार

प्रभु येशूले मर्कूसमा दिनु भएको महान् आदेशलाई फेरि नियालेर हेरौं । मर्कूस १६:१५,१६ मा येशूले भन्नुभयो, "सारा संसारमा जाओ, जगतका सबै प्राणीहरूलाई सुसमाचार सुनाऊ । जसले विश्वास गर्दछ र वप्तिस्मा लिन्छ, उसले उद्धार पाउने छ । तर जसले विश्वास गर्दैन, ऊ विनाश हुनेछ ।" यसरी येशूको आदेशको जगमा नै सुसमाचार फैलाउन आह्वान गरेको हामी पाउँछौं ।

यसलाई मनमा राखेर, प्रकाश १४:६ पढ्नुहोस् । हामी केवल येशूका भक्तहरू वा इसाई मात्र नभएर, सेभेन्थ-डे एडभेन्टिस्ट अनुयायी हौं भनेर दावी गर्नेले उपरोक्त पदहरूमा के अभिभारा हामीलाई सुम्पिएको पाउँछौं?

सुसमाचारको प्रचार प्रसार गर्नु येशूका भक्तहरूको मुख्य काम हो र अरूलाई हामी जस्तै विश्वासी बनाउनु हाम्रो धर्म हो । यी कुराहरूलाई ध्यानमा राख्दा सुसमाचारको भित्री आशय निर्णायक रूपमा बुझ्नुपर्दछ । येशूले त्यहि मर्कूसको पदहरूमा सुसमाचारको लक्ष हामी  पाउँछौं । विश्वास गर, र उद्धार पाउने छौ, इन्कार गर वा वहिष्कार गर, तपाईंले अनन्त जीवन गुमाउनु हुनेछ ।

येशूले मर्कूसमा व्यक्त गर्नु भएको अभिमतलाई युहन्ना ३:१४-१९ सँग तुलना गर्नुहोस् । मर्कूसमा येशूले व्यक्त गर्नु भएको अभिमतलाई युहन्नाले कसरी बुझाउन खोजेको छ?

येशूका अनुशासित भक्त भनेर दावी गर्दछौं र  हामीहरूलाई सुसमाचारको प्रचार प्रसार गर्न अभिभारा दिएको छ भनी दावी गर्दछौं तर सुसमाचारको गहिराईमा गएर, आफ्नो जग त्यहाँ बसाल्न ढृद सङ्कल्प गर्नु हाम्रो लागि निर्णायक चुनौती हो । पापले गर्दा संसार अभिशाप भएर खडा भएको छ, तर येशूले त्यस अभिशापलाई आफुले नै पूर्ण रूपमा वहन गरेर मानिसलाई उद्धार गर्ने काम सम्पन्न गर्नुभएको थियो । येशूको यस उदेकको प्रावधानले जो कोहि पनि उहाँलाई विश्वास गर्नेले पापको श्रापमा फस्नु पर्दैन र त्यसको अभिशाप पनि उसलाई लाग्दैन । यस महान     उपकार कार्यको लागि र उहाँको

यस अद्वितय अनुग्रह, सदाशयता, अनुकम्पन र करूणाप्रति हामी कृतज्ञ हुनुपर्दछ किनभने हामी जस्तो सुकै पापी, अधर्मी, हँस्रक भएतापनि उहाँले हामीलाई क्षमा दिनु हुन्छ, अभयदान दिनु हुन्छ र उहाँको धार्मिकताको वस्त्र हामीलाई लगाई दिनुहुन्छ । सारा संसारमा प्रचार गरिने र सिकाउने प्रमुख सन्देशको जग यहि नै हो भनेर हामी अति विश्वस्त हुनुपर्दछ । येशूको पहिरण लगाएपछि हामीलाई नव जीवनको प्रत्याभूति हुन्दछ, र पाप अधर्मप्रति हाम्रो मन ठ्याक्कै उल्टिन्छन् ।

४. लुकामा उल्लेख गरेका येशूका आदेश

लुका २४:३६-५३ पढ्नुहोस् । अर्कै वृतान्तमा येशू चेलाहरूकहाँ देखा पर्नुभएको र संसारलाई सुसमाचार सुनाउन उनीहरूलाई आह्वान गरिएको यसमा उल्लेख गरेको छ ।

यस विवरणमा चेलाहरू जम्मा भएका र इम्माउसको बाटोमा बौरी उठ्नुभएको येशू कसरी दुई जना चेलाहरूसँग बाटोमा सरिक हुनुभयो र उहाँसँगको जम्काभेट भएकोबारेमा छलफल गरिरहेको उल्लेख गरेको छ । उनीहरू छलफल गरिरहेकै बेलामा येशू त्यहाँ अकस्मात् देखा पर्नुभएको थियो ।

यस विवरण पढ्नुहोस् र येशूले तिनीहरूको विश्वास वढाउन प्रथम् के दुईवटा कार्यहरू गर्नुभयो?

याद गर्नुहोस्, येशूले उनीहरूलाई भौतिक प्रमाणमात्र दिएर रोक्नु भएन । ती प्रमाणहरू तिनीहरूले देख्न र स्पर्श गर्न सक्दथे । त्यो केवल एक भाग मात्र थियो । उहाँले तिनीहरूलाई धर्मशास्त्रतिर तिनीहरूलाई लक्षित गर्नुभयो र परमेश्वरको वचनबाट नै उहाँको बारेमा भविष्यवाणी गरेका कुराहरू कसरी पूरा भयो भनेर देखाउनु भयो ।

येशूले जुन रूपमा धर्मशास्त्रलाई प्रयोग गर्नुभयो, त्यसले हामीलाई के सिकाउँछ?

यहाँ हामीले एकदम महत्वपूर्ण तत्वलाई स्पष्ट पारेको छ: अनुभवहरू, अलौकिक भौतिक कामहरू र अद्भूत कामहरूको आफ्नै उल्लेखनिय स्थान हुन्छन् र तिनीहरूले गर्दा मानिसहरूको विश्वास येशूमा झन बलियो बनाउन मद्दत गर्नछन् । तर हाम्रो विश्वास हामीले देखेको आधारमा मात्र नभएर पवित्र धर्मशास्त्रलाई नै विश्वासको मूल जग र सबै आस्थाको आधार हुनुपर्दछ । येशूलेको आश्चर्य कामलाई भन्दा धर्मशास्त्रलाई प्रयोग गरेर उनीहरूको विश्वासलाई पुष्टि गराउनु भयो । येशूले उहाँको सम्पूर्ण कार्यकिलाप धर्मशास्त्र अनुसार नै भएको हो भनेर प्रमाणित गरिदिनुभयो र उहाँको सबै शिक्षादिक्षा पुरानो करारका पुस्तक वा धर्मशास्त्र सम्मत छ भनेर प्रष्ट पारिदिनुभयो । यदि येशूले आफ्नो सबै कामको औचित्य देखाउन धर्मशास्त्रलाई प्रयोग गर्नुभयो भने, हामीले झन कति त्यसको उपादेयतालाई ख्याल गर्नुपर्दछ?

हामी येशूका भक्त हौं भनेर दावी गरेर चर्चको जीवन पद्धतिमा समेत बाइबललाई न्युन रूपमा प्रयोग गर्नेहरूको लागि यहाँ देखाएको येशूका वचन र गर्नुभएको कामले उनीहरूलाई घोच्नु पर्दछ । विश्वासीहरूको जीवनमा बाइबलको निर्णायक भूमिकालाई कमजोर बनाएर त्यसको उपादेयतालाई वेवास्ता गर्न उक्साउने अगुवाहरूलाई येशूका उपरोक्त कार्यले लाजमर्दो बनाउनु पर्दछ ।

चर्चमै धेरै यस्ता शक्तिहरू छन् जसले मानिसहरूको बाइबलप्रति दृढ विश्वासलाई धल्मल्याउन खोज्दछ । यस्ता शक्तिहरू कुन कुन हुन्, जसले बाइबलको आधिकारिताप्रति प्रश्न खडा गराउँछन्, र तिनीहरूबाट हामी कसरी सुरक्षित हुने?

५. "तिमीहरू यी नै कुराका साक्षी हौ।"

यो भन्दा अघिल्लो बुँदामा यो हेर्‍यौं, कसरी येशूले आफ्ना सबै कार्यकिलापहरूलाई पुष्टि गर्न धर्मशास्त्रलाई प्राथर्मिक आधार बनाइ प्रमाणित गर्नु भएको थियो । येशूका सम्पूर्ण जीवन, लक्ष आदि बाइबलमा लेखेको भविष्यवाणी अनुसार नै भएको थियो भनेर उहाँले आफ्ना चेलाहरूलाई स्पष्ट पार्नुभएको

थियो । फेरि त्यहि धर्मशास्त्रलाई उपयोग गरेर, येशूले संसारमा सुसमाचार सुनाउन चेलाहरूलाई आदेश दिनु भयो ।

येशूको भनाई अनुसार, चेलाहरूले धर्मशास्त्रका कुन सन्देश संसार सामु प्रस्तुत गर्नु भनेर निर्देशन दिनु भयो? लुका २४:४५-४८ हेर्नुहोस् । तेश्रो बुँदाको अध्ययनमा हेर्दा यस निर्देशन त्यसमा कसरी समाविष्ट भएको देख्छौं? हामीलाई ज्ञान भए अनुसार प्रकाश १४ मा उल्लेखित तिन स्वर्गदूतहरूको सन्देशहरू र येशूले लुका २४:४५-४८ मा दिनुभएको निर्देशनमा कसरी समायोजन भएको पाउँछौ?

यसमा पनि, सारा संसारमा गएर चेलाहरू बनाउनु भन्ने आह्वानको केन्द्रविन्दु नै संसारको सबै मानिसहरूलाई पापबाट छुटकारा दिन येशू मर्न आउनु भएको थियो र पुनरूत्थान हुनु भएको थियो भन्ने सन्देश पाउँछौं । येशू आफैले उहाँको जीवनमा घटेका जीवन र मृत्युलाई मात्र लक्षित गर्न खोज्नु भएन तर त्यसको अभिप्रायको पनि खुलासा गर्नुभयो । येशूले त्यहि समाचार संसारमा सुनाउनु भनेर आदेश दिनु भएको थियो । फेरि उनीहरूको यो सन्देश किन प्रभावकारी हुन गयो भन्दा येशूले भन्नु भए अनुसार तिनीहरू उहाँको जीवनमा घटेका घट्नाहरूको साक्षी भएका थिए (लुका २४:४८) अर्थात् येशूको मृत्यु र पुनरूत्थानलाई र त्यसको वरिपरि घटेका घट्नाहरूलाई उनीहरूले प्रतक्ष्य रूपमा देखेका थिए ।

देहायका पदहरूले हामीलाई येशूको मृत्यु र पुनरूत्थानको अर्थलाई कसरी बुझाउन खोजेको पाउँछौं? रोमी ५:६-१०, १ कोरन्थी ५:७, १५:३,४, गलाती १:४, एफिसी १:७, १ पत्रुस २:२२-२५ ।

उपरोक्त घट्नाहरूमा आफुहरू समावेश भएकाले येशूका चेलाहरू अति प्रभावशाली साक्षी भएर निडर साथ खडा भएका थिए । येरुशलेममा यहुदीहरूको बिचमा घटेका स्थानिय घट्ना पचास वर्ष भित्र विश्वव्यापी आन्दोलनको रूप लिएको थियो । प्रेरितहरूका पुस्तकका १-७ भागमा येरुशलेम र यहुदामा येशूका सन्देश पाएर विश्वासीहरूको वृद्धि भएका थिए भनेर उल्लेख गरेको छ भने, भाग ८-१२ मा सतावत र विविध कारणले गर्दा येशूलाई ग्रहण गर्ने अभियान सामरिया: इथियोपिया, सिरिया र अरू गैर यहुदी क्षेत्रहरूमा फेलिएको थियो भनेर उल्लेख गरेको पाउँछौ । प्रेरित १३-२८ मा टारससका सावल जो येशू भक्तका खुँखार विरोधी थिए, येशूलाई ग्रहण गरेपछि येशूको सुसमाचार मध्य पूर्व यशियाबाट पश्चिमी देश रोमसम्म सावल, पावल भएर फैलाएका थिए । (याद गर्नुहोस्, भौगोलिक दृष्टिकोणले हेर्नेहो भने इसाई आस्था पश्चिमी धर्म नभएर पुर्वबाट पश्चिममा फैलिएको आस्था हो । मानिसहरू अज्ञानमा यो धर्म पश्चिमी धर्म हो भनेर पुर्विय देशका मानिसहरू पुर्वाग्रह राखेर येशूको विश्वब्यापी प्रेम, सदाशयता, अनुग्रह र वलिदानलाई ग्रहण गर्न हिचकिचाउँछन् । युहन्ना ३:१६ अनुसार परमेश्वरले संसारलाई आफ्नो पुत्र पठाएर आफ्नो प्रेमको प्रदर्शन गर्नुभयो भनेर स्पष्ट पारेको छ । येशू प्रतिको आस्थामा सबै भौगोलिक, जाति, जात, लिङ्ग, जनजाती, रंग, उमेर, वर्ग आदि समावेश हुन सक्दछ । येशूको हृदय समग्र मानज जातीको लागि सदैव खुला हुन्छन् । त्यसलाई ग्रहण गर्ने वा नगर्ने अभिभारा हरेक मानिसलाई नै निहित गरेको छ । येशूले आफ्ना भक्तहरूलाई संसारमा पठाएर परमेश्वरतिर फर्क र उहाँको प्रेमलाई अंगालेर गुणस्तर जीवन बिताउ भनेर आह्वान गर्नुहुन्छ । याद गर्नुहोस्, येशूका भक्तहरू केवल आह्वान वा आवाज मात्रै हुन् तर साधन होइन । जसरी येशूले कसैको इच्छा विरूद्ध आफुलाई विश्वास गर्न जबरजस्त गर्नुभएन, उहाँका अनुयायीहरूले पनि कसैलाई जबरजस्ती उनीहरूको विवेकको स्वतन्त्रतालाई हनन् गरेर आफ्नो समूहमा समावेश गर्ने अधिकार छैन । कोहि येशूलाई ग्रहण गर्छ भने यो त्यस मानिस र पवित्र आत्माको बिचको कुरा हो । कुनै मानिसले कुनै मानिसलाई क्रिस्चियन बनाउन सक्दैनन् । फलाना मानिसले मलाई क्रिस्चियन बनायो भन्ने केवल भ्रान्तीपूर्ण आरोप हो ।

यस्तो भावनाले मानिसहरूलाई येशूतिर दृष्टिगत गर्नबाट विचलित गराएर मानिसलाई हेर्न उक्साउँछ । यो सैतानको खेल हो । प्रकाश ३:२० मा येशूले हरेक मानिसको अन्त:करण वा विवेकको कदर गर्दै भन्नु भएको छ, "हेर म ढोका बाहिर बसेर ट्वाक ट्वाक गर्छु, कसैले मेरो स्वर सुनेर ढोका खोलिदियो भने म त्यसकहाँ भित्र पस्नेछु र त्यससँग भोजन खानेछु र त्यसले मसँग खानेछ।" येशूका हरेक विश्वासीहरू येशूका आवाज भएर मानिसहरूका हृदयमा ढकढकाउनु पर्दछ तर जबरजस्ती हृदयको ढोका फोडेर पस्न पाँइन्दैन । येशू आफैले गर्नुभएन भने हामी को हौं, धर्मका नाउँमा अतिवादि भएर स्वविवेकको स्वतन्त्रतालाई ख्याल नराखी अरूलाई वाध्यता गरि इसाई बनाउन खोज्नु? येशूको प्रेम र वलिदानलाई स्विकार गरेर उहाँको भक्त हुने हरेक इसाईको खुबि हो । परमेश्वरको गहिराइ प्रेमलाई नबुझेर कोहि आवेगमा वा हुलमुलको मनस्थितिमा परेर इसाई हुन्छ भने त्यो केवल वतासले उडाइ लग्ने भुस्सा इसाई मात्र हुनेछ। यसको प्रमाण चर्चमा तँछाडमँछाडको वातावरणलाई देखाउँछन् र चर्चका अगुवाहरू देखि विरक्त भएर विश्वासलाई नै त्याग्नेहरूले प्रतक्ष्य रूपमा हामीलाई देखाइरहेका छन्। -अनुवादकको व्यक्तिगत मनतव्य)

उपसंहार:

अरू जानकारीको लागि पढ्नुहोस्: *द एसडिए बाइबल कमेन्टरी*, ठेली ५, पृ. ५५३-५६०, ६५८-६६०, ८८१-८८७,१११०, एलेन जि ह्वाईट, *द डीजायर अभ एजेज्*, पृ. ७७९-८२८, द आक्टस् अभ आपोस्टलस्, पृ. ९-५६, मत्ती २८, मर्कुस १६, लुका २४, युहन्ना २१, प्रेरितहरूका काम १,२ ।

"हामी सबैमा यो स्पष्ट हुनुपर्दछ र स्विकार्नु पर्दछ, हाम्रो कुनै भलो कामको असरले हामी परमेश्वरको अगाडि धर्मी ठहरिन्छौं वा उहाँको वरदानले हामी सम्पन्न भएर हाम्रो धर्मकर्मले धर्मात्मा हुन्छौं । यदि कुनै मानिसले मुक्तिलाई आस्था र कामबाट किन्नवेच गर्नसक्दछ भने सृष्टिकर्ता परमेश्वर उहाँले सृष्टि गर्नुभएका मानिसप्रति आभारित हुने बाध्यता हुन्थ्यो। यस कुरालाई नबुझेर मानिसहरू असत्यलाई सत्य भन्ठानेर भ्रममा परि अंगाल्नछन् । यदि कोहि मानिस आफ्नो अथक प्रयासमा मुक्ति पाउँछ भने ऊ रोमन क्याथोलिक वा स्वइच्छाले आफुलाई सासना वा यातना दिएर धर्म कमाउन खोज्ने जस्तै हो । यसले गर्दा मुक्ति भनेको ऋण जस्तै हुन आउँछ र मानौं पैसा दिएर त्यसलाई चुक्ता गर्न सक्दछौं । त्यसकारण मानिसले आफ्नो असल कामले मुक्ती पाउन सक्दैन भने परमेश्वरको अनुग्रहमा पूर्ण रूपमा भर पर्नु पर्दछ । (धर्मशास्त्र बाइबलको अनुसार) पापीले येशूकलाई विश्वास गरेर उहाँलाई ग्रहण गर्दछ भने उसले मुक्ति पाउँछ । यो पूर्ण रूपमा नि:शुल्क वरदान हो । विश्वास र आस्थाद्वारा धर्मी ठहराउनु भनेको कुनै पनि विवादबाट सुल्झिनु हो । यदि हामी पतित मानिसको असल कामबाट सक्षम् भएर मुक्ति पाउने हो भन्ने तर्कलाई अन्त्य गर्न सकेमा धर्मकर्मको नाउँमा चलेका सबै वादविवादको अन्त हुनेछन् ।"-एलेन जि ह्वाईट, *फेथ एण्ड वर्कस्,* पृ. १९,२० ।

चिन्तनमनन:

क.मर्कूस १६:१६ लाई कसरी बुझ्नुहुन्छ? के येशूले मुक्ति पाउन हामीले बप्तिस्मा लिनै पर्छ भन्नु भएको छ? यस पदको तात्पर्य यसै पदले कसरी दिन्दछ? हामी, चर्चको हैशियतले बप्तिस्माको अर्थ र महत्वपूर्ण उपादेयताको बारेमा कसरी बुझ्दछौं?

ख. विश्वाव्यापी एडभेन्टिस्ट चर्चको लक्षलाईसँग तपाईंको स्थानिय चर्चलाई यस अध्यायमा दिएका पदहरू अनुसार कसरी समायोजन गर्न सकिन्छ, त्यो सोच्नुहोस् । तपाईंको चर्चले

कुन् भूमिका खेलिरहेका छन्? अर्थात् खेल्न सकिन्छन्? तपाई यस अध्ययनको पाठकवृन्ध भएर परमेश्वरको शुभ समाचार सारा संसारमा फैलाउन आफुलाई र अरूलाई कसरी समावेश गर्न र गराउन सक्नुहुन्छ?

ग. येशूको बारेमा अरूलाई प्रभावकारी रूपमा सुसमाचार सुनाउनु भन्दा पहिले आफैले बुझ्नु पर्छ भन्ने तर्क हाम्रो लागि किन महत्वपूर्ण र निर्णायक छन्? यस तर्कलाई लेख्नुहोस र विश्वासीहरू बिच छलफल गर्नुहोस् । माथि उद्दध एलेन जि ह्वाईटको भनाईबाट तपाईंले के दिव्यज्ञान हासिल गर्न सक्नुहुन्छ?

घ. तपाईंको स्थानिय चर्चले तपाईंका वरिपरि भएका दिनदु:खी वा अभावग्रष्ट परिवारलाई कसरी उपकार गर्न सक्दछ? येशूका भक्त भनेर दावी गर्दा अरूको आवश्यकताप्रति जिम्मेवारी हुनुपर्ने पक्षलाई तपाईंको चर्चले कसरी वहन गरेको छ?

अध्याय १३

## अनुशासित येशू भक्तका आदर्श नमूनाहरू

यस अध्ययनको लागि पढ्नुहोस्: मत्ती १४:१४, १५:३२, २०:३४, मर्कूस १:४१, लुका ६:१२,१३, १६:१९-३१, १७:४,५, १८:९-१४, कलस्सी १:१४, १ तिमोथी ५:१६ ।

कण्ठ गर्नुपर्ने पद: “बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जीवित पार, कुष्ठरोगीहरूलाई शुद्ध पार, शैतानका आत्माहरूलाई निकाल (हुत्याइ देओ), तिमीहरूले सित्तैमा पायौ, सित्तैमा देओ ।” मत्ती १०:८ ।

यस सम्पूर्ण अध्ययन पुस्तिकामा प्रभु येशू, चेलाहरू बटुलिने- सत गुरु  भनेर हेर्‍यौं । विषेशत: उहाँलाई पछ्याउनेहरूलाई उहाँले रोज्नु भएको थियो, तालिम दिनुभएको थियो, उनीहरूको चरित्रलाई उहाँको ढाँचामा ढाल्नु भएको थियो, र उनीहरूलाई अनुशासित येशू भक्त हुन शिक्षादिक्षा दिनु भएको थियो । अनुशासित भक्त, अनुयायी, अनुशासित चेला, अनुगामी वा येशूको तहमा रहन व्यक्ति हुन के गर्नु पर्छ भनेर येशूबाट नै सिक्न सक्दछौं भनेर अध्ययन गर्‍यौं ।

यस अध्यायमा यस अध्ययन पुस्तिकामा उल्लेख गरिएका केहि महत्वपूर्ण जोड दिएका मुख्य मुख्य बुँदाहरूलाई संक्षिप्त रूपमा हेर्नेछौं । येशूका केहि स्वभाव, चरित्र, उहाँले उठाउनु भएका प्रसङ्गहरू र उहाँले व्यवहारमा उतार्नु भएका आचरणहरूले उहाँका चेलाहरूलाई सक्षम

अनुयायी बनाउन सकारात्मक रूपमा कसरी प्रभावित पारेका थिए भनेर यस अध्यायमा जानकारी लिन खोज्नेछौं । र येशूका जुन गुणहरूले गर्दा येशूका प्रारम्भिक चेलाहरू (यहुदा इस्करयोती बाहेक) संसारको लागि निडर चेतनाको आवाज हुन पुगे, त्यहि गुणहरू हामी अनुयायी हुनको लागि आधार शिला मानेर येशूमा अग्रसर हुनुपर्दछ भनेर ठम्याउन चाहन्छौं । अन्ततोगत्वा, एक्काइसौ सताव्दीमा रहेका मानिसहरूलाई येशूका सक्षम् अनुयायी बनाउने लक्षलाई व्यवहारमा कसरी उतार्नु पर्छ भनेर देखाउन, यस अध्ययन पुस्तिका नमूनाको रूपमा प्रस्तुत होस् भनेर लेखकले कामना व्यक्त गर्दछ ।

यस अध्यायको झलक: येशूका भक्तहरूको जीवन र कार्यवधीमा, सदाशयता, करुणा, क्षमा दिने भावना र मायाको के भुमिका रहन्छन्? हाम्रो भन्दा फरक मत भएका, पिछडिएका, विभिन्न जनजातीहरू, समाजबाट वहिष्कार गरेका वर्गहरू, जातभातको घेरामा बन्धी बनेर तिरस्कृत भएर थन्किएकाहरू, रंगभेदले थिचिएकाहरू, दीनदु:खीहरू, असमान लिङ्गभेदमा परेर जीवनलाई निरर्थक मान्ने र भौगोलिक अहंमताले गर्दा हेपिएकाहरूको लागि येशू कसरी अनुकरणीय आदर्शको नमूना हुनुहुन्छ भनेर देखाउनु भएको छ? चर्चले येशूका भक्तहरूको उत्पादन गर्ने उत्तरदायित्वलाई कसरी वहन गर्नु पर्दछ? हाम्रो जीवनको केन्द्र विन्दु प्रार्थना हुनुपर्दछ भनेर येशूका उदाहरणहरूलाई कसरी लिनु पर्दछ?

१. दयाशीलता, सदाशयता, सहानूभूतिपूर्णता र क्षमाशीलता

जब येशू यस संसारमा भौतिक रूपमा हुनुहुन्थ्यो, उहाँले दया, सहानूभूति र सदाशयता देखाउनु भएको थियो । उपरोक्त भावनाहरूलाई टीठ्याउनु भयो वा करुणा जगाउनु भयो भनेर उल्लेख गरेको छ (मत्ती १४:१४, १५:३२,२०:३४, मर्कुस १:४१, ६:३४, लुका ७:१३) । ग्रीक वा युनानी भाषामा प्रायजसो "टीठ्याउनू" वा "करुणा" भन्ने शव्दलाई यस्तो समयमा प्रयोग गरिन्छ जब कसैको भित्री हृदयमा अरूप्रति दया, अपसोच, माया वा सहानुभूति जागृत हुन्छन् । यस्तो भावनाहरू हामी पतित, कठोर र स्वार्थी मानिसहरूको हृदयमा अरूप्रति जाग्दछन् भने झन कलङ्करहित परमेश्वरको पुत्रको हृदयमा मानवजातले भोगीरहेका पीडा, वेदना, दु:ख र कष्ट कतीको रूपमा जाग्यो होला?

माथी उल्लेखित पदहरू हेर्नुहोस् । कुनकुन बेला र कसरी येशूले आफ्नो करुणा र सहानुभूति मानिसहरूको अवस्थाप्रति प्रदर्शन गर्नुभयो? यदि हामी पनि येशुका भक्त हौं भनेर दावी गर्दछौं भने ती गुणहरू हामीमा पनि हुनु किन अत्यावश्यक छ?

येशूले करुणा र सहानुभूतिमात्र व्यक्त गर्नु भएन, उहाँ कसरी क्षमाशिल हुनुभयो भनेर हामीलाई देखाएको छ । येशूका चेलाहरूले धैरै मानिसहरूका अधर्म र पापलाई उहाँले क्षमा दिनुभएको देखेका थिए । उहाँले कुष्ट रोग लागेपछि निको पारिएको साइमनले येशूका खुट्टामा अत्तरले धोइदिने चरित्रहिन स्त्री मेरीलाई हेपाह दृष्टिले हेर्दा उसलाई क्षमा दिनु भएको पनि हेरेका थिए । येशूले साइमनलाई शदासयता देखाउनु भएको थियो भने, सबैको सामु त्यस स्त्रीको अधर्मलाई क्षमा दिइ चोख्याउनु भएको थियो । आफ्ना शत्रुहरूले क्रुसमा टाँगी दिन्दा, येशूले क्रुर क्रुसको वेदनामा रहेर पनि उनीहरूको लागि क्षमाको प्रार्थना गरेर क्षमाको चरमोत्कर्ष प्रदर्शन गर्नुभएको चेलाहरूले देखेका थिए (लुका २३:३४)। पत्रुसले येशूको क्षमाशीलता विशेष रूपमा अनुभूत गरेका थिए । जब रोमी सुरक्षा फौजले मूल पुरोहितको मातहतमा येशूलाई पकडेका थिए,

त्यसबेला येशूलाई साथ दिनु सट्टा, पत्रुस भयभित भएर भागेका थिए । जब येशूको विरोधमा चलाएका मुद्दामा पण्डितहरूले छलफल गरिरहेका थिए, त्यसबेला पत्रुसलाई तिन पटक येशूको बारेमा केहि थाहा छैन भनेर उहाँलाई अश्विकार गरेका थिए । यद्यपि येशूले उहाँलाई सदाशयता देखाएर क्षमा गर्नुभयो र उहाँका अरू चेलाहरूको सङ्गतीमा उसलाई पुनर्वहाली गर्नुभयो (युहन्ना २१:९-१७) ।

इसाईहरूको जीवनमा क्षमाशीलताले कस्तो भूमिका खेल्नु पर्दछ र हाम्रो सदाशयताले येशू भक्त बन्न अरूलाई कसरी प्रोत्साहन मिल्दछ? हेर्नुहोस्, लुका १७:३-५, एफिसी १:७, ४:३२, कलस्सी १:१४ ।

हाम्रा परमेश्वर करुणामयी, दयालु, अनुग्रहले भरिपूर्ण परमेश्वर हुनुहुन्छ । उहाँका त्यस महान गुणहरूले गर्दा हाम्रो पापलाई क्षमा दिएर मुक्ति दिन उहाँले रोज्नु भयो, नत्र भने यस संसारमा हाम्रो जीवनको औचित्य न्यनु मात्र हुने होइन, हामीले अनन्त जीवन पनि पाउने थिएनौं होला । उहाँका यी करुणामयी र क्षमाशिल गुणहरू हाम्रो जीवनमा पनि निर्णायक रूपमा लागु हुन अत्यावश्यक छन् । मानिसहरूलाई संवर्धन गर्न र उनीहरूलाई येशू तिर फर्किन अभिप्रेरित गर्न यी भन्दा अरू कुन गुणहरू होला, जसले गर्दा हाम्रो जीवन पनि रूपान्तर भएको छ?

२. समाजबाट बहिष्कृत, तिरष्कृत र किनारा लागेका वर्ग

येशूको सेवा कार्य र चेलाहरूलाई तालिम दिने कार्य यस्तो समाजमा भयो जहाँ धेरै तहहरू थिए । स्त्री र पुरुष बिच स्पष्ट रूपमा सिमाङ्करण गरिएको थियो, धार्मिक गुरुहरू वा पण्डितहरू र साधारण मानिसहरू बिच ठुलो खाल्दो थियो, धनी र गरिबहरूका बिचमा धेरै दुरी थियो, र सरकारी कर्मचारीहरू र यहुदीका परम्परागत धार्मिक संरक्षक फरिसीहरूको बिच फाटो थियो । नारीहरूलाई घरमै थन्क्याइका थिए र त्यहाँ पनि उनीहरूको मर्यादालाई सिमित घेरा भित्र हालेर घरेलु जीवनमा नियन्त्रित स्वतन्त्रताको परिधिमा राखेको थियो ।

लुका १६:१९-३१ पढ्नुहोस् । यस विवरणमा विभिन्न वर्गहरू कसरी छुट्याएको छ भनेर चित्रण गरिएको छ? यस दृष्टान्तमा सम्भ्रान्त धनी वर्गका मनस्थिति र उनीहरूले गरिव, दरिद्र, पिछडिएका मानिसहरूप्रति अपनाएका चालचलनलाई प्रभु येशूले कुन दृष्टिकोणले हेर्नुहुन्छ भनेर हामीलाई देखाएको छ?

लुका १८:९-१४ पढ्नुहोस् र त्यहि प्रश्नलाई जवाफ दिन खोज्नुहोस्, यस पटक धर्मका लुगा लगाएका, धर्मको रक्षक कहलाउनेहरू र सम्भ्रान्त धार्मिक स्वामीहरूका कार्यकिलाप र प्रवृत्तिलाई येशूले कस्तो दृष्टिकोण राख्नु हुन्छ भनेर उजागर गरिएको छ?

येशुले यथास्थितिबादलाई न त पछयाउनु भयो न त त्यस्को वकालत नै गर्नु भयो। समाजमा मानिसले सृजना गरेका विभिन्न तहहरू र वर्गहरूले आर्थिक, सामाजिक, वर्गिय र बैचारिक असमनता मानव सभ्यतामा असन्तुलन, समस्या र विकृती ल्याउँछ भन्ने यथार्थतालाई स्विकार्नु भएको थियो । (उहाँ हर युगका क्रान्तिकारी व्यक्तित्व हुनुहुन्छ) । उहाँले खुला रूपमा निर्भय भएर समाजका तिरष्कृत, पिछडिएका र वहिष्कृत वर्गहरूसँग घुलमिल गर्नु भयो, सिकाउनु भयो र तिनीहरूको अधिकारको समर्थन गर्नु भयो । प्रभु येशूले कस्ता खालका मानिसहरूलाई समायोजन गरेर काम गर्नुभयो र उनीहरूको सेवा गर्नु भयो भनेर सुसमाचारका पुस्तकहरूमा प्रतक्ष्य रूपमा उल्लेख गरिएका छन् । निसन्देहः येशूले

प्रतिस्थित वर्गको सामु पनि आफु पुग्नु भएको थियो, त्यसै वखत उहाँले गैर यहुदी वा विदेशी वर्ग (मनुस्मितीमा म्लेच्छ भनेर कहलाइन्छ), समाजका कलङ्कित र निन्दित नारीहरू वर्गहरू, कुष्ट रोगीहरू, हेपिएका सरकारी कर्मचारीहरू, शैतानका आत्माले ग्रसित मानसिक रोगीहरू, इस्रायलमा आधिपत्य जमाउने विदेशी पाश्चत्य रोमीहरू, अपाङ्गहरू, अन्धाहरू, दीन दु:खी गरिवहरू, समाजबाट उल्लेखनिय कुनै न कुनै रूपमा तिरस्कृत र वहिस्कृत आदिहरूसँग उहाँ उदारतापूर्वक घुलमिल गरेर उनीहरूको सरोकारमा आफुलाई समावेश गर्नु भएको थियो ।

हुनत उहाँ यस संसारमा आउनुको उद्देष्य नै पापीहरूको लागि जीवन दिएर उनीहरूको उत्थानको लागि अभियान चलाउन आउनु भएको थियो । यस परिप्रेक्ष्यमा समाजका हरेक वर्गको सेवा गर्न र उहाँको स्नेह र प्रेमलाई अंगाल्न चाहनेको लागि उहाँ यस संसारमा आउनु भएको वास्तविकतालाई शिद्ध रूपमै स्विकार्न सकिने कुरा हो ।

समाजका तिरस्कृत र वहिस्कृत वर्गहरू प्रति तपाईँको कस्तो मनस्थिति देखाउनु हुन्छ? तपाईँको चर्चले त्यस्ता वर्गहरूप्रति कस्तो धारण अपनाउँछ? तपाईँले साँच्चीक्कै त्यस्ताहरू प्रति सरोकार राख्नुहुन्छ भनेर कसरी जनाउनु हुन्छ वा तपाईँ देखावती रूपमा मात्रै समाज सेवी वा येशूका भक्त भनेर ढोँगी हुनुहुन्छ?

३. विभिन्नता र भेदभाव

समाजमा पिछडिएका, बहिस्कृत र तिरस्कृतहरूलाई प्रभु येशूले कसरी सेवा गर्नु भयो र उनीहरूको मनोबललाई उच्च पारिदिनु भयो भनेर दोश्रो बुँदामा हामीले हेऱ्यौं । (प्रभु येशूको मनोबृत्त नै हरेक मानिसलाई समानुपातिक रूपमा हेर्ने हो) । यस बुँदामा विभिन्न जातियता अर्थात् राष्ट्रियतालाई येशूले आफ्नो मायाको पोल्टोमा कसरी समावेश गर्नुभयो भनेर हेर्नेछौ । यस बुँदाको प्रमुखता नै परमेश्वरको राज्यमा अनेकताको कस्तो स्थान रहेछ भन्ने हेर्ने हो ।

पौराणिक संसारमा विभिन्न जातीहरूलाई र अरू देशका नागरिकहरूलाई आफु भन्दा निच भनेर हेर्ने प्रवृत्ति धेरै सामान्य थियो (हुन त आज पनि अरू जात, जन जातीहरू, आस्थाहरू र देशका मानिसहरूलाई पक्षपात वा पुर्वाग्रह प्रवृत्तिले हेर्ने हटेको पाइन्दैन)। विभिन्न समुहका मानिसहरूले आफुहरूलाई आफ्नो वरिपरि भएकाहरू भन्दा उच्च जातको भनेर दावी गर्दथे । उदाहरण स्वरुप, पौराणिक ग्रीक वा युनानीहरूले गैरग्रीकहरूलाई असभ्य, म्लेच्छ भनेर हेरिन्थ्यो । सबै पौराणिक साहित्यहरूमा यसरी अरू देश र जातका मानिसहरूलाई कट्टर दृष्टिले हेर्ने प्रवृत्तिले प्रमुखता पाएको देखिन्छन् । यो पृवृत्ति कुनै भौगोलिक सीमामा सिमित भएको छैन । दुर्भाग्यवस, येशूका समकालीन मानिसहरूमा यो विचारबाट उन्मुक्त थिएन । धर्मका पोशाक पहिरनेहरू वा धर्मी हुँ भनेर दावी गर्नेहरूमा यस्तो प्रवृत्तिको ज्यादती त झन धेरै हुन्थ्यो (आज पनि त्यसबाट मानिसले छट्कारा कहाँ पाएको छ र?)।

प्रस्थान १२:३८, १८:१, गन्ती १२:१, रुथ १:१६, १७ र मत्ती २३:१५ हेर्नुहोस् । यहुदी जातीहरूले आफुलाई जतिसुकै शुद्ध जात वा चोखो (आर्यजात) जात भनेर दावी गरेतापनि उपरोक्त पदहरूले इस्रायल विभिन्न जात र राष्ट्रहरूका मानिसहरूले बनेको देश हो भनेर कसरी देखाउँछन्?

यथार्थमा हेर्ने हो भने सुरुदेखि यहुदीहरू वा इस्रायलीहरू कुनै शुद्ध जात वा अरूबाट नविट्लिएको भनेर दावी गर्ने ठाँउ छैन । यो शुद्ध वा आर्यजात अर्थात् शुद्ध वंश वा घरानाका भनेर आफुलाई उच्च ठानेर अरूलाई निच गर्ने प्रवृत्ति आधुनिक अवधारणा हो । (पापले गर्दा यस्तो पुर्वाग्रही र हठी भावनाले

सबै देशका मानिसहरूमा यसले जरो गाडेको पाइन्छन्) यो विकासबाद (evolutionary ideology) शिद्धान्तको उपज हो । परमेश्वरले सबै मानव जातलाई एउटै रगतले सृष्टि गर्नुभएको हो (प्रेरित १७:२६); हामी सबै आदम र हवाका सन्तान हौं, जो हाम्रो प्रथम् पुर्खा-मातापिता हुनुहुन्थ्यो । हामी चाहे जुनसुकै रंगका होस वा राष्ट्रका होस, वा विभिन्न जात र जन जातिका होस् वा वंश, घरानाका होस्, जुनसुकै आस्था वा धर्मका नै किन नहोस, प्रभु येशूमा आस्था वा विश्वास राख्दा हामी परमेश्वरका छोराछोरीहरू हुने हक प्रदान गरिएको छ । येशूद्वारा हामी परमेश्वरका एउटै सन्तान हुन सक्दछौं (युहन्ना १:१२) ।

यो तर्कलाई जत्तिसुकै अत्यधिक जोड दिए पनि पुग्दैन: समग्र मानवजातको कल्याणको लागि येशु ख्रिष्ट क्रुसमा मर्नुभएकोले कुनै पनि येशूका भक्तहरूमा हुने जातिय र देशीय पक्षपात भावनाले अभिप्रेरित भएर आफुलाई उच्च ठान्ने प्रवृत्ति सदाको लागि अन्त्य गर्नुपर्दछ । आफु येशूका भक्त हौं, अनुयायी हौं भनेर दावी गर्नेले अरू जात, पेशा वा देशका मानिसहरूलाई तुच्छ ठान्दछ भने येशूका क्रुसले त्यसको भण्डाफोर गर्दछ र त्यसप्रति क्षोभ प्रकट गर्दछ । अझ कुनै मानव समुह प्रति भेदभाव र धर्मान्ध भएर हेर्ने प्रवृत्तिले येशूका अनुयायीहरूको मनमा कहिल्यैपनि स्थान पाउनु हुँदैन । यदि मनले अरूलाई हेप्न उकास्छ भने प्रभु येशूको आँखाले हेरेर समस्त पूर्वाग्रहहरूलाई हटाउनु पर्दछ । येशूको क्रुसको अगाडि जहाँ हाम्रो सबै पापको मोचन हुन्छ, हामी बराबर भएर उभिन्छौं । संसारका अरू कुनै मानिस भन्दा पनि येशूका भक्तहरूले पूर्वाग्रह र दुराग्रहलाई अवाच्छनित तत्व ठानेर त्यसलाई आफ्नो हृदयबाट खलास पार्नुपर्दछ किनभने संसारको संस्कार, सभ्यता र समाजमा यसले बलियो गरेर जरा गाडेको हुन्छ र यसले गर्दा जातिय तनाव भड्किरहेका छन् । याद गर्नुहोस्, जगतको अन्तमा दुई थरी मानिसहरूमात्र रहने छन्: ती हुन उद्धार पाएका र अनन्त जीवनदेखि चुकेकाहरू । हाम्रो स्वामी येशू जस्तै व्यस्त भएर, हामीले उद्धार पाएको कारणले अनन्त जीवनको बरदानदेखि विचलित भएकाहरूलाई खोजेर उनीहरूलाई यस्तो कुरामा दृष्टिगत गर्नुपर्दछ, मानिस मानिस बिच भेद ल्याउने तत्वहरूबाट राहत येशूको मुक्तिले मात्र पाउँदछ । (येशू बिना जतिसुकै समाबेशीकरण, समानुपातिक अभियान, स्त्री पुरुष बिच आउने भेदभावलाई अन्त्य गर्ने कदम, जाति जाति बिच सन्तुलनता र आत्म मनोबल उच्च गर्ने आन्दोलन, स्वतन्त्रताको लागि गर्ने संघर्ष केवल झ्याँईझ्याँई गर्ने बाजा मात्र हुनेछन् । मानिसहरू राजनैतिक तवरबाट मुक्त भए भनेर दावी गरेतापनि वा धर्मको भेष लगाएतापनि येशूको बलिदानलाई उपेक्षा गरेमा आफुमा हुने पूर्वाग्रहि भावनाबाट आफुलाई पृथक राख्न सक्दैनन्- अनुबादकको व्यक्तिगत अभिव्यक्ति ।)

तपाईँ जुन समाजमा हुनुहुन्छ वा देशमा हुनुहुन्छ, त्यसले अङ्गिकार गरेका जातिय र क्षेत्रिय भावना, पुर्वाग्रह र दुराग्रहलाई उक्साउने संस्कार र अरू भन्दा आफू भलादमी वा धर्मी छु भनेर अरूलाई तुच्छ ठान्ने मनस्थितिबाट तपाईँ कतिको उन्मुक्त हुनुहुन्छ?

### ४. असन्तुलन समाजमा चर्च वा अनुशासित येशूभक्तहरूको उत्तरदायित्व

परमेश्वरले आह्वान गरेको अनुसार, भक्त, चेला वा अनुयायी हुन स्विकार्दा हामीलाई उहाँले धेरै जीम्मेवार सुम्पिएको हुन्छ भनेर यस अध्ययन पुस्तिकामा हामीले हेर्‍यौं: जस्तै सुसमाचार फैलाउने, पिछडिएका, तिरस्कृत र गरिव दीन दुखीको सेवा गर्नु, अरूलाई येशू भक्त बनाउनु, अनन्त जीवनको आशालाई पल्हाउन दिएर मानिसको आत्म मनोबल उठाउनु, हेपिएको मानिसलाई आत्म सम्मान दिनु, आदि आदि । यो प्रक्रिया संसारको सर्वत्र ठाँउमा चलिरहेको हुनुपर्दछ । अब प्रश्न यो छ: यो परिवर्तित समाजमा यो कार्य कसरी सम्पन्न गर्ने त?

उपरोक्त जिज्ञासालाई देहाएका पदहरूले कसरी जवाफ दिन खोज्दछ, हेर्नुहोस्: प्रेरित २०:२८, १ कोरन्थी १२:१४-२२, एफिसी ४:११-१३, कलस्सी १:१७,१८ ।

प्रभु येशू चेला जम्मा गर्ने गुरु हुनुहुन्थ्यो । चेलाहरूलाई आह्वान गर्न, तालीम दिन, शिक्षादिक्षा दिन र संवर्धन गर्न उहाँले हरेक अवसरलाई प्रयोग गर्नुभयो । आवश्यक परेकोलाई सहायता दिन उहाँ कहिलै पनि अति व्यस्तता भएको आभास दिनुभएन । चेलाहरूलाई तालिम दिनु नै उहाँको कार्यकालको मुख्य केन्द्रविन्दु थियो ।

जसरी चेलाहरूलाई तालिम दिनु नै येशूको कार्यकालको मुख्य केन्द्रविन्दु थियो, त्यसरी नै यस एक्काईस्सौं सताव्दिको हरेक चर्चको केन्द्रविन्दु नै उपरोक्त लक्ष हुनुपर्दछ ।

याद गर्नुहोस्, यो काम एकलैले कसैले गर्न सक्दैनन् न त येशूको भक्त हुँ भनेर दावी गरेर कुनै गुफामा वा एकलो जीवन यापन गरेर वा भुमिगत इसाई भएर सम्पन्न गर्न सक्दछ । त्यसै कारण चर्च समुदायको आवश्यक पर्दछ । येशूको उपरोक्त मनशायलाई पुरा गर्न चर्चका पास्टर, बाइबल कर्मचारी, एल्दर, डिकन वा अरू चर्चका पदाधिकारीहरूमा सिमित हुँदैनन् न त मिशनका तलब खाएर चर्चको काम सम्पन्न गर्नेहरूमा सिमित हुन्छन् भन्ने धारणा प्रति अति विश्वस्त छौं र यस अध्ययनका पाठकवृन्धहरूले सुसमाचार फैलाउने पुन्य कार्यको लागि हातेमालो गरिदिनुहोस् भनी जोरदार सुझाव राख्दछौं। यो काम बप्तिस्मा लिएका वा येशूलाई माया गर्ने हरेक विश्वासीको धर्म हो, उत्तरदायित्व हो: येशूको निर्देशनमा कसैलाई उपेक्षा गरेको छैन, सबैलाई समावेश गरेको छ । उहाँले भन्नु भयो, "तिमीहरू जाउ" (मत्ती २८:१९), यस आह्वानमा तपाईं पनि समावेश हुनुभएको छ ।

कुनै चर्चका सदस्यले यस कुरालाई स्विकार गर्न हिचकिचाउन सक्दछ र मैले यस कामको लागि तालिम नै लिएको छैन भनेर पन्छिन खोज्न सक्छ । यद्यपि माछा मार्ने माझीहरूलाई येशूले उहाँको पछि लाग्न आह्वान गर्दा उनीहरूले कुनै तालिम पाएको थिएन । तर उहाँले शिक्षादिक्षाद्वारा उनीहरूलाई तालिम दिनु परेको थियो । यसरी नै हरेक चर्चमा हरेक चर्चका सदस्यलाई येशूको अनुशासनको दायरामा राखेर अरूलाई प्रभुमा आकर्षित गर्न तालिम दिने प्रावधान हुनुपर्दछ । हरेक नयाँ सदस्यहरूलाई येशूको भक्त हुन तालिम दिनुपर्दछ र संवर्धन गर्नु पर्दछ । त्यसको लागि कक्षा संचालन गर्नु पर्दछ । बेलाबखतमा अनुयायीहरूलाई प्रगतिशिल कक्षा संचालन गर्नु पर्दछ र बाइबलमा ज्ञान हुनेहरूलाई उच्चस्तरिय कक्षाहरू संचालन गर्न संस्था स्थापित गर्नु पर्दछ र हरेक तालिम प्राप्त येशूका भक्त प्रभुको कामको लागि संचालन गर्नुपर्दछ ।

येशू पुनरुत्थान भएर स्वर्गमा उचालिनु भन्दा अगाडि येशूले आफ्ना चेलाहरूलाई सुसमाचारको प्रचार गर्न निर्देशन दिन्दै भन्नुभयो, "जाऊ, संसारका सबै देशहरूमा गएर चेलाहरू बनाउ।" (मत्ती २८:१९) । यो निर्देशन बदलिएको छैन । जगतको अन्त्य हुनु अघि परमेश्वरको राज्यको सुसमाचार सारा संसारमा प्रचार गरिनु नै पर्दछ (मत्ती २४:१४) । यदि येशूका भक्तहरूले यस कामलाई सम्पन्न गरेन भने ढुँगाहरूलाई चिच्याउन दिनु पर्ने हुन्छ । चर्चलाई बाहेक यो काम परमेश्वरले अरू कसैले सुम्पिनु भएको छैन ।

हामीलाई येशूले बोलाउनु भएको काममा तपाई कतिको संलग्न हुनुहुन्छ? अर्थात तपाईँ आफ्नै काममा यस्तो व्यस्त हुनुहुन्छ जसले गर्दा परमेश्वरको कामको लागि समय नै हुँदैन? तपाईँले परमेश्वरले दिनुभएको जिम्मेवारीलाई हृदयदेखि गर्छु भनेर व्यक्त गर्नुभएको प्रतिवद्धतालाई पूरा गर्न कहिलेदेखि सुरु गर्ने वा त्यसको लागि वातावरण बनाउन के कुरामा परिवर्तन गर्नु अनिवार्य ठान्नु भएको छ?

५. सत् प्रार्थनामा शक्ति

एलेन जि ह्वाईटले अभिव्यक्त गरेका तल दिएको उद्धरण पढ्नुहोस् । यसमा के यस्ता आधारभूत तत्वहरू छन जुन हाम्रो लागि शिक्षाप्रद छन्?

"स्वर्गका गौरवमय प्रभु यस संसारमा आफ्नो सेवाकार्यकाल भरि उहाँका पितासँग निरन्तर रूपमा प्रार्थनाद्वार सम्पर्कमा हुनुहुन्थ्यो । प्रायजसो रातभरि उहाँ प्रार्थनामा व्यस्त हुनुहुन्थ्यो ।........परमेश्वरका पुत्रको लागि जैतुनका डाँडा (माउन्ट अभ ओलिव) आफ्ना मनपर्ने आराधना स्थल थियो । जब भिँडले उहाँलाई रातमा आराम दिनलाई उहाँलाई छोड्दथे, दैनिक जीवनमा जति थकित भएतापनि प्रायश उहाँ विश्राम लिनुहुन्नथ्यो ।.......जब शहर शान्तमय रातमा पसिन्थ्यो र चेलाहरू निन्द्राबाट ताजा हुन आफ्ना आफ्ना घरहरूमा फर्किन्थ्यो, येशू जागै रहनुहुन्थ्यो । उहाँका चेलाहरूले दैनिक जीवनमा सामना गरिरहने अधर्मी प्रभावहरूबाट उनीहरू अलग होउन्, र आफ्नो दैनिक जीवनमा गर्नुपर्ने कर्तव्यहरूलाई सक्षम् पूर्वक पुरा गर्न र आउने दु:ख, कष्ट, सतावत र विविध परिक्षाहरूलाई डटेर सामना गर्न, ओलिवको पहाडबाट आफ्ना पितासँग विनयपूर्वक दिव्य प्रार्थना गर्नुहुन्थ्यो । आफ्ना चेलाहरू जब रातभर सुत्दथे, उनीहरूका दिव्य गुरु प्रार्थनामा तल्लिन हुनुहुन्थ्यो । प्रार्थनामा निहुरिएको शिरमा शीत र तुसारोले पर्दथ्यो । उहाँको यस अनुकरणीय उदाहरण उहाँका भक्तजनहरूलाई छोड्नु भएको छ ।"-एलेन जि ह्वाईट, *अमेजिङ्ग ग्रेस*, पृ. १६७ ।

देहाएका पदहरू पढ्नुहोस् । यस्ता कुन परिस्थितिहरूको सृजना भयो जसले गर्दा ती प्रार्थनाहरू गर्न उहाँ सरिक हुनुपऱ्यो? हामी येशूका भक्तजनहरू भनेर दावी गर्नेको लागि प्रार्थनाको महत्व र हाम्रो कामको लागि शक्ति सम्पन्न गर्न प्रार्थना किन केन्द्रविन्दु हुनुपर्दछ भनेर तिनीहरूले हामीलाई कसरी देखाउँछन्?

लुका ५:१५,१६, ६:१२,१३, ९:२८-३१

<u>आफ्नो सफलताको लागि मानव चोला लिएर आउनुभएका परमेश्वर येशूले त प्रार्थनामा यस्तरी भर पर्नु भयो भने, हामी अधर्मी मानव जातीहरू,उहाँका सक्षम् भक्तजनहरू हुन प्रार्थनालाई झन कत्तिको ग्राह्यता दिनुपर्दछ के हामीलाई थाहा छ? तपाईँको प्रार्थनामय जीवन देखी कतिको सन्तुष्ट हुनुहुन्छ? केको बारेमा प्रार्थना गर्नुहुन्छ? प्रार्थनामा कति समय बिताउनुहुन्छ? तपाईँको जीवनमा सत प्रार्थनामा आफुलाई सक्षम् रूपमा सरिक गराउन के परिवर्तनहरूको आवश्यकता देख्नुभएको छ?</u>

उपसंहार:

अरू जानकारीको लागि पढ्नुहोस्: *द एसडिए बाइबल कमेन्टरी*, ठेली ५, पृ. ३४५-३४८, ५५३-५६०, ६५८-६६०, ८८१-८८७, १११०, एलेन जि ह्वाईट, *द डिजाएर अभ एजेज्*, पृ. ३५९-३६३, ३७७-३७९, ४११, ४१९-४२१, ६८७-६९३, *एजुकेशन*, पृ. ८०, २५९ ।

हाम्रो चर्चमा अनुशासित येशू भक्तजनहरूको सृजना गर्न केहि व्यबहारिक सुझावहरू यहाँ प्रस्तुत गरिएको छ:

क.चर्चको मूलभूत उद्देष्य भनेको अनुशासित येशूका अनुयायीहरू बनाउने हो भनेर ठोकुवा गर्नुहोस् ।

ख. त्यस उद्देष्यलाई सम्पन्न गर्न योजनाहरू बनाउनुहोस् र ती योजनाहरूलाई संचालन गर्न उपायहरू अपनाउनुहोस् ।

ग.चर्चमा दक्ष जनशक्ति उत्पादन गर्न र हरेक कार्यक्रमामा अगुवाई गर्न सक्षम् व्यक्तिहरूलाई प्रशिक्षण दिनुहोस् ।

घ.कुनै न कुनै रूपमा सुसमाचार सुनाउन र अरूलाई येशूका अनुयायी बनाउन चर्चका सबै सदस्यहरूलाई परिचालन गर्नुहोस् ।

ङ.सक्षम् येशू भक्तजन बनाउन संस्थागत रूपमा योजना बनाउने परिपाटी बसाल्नुहोस् ।

च.चर्चका वरिपरि भएका जनसमुहलाई लक्षित गर्दै उनीहरूलाई आकर्षित गर्न आत्मिक कार्यक्रमहरू संचालन गर्नुहोस् ।

छ. चर्च र जनसमुदायको बिचमा मोर्चाबन्दी सुदृध पार्न र तगारोहरू हटाउन विविध कार्यक्रमहरूको स्थापना गर्नुहोस जसले गर्दा चर्चको उपस्थिति समाजमा मजबुत र प्रतिस्थित होस् । चर्चलाई समाजको आबश्यकताबाट टाडा राख्न कोशिस नगर्नुहोस् ।

ज. हरेक मानिसलाई परमेश्वरले कुनै न कुनै दक्षता दिनु भएको छ । कुनै पनि मानिस प्रतिभारहित हुँदैनन् । नयाँ विश्वासीहरूको दक्षतालाई पहिल्याउँदै, त्यसलाई चर्चको कार्यक्रममा समावेश गर्नुहोस् र तिनीहरूले आफ्नो प्रतिभालाई सदुपयोग गर्दै गहिरो रूपले येशूमा समर्पित जीवन विकसित गर्न सकुन् ।

झ. यस्तो खालका कार्यक्रमहरूको विकास गर्नुहोस् जसले गर्दा नयाँ विश्वासीहरूको आफ्ना आत्मिक वरदानहरू वा दक्षताहरूलाई पहिचान गर्न सकुन, तिनीहरूको संवर्धन र प्रवर्द्धन गर्न सकुन र ति वरदानहरूलाई परमेश्वरको महिमाको लागि परिचालन गर्न सकुन्।

ञ. चर्चका अगुवाहरूले यो चुनौतीलाई ग्राह्यता दिनुहोस: विश्वासीलाई वप्तिस्मा दिएर वेवारिस नबनाउनु होस् । जसरी माछालाई माझीले पानीबाट निकालेर बालुवामा फँकिदिन्छ, त्यसरी विश्वासीहरूलाई संसारको बालुवामा त्यसै गरि नफँक्नुहोस् जसले गर्दा सैतानको भुमरीमा पर्दछन् । येशूले पत्रुसलाई भन्नुभएको थियो, “मेरा भेंडा, पाठहरूलाई ख्वाऊ” । त्यो आदेश हरेक विश्वासीहरूलाई दिएको छ । त्यसकारण चर्चमा निरन्तर रूपमा पर्याप्त कार्यक्रमहरूलाई अघि बढाउनुहोस् जसले गर्दा येशूका भक्तजनहरूको विश्वासलाई संवर्धन, प्रवर्द्धन गर्न सकिन्छन् ।

चिन्तनमनन:

अ. माथिका कदमहरूलाई प्रार्थनापूर्वक हेर्नुहोस् । ति कदमहरूमा अझ के थप्न सक्नुहुन्छ वा चर्चमा सफल अनुयायीहरू बढाउन आकर्षित योजनाहरूको परिकल्पना गर्न सक्नुहुन्छ? तपाईँको स्थानिय चर्चमा यी कदमहरूलाई अगाडि बढाउन तपाईँले आफ्नो तर्फबाट के योगदान दिन सक्नुहुन्छ?

आ. समग्र रूपमा चर्चको कामको लागि तपाईँले कति समय प्रार्थनामा बिताउनुहुन्छ? विश्वाभरीका मिशनको लागि प्रार्थना गर्न दैनिक जीवनमा केहि निश्चित समय विताउन सङ्कल्प गर्नुहोस् । तपाईँले साबथ स्कुलको कक्षामा विश्वासीहरूसँग सुझाव माग्दै केहि समय विश्वव्यापी चर्चको कार्यक्रमको लागि प्रार्थना गर्न केहि समय छुट्याउनुहोस्।

इ. चर्चका अगुवाहरू र सर्वसाधारण विश्वासीहरूलाई येशू भक्तहुनु भनेको सबैको जिम्मेवारी हो भनेर एकआपसमा बुझ्न र बुझाउन प्रयास गर्नुहोस् । तपाईँको चर्चले विश्वासीहरूको प्रतिभा र दक्षताहरूलाई कसरी परिचालन गर्न मद्दत गर्न सक्नुहुन्छ? सर्वसाधारण विश्वासीहरू वा गैर मिशन कर्मचारीहरूलाई चर्चको कार्यक्रममा समावेश गर्न, तिनीहरूलाई दक्ष येशूका भक्त बनाउन र तिनीहरूले येशूका लागि गवाहि हुन नदिन के के अवरोधहरू खडा हुन्छन् र त्यसलाई आत्मिक रूपमा सबै जना मिलेर कसरी सामना गर्ने सो सोच्नुहोस् ।